# आर्थिक वर्ष २०८२/८३ को
# बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

नेपाल सरकार

**अर्थ मन्त्रालय**

सिंहदरबार, काठमाडौं

२०८२ माघ

# आर्थिक वर्ष २०८२/८३ को बजेटको
# अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

(आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (५) बमोजिम तयार पारिएको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन, २०८२)


नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०८२ माघ

www.mof.gov.np

## मन्तव्य

आन्तरिक संरचनागत चुनौती र सुदृढ बाह्य क्षेत्रका बीच मुलुकको विद्यमान आर्थिक परिदृश्य जटिल तर आशालाग्दो देखिन्छ। विश्व अर्थतन्त्रमा देखिएका उतारचढाव र छिमेकी राष्ट्रहरूको आर्थिक विस्तारका बीच नेपालको अर्थतन्त्रले क्रमशः लय समात्दै गरेको छ।

हाम्रो प्राथमिकता सार्वजनिक वित्त व्यवस्थापनमा **'विनियोजन कुशलता'** र **'कार्यान्वयन दक्षता'** अभिवृद्धि गर्नु हो। आन्तरिक रूपमा सिर्जित असहज परिस्थिति र भौतिक संरचनामा पुगेको क्षतिले पुँजीगत खर्चमा तत्काल केही संकुचन ल्याए पनि हामीले **अनुत्पादक खर्च कटौती र मितव्ययिता**को कठोर नीति अंगीकार गरेका छौं। पूर्व तयारी नभएका र न्यून प्रतिफल दिने साना एवम् रुग्ण आयोजनाहरूलाई स्थगन गरी उपलब्ध सीमित स्रोतलाई राष्ट्रिय गौरव र रणनीतिक महत्त्वका रूपान्तरणकारी आयोजनामा केन्द्रीत गर्ने प्रयास थालिएको छ।

बैङ्क तथा वित्तीय क्षेत्रमा देखिएको पर्याप्त तरलता, न्यून मूल्य वृद्धि दर र घट्दो ब्याजदरले निजी क्षेत्रको लगानीका लागि सकारात्मक वातावरण सिर्जना भएको छ। साथै, दोस्रो पटक सम्पन्न 'सार्वभौम क्रेडिट रेटिङ' बिबी माइनस (BB-) ले अन्तर्राष्ट्रिय वित्त बजारमा मुलुकको साख स्थापित गर्दै लगानीमैत्री वातावरणको ढोका खोलेको छ। यी सकारात्मक पक्ष हुँदाहुँदै पनि उत्पादनशील क्षेत्रमा लगानी बढ्न सकेको छैन।

वित्तीय सङ्घीयताको सुदृढीकरण, विद्युतीय भुक्तानी प्रणालीको पूर्ण कार्यान्वयन र राजस्व प्रशासनको आधुनिकीकरण हाम्रा संरचनागत सुधारका मुख्य स्तम्भ हुन्। वैदेशिक सहायतालाई राष्ट्रिय आवश्यकता र उच्च प्रतिफलयुक्त क्षेत्रमा मात्र परिचालन गर्ने र आन्तरिक राजस्वको आधार विस्तार गर्दै वित्तीय अनुशासन कायम गर्न सरकार कटिबद्ध छ। विद्यमान शोधनान्तर बचत र विप्रेषण आप्रवाहको सकारात्मक प्रभावलाई उत्पादनमूलक क्षेत्रमा रूपान्तरण गर्दै **दिगो, समावेशी र संरचनागत रूपान्तरणमुखी आर्थिक वृद्धि** हासिल गर्नु नै हाम्रो मूल कार्यभार हो।

प्रस्तुत समीक्षा चालु आर्थिक वर्षको प्रथम छ महिनाको समग्र बजेट कार्यान्वयनको आन्तरिक मूल्याङ्कन हो। यसमा औल्याइएका कमजोरीमा सुधार गरी बाँकी अवधिमा घोषित कार्यक्रम र बजेटको यथार्थपरक कार्यान्वयन गर्ने अठोट लिइएको छ। सार्वभौम संसदले स्वीकृत गरेको बजेटमा गरिएको संशोधित अनुमान अर्थशास्त्रीय दृष्टिकोणले गरिएको स्वःमूल्याङ्कन भएकोले संशोधित अनुमानको कारणले स्वीकृत बजेट कार्यान्वयनका लागि रकमको कमी हुने छैन।

अन्त्यमा, प्रस्तुत प्रतिवेदनका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराउने सबै निकायहरू र प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनु हुने मन्त्रालयका सचिवलगायत सबै कर्मचारीहरूलाई हार्दिक धन्यबाद दिन चाहन्छु।

रामेश्वरप्रसाद खनाल
अर्थ मन्त्री
२०८२ माघ

विषय सूची

| विषय | पाना नं. |
|---|---|
| कार्यकारी सारांश | १ |
| **परिच्छेद - एक** | |
| **समष्टिगत आर्थिक तथा वित्तीय स्थिति** | |
| १.१ विश्व अर्थतन्त्रको परिदृश्य | १२ |
| १.२ राष्ट्रिय अर्थतन्त्र | १२ |
| १.२.१ वास्तविक क्षेत्र | १२ |
| १.२.२ मौद्रिक स्थिति | १३ |
| १.२.३ धितोपत्र | १४ |
| १.२.४ वाह्य क्षेत्र | १४ |
| **परिच्छेद - दुई** | |
| **बजेट खर्च र स्रोत परिचालनको विश्लेषण** | |
| २.१ कुल गार्हस्थ्य उत्पादनसँग सार्वजनिक वित्तको तुलनात्मक विश्लेषण | १७ |
| २.२ समष्टिगत खर्च स्थिति विश्लेषण | १७ |
| २.२.१ आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको मन्त्रालयगत खर्च स्थिति | २० |
| २.२.२ स्रोतगत खर्च विश्लेषण | २० |
| २.२.३ विकास साझेदार अनुसार खर्चको स्थिति | २१ |
| २.२.४ कार्यगत खर्च स्थिति | २२ |
| २.२.५ बहुवर्षीय ठेक्का र स्रोत सहमति | २२ |
| २.२.६ सिर्जित दायित्वको अवस्था | २३ |
| २.२.७ खर्च व्यवस्थापनका लागि गरिएका महत्वपूर्ण कार्य | २३ |
| २.३ राजस्व परिचालन | २५ |
| २.३.१ राजस्व प्राप्तिको अनुमान | २५ |
| २.३.२ राजस्व प्राप्तिको अनुमानित संरचना | २५ |
| २.३.३ समीक्षा अवधिको राजस्व सङ्कलन अवस्था | २६ |
| २.३.४ राजस्व प्राप्तिको अनुमानका तुलनामा राजस्व सङ्कलन न्यून हुनाका प्रमुख कारण | २७ |
| २.३.५ राजस्व सङ्कलनको संरचनात्मक अवस्था | २८ |
| २.३.६ कर राजस्व सङ्कलनको शीर्षकगत तुलनात्मक विवरण | ३२ |
| २.३.७ अन्य राजस्व | ३७ |
| २.३.८ करको दायरा विस्तार | ३७ |
| २.३.९ कर छुट तथा सहुलियत | ३७ |
| २.३.१० राजस्व परिचालनका सन्दर्भमा सम्पादन भएका प्रमुख कार्यहरू | ४० |
| २.३.११ चालु आर्थिक वर्षको बाँकी अवधिमा सम्पादन गर्नु पर्ने प्रमुख कार्यहरू | ४१ |
| २.३.१२ चालु आर्थिक वर्ष २०८२/८३ को राजस्व सङ्कलनको संशोधित अनुमान | ४२ |
| २.३.१३ राजस्व सङ्कलनको संशोधित अनुमानका आधार | ४३ |
| २.४ आन्तरिक ऋण | ४४ |
| २.४.१ निष्काशित ऋणपत्रको विवरण | ४४ |
| २.४.२ सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीको अवस्था | ४५ |

२.५ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन ४७
२.५.१ बजेटमा विकास सहायता परिचालनको लक्ष्य ४७
२.५.२ विकास सहायता प्रतिवद्धता ४८
२.५.३ विकास सहायता प्राप्तिको स्थिति ५०
२.५.४ विकास सहायताको सोधभर्ना स्थिति ५०
२.५.५ बजेटरी सहायताको अनुमान ५१
२.५.६ विकास सहायता परिचालनमा देखिएका समस्या र गर्नु पर्ने सुधार ५२

## परिच्छेद - तीन

## राष्ट्रिय गौरवका आयोजनाको प्रगति अवस्था

३.१ पृष्ठभूमि ५६
३.२ नीतिगत एवम् कानूनी व्यवस्था ५६
३.३ गत आर्थिक वर्षसम्मको प्रगतिको अवस्था ५७
३.४ राष्ट्रिय गौरवका आयोजनाको बजेट र प्रगति समीक्षा ५७

## परिच्छेद - चार

## मन्त्रालयगत उपलब्धी

४.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ६७
४.२ अर्थ मन्त्रालय ६८
४.३ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ७०
४.४ कृषि तथा पशुपन्छी विकास मन्त्रालय ७१
४.५ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ७२
४.६ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ७४
४.७ वन तथा वातावरण मन्त्रालय ७५
४.८ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ७६
४.९ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ७७
४.१० भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ७८
४.११ सहरी विकास मन्त्रालय ७९
४.१३ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ८२
४.१४ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ८३
४.१५ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ८४
४.१६ खानेपानी मन्त्रालय ८६
४.१७ महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय ८७
४.१८ युवा तथा खेलकुद मन्त्रालय ८८
४.१९ रक्षा मन्त्रालय ८९
४.२० गृह मन्त्रालय ९०
४.२१ कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ९२
४.२२ परराष्ट्र मन्त्रालय ९२

## परिच्छेद - पाँच

## सार्वजनिक खर्च व्यवस्थापनमा भएका सुधारका प्रयास

५.१ पृष्ठभूमि ९५
५.२ नीतिगत एवम् कानूनी सुधार ९५

५.३ प्रणालीगत सुधार ९६
५.४ कार्य प्रक्रिया सुधार ९७
५.५ अन्तरसरकारी वित्त हस्तान्तरणमा गरिएको सुधार ९८
५.६ प्रणालीको विकास र अन्तरआवद्धता ९९
५.७ अन्य सुधार ९९

## परिच्छेद - छ

## खर्चको संशोधित अनुमान र पुनः प्राथमिकीकरण

६.१ समष्टिगत खर्च एवम् स्रोतको संशोधित अनुमान १००
६.१.१ खर्चको संशोधित अनुमान १००
६.१.२ खर्चको संशोधित अनुमानका आधार १०२
६.१.३ चालु खर्च अनुमान १०४
६.१.४ पुँजीगत खर्च अनुमान १०४
६.१.५ वित्तीय व्यवस्थातर्फको अनुमान १०४
६.२ स्रोतगत खर्च अनुमान १०४
६.३ खर्चको प्राथमिकीकरण १०५
६.३.१ चालु खर्च १०५
६.३.२ पुँजीगत खर्च १०६
६.३.३ अन्य १०७
६.३.४ वित्तीय हस्तान्तरण १०७

## परिच्छेद - सात

## प्रदेश तथा स्थानीय तहमा वित्त हस्तान्तरण तथा खर्चको स्थिति

७.१ प्रदेश तथा स्थानीय तहमा भएको वित्त हस्तान्तरण १०८
७.२ प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँट १०९
७.३ प्रदेशगत वित्त हस्तान्तरण र खर्चको स्थिति ११०
७.४ प्रदेशको बजेट र खर्चको स्थिति ११०
७.५ स्थानीय तहमा वित्त हस्तान्तरण र खर्चको अवस्था ११२
७.६ नेपालमा वित्तीय सङ्घीयताको सन्दर्भमा भएका उपलब्धिहरू ११२
७.७ वित्तीय सङ्घीयता कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतिः ११२
७.८ सुधारका क्षेत्र ११३

## परिच्छेद - आठ

## बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नु पर्ने कार्य

८.१ चालु आर्थिक वर्षको बाँकी अवधिमा गर्नु पर्ने कार्यहरू ११४
८.१.१ बजेट कार्यान्वयनतर्फः ११४
८.१.२ अन्तर्राष्ट्रिय सहायतातर्फ ११५
८.१.३ राजस्व व्यवस्थापनतर्फ ११६
८.२ आगामी आर्थिक वर्षमा गर्नु पर्ने कार्यहरू ११८
८.२.१ बजेट तर्जुमा ११८
८.२.२ कार्यान्वयनयोग्य बजेट तर्जुमा ११९

## परिच्छेद - नौ
## विविध


| | | |
|---|---|---|
| ९.१ | भदौ २३ र २४ को आन्दोलन तथा प्रदर्शनबाट आर्थिक क्षेत्रमा परेको प्रभाव | १२२ |
| ९.२ | आन्दोलन तथा प्रदर्शनबाट सार्वजनिक वित्त व्यवस्थापनमा परेको प्रभाव विश्लेषण | १२३ |
| ९.३ | प्रदर्शन तथा आन्दोलन पश्चात चालु आर्थिक वर्षमा अर्थ मन्त्रालयबाट भएका कार्यहरू | १२४ |
| ९.४ | २०८२ भदौ २३ र २४ गतेको आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण र भौतिक सम्पत्तिको पुनर्व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्य योजना | १२५ |

अनुसूचीहरू

# कार्यकारी सारांश

## (क) समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

१. विश्व आर्थिक वृद्धिः सन् २०२४ देखि २०२६ सम्मको अवधिमा विश्व अर्थतन्त्र वार्षिक ३.३ प्रतिशतले विस्तार हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ।

२. छिमेकी अर्थतन्त्रः सन् २०२५ मा चीनको आर्थिक वृद्धिदर ५.० प्रतिशत र भारतको ७.३ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

३. नेपालको कुल गार्हस्थ्य उत्पादनः आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिकमा नेपालको आर्थिक वृद्धिदर ३.० प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

४. कृषि क्षेत्रको विस्तारः धानको उत्पादनमा केही कमी आए तापनि पशुपालन र फलफूलको उत्पादन बढ्नाले कृषि क्षेत्र १.३६ प्रतिशतले विस्तार हुने देखिएको छ।

५. खाद्यान्न बाली उत्पादनः यस वर्ष मकै, कोदो र फापर जस्ता खाद्यान्न बालीको उत्पादनमा वृद्धि हुने देखिएको छ।

६. उद्योग क्षेत्रको सुधारः ऊर्जा र निर्माण क्षेत्रमा आएको सक्रियताका कारण उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धि ५.४४ प्रतिशतले बढ्ने अनुमान छ।

७. उत्पादनमूलक उद्योगः चालु आर्थिक वर्षको पहिलो तीन महिनामा उत्पादनमूलक उद्योगको मूल्य अभिवृद्धि १.५२ प्रतिशतले विस्तार हुने अनुमान छ।

८. सेवा क्षेत्रको प्रगतिः पर्यटन, व्यापार र वित्तीय मध्यस्थता जस्ता क्रियाकलापमा भएको सुधारले सेवा क्षेत्रमा ३.०३ प्रतिशतको वृद्धि हुने अनुमान छ।

९. न्यून उपभोक्ता मुद्रास्फीतिः आर्थिक वर्ष २०८२/८३ को प्रथम ६ महिनामा औसत मुद्रास्फीति उल्लेख्य रूपमा घटेर १.७ प्रतिशत कायम भएको छ।

१०. मुद्रा प्रदायको स्थितिः समीक्षा अवधिमा नेपालको विस्तृत मुद्राप्रदाय ५.४ प्रतिशतले वृद्धि भएको छ।

११. निजी क्षेत्रतर्फको कर्जाः बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.७ प्रतिशतले बढेर रू.५६ खर्ब ९५ अर्ब १७ करोड पुगेको छ।

१२. बैङ्क निक्षेप परिचालनः बैङ्क तथा वित्तीय संस्थाहरूको निक्षेप ५.७ प्रतिशतले वृद्धि भई रू.७६ खर्ब ८१ अर्ब ३५ करोड कायम भएको छ।

१३. निक्षेपको संरचनाः कुल निक्षेपमा मुद्दती निक्षेपको हिस्सा ४२.८ प्रतिशत र बचत निक्षेपको हिस्सा ४१.३ प्रतिशत रहेको छ।

१४. तरलता व्यवस्थापनः नेपाल राष्ट्र बैङ्कले समीक्षा अवधिमा खुद रू.२८६ खर्ब ९९ अर्ब ९० करोड बराबरको तरलता प्रशोचन गरेको छ।

१५. ट्रेजरी बिलको ब्याजदरः ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर अघिल्लो वर्षको २.८१ प्रतिशतबाट घटेर २.३५ प्रतिशत रहेको छ।

१६. अन्तर बैङ्क ब्याजदरः बैङ्कहरू बीचको कारोबारमा लाग्ने औसत अन्तर बैङ्क ब्याजदर २.७५ प्रतिशतमा झरेको छ।

१७. निक्षेपको औसत ब्याजदरः वाणिज्य बैङ्कहरूको निक्षेपमा दिइने औसत ब्याजदर ३.५६ प्रतिशत कायम भएको छ।

१८. कर्जाको ब्याजदरमा कमीः वाणिज्य बैङ्कहरूको कर्जा प्रवाहमा लिइने औसत ब्याजदर घटेर ७.१२ प्रतिशतमा झरेको छ।

१९. धितोपत्र बजारमा सूचीकरणः धितोपत्र बजारमा सूचीकृत कम्पनीहरूको संख्या २८४ पुगेको छ।

२०. नेप्से सूचकाङ्क र पुँजीकरणः नेप्से सूचकाङ्क २६४१.४४ कायम भएको छ भने कुल बजार पुँजीकरण रू.४४ खर्ब ३५ अर्ब पुगेको छ।

२१. वस्तु निर्यातको स्थितिः कुल वस्तु निर्यातमा ४३.८ प्रतिशतको उच्च वृद्धि भई रू.१ खर्ब ४२ अर्ब २ करोड पुगेको छ।

२२. वस्तु आयातको अवस्थाः समीक्षा अवधिमा कुल वस्तु आयात १४.२ प्रतिशतले बढेर रू.९ खर्ब ३९ अर्ब २ करोड कायम भएको छ।

२३. व्यापार घाटामा वृद्धिः कुल वस्तु व्यापार घाटा १०.१ प्रतिशतले वृद्धि भई रू.७ खर्ब ९७ अर्ब पुगेको छ।

२४. विप्रेषण आप्रवाहमा उछालः विदेशबाट नेपालीले पठाउने विप्रेषण ३९.१ प्रतिशतको उच्च दरले बढेर रू.१० खर्ब ६२ अर्ब ९३ करोड पुगेको छ।

२५. शोधनान्तर र सञ्चितिः शोधनान्तर स्थिति रू.५ खर्ब १ अर्ब २४ करोडले बचतमा छ भने विदेशी विनिमय सञ्चिति २२.४७ अर्ब अमेरिकी डलर पुगेको छ।

## (ख) बजेट खर्च र स्रोत परिचालन

२६. कुल बजेट र खर्चः आर्थिक वर्ष २०८२/८३ का लागि कुल रू.१९ खर्ब ६४ अर्ब ११ करोड बजेट विनियोजन गरिएकोमा पुस मसान्तसम्म रू.६ खर्ब ९० अर्ब २१ करोड ७८ लाख (३५.१४ प्रतिशत) खर्च भएको छ।

२७. खर्चको वर्गीकरणः विनियोजित रकममध्ये चालु खर्च (वित्तीय हस्तान्तरणसहित) ४१.२५ प्रतिशत, पुँजीगत खर्च १२.१२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ४०.९५ प्रतिशत खर्च भएको छ।

२८. गत वर्षसँगको तुलनाः समीक्षा अवधिको समग्र खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.३९ प्रतिशतले वृद्धि भएको छ।

२९. पुँजीगत खर्च न्यून हुनाका कारणः आयोजनाको पूर्व तयारीको अभाव, जग्गा प्राप्ति र वन क्षेत्रको उपयोगमा जटिलता र भदौ २३ र २४ को आन्दोलनका कारण भौतिक संरचनामा भएको क्षतिले पुँजीगत खर्च कम हुन गएको छ।

३०. बजेट स्थगनः पूर्व तयारी नभएका र अनुत्पादक साना आयोजनाहरूमा विनियोजित रू.१ खर्ब १९ अर्ब ५३ करोड ६५ लाख बजेट मन्त्रिपरिषद्को निर्णय अनुसार स्थगन गरिएको छ। जसमध्ये खरीद प्रक्रिया शुरु भई सकेका र विषयगत मन्त्रालयबाट औचित्य पुष्ट्याईसहित फुकुवाका लागि अनुरोध भएको आधारमा रू.४२ अर्ब २८ करोड ३४ लाख फुकुवा गरिएको छ।

३१. राजस्व परिचालनको लक्ष्यः चालु आर्थिक वर्षमा कुल रू.१४ खर्ब ८० अर्ब राजस्व परिचालन गर्ने लक्ष्य राखिएको छ, जसमा सङ्घीय सरकारको हिस्सा रू.१३ खर्ब १५ अर्ब रहने अनुमान छ।

३२. राजस्व संकलनको स्थितिः पुस मसान्तसम्मको रू.७ खर्ब ११ अर्ब २० करोड ७८ लाखको लक्ष्यको तुलनामा विविध प्राप्ति समेत गरी रू.५ खर्ब ८१ अर्ब ४० करोड ७२ लाख (८१.७५ प्रतिशत) संकलन भएको छ।

३३. राजस्व वृद्धिदरः समीक्षा अवधिको राजस्व संकलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.४७ प्रतिशतले बढी रहेको छ।

३४. आन्तरिक ऋण परिचालनः वार्षिक रू.३ खर्ब ६२ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य रहेकोमा पुस मसान्तसम्म रू.१ खर्ब ७७ अर्ब ६६ करोड ६९ लाख (४९.०८ प्रतिशत) प्राप्त भएको छ।

३५. सार्वजनिक ऋण भुक्तानीः ऋणको साँवा-ब्याज भुक्तानीका लागि विनियोजित बजेटमध्ये पुस मसान्तसम्म रू.१ खर्ब ८७ अर्ब १२ करोड ६६ लाख (४५.५३ प्रतिशत) भुक्तानी भइसकेको छ।

३६. वैदेशिक सहायता प्रतिवद्धताः समीक्षा अवधिमा कुल रू.६५ अर्ब ३९ करोड बराबरको विकास सहायता प्रतिवद्धता प्राप्त भएको छ, जसमा २९.४४ प्रतिशत अनुदान र ७०.५६ प्रतिशत ऋण रहेको छ।

३७. वैदेशिक सहायता प्राप्तिः वार्षिक रू.२ खर्ब ८७ अर्ब ११ करोड विकास सहायता परिचालन गर्ने अनुमान गरिएकोमा समीक्षा अवधिसम्म रू.६१ अर्ब ७ करोड ३० लाख (२१.२७ प्रतिशत) मात्र प्राप्त भएको छ।

३८. कार्यगत खर्चको अवस्थाः क्षेत्रगत आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी रक्षा क्षेत्रमा ४६.८३ प्रतिशत र सबैभन्दा कम वातावरण संरक्षण क्षेत्रमा ५.१६ प्रतिशत खर्च भएको छ।

३९. बहुवर्षीय ठेक्का र स्रोत सहमतिः समीक्षा अवधिसम्म विभिन्न मन्त्रालयहरूका आयोजनाका लागि रू.२२ अर्ब १९ करोड ८० लाख बराबरको स्रोत सहमति प्रदान गरिएको छ।

४०. पुनः प्राथमिकीकरण र मितव्ययिताः आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण र अनिवार्य दायित्वलाई प्राथमिकतामा राखी अनुत्पादक खर्च कटौती र बैठक भत्ता जस्ता खर्चमा रोक लगाउने नीति लिइएको छ।

## (ग) राष्ट्रिय गौरवका आयोजनाको प्रगतिको अवस्था

४१. ऐतिहासिक पृष्ठभूमि र सङ्ख्याः आर्थिक वर्ष २०६८/६९ मा १७ वटा आयोजनाबाट सुरु गरिएकोमा हाल राष्ट्रिय गौरवका आयोजनाको सङ्ख्या २७ पुगेको छ, जसमध्ये सम्पन्न भएका बाहेक २३ वटा आयोजना कार्यान्वयनमा रहेका छन्।

४२. रणनीतिक उद्देश्यः यी आयोजनाहरूलाई आर्थिक, सामाजिक, सांस्कृतिक र राष्ट्रिय सुरक्षाका दृष्टिले रणनीतिक महत्त्वका रूपमा वर्गीकरण गरी मुलुकको दीर्घकालीन आर्थिक वृद्धि र संरचनागत रूपान्तरणमा योगदान पुऱ्याउने लक्ष्य राखिएको छ।

४३. वर्गीकरणको मापदण्डः राष्ट्रिय गौरवका आयोजना घोषणाका लागि लागत कम्तीमा रू.५० अर्ब हुनुपर्ने, राष्ट्रिय सुरक्षा वा रणनीतिक महत्त्व बोकेको र रोजगारी सिर्जनामा उल्लेखनीय योगदान पुऱ्याउने जस्ता आधारहरू तय गरिएका छन्।

४४. बजेट विनियोजनः चालु आर्थिक वर्ष २०८२/८३ मा २३ वटा आयोजनाका लागि कुल रू.६७ अर्ब ८ करोड ६४ लाख विनियोजन गरिएको छ।

४५. खर्चको स्थितिः समीक्षा अवधि (पुस मसान्त)सम्म विनियोजित बजेटमध्ये जम्मा रू.१० अर्ब ३९ करोड ३९ लाख (१५.४९ प्रतिशत) मात्र खर्च भएको छ, जुन लक्ष्यको तुलनामा न्यून हो।

४६. सम्पन्न प्रमुख आयोजनाहरूः माथिल्लो तामाकोशी जलविद्युत आयोजना, गौतमबुद्ध र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल तथा मेलम्ची खानेपानी आयोजना (पहिलो चरण) को निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आइसकेका छन्।

४७. आयोजनागत भौतिक प्रगतिः आर्थिक वर्ष २०८१/८२ सम्मको पुष्पलाल राजमार्गको ८१.७३ प्रतिशत, हुलाकी राजमार्गको ७४.३५ प्रतिशत, र काठमाडौं-तराई द्रुतमार्गको ४२.१३ प्रतिशत भौतिक प्रगति हासिल भएको छ।

४८. विद्यमान चुनौतीहरूः जग्गा प्राप्ति र मुआब्जा वितरणमा समस्या, वन क्षेत्रको उपयोगमा जटिलता, अन्तर-निकाय समन्वयको अभाव र स्थानीय स्तरका अवरोधहरू मुख्य समस्याका रूपमा रहेका छन्।

४९. सुधारका उपायहरूः आयोजनाको पूर्व तयारी (DPR, जग्गा प्राप्ति) सम्पन्न गरेर मात्र ठेक्का लगाउने, छुट्टै कानुनी र प्रशासनिक संरचना तयार गर्ने र आयोजना प्रमुखको पदावधि सुनिश्चित गर्ने जस्ता समाधानका उपायहरू पहिचान गरिएको छ।

## (घ) मन्त्रालयगत उपलब्धी

५०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सुशासन कायम गर्न मन्त्रिपरिषद्को निर्णय अनुसार कार्यालयको पुनःसंरचना (२०८१/०९/१२) गरिएको छ।

५१. हेलो सरकारः समीक्षा अवधिसम्म हेलो सरकारमा प्राप्त गुनासोहरूको औसत फछ्र्यौट दर ६५.६७ प्रतिशत पुगेको छ।

५२. आर्थिक सुधार कार्ययोजनाः अर्थ मन्त्रालयले उच्चस्तरीय आर्थिक सुधार-सुझाव आयोगको प्रतिवेदनका आधारमा आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२ कार्यान्वयनमा ल्याएको छ।

५३. प्रशासनिक कटौतीः संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) मार्फत अर्थ मन्त्रालय अन्तर्गतका ३८ वटा कार्यालय र ३२३ वटा दरबन्दी कटौती गरिएको छ।

५४. क्रेडिट रेटिङः नेपालले सार्वभौम क्रेडिट रेटिङ सम्पन्न गरी 'BB-' नतिजा प्राप्त गरेको छ, जसले लगानीको वातावरणमा सुधार ल्याउने अपेक्षा गरिएको छ।

५५. औद्योगिक सहुलियतः विशेष आर्थिक क्षेत्र (SEZ) को मासिक भाडादर प्रति वर्ग मिटर रू.२० बाट घटाएर रू.५ कायम गरिएको छ।

५६. पुनरुत्थानः भदौ २३ र २४ को आन्दोलनबाट प्रभावित उद्योग र व्यवसायका लागि कर छुट र सहुलियत सहितको एकीकृत व्यवसायिक पुनरुत्थान योजना कार्यान्वयनमा ल्याइएको छ।

५७. स्वदेशी ऊर्जाको प्रयोगः पेट्रोलियम पदार्थको आयात न्यूनीकरण गर्न बायोइथानोल मिश्रण गर्ने व्यवस्था मिलाइएको छ।

५८. कृषि मूल्य निर्धारणः उखुको न्यूनतम खरीद मूल्य प्रति क्विन्टल रू.६२० र थप अनुदान रू.७० निर्धारण गरिएको छ।

५९. मल आपूर्तिः समीक्षा अवधिमा ४ लाख ६६ हजार मे. टन रासायनिक मल खरीदका लागि टेन्डर आह्वान गरी २ लाख ४३ हजार मे.टन वितरण गरिएको छ।

६०. गरीब घरपरिवार पहिचानः थप १० जिल्लाका ९४,५७२ गरीब घरपरिवारको सूची मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ।

६१. सामाजिक सुरक्षाः सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको संख्या २७ लाख ४० हजार ९० र रोजगारदाता प्रतिष्ठानको संख्या २२,६४३ पुगेको छ।

६२. वैदेशिक रोजगारीः समीक्षा अवधिमा ५ लाख ९० हजार ७१८ जना नेपाली कामदारलाई वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति प्रदान गरिएको छ।

६३. वातावरण संरक्षणः कार्बन व्यापार नियमावली, २०८२ र वन नियमावली (तेस्रो संशोधन) कार्यान्वयनमा ल्याई ४८ वटा प्रदूषण नमुना विश्लेषण गरिएको छ।

६४. विमानस्थल पूर्वाधारः नेपालगञ्ज विमानस्थलको टर्मिनल निर्माण ७० प्रतिशत र विराटनगरको ६० प्रतिशत कार्य सम्पन्न भएको छ।

६५. स्थानीय शासनः स्थानीय तहका लागि "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन (नमूना), २०८२" तर्जुमा गरी पठाइएको छ।

६६. सडक र पुल निर्माणः समीक्षा अवधिमा १६० कि.मी. सडक कालोपत्रे र १० वटा सडक पुलको निर्माण सम्पन्न भएको छ।

६७. सहरी विकासः १६ वटा झोलुङ्गे पुल र १३ वटा स्थानीय तहको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भएको छ।

६८. विद्युत पहुँचः कुल विद्युत जडित क्षमता ४,०८६ मेगावाट पुगेको छ र ९७ प्रतिशत जनसंख्यामा विद्युत पहुँच पुगेको छ।

६९. सूचना प्रविधिः सुरक्षण मुद्रण केन्द्रमार्फत स्मार्ट ड्राइभिङ लाइसेन्स छपाई सुरु गरिएको छ र एआई (AI) सेन्टर स्थापना गरिएको छ।

७०. स्वास्थ्य सेवाः ९३ वटा आधारभूत अस्पतालको निर्माण कार्य सम्पन्न भई ६२ वटा सञ्चालनमा आएका छन्।

७१. शिक्षा पूर्वाधारः जाजरकोट र बझाङ भूकम्पबाट क्षतिग्रस्त ४३ वटा विद्यालय पुनर्निर्माणको प्रक्रियामा रहेका छन्।

७२. खानेपानी आपूर्तिः मेलम्ची खानेपानी आयोजनाको सुरुङ सञ्चालन गरी काठमाडौंमा दैनिक १७ करोड लिटर पानी वितरण भइरहेको छ।

७३. गर्भवती महिलाको हवाई उद्धारः दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका ८९१ जना गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको छ।

७४. शान्ति सुरक्षा र बायोमेट्रिकः सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको पहिचानका लागि ७७ वटै जिल्लामा बायोमेट्रिक भेरिफिकेसन प्रणाली लागू गरिएको छ।

## (ङ) सार्वजनिक खर्च व्यवस्थापनमा सुधारका प्रयास

७५. सुधारको मूल उद्देश्यः सार्वजनिक खर्च प्रणालीमा विनियोजन कुशलता र कार्यान्वयन दक्षता अभिवृद्धि गर्दै पारदर्शिता, जवाफदेहिता र वित्तीय सुशासन सुनिश्चित गर्नु यस परिच्छेदका सुधारहरूको मुख्य लक्ष्य हो।

७६. राष्ट्रिय रणनीतिको कार्यान्वयनः सार्वजनिक वित्तीय क्षेत्रलाई सुदृढ बनाउन "तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७)" र "वित्तीय क्षेत्र विकास रणनीति" कार्यान्वयनमा ल्याइएको छ।

७७. कानूनी तथा नीतिगत परिमार्जनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा संशोधन गरी बजेट तर्जुमाको समयसीमा, कोष व्यवस्थापन र विद्युतीय प्रणालीमार्फत रकम फिर्ता गर्ने विषयहरूलाई व्यवस्थित गरिएको छ।

७८. बहुवर्षीय ठेक्का मापदण्डः स्रोत सुनिश्चितता र सहमति प्रदान गर्ने कार्यलाई पद्धतिगत बनाउन "बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२" कार्यान्वयनमा ल्याइएको छ।

७९. प्रणालीगत आधुनिकीकरणः विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) संघ र प्रदेशका सबै कार्यालयमा लागू गरिएको छ भने मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) लाई पूर्ण रूपमा वेबमा आधारित बनाइएको छ।

८०. नगदरहित भुक्तानी प्रणालीः सरकारी कोषबाट हुने सबै प्रकारका भुक्तानीलाई विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत गर्ने गरी सरकारी कारोबारलाई क्रमशः नगदरहित बनाउँदै लगिएको छ।

८१. मितव्ययिता र खर्च कटौतीः भदौ २३ र २४ को आन्दोलनपश्चात् सिर्जित परिस्थितिलाई मध्यनजर गर्दै अनुत्पादक खर्च कटौती, बैठक भत्ता स्थगन र अत्यावश्यक बाहेकका नयाँ दरबन्दी सिर्जना नगर्ने नीति लिइएको छ।

८२. अन्तरसरकारी वित्त हस्तान्तरणः प्रदेश र स्थानीय तहमा जाने विभिन्न प्रकारका अनुदानहरूलाई व्यवस्थित गर्न नयाँ ढाँचा, आधार र संशोधित कार्यविधिहरू कार्यान्वयनमा ल्याइएको छ।

८३. प्रणालीहरूको अन्तर-आबद्धताः एकीकृत वित्तीय प्रतिवेदन तयार गर्न सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS), CGAS र स्थानीय तहको सुत्र (SuTRA) प्रणालीबीच अन्तर-आबद्धता कायम गरिएको छ।

८४. अन्तर्राष्ट्रिय मापदण्डको अवलम्बनः सरकारी आम्दानी र खर्चको वर्गीकरणलाई अन्तर्राष्ट्रिय मुद्रा कोषको GFS Manual, 2014 अनुकूल हुने गरी परिमार्जन गरी अन्तर्राष्ट्रियस्तरको बनाइएको छ।

## (च) समष्टिगत खर्च एवम् स्रोतको संशोधित अनुमान

८५. लक्ष्य र उद्देश्यः चालु आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र उपभोक्ता मुद्रास्फीतिलाई ५.५ प्रतिशतमा सीमित राख्ने लक्ष्यका साथ बजेटको संशोधित अनुमान गरिएको छ।

८६. संशोधनको मुख्य आधारः २०८२ भदौ २३ र २४ गतेको आन्दोलनपश्चात् सिर्जना भएको असामान्य परिस्थिति, आयोजनाको पुनः प्राथमिकीकरण र खर्च कटौती गर्ने मन्त्रिपरिषद्को निर्णयलाई संशोधित अनुमानको आधार मानिएको छ।

८७. चालु खर्चमा दबाबः आगामी प्रतिनिधि सभाको निर्वाचन खर्च, सामाजिक सुरक्षा, कर्मचारीको महँगी भत्ता र आन्दोलनका घाइते तथा मृतकका परिवारलाई दिनुपर्ने राहतका कारण चालु खर्चमा चाप बढेको छ।

८८. पुँजीगत खर्चका चुनौतीः आयोजनाको पूर्व तयारीको अभाव, जग्गा प्राप्ति र वन क्षेत्रको प्रयोगमा जटिलता र निर्माण व्यवसायीलाई भुक्तानीमा भएको ढिलाइले गर्दा पुँजीगत खर्चको गुणस्तर अपेक्षाकृत सुधार हुन सकेको छैन।

८९. पुनः प्राथमिकीकरणका क्षेत्रः आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण, निर्माणाधीन रणनीतिक आयोजनाको भुक्तानी र अनिवार्य दायित्व (तलब, भत्ता, पेन्सन) लाई खर्चको मुख्य प्राथमिकतामा राखिएको छ।

९०. बजेट स्थगन र रोक्काः पूर्व तयारी नभएका, टुक्रे आयोजना र प्रतिफल सुनिश्चित नभएका अनुत्पादक कार्यक्रमहरूको बजेट रोक्का गरी प्राथमिकता प्राप्त आयोजनामा रकमान्तर गर्ने नीति लिइएको छ।

९१. मितव्ययिताका उपायहरूः बैठक भत्ता उपलब्ध नगराउने, बाह्य परामर्श सेवा नलिने, वैदेशिक भ्रमण नियन्त्रण गर्ने र नयाँ दरबन्दी सिर्जना नगर्ने जस्ता उपायहरूद्वारा चालु खर्च नियन्त्रण गर्ने लक्ष्य राखिएको छ।

९२. निर्वाचन खर्च व्यवस्थापनः २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सुरक्षा निकाय र निर्वाचन आयोगलाई आवश्यक पर्ने बजेटको स्रोत सहमति र व्यवस्थापनलाई उच्च प्राथमिकता दिइएको छ।

९३. स्रोत परिचालनः वैदेशिक सहायता प्राप्तिमा देखिएको न्यूनता र राजस्व संकलनको चापलाई मध्यनजर गर्दै आन्तरिक स्रोत (राजस्व र आन्तरिक ऋण) को अधिकतम उपयोग गरी बजेट सन्तुलन कायम गर्न खोजिएको छ।

९४. प्रणालीगत सुधारको प्रतिबद्धताः बजेट प्रणालीलाई नतिजामुखी बनाउन आयोजना बैङ्कको कार्यान्वयन, डिजिटल भुक्तानी प्रणाली (EFT) को विस्तार र सार्वजनिक खरीद कानूनमा समसामयिक सुधार गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

९५. संशोधित बजेट अनुमानः चालु आर्थिक वर्षमा चालु खर्च रू.११ खर्ब २५ अर्ब ९७ करोड ९४ लाख, पुँजीगत खर्च रू.२ खर्ब ४३ अर्ब ३० करोड ३४ लाख र वित्तीय व्यवस्था रू.३ खर्ब १९ अर्ब ४ करोड ३९ लाख समेत जम्मा रू.१६ खर्ब ८८ अर्ब ३२ करोड ६७ लाख खर्च हुने संशोधित अनुमान छ। यो रकम शुरू विनियोजनको ८५.९६ प्रतिशत हो।

## (छ) अन्तरसरकारी वित्त हस्तान्तरण

९६. कुल अनुदान विनियोजनः चालु आर्थिक वर्षमा प्रदेश र स्थानीय तहका लागि चार वटै अनुदान (समानीकरण, सशर्त, समपूरक र विशेष) गरी कुल रू.४ खर्ब १७ अर्ब ८२ करोड ५० लाख विनियोजन गरिएको छ, जुन सङ्घीय बजेटको २१.२७ प्रतिशत हो।

९७. अनुदान हस्तान्तरणको स्थितिः पुस मसान्तसम्म प्रदेशमा विनियोजित अनुदानको ३९.१४ प्रतिशत (रू.३८ अर्ब १८ करोड ७२ लाख) र स्थानीय तहमा ४७.६० प्रतिशत (रू.१ खर्ब ५२ अर्ब ४६ करोड ४ लाख) रकम हस्तान्तरण भइसकेको छ।

९८. राजस्व बाँडफाँटः मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्कबाट संकलित राजस्वमध्ये प्रदेश र स्थानीय तहलाई १५/१५ प्रतिशतका दरले पुस मसान्तसम्म कुल रू.६९ अर्ब १५ करोड ५० लाख उपलब्ध गराइएको छ।

९९. प्रदेशको न्यून खर्चः सातै प्रदेशको कुल रू.२ खर्ब ८७ अर्ब ७० करोड बजेटमध्ये पुससम्म जम्मा १४.१६ प्रतिशत मात्र खर्च भएको छ, जसमा पुँजीगत खर्चको अवस्था अत्यन्त न्यून (९.३३ प्रतिशत) छ।

१००. स्थानीय तहको खर्च अवस्थाः स्थानीय तहका लागि हस्तान्तरण गरिएको कुल रकममध्ये ५६.८२ प्रतिशत खर्च भएको छ भने स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रणालीमा प्रविष्ट बजेटका आधारमा कुल बजेटको २३.९ प्रतिशत खर्च भएको देखिन्छ।

१०१. वित्तीय सङ्घीयताका उपलब्धिः अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को कार्यान्वयन, सुत्र (SuTRA) प्रणालीको आधुनिकीकरण र राजस्व बाँडफाँटको नयाँ ढाँचा स्वीकृत हुनुलाई महत्वपूर्ण उपलब्धिको रूपमा लिइएको छ।

१०२. संरचनागत र कानुनी चुनौतीः तीनै तहमा एकै प्रकृतिका काम गर्ने संगठनहरू हुँदा कार्यमा दोहोरोपना र अनावश्यक वित्तीय भार थपिएको छ भने बजेट अनुशासन सम्बन्धी कानूनको अभावले जवाफदेहिता सुनिश्चित गर्न कठिन भएको छ।

१०३. नगद व्यवस्थापनको समस्याः प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिएको रकम खर्च नभई निष्क्रिय रहने तर सङ्घीय सरकारले नगद अभावका कारण सार्वजनिक ऋण लिनुपर्ने विरोधाभासपूर्ण स्थिति विद्यमान छ।

१०४. भविष्यको वित्तीय जोखिमः प्रदेश र स्थानीय तहका स्थायी कर्मचारीहरूको अवकाशपछिको दायित्व भुक्तानीका लागि स्रोत सुनिश्चित नहुँदा भविष्यमा ठुलो वित्तीय भार पर्ने जोखिम र बढ्दो बेरुजु मुख्य समस्याका रूपमा रहेका छन्।

१०५. सुधारका प्रस्तावित क्षेत्रः संगठन संरचनाको पुनर्संरचना (Rightsizing), एकीकृत रोयल्टी व्यवस्थापन कानूनको निर्माण, स्वचालित वित्तीय हस्तान्तरण प्रणाली र योगदानमा आधारित अवकाश कोष अनिवार्य गर्ने जस्ता सुधारका क्षेत्रहरू पहिचान गरिएको छ।

## (ज) बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनमा गर्नु पर्ने सुधार

१०६. सुधारको लक्ष्यः समीक्षा अवधिमा देखिएका संरचनागत र प्रणालीगत समस्या समाधान गरी बाँकी अवधिमा राजस्व परिचालन सुदृढ गर्न र लगानीलाई प्रतिफलयुक्त क्षेत्रमा केन्द्रित गर्नु यसको मुख्य लक्ष्य हो।

१०७. मितव्ययिता कायम गर्नेः सार्वजनिक खर्चलाई मितव्ययी बनाउन २०७८ को मापदण्डलाई परिमार्जन गरी प्रभावकारी रूपमा लागू गर्ने र विनियोजित सीमाभित्र मात्र खर्च गर्ने नीति लिइएको छ।

१०८. संगठन पुनरावलोकनः सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी अनुरूप संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी विद्यमान संरचना र दरबन्दीको पुनरावलोकन गरिनेछ।

१०९. वैदेशिक भ्रमणमा रोकः अनिवार्य प्रतिनिधित्व गर्नु पर्ने अवस्था बाहेक सरकारी स्रोतबाट गरिने वैदेशिक भ्रमणलाई निरुत्साहित गरिनेछ।

११०. नयाँ दरबन्दी सिर्जना नगर्नेः सरकारी कार्यालय, नियामक निकाय र सार्वजनिक संस्थानहरूमा थप व्ययभार पर्ने गरी नयाँ संगठन संरचना र दरबन्दी सिर्जना नगर्ने नीति लिइएको छ।

१११. परामर्श सेवा नियन्त्रणः ठूला आयोजना बाहेक अन्यमा सुपरीवेक्षण परामर्शदाता नियुक्त नगर्ने र नीति वा कानूनको मस्यौदा तयार गर्न बाह्य परामर्श सेवा नलिने व्यवस्था मिलाइनेछ।

११२. प्राथमिकता प्राप्त आयोजनाः राष्ट्रिय गौरव र रणनीतिक महत्त्वका आयोजनाहरूमा स्रोतको अभाव हुन नदिने र त्यस्ता आयोजनाको बजेट अन्यत्र रकमान्तर नगर्ने सुनिश्चितता गरिनेछ।

११३. बहुवर्षीय ठेक्का व्यवस्थापनः बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२ को पूर्ण पालना गर्ने र मध्यमकालीन खर्च संरचना (MTEF) का आधारमा मात्र स्रोत सहमति माग गर्ने व्यवस्था मिलाइनेछ।

११४. बजेट समर्पणः फागुन मसान्तसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने बजेटलाई २०८२ चैत १५ गतेभित्र अनिवार्य रूपमा समर्पण (Surrender) गर्नु पर्ने व्यवस्था छ।

११५. अनिवार्य दायित्व व्यवस्थापनः पारिश्रमिक, भत्ता, रासन, बिजुली, सञ्चार र घरभाडा जस्ता अनिवार्य दायित्वको भुक्तानी चालु वर्षमै फछ्यौंट गरी आगामी वर्षमा दायित्व नसर्ने गरी व्यवस्थापन गरिनेछ।

११६. दायित्व सिर्जनामा कडाइः अर्थ मन्त्रालयको पूर्व सहमति बिना कुनै पनि निकायले थप आर्थिक दायित्व सिर्जना गर्न पाउने छैनन्।

११७. सोधभर्ना प्राप्तिः वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको सोधभर्ना (Reimbursement) समयमै लिनका लागि आवश्यक सहजीकरण र अनुगमन गरिनेछ।

११८. विकास सहायता नीतिः वैदेशिक सहायतालाई राष्ट्रिय आवश्यकता र उच्च प्रतिफलयुक्त रणनीतिक आयोजनामा मात्र परिचालन गरिनेछ।

११९. प्रोजेक्ट रेडिनेस फिल्टरः वैदेशिक सहायताका नयाँ आयोजना छनोट गर्दा तयारी पूरा भएका आयोजना मात्र छनोट गर्ने गरी 'रेडिनेस फिल्टर' को प्रभावकारी कार्यान्वयन गरिनेछ।

१२०. राजस्व प्रणालीको आधुनिकीकरणः राजस्व सङ्कलनलाई प्रविधिमैत्री, पारदर्शी र करदातामैत्री बनाई स्वेच्छिक कर परिपालना अभिवृद्धि गरिनेछ।

१२१. चुहावट नियन्त्रणः सीमा नाकामा भन्सार प्रशासन र सुरक्षा निकायबीच समन्वय गरी राजस्व चुहावट नियन्त्रणका लागि बहु-निकायगत एकीकृत प्रयास गरिनेछ।

१२२. कराधार विस्तारः करयोग्य अनौपचारिक आर्थिक क्रियाकलापलाई औपचारिक प्रणालीमा ल्याउने र डिजिटल कारोबारलाई करको दायरामा समेट्ने गरी संस्थागत प्रबन्ध गरिनेछ।

१२३. बेरुजु र बक्यौता फछ्यौंटः कर बक्यौता असुली र बेरुजु फछ्यौंट कार्यलाई कार्ययोजना बनाएर तीव्रता दिइनेछ।

१२४. गैरकर राजस्वः गैरकर राजस्वको दायरा विस्तार गर्ने र विद्यमान दरहरूलाई समयसापेक्ष बनाउँदै सरकारी लगानीका निकायबाट प्राप्त हुने लाभांश समयमै प्राप्त गर्ने व्यवस्था मिलाइनेछ।

१२५. कोष व्यवस्थापनः गैर-बजेटरी रूपमा विभिन्न कोषहरूमा रहेको सरकारी रकमलाई सङ्घीय सञ्चित कोषमा दाखिला गराउने प्रक्रिया अघि बढाइनेछ।

## (झ) विविध

१२६. मानवीय र भौतिक क्षतिः भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा ७७ जनाको मृत्यु (जसमा ३९ जना युवा रहेका छन्) र २,४२९ जना घाइते भएका छन् भने कुल रू.८४ अर्ब ४५ करोड ७७ लाख बराबरको भौतिक सम्पत्ति क्षति भएको छ।

१२७. क्षतिको क्षेत्रगत वितरणः कुल सम्पत्ति क्षतिमध्ये सार्वजनिक क्षेत्रमा ५३ प्रतिशत (रू.४४ अर्ब ९३ करोड ७३ लाख), निजी क्षेत्रमा ४० प्रतिशत (रू.३३ अर्ब ५४ करोड ८७ लाख) र सामुदायिक क्षेत्रमा ७ प्रतिशत नोक्सानी भएको छ।

१२८. उत्पादन र रोजगारीमा प्रभावः आन्दोलनका कारण वस्तु तथा सेवा उत्पादनमा रू.१३ अर्ब ८७ करोड ५६ लाखको नोक्सानी भएको छ भने २,३५३ जनाले पूर्ण रूपमा रोजगारी गुमाएका छन्।

१२९. पुनर्निर्माण लागत अनुमानः सार्वजनिक क्षेत्रका क्षतिग्रस्त भवन, सवारी साधन र अन्य भौतिक वस्तुहरूको पुनर्निर्माण तथा मर्मतका लागि कुल रू.३६ अर्ब ३० करोड २१ लाख लाग्ने अनुमान गरिएको छ।

१३०. सार्वजनिक वित्त र राजस्वमा असरः राहत र पुनर्निर्माणका लागि बजेटमा नभएको थप दायित्व सिर्जना भएको छ भने औद्योगिक प्रतिष्ठानहरूलाई दिइएको कर छुट र व्यवसायिक शिथिलताका कारण राजस्व संकलनमा संकुचन आउने देखिएको छ।

१३१. राहत र पुनरुत्थानका प्रयासः सरकारले मृतकका ५३ परिवारलाई प्रति परिवार १५ लाखका दरले राहत र घाइतेलाई उपचार खर्च उपलब्ध गराउनुका साथै व्यवसायीहरूका लागि कर छुट, सहुलियत र ऋणको पुनर्तालिकीकरण सहितको "एकीकृत व्यवसायिक पुनरुत्थान योजना" कार्यान्वयनमा ल्याएको छ।

# परिच्छेद - एक

## समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

### १.१ विश्व अर्थतन्त्रको परिदृश्य

सन् २०२४ र सन् २०२५ मा ३.३ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२६ मा समेत ३.३ प्रतिशतले वृद्धि हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान रहेको छ। सन् २०२५ को अन्त्य र २०२६ को शुरुवातमा विश्वव्यापीरुपमा देखिएका आर्थिक, संरचनात्मक र भू-राजनीतिक विकास क्रमले विश्व आपूर्ति शृङ्खला पुनर्संरचना भई विकासशील मुलुकहरूका लागि नयाँ अवसर तथा चुनौतीहरू सिर्जना हुने आँकलन छ।

चीन र भारतको आर्थिक वृद्धिदर सन् २०२४ मा क्रमशः ५.० प्रतिशत र ६.५ प्रतिशत रहेकोमा सन् २०२५ मा क्रमशः ५.० प्रतिशत र ७.३ प्रतिशत रहने अनुमान छ। सन् २०२६ मा यी मुलुकहरूको आर्थिक वृद्धिदर क्रमशः ४.५ प्रतिशत र ६.४ प्रतिशत रहने प्रक्षेपण रहेको छ। समग्रमा, चीनको अर्थतन्त्र संरचनात्मक पुनर्सन्तुलनको चरणमा प्रवेश गरेको तथा भारत दीर्घकालीन उच्च आर्थिक वृद्धिउन्मुख देखिन्छ।

### १.२ राष्ट्रिय अर्थतन्त्र

#### १.२.१ वास्तविक क्षेत्र

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिक अवधिमा कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्य) मा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.० प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्ष २०८१/८२ को सोही अवधिमा कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्य) मा यस्तो वृद्धि २.९ प्रतिशत रहेको संशोधित अनुमान छ।

**कृषि**

राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुसार चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.३६ प्रतिशतले विस्तार हुने अनुमान छ। विशेषतः धानको उत्पादन घट्ने र पशुपन्छी, तरकारी बाली तथा फलफूल उत्पादनमा वृद्धि हुने अनुमानको आधारमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर तुलनात्मक रुपमा न्यून रहने अनुमान छ। चालु आर्थिक वर्षमा मकै, कोदो, फापर लगायतका खाद्यान्न बालीको उत्पादन बढ्ने अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा धान, गहुँ, मकै लगायत खाद्यान्न बालीको उत्पादन २.६७ प्रतिशत र नगदेबालीको उत्पादन २.०१ प्रतिशतले बढेको अनुमान छ।

**उद्योग**

राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुसार चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धि गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.४४ प्रतिशतले विस्तार हुने अनुमान छ। चालु आर्थिक वर्षमा ऊर्जा र निर्माण क्षेत्रका क्रियाकलापमा विस्तार हुँदा सोको सकरात्मक प्रभाव समग्र उद्योग क्षेत्रमा पर्ने अनुमान छ। चालु आर्थिक वर्षको पहिलो त्रयमासमा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धि १.५२ प्रतिशतले विस्तार हुने अनुमान छ।

### सेवा

राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुसार चालु आर्थिक वर्षको पहिलो त्रयमासमा सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.०३ प्रतिशतले विस्तार हुने अनुमान छ। चालु आर्थिक वर्षमा थोक तथा खुद्रा व्यापार, वित्तीय मध्यस्थता, सामान्य प्रशासन तथा रक्षा, पर्यटकीय गतिविधि र व्यक्तिगत सेवाका क्रियाकलापमा विस्तार हुँदा समग्र सेवा क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अनुमान छ।

### मुद्रास्फीति

आर्थिक वर्ष २०८२/८३ को प्रथम ६ महिनाको औसत मुद्रास्फिति १.७ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.९७ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ पुष महिनामा उपभोक्ता मुद्रास्फीति २.४२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५.४१ प्रतिशत रहेको थियो।

## १.२.२ मौद्रिक स्थिति

### मुद्रा प्रदाय

चालु आर्थिक वर्षको विस्तृत मुद्राप्रदाय ५.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्रा प्रदाय ३.९ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ पुस मसान्तमा विस्तृत मुद्रा प्रदाय १४.२ प्रतिशतले बढेको छ।

### कर्जा प्रवाह

चालु आर्थिक वर्षको समिक्षा अवधिमा बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रू.१ खर्ब ९७ अर्ब ४७ करोड (३.६ प्रतिशत) ले बढेर रू.५६ खर्ब ९५ अर्ब १७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा रू.२ खर्ब ६५ अर्ब ५६ करोड (५.२ प्रतिशत) ले बढेर रू.५३ खर्ब ३९ अर्ब ५२ करोड पुगेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ पुस मसान्तमा बैङ्क तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.७ प्रतिशतले बढेको छ।

### निक्षेप परिचालन

चालु आर्थिक वर्षको समीक्षा अवधिमा बैङ्क तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप रू.४ खर्ब १७ अर्ब ४८ करोड (५.७ प्रतिशत) ले बढेर रू.७६ खर्ब ८१ अर्ब ३५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप रू.२ खर्ब ३९ अर्ब ६ करोड (३.७ प्रतिशत) ले बढेर रू.६६ खर्ब ९१ अर्ब ४४ करोड पुगेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ पुस मसान्तमा बैङ्क तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १४.८ प्रतिशतले बढेको छ। २०८२ पुस मसान्तमा बैङ्क तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ६.९ प्रतिशत, ४१.३ प्रतिशत र ४२.८ प्रतिशत र अन्य ९.० प्रतिशत रहेको छ।

### तरलता र ब्याजदर स्थिति

चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा नेपाल राष्ट्र बैङ्कबाट निक्षेप संकलन बोलकबोलमार्फत रू.१४ खर्ब २५ अर्ब ५० करोड, स्थायी निक्षेप सुविधामार्फत रू.२७० खर्ब ८६ अर्ब ९० करोड र नेपाल राष्ट्र बैङ्क वण्डमार्फत रू.२०० अर्ब गरी कुल रू.२८७ खर्ब १२ अर्ब ४० करोड (कारोबारमा

आधारित) तरलता प्रशोचन गरिएको छ। त्यसैगरी, ओभरनाइट तरलता सुविधामार्फत रू.१२ अर्ब ५० करोड तरलता प्रवाह गरी खुद रू.२८६ खर्ब ९९ अर्ब ९० करोड बराबरको तरलता प्रशोचन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा मौद्रिक व्यवस्थापनका विभिन्न उपकरणहरूमार्फत पटक-पटक गरी खुद रू.१३९ खर्ब ९९ अर्ब ८० करोड तरलता प्रशोचन भएको थियो।

२०८१ पुसमा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २.८१ प्रतिशत रहेकोमा २०८२ पुसमा २.३५ प्रतिशत रहेको छ। बैङ्क तथा वित्तीय संस्थाहरूबीचको अन्तर बैङ्क कारोबारको भारित औसत ब्याजदर २०८१ पुसमा ३.०० प्रतिशत रहेकोमा २०८२ पुसमा यस्तो ब्याजदर २.७५ प्रतिशत रहेको छ।

२०८२ पुसमा वाणिज्य बैङ्कहरूको निक्षेपको भारित औसत ब्याजदर ३.५६ प्रतिशत, विकास बैङ्कहरूको ४.०६ प्रतिशत र वित्त कम्पनीहरूको ५.१७ प्रतिशत रहेको छ। २०८१ पुसमा वाणिज्य बैङ्कहरूको निक्षेपको भारित औसत ब्याजदर ४.७५ प्रतिशत, विकास बैङ्कहरूको ५.५६ प्रतिशत र वित्त कम्पनीहरूको ६.६६ प्रतिशत रहेको थियो।

२०८२ पुसमा वाणिज्य बैङ्कहरूको कर्जाको भारित औसत ब्याजदर ७.१२ प्रतिशत, विकास बैङ्कहरूको ८.३४ प्रतिशत र वित्त कम्पनीहरूको ९.७३ प्रतिशत रहेको छ। २०८१ पुसमा वाणिज्य बैङ्कहरूको कर्जाको भारित औसत ब्याजदर ८.६९ प्रतिशत, विकास बैङ्कहरूको १०.१० प्रतिशत र वित्त कम्पनीहरूको ११.१० प्रतिशत रहेको थियो।

### १.२.३ धितोपत्र

#### धितोपत्र बजार

२०८१ पुस मसान्तमा धितोपत्र बजारमा सूचीकृत भएका कम्पनीहरूको संख्या २६७ रहेकोमा २०८२ पुष मसान्तमा यस्ता कम्पनीहरूको संख्या २८४ पुगेको छ। समीक्षा अवधिमा रू.४८ अर्ब ४४ करोड मूल्य बराबरका थप धितोपत्र सूचीकृत भएका छन्। २०८१ पुसमसान्तमा २५९४.१३ रहेको नेप्से सुचकाङ्क २०८२ पुस मसान्तमा २६४१.४४ कायम भएको छ।२०८२ पुस मसान्तमा बजार पुँजीकरण रू.४४ खर्ब ३५ अर्ब रहेको छ।

### १.२.४ वाह्य क्षेत्र

#### वैदेशिक व्यापार

आर्थिक वर्ष २०८२/८३ को प्रथम ६ महिनामा कुल वस्तु निर्यात ४३.८ प्रतिशतले वृद्धि भई रू.१ खर्ब ४२ अर्ब २ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात ३१.८ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा कच्चा भटमास तेल, अलैंची, पाम तेल लगायतका वस्तुको निर्यात बढेको छ भने जिङ्क सिट, पार्टिकल बोर्ड, हस्तकलाका सामान लगायतका वस्तुको निर्यात घटेको छ।

आर्थिक वर्ष २०८२/८३ को प्रथम ६ महिनामा कुल वस्तु आयात १४.२ प्रतिशतले वृद्धि भई रू.९ खर्ब ३९ अर्ब २ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात ७.१ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा भटमासको कच्चा तेल, रासायनिक मल, यातायातका

उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, सुन, चाँदी लगायतका वस्तुको आयत बढेको छ भने खानेतेल, लसुन, दाल, तेलहन लगायतका वस्तुको आयात घटेको छ।

आर्थिक वर्ष २०८२/८३ को प्रथम ६ महिनामा कुल वस्तु व्यापार घाटामा १०.१ प्रतिशतले वृद्धि भई रू.७ खर्ब ९७ अर्ब पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा ४.४ प्रतिशतले वृद्धि भएको थियो।

**विप्रेषण आप्रवाह**

चालु आर्थिक वर्षको पुष सम्ममा विप्रेषण आप्रवाह ३९.१ प्रतिशतले वृद्धि भई रू.१० खर्ब ६२ अर्ब ९३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ४.२ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा खुद ट्रान्सफर ४०.१ प्रतिशतले वृद्धि भई रू.११ खर्ब ६८ अर्ब २ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद ट्रान्सफर ४.३ प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ) लिने नेपालीको संख्या १०.३ प्रतिशतले संकुचन भई २ लाख ६ हजार ८ सय ७ कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ११.७ प्रतिशतले बढेको थियो।

वैदेशिक रोजगारीमा जानको लागि पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या समीक्षा अवधिमा १९.७ प्रतिशतले वृद्धि भई १ लाख ९४ हजार ७ सय ३३ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २१.४ प्रतिशतले बढेको थियो।

**शोधनान्तर स्थिति र विदेशी विनिमय सञ्चिति**

समीक्षा अवधिमा शोधनान्तर स्थिति रू.५ खर्ब १ अर्ब २४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.२ खर्ब ४९ अर्ब २६ करोडले बचतमा रहेको थियो।

२०८२ पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८२ असार मसान्तको रू.२६ खर्ब ७७ अर्ब ६८ करोडको तुलनामा २१.१ प्रतिशतले वृद्धि भई रू.३२ खर्ब ४२ अर्ब ४५ करोड कायम भएको छ। अमेरिकी डलरमा विदेशी विनिमय सञ्चिति २०८२ असार मसान्तमा १९ अर्ब ५० करोड रहेकोमा १५.२ प्रतिशतले वृद्धि भई २०८२ पुस मसान्तमा २२ अर्ब ४७ करोड पुगेको छ। यो सञ्चिति २१.४ महिनाको वस्तु आयात र १८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

## तालिका १.१ समष्टिगत आर्थिक परिसूचकको तुलनात्मक अवस्था

| आर्थिक परिसूचक | वार्षिक | | प्रथम छ महिना | |
|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८१/८२ | २०८२/८३ |
| कूल गार्हस्थ उत्पादनको वृद्धिदर (उत्पादकको मूल्यमा) | ३.६७* | ४.६१ | | |
| कूल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा) (रू.अर्बमा) | ५७०९.०९* | ६१०७.२२ | | |
| उपभोक्ता मूल्य सूचकाङ्क (६ महिनाको औसत) | ५.४४ | ४.०६ | ४.९७ | १.७० |
| निर्यात वृद्धिदर | -३.० | ८१.८ | ३१.८ | ४३.८ |
| आयातको वृद्धिदर | -१.२ | १३.३ | ७.१ | १४.२ |
| शोधनान्तर बचत(+)/घाटा (-) (रू.अर्बमा) | ५०२.४९ | ५९४.५४ | २४९.२६ | ५०१.२४ |
| चालु खाता बचत (घाटा) (रू.अर्बमा) | २२१.७१ | ४०९.२० | १६५.६७ | ४२९.९१ |
| विप्रेषण आप्रवाह (रू.अर्बमा) | १४४५.३२ | १७२३.२७ | ७६४.३१ | १०६२.९३ |
| व्यापार सन्तुलन(घाटा) (रू.अर्बमा) | १४४०.६० | १५२७.०९ | -७२३.५८ | -७९७.०० |
| विदेशी विनिमय संचिति (रू.अर्बमा) | २०४१.१० | २६७७.६८ | २३१६.८४ | ३२४२.४५ |
| विदेशी विनिमय संचिति (अमेरिकी डलर अर्बमा) | १५.२७ | १९.५० | १६.८४ | २२.४७ |
| विस्तृत मुद्राप्रदाय (एम २) को वृद्धिदर | १२.८७ | १२.५० | ३.९ | ५.४ |
| आन्तरिक कर्जाको वृद्धिदर प्रतिशत | ६.११ | ६.१४ | १.२ | -०.६ |
| ट्रेजरी बिलको व्याजदर (९१ दिने) | ३.०० | २.९५ | २.८१ | २.३५ |
| औसत अन्तर बैङ्क व्याजदर | २.९९ | २.९६ | ३.०० | २.७५ |
| वाणिज्य बैङ्कहरूको औसत आधार दर | ८.०० | ६.०२ | ६.६५ | ५.२९ |
| कूल निक्षेप (रू.अर्बमा) | ६४५२.३९ | ७२६३.८७ | ६६९१.४४ | ७६८१.३५ |
| बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा जाने कर्जा (रू.अर्बमा) | ५०७३.९७ | ५४९७.७० | ५३३९.५२ | ५६९५.१७ |
| नेप्से सूचकाङ्क | २२४०.४१ | २७९४.७९ | २५९४.१३ | २६४१.४४ |

*स्रोतः नेपाल राष्ट्र बैङ्क, महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- *संशोधित अनुमान*

# परिच्छेद - दुई

# बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

## २.१ कुल गार्हस्थ्य उत्पादनसँग सार्वजनिक वित्तको तुलनात्मक विश्लेषण

चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर ६.० प्रतिशत हुने अनुमान गरिएको भएता पनि धानको उत्पादन, क्षेत्रफल र उत्पादकत्वमा आएको कमी, निर्माण क्षेत्रमा देखिएको सुस्तता र घरजग्गा कारोवारमा आएको गिरावट लगायतका कारणले आर्थिक वृद्धि दर ३.५ प्रतिशत हुने प्रक्षेपण रहेको छ। गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर ४.६ प्रतिशत रहेको अनुमान छ।

**तालिका २.१ कुल गार्हस्थ्य उत्पादनसँग सार्वजनिक वित्तको तुलनात्मक स्थिति**

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३* |
| आर्थिक वृद्धि (%) | ५.६ | २ | ३.७ | ४.६ | ३.५ |
| सार्वजनिक वित्त (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा %) | | | | | |
| राजस्व तथा अनुदान | २२.९ | १९.३ | १९.४ | २०.१ | १९.५ |
| कुल राजस्व | २२.४ | १८.८ | १९.० | १९.६ | १९.१ |
| अनुदान | ०.६ | ०.४ | ०.४ | ०.५ | ०.४ |
| राजस्व बाँडफाँट | २.७ | २.३ | २.४ | २.८ | २.३ |
| कुल खर्च | २६.३ | २६.५ | २४.४ | २४.७ | २४.७ |
| चालु | १९.२ | १८.५ | १६.३ | १५.७ | १६.१ |
| पूँजीगत | ४.३ | ४.४ | ३.४ | ३.७ | ३.४ |
| वित्तीय व्यवस्था | २.८ | ३.६ | ४.८ | ५.४ | ५.२ |
| वाह्य ऋण परिचालन | २.६ | ३.४ | २.१ | २.१ | १.८ |
| आन्तरिक ऋण परिचालन | ४.७ | ४.८ | ४.१ | ५.४ | ५.३ |
| वित्त सन्तुलन (-घाटा) | -३.३ | -५.९ | -२.६ | -२.० | -२.३ |
| *आर्थिक वर्ष २०८२/८३ को लागि प्रक्षेपण गरिएको कुल गार्हस्थ्य उत्पादनको आधारमा हिसाब गरिएको। | | | | | |

*स्रोतः अर्थ मन्त्रालय*

चालु आर्थिक वर्षका लागि विनियोजन गरिएको कुल खर्च प्रक्षेपित कुल गार्हस्थ्य उत्पादनको २४.७४ प्रतिशत रहेको छ। जसमध्ये चालु खर्च तर्फ गरिएको विनियोजन १६.१ प्रतिशत र पूँजीगत खर्च तर्फ गरिएको विनियोजन गरिएको ३.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा कुल खर्च कुल गार्हस्थ्य उत्पादनको २४.७३ प्रतिशत रहेको थियो। यसै गरी चालु आर्थिक वर्षमा कुल राजस्व परिचालन कुल गार्हस्थ्य उत्पादनको १९.१ प्रतिशत हुने प्रक्षेपण रहेको छ। सरकारको वित्त घाटा गत आर्थिक वर्षको २.० प्रतिशतबाट बढेर २.३ प्रतिशत पुग्ने प्रक्षेपण रहेको छ।

## २.२ समष्टिगत खर्च स्थिति विश्लेषण

चालु आर्थिक वर्ष २०८२/८३ मा चालु खर्चमा रू.११ खर्ब ८० अर्ब ९८ करोड, पुँजीगत खर्चमा रू.४ खर्ब ७ अर्ब ८८ करोड ८० लाख र वित्तीय व्यवस्थामा रू.३ खर्ब ७५ अर्ब २४ करोड २० लाख गरी

जम्मा रू.१९ खर्ब ६४ अर्ब ११ करोड बजेट विनियोजन भएको छ। विनियोजित रकममध्ये २०८२ पुस मसान्तसम्म जम्मा रू.६ खर्ब ९० अर्ब २१ करोड ७८ लाख खर्च भएको छ। जुन कूल विनियोजनको ३५.१४ प्रतिशत हो। चालु खर्च रू.४ खर्ब ८७ अर्ब १४ करोड ३८ लाख अर्थात् ४१.२५ प्रतिशत, पुँजीगत खर्च रू.४९ अर्ब ४२ करोड ७१ लाख अर्थात् १२.१२ प्रतिशत र वित्तीय व्यवस्थामा रू.१ खर्ब ५३ अर्ब ६४ करोड ६९ लाख अर्थात् ४०.९५ प्रतिशत भएको छ। यस अवधिको समग्र खर्च विगत वर्षको सोही अवधिको तुलनामा ३.३९ प्रतिशतले बढेको छ।

समष्टिगत खर्चको तुलनात्मक विवरण तालिकामा र विनियोजनको तुलनामा खर्च प्रतिशतलाई चित्र २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२ समष्टिगत खर्चको तुलनात्मक स्थिति** (रू.लाखमा)

| खर्च शीर्षक | विनियोजन | | पुस महिनासम्मको खर्च | | विनियोजनको तुलनामा खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| चालु (वित्तीय हस्तान्तरण समेत) | ११४०६६४५ | ११८०९८०० | ४५१९५७३ | ४८७१४३८ | ३९.६२ | ४१.२५ |
| पुँजीगत | ३५२३५४० | ४०७८८८० | ५६९३८५ | ४९४२७१ | १६.१६ | १२.१२ |
| वित्तीय व्यवस्था | ३६७२८४५ | ३७५२४२० | १५८६६३९ | १५३६४६९ | ४३.२० | ४०.९५ |
| **जम्मा** | **१८६०३०३०** | **१९६४११००** | **६६७५५९८** | **६९०२१७८** | **३५.८८** | **३५.१४** |

*स्रोत:अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

**चित्र २.१ विनियोजनको तुलनामा खर्च स्थिति**




सङ्घीय सरकारबाट प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने भौतिक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य एवम् कृषि लगायतका खर्च तथा अनुदान प्राप्त गर्ने विभिन्न निकायबाट गरिने पुँजीगत प्रकृतिका खर्चसमेत चालुतर्फ लेखाङ्कन हुने गरेको छ। वित्तीय व्यवस्थाबाट गरिने अधिकांश लगानी पुँजी निर्माणमा हुने तर पुँजीगत खर्चमा लेखाङ्कन नहुने भएकोले यसबाट पुँजीगत खर्चको वास्तविक

चित्रण हुन सकेको छैन। वित्तीय हस्तान्तरणतर्फको सशर्त र विशेष अनुदानलाई आर्थिक वर्ष २०७८/७९ बाट चालु र पुँजीगत खर्चमा विभाजन गर्ने गरिएको भएता पनि यी दुबै खर्च शीर्षक सङ्घतर्फ चालु खर्चमा नै लेखाङ्कन गरिने हुँदा समग्र पुँजीगत खर्चको अवस्था वास्तविक खर्चभन्दा कम देखिने गरेको छ।

**सार्वजनिक खर्च अपेक्षाकृत रूपमा वृद्धि हुन नसक्नुका कारणहरू**

- वार्षिक बजेट तर्जुमा गर्दा पुर्व तयारी सम्पन्न भएका आयोजनामा न्यून विनियोजन गरी नयाँ आयोजनामा प्राथमिकता दिने गरिएको। आयोजना स्थलको जग्गा प्राप्ति, मुआब्जा निर्धारण र वितरण, वन क्षेत्रको उपयोग, क्षतिपूर्ति लगायतका प्रक्रिया पूरा नभएका आयोजनामा समेत बजेट विनियोजन हुने गरेको छ।
- भदौ २३ र २४ का घटनाको क्रममा १ हजार ६ सय ९३ सरकारी कार्यालयको २ हजार १ सय ३४ वटा भवन र त्यहाँ रहेको अभिलेखमा क्षति पुगेकोले कतिपय हुँदै गरेका काम पनि केही समय रोकिन पुगेकोले पुँजीगत खर्च कम हुन गएको।
- विस्तृत आयोजना प्रतिवेदन, आयोजना निर्माणको मोडालिटी, कूल लागत र आयोजनाको आर्थिक, सामाजिक, वित्तीय तथा प्राविधिक, वस्तुगत विश्लेषण एवम् मूल्याङ्कन गरी बजेट प्रस्ताव गर्न नसकेका कारण बजेट कार्यान्वयन कार्ययोजनाको परिपालना हुन नसकेको।
- स्रोत सहमति भएका आयोजनाहरूमा न्यून बजेट प्रस्ताव गर्ने र प्राप्त बजेट सीमाबाट नयाँ आयोजना प्रस्ताव गरी आयोजनाको संख्या बढाउँदै जाँदा सिर्जित दायित्व भुक्तानीमा समस्या आउनुका साथै आयोजना अधुरा रही खर्च व्यवस्थापनमा कठिनाई रहेको।
- नेपालको संविधानमा व्यवस्था भए अनुसार तीनै तहका सरकारका बीचमा पर्याप्त समन्वय हुन नसक्दा सामाजिक सुरक्षाका कार्यक्रम, कतिपय अनुदानका कार्यक्रम र विकास आयोजनाहरू समेत दोहोरो पर्न गई खर्चको प्रभावकारिता एवम् स्रोतको समन्यायिक वितरण हुन नसकेको।
- आयोजना प्रमुख लगायत कर्मचारीहरूको पदपूर्ति समयमा नहुने, छिटो छिटो सरुवा हुने, निर्माण सामग्रीको निर्वाध उपलब्धता नहुने र श्रमिक व्यवस्थापनसम्बन्धी कार्य समयमै हुन नसक्ने प्रवृत्ति कायमै रहेको।
- स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका, मापदण्ड, कार्यविधि लगायत नयाँ कानून तर्जुमा समयमै हुन नसकेको कारण अर्धवार्षिक अवधिसम्म खर्चको आधार कमजोर रहने गरेको।
- चालु आर्थिक वर्षको बजेटमा जेठ १६ गतेबाटै आयोजना कार्यान्वयन गर्न सक्ने प्रावधान राखिए तापनि सो मितिबाटै आयोजना कार्यान्वयनका क्रियाकलाप लगायतका कार्यहरू प्राथमिकतामा राखि कार्यान्वयन नहुनु।
- वैदेशिक स्रोतमा सञ्चालित कतिपय आयोजनामा नेपाल सरकारको तर्फबाट व्यहोर्नु पर्ने समपुरक कोष (Counter- part fund) को रकम न्यून प्रस्ताव हुने गरेको।
- वैदेशिक सहायताबाट सञ्चालित कतिपय आयोजनामा विकास साझेदारले निर्धारण गरेको खरीद प्रक्रिया र लेखाङ्कनसम्बन्धी व्यवस्था पालना नहुँदा तोकिएको शर्त पूरा नभई समयमै शोधभर्ना प्राप्त हुन नसकेको।

- नयाँ आयोजना तथा कार्यक्रमका लागि अवण्डामा राखेको रकम समयमा बाँडफाँट हुन नसकी आयोजना कार्यान्वयनमा ढिलाई हुने गरेको।
- राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयगत विकास समस्या समाधान समितिबाट पहिचान भएका समस्या समाधानका लागि प्रस्तावित सुझाव कार्यान्वयन हुन नसक्दा समस्या दोहोरिने गरेको।

### २.२.१ आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको मन्त्रालयगत खर्च स्थिति

**तालिका २.३ मन्त्रालयगत खुद बजेट र खर्चको स्थिति** (रू.लाखमा)

| क्र.स | मन्त्रालय | खुद बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५४६५६ | १८०२३ | **३२.९८** |
| २ | अर्थ मन्त्रालय | ३९५०६७ | १४०४१० | **३५.५४** |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ८९५१९ | ७५९६ | **८.४८** |
| ४ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ४२७७१५ | ७०८३२ | **१६.५६** |
| ५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५३९४ | १६८४ | **३१.२३** |
| ६ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ५०७०२९ | २१७८२७ | **४२.९६** |
| ७ | खानेपानी मन्त्रालय | २०७२९८ | २४७७८ | **११.९५** |
| ८ | गृह मन्त्रालय | २११७५८२ | ८९१७९९ | **४२.११** |
| ९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७६७२२ | १०१९१ | **१३.२८** |
| १० | परराष्ट्र मन्त्रालय | ९०१७१ | ५०३१७ | **५५.८०** |
| ११ | वन तथा वातावरण मन्त्रालय | १२१८३२ | ३५९८८ | **२९.५४** |
| १२ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ७४१४१ | २७३६९ | **३६.९१** |
| १३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १५३७८६८ | २७८७२८ | **१८.१२** |
| १४ | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | १५३२८ | ३१३९ | **२०.४८** |
| १५ | युवा तथा खेलकूद मन्त्रालय | ५७२२९ | ७६५१ | **१३.३७** |
| १६ | रक्षा मन्त्रालय | ६३३०६९ | २९०४५५ | **४५.८८** |
| १७ | शहरी विकास मन्त्रालय | ९१३५०४ | ५७६६७ | **६.३१** |
| १८ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ६०५७०६ | २८१००२ | **४६.३९** |
| १९ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ७८९१९ | २५४०० | **३२.१९** |
| २० | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७५४०२ | ११०२५ | **१४.६२** |
| २१ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ५६३३३५ | १८६३७५ | **३३.०८** |
| २२ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १६३७१ | २५४८ | **१५.५६** |
| २३ | राष्ट्रिय योजना आयोग | १७०८ | ६९८ | **४०.८७** |

*स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

### २.२.२ स्रोतगत खर्च विश्लेषण

चालु आर्थिक वर्षको अर्ध वार्षिक अवधिमा नेपाल सरकारको स्रोततर्फ रू.६ खर्ब ५९ अर्ब २५ करोड ५९ लाख खर्च भएको छ। यो गत आर्थिक वर्षको सोही अवधिको खर्चको तुलनामा ४.८७

प्रतिशतले बढी हो। वैदेशिक अनुदानतर्फ रू.७ अर्ब २२ करोड ७५ लाख खर्च भई गत आर्थिक वर्षको तुलनामा १८.८० प्रतिशतले बढी खर्च भएको छ। वैदेशिक ऋणतर्फ रू.२३ अर्ब ७३ करोड ४४ लाख खर्च भएको छ। यो गत वर्षको सोही अवधिको तुलनामा २७.७५ प्रतिशतले कम हो। स्रोतगत रुपमा भएको खर्चलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.४ स्रोतगत विनियोजन र खर्चको स्थिति** **(रू.लाखमा)**

| स्रोत | आर्थिक वर्ष २०८१/८२ | | | आर्थिक वर्ष २०८२/८३ | | | तुलनात्मक वृद्धि | |
|---|---|---|---|---|---|---|---|---|
| | विनियोजन | पुस महिनासम्मको खर्च | प्रतिशत | विनियोजन | पुस महिनासम्मको खर्च | प्रतिशत | विनियोजन | खर्च |
| नेपाल सरकार | १५९०३०३० | ६२८६२७१ | ३९.५३ | १६७७०००० | ६५९२५५९ | ३९.३१ | ५.४५ | ४.८७ |
| अनुदान | ५२३२६५ | ६०८३७ | ११.६३ | ५३४४६९ | ७२२७५ | १३.५२ | २.१४ | १८.८० |
| ऋण | २१७६७३५ | ३२८४९० | १५.०९ | २३३६६३१ | २३७३४४ | १०.१६ | ७.३५ | (२७.७५) |
| **जम्मा** | **१८६०३०३०** | **६६७५५९८** | **३५.८८** | **१९६४११००** | **६९०२१७८** | **३५.१४** | **५.५८** | **३.३९** |

*स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

## २.२.३ विकास साझेदार अनुसार खर्चको स्थिति

चालु आर्थिक वर्षको बजेटमा वैदेशिक स्रोत समावेश भएको आयोजना तथा कार्क्रमहरूमा अर्धवार्षिक अवधिमा भएको खर्चको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.५ वैदेशिक स्रोतबाट भएको विनियोजन र खर्चको स्थिति** **(रू.लाखमा)**

| क्र.सं. | विकास साझेदार | बजेट विनियोजन | पुस महिनासम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | ए डि बी | ११७०३८० | ८९०७२ | ७.६१ |
| २ | आई डी ए ( वर्ल्ड बैक) | ७५८०५३ | १०६७२५ | १४.०८ |
| ३ | एस.इ.एस.पी. | १५०६५१ | ५७८२५ | ३८.३८ |
| ४ | आई एम एफ | ११२००० | २२०८ | १.९७ |
| ५ | भारत | १०८६४० | ९४४१ | ८.६९ |
| ६ | युरोपियन युनियन | ८३७९७ | २७३५ | ३.२६ |
| ७ | चीन | ६७५४१ | ३७० | ०.५५ |
| ८ | जापान | ६०९६५ | ३८४६ | ६.३१ |
| ९ | यू एस ए | ५६८८७ | १२५६० | २२.०८ |
| १० | ए.आइ.आइ.वि. | ४८१५९ | ० | - |

*स्रोतःअर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

वैदेशिक स्रोतमध्ये एडिबिको सबैभन्दा बढी विनियोजन रू.१ खर्ब १७ अर्ब ३ करोड ८० लाख रहेकोमा यस अवधिमा रू.८ अर्ब ९० करोड ७२ लाख अर्थात् ७.६१ प्रतिशत खर्च भएको छ। त्यसैगरी खर्चको आधारमा विश्लेषण गर्दा आई डी ए ( वर्ल्ड बैक) बाट विनियोजन भएको रू.७५ अर्ब

८० करोड ५३ लाखमध्ये रू.१० अर्ब ६७ करोड २५ लाख अर्थात् १४.०८ प्रतिशत खर्च भएको छ।

### २.२.४ कार्यगत खर्च स्थिति

चालु आर्थिक वर्षको अर्ध वार्षिक अवधिमा भएको क्षेत्रगत विनियोजन र खर्च देहाय अनुसार रहेको छ।

**तालिका २.६ कार्यगत खर्चको स्थिति** **(रू.लाखमा)**

| क्र.सं. | वर्गीकरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | सामान्य सार्वजनिक सेवा | ९६८६४६५ | ४०३६९९८ | ४१.६८ |
| २ | रक्षा | ६०५०६८ | २८३३६७ | ४६.८३ |
| ३ | सार्वजनिक शान्ति सुरक्षा | ८४८८९८ | ३६५००८ | ४३.०० |
| ४ | आर्थिक मामिला | ३९१७८२१ | ६९४०५३ | १७.७२ |
| ५ | वातावरण संरक्षण | १२९०२३ | ६६६१ | ५.१६ |
| ६ | आवास तथा सामुदायिक सुविधा | ८८९२६६ | ७०५७७ | ७.९४ |
| ७ | स्वास्थ्य | ७०१६५९ | २५२२८३ | ३५.९६ |
| ८ | मनोरञ्जन संस्कृति तथा धर्म | ८८७११ | १५८७३ | १७.८९ |
| ९ | शिक्षा | ६०६१२२ | २८१००२ | ४६.३६ |
| १० | सामाजिक सुरक्षा | २१६८०६७ | ८९६३५५ | ४१.३४ |
| | जम्मा | **१९६४११००** | **६९०२१७८** | **३५.१४** |

*स्रोत:अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

यस अवधिमा सबैभन्दा बढी रक्षामा रू.२८ अर्ब ३३ करोड ६७ लाख अर्थात् विनियोजनको ४६.८३ प्रतिशत खर्च भएको छ भने वातावरण संरक्षणतर्फ सबैभन्दा कम रू.६६ करोड ६१ लाख (विनियोजनको ५.१६ प्रतिशत) खर्च भएको छ।

### २.२.५ बहुवर्षीय ठेक्का र स्रोत सहमति

आर्थिक, सामाजिक, साँस्कृतिक, पूर्वाधार र वातावरण संरक्षण लगायतका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रममा स्रोत अभाव हुन नदिई कार्यान्वयनमा प्रभावकारिता ल्याउने उद्देश्यले बहुवर्षीय खरीद प्रक्रिया अगाडि बढाउन स्रोत सहमति दिने व्यवस्था गरिएको छ। यस आर्थिक वर्षमा विनियोजन ऐन, २०८२ र बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२ ले तोके बमोजिमका आधार पूरा भएमा आवश्यकता र औचित्य पुष्ट्याई तथा स्रोतको उपलब्धता समेतलाई विश्लेषण गरी स्रोत सहमति उपलब्ध गराउने कानुनी व्यवस्था छ। समिक्षा अवधिमा तालिकामा उल्लेखित मन्त्रालय अन्तर्गत आयोजनाको लागि रू.२२ अर्ब १९ करोड ८० लाख स्रोत सहमति प्रदान गरिएको छ। स्रोत सहमतिको मन्त्रालयगत आयोजनाको विवरण तालिका २.७ मा प्रस्तुत गरिएको छ।

तालिका २.७ स्रोत सहमतिको विवरण (रू.लाखमा)

| क.सं. | मन्त्रालय/निकाय | सहमति दिइएको रकम |
|---|---|---|
| १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (रासायनिक मल खरीद) | २०२७८० |
| २ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय (नागढुङ्गा सुरुङ्गमार्ग निर्माण आयोजना) | १९२०० |
| | **जम्मा** | **२२१९८०** |

*स्रोत:अर्थ मन्त्रालय*

### २.२.६ सिर्जित दायित्वको अवस्था

प्रत्येक निकायले अर्थ मन्त्रालयबाट स्रोतको सहमति नलिई बहुवर्षीय दायित्व सिर्जना गर्नु हुँदैन। बहुवर्षीय खरीद प्रक्रियाबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व सिर्जना हुने भएमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम अर्थ मन्त्रालयको पूर्व सहमति लिनु पर्ने कानूनी व्यवस्था छ। प्रत्येक निकायले बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा कानून बमोजिम सिर्जित दायित्व वापत आवश्यक पर्ने रकम व्यवस्थापन गरे पश्चात अन्य कार्यक्रमको लागि बजेट विनियोजन गर्नु पर्दछ। तर कतिपय निकायबाट अर्थ मन्त्रालयको पूर्व सहमति बिना पनि बहुवर्षीय दायित्व सिर्जना हुने गरी खरीद प्रक्रिया बढाउने तर बजेट प्रस्ताव गर्दा यसरी सिर्जित दायित्वमा पर्याप्त विनियोजन नगरी नयाँ कार्यक्रम प्रस्ताव गर्ने विषयले अर्थ मन्त्रालयलाई स्रोत व्यवस्थापन गर्न समस्या हुनुको साथै बजेटरी अनुशासन कायम गर्ने कार्य चुनौतिपूर्ण बन्दै गएको छ। अत नयाँ बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा सिर्जित दायित्वको यकिन विवरण तयार गरी सो अनुसार पर्याप्त बजेट विनियोजन गरेर मात्र नयाँ कार्यक्रममा बजेट प्रस्ताव गर्ने व्यवस्थाको सुनिश्चित गराउनु पर्ने देखिन्छ।

### २.२.७ खर्च व्यवस्थापनका लागि गरिएका महत्वपूर्ण कार्य

चालु आर्थिक वर्षको बजेटले तोकिएको लक्ष्य तथा उद्देश्य पूरा गर्न खर्च व्यवस्थापनमा प्रभावकारिता ल्याउन आर्थिक वर्षको प्रथम ६(छ) महिनामा देहाय बमोजिम सुधार गरिएको छ।

- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/६/५ को निर्णयको आधारमा अनुत्पादक खर्च, साना र तयारी नभएका आयोजनामा भएको रू.१ खर्ब १९ अर्ब ५३ करोड ६५ लाख विनियोजन स्थगन गरिएको छ। साथै स्थगनमा परेका कार्यक्रम/आयोजनामध्ये खरीद प्रक्रिया शुरु भई सकेका र विषयगत मन्त्रालयबाट औचित्य पुष्ट्याईसहित फुकुवाका लागि अनुरोध भएको आधारमा रू.४२ अर्ब २८ करोड ३४ लाख फुकुवा गरिएको छ।
- बजेटमा समावेश भएका कार्यक्रम तथा आयोजनाको खरीद प्रक्रियाको तयारी कार्य बजेट पेश भएको दिन देखिनै शुरू गर्न र बजेट स्वीकृत पश्चात सोही आर्थिक वर्षमा समेत सम्झौता गर्न सकिने गरी नीतिगत व्यवस्था गरिएको छ।
- राष्ट्रिय गौरव र उच्च प्राथमिकताका आयोजनामा विनियोजित रकम विशेष अवस्थामा वाहेक अन्य आयोजना तथा कार्यक्रममा रकमान्तर गर्न नपाइने कानुनी व्यवस्था गरिएको छ।

- स्थगन भएको बजेटलाई दायित्व भुक्तानी र रणनीतिक महत्वका आयोजनामा रकमान्तर गर्न सहजीकरण गरिएको छ।
- भदौ २३ र २४ को आन्दोलन पश्चात सार्वजनिक संरचनाको मर्मत, पुनर्स्थापना र पुनर्निर्माण गर्न आवश्यक स्रोत व्यवस्थापन गरी सार्वजनिक खर्चमा दक्षता बढाउन नेपाल सरकारबाट विनियोजन ऐन, २०८२ को दफा ११ बमोजिम कार्यकारी आदेश जारी भएको छ।
- भदौ २३ र २४ को आन्दोलनका क्रममा भएको तोडफोड आगजनीबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण, आर्थिक पुनरूत्थान, राहत लगायतका कार्य गर्न भौतिक पूर्वाधार पुनर्निर्माण कोष स्थापना गरिएको छ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ लाई संशोधन गरी समसामयिक बनाइएको छ।
- बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२ कार्यान्वयनमा ल्याईएको छ।
- आयोजनाको प्राथमिकीकरण, पुँजीगत र चालु खर्च व्यवस्थापन गर्न नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२/०६/०५ मा भएको निर्णयानुसार कार्यान्वयन गर्न सबै निकाय र तहमा पत्राचार गरिएको छ।
- स्रोत सहमति प्राप्त भएका बहुवर्षीय आयोजना र सिर्जित दायित्व भुक्तानीको लागि आवश्यक पर्ने रकम विनियोजन गरिएको छ।
- बजेट प्रणालीमा अनुशासन कायम राखी खर्च व्यवस्थापनमा प्रभावकारिता ल्याई बजेटले लिएको लक्ष्य र उद्देश्य प्राप्तिका लागि उपलब्ध स्रोतको अधिकतम उपयोग गर्न बजेट कार्यान्वयनको मार्गदर्शन जारी गरिएको छ।
- बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन बजेट मार्गदर्शनमा तोकिएको समयावधिभित्र आयोजना कार्यालयको अस्थायी दरबन्दी स्वीकृतिका लागि सहमति उपलव्ध गराइएको छ।
- बिभिन्न मन्त्रालयबाट अनुरोध भई आएका ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड उपर समयमै राय/सहमति उपलब्ध गराइएको छ।
- विनियोजन ऐनबाट लेखा उत्तरदायी अधिकृतलाई प्रदान गरिएको कानुनी अधिकारलाई मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी प्रणालीबाटै कार्य सम्पादन गर्ने व्यवस्था मिलाइएको छ।
- मन्त्रालयगत बजेट सूचना प्रणालीमा आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितता सम्बन्धी डिजिटल प्रणाली विकास गरी विषयगत मन्त्रालयको विगतको स्रोत सुनिश्चितताको विवरण अद्यावधिक गर्ने कार्य प्रारम्भ गरिएको छ।

## २.३ राजस्व परिचालन

### २.३.१ राजस्व प्राप्तिको अनुमान

चालु आर्थिक वर्ष २०८२/८३ मा कुल बजेट १९ खर्ब ६४ अर्ब ११ करोडमध्ये रू.१४ खर्ब ८० अर्ब राजस्व स्रोत परिचालन हुने अनुमान रहेको छ। उक्त कुल अनुमानित राजस्वमध्ये सङ्घीय सरकारको बजेट प्रयोजनका लागि रू.१३ खर्ब १५ अर्ब प्रयोग हुने र बाँकी रू.१ खर्ब ६५ अर्ब राजस्व बाँडफाँटको माध्यमबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुमान छ। यस अनुसार सङ्घीय सरकारको कुल बजेटमा राजस्वको योगदान करिब ६७.४९ प्रतिशत रहने अनुमान छ। राजस्व प्राप्तिको अनुमान तथा सोको बाँडफाँटसम्बन्धी तालिका नं.२.८ मा प्रस्तुत गरिएको छ।

**तालिका २.८ राजस्व प्राप्ति अनुमान तथा बाँडफाँट** **(रू.लाखमा)**

| विवरण | रकम |
|---|---|
| कुल वार्षिक बजेट अनुमान | १९६४११०० |
| कुल वार्षिक राजस्व अनुमान | १४८००००० |
| कर राजस्व अनुमान | १३२५५८३९ |
| अन्य राजस्व (गैरकर) अनुमान | १५४४१६१ |
| कुल बजेटमा राजस्वको योगदान (प्रतिशत) | ६७.४९ |
| राजस्व बाँडफाँट (प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने) | १६५००००० |
| सङ्घीय सञ्चित कोषमा जम्मा हुने राजस्व | १३१५०००० |

*स्रोतः आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य*

### २.३.२ राजस्व प्राप्तिको अनुमानित संरचना

आर्थिक वर्ष २०८२/८३ को राजस्व प्राप्तिको अनुमानमा कर राजस्वको अंश १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख अर्थात् ८९.५७ प्रतिशत र अन्य राजस्व (गैरकर) को अंश १ खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख अर्थात् १०.४३ प्रतिशत रहेको छ। यसमा प्रत्यक्ष कर रू.४ खर्ब ०७ अर्ब २ करोड ९२ लाख र अप्रत्यक्ष कर रू.९ खर्ब १८ अर्ब ५५ करोड ४५ लाख रहेको छ। यस हिसावले हेर्दा जम्मा कर राजस्वमा प्रत्यक्ष र अप्रत्यक्ष करको हिस्सा क्रमशः ३०.७० प्रतिशत र ६९.३० प्रतिशत रहेको छ। शीर्षकगत रुपमा अप्रत्यक्ष कर अन्तर्गत मूल्य अभिवृद्धि करको अंश सबैभन्दा बढी अर्थात् २९.७७ प्रतिशत रहेको छ भने प्रत्यक्ष करको रूपमा रहेको आयकरको अंश ३०.७० प्रतिशत रहेको छ।

**तालिका २.९ राजस्व प्राप्तिको शीर्षकगत अनुमान** **(रू.लाखमा)**

| क्र.सं. | कर शीर्षक | आ.व.२०८२/८३ वार्षिक लक्ष्य |
|---|---|---|
| १ | भन्सार महसुल | ३०५५७०५ |
| २ | मूल्य अभिवृद्धि कर | ३९४५९५२ |
| ३ | अन्तःशुल्क | २१३१५७७ |
| ४ | शिक्षा सेवा शुल्क र अन्य | ५२३१३ |
| ५ | आयकर | ४०७०२९२ |
| | **कर राजस्व जम्मा** | **१३२५५८३९** |

| | | |
|---|---|---|
| ६ | अन्य राजस्व (गैरकर) जम्मा | १५४४१६१ |
| | **कुल राजस्व** | **१४८०००००** |

*स्रोतः आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य*

उल्लिखित अनुमानित राजस्व प्राप्तिको निकायगत संरचनामा आन्तरिक राजस्व विभागको अंश सबैभन्दा बढी ४९.८२ प्रतिशत रहेको छ भने भन्सार विभागको अंश ३९.७५ प्रतिशत रहेको छ। त्यस्तै, अन्य राजस्व (गैरकर) परिचालन गर्ने निकायहरूको अंश १०.४३ प्रतिशत रहेको छ।

### २.३.३ समीक्षा अवधिको राजस्व सङ्कलन अवस्था

चालु आर्थिक वर्षको पुस महिनासम्मको अवधिमा रू.७ खर्ब ११ अर्ब २० करोड ७८ लाख राजस्व प्राप्तिको अनुमान रहेकोमा यस अवधिमा विविध प्राप्ति समेत गरी जम्मा रू.५ खर्ब ८१ अर्ब ४० करोड ७२ लाख संकलन भएको छ। यो रकम राजस्व प्राप्तिको अर्धबार्षिक लक्ष्यको तुलनामा ८१.७५ प्रतिशत र गत आर्थिक वर्षको सोही अवधिसम्मको राजस्व सङ्कलन रू.५ खर्ब ६७ अर्ब ३९ करोड ७३ लाखको तुलनामा करिव २.४७ प्रतिशतले अधिक रहेको छ। यसको विस्तृत विवरण तालिका नं.२.१० मा देखाइएको छ।

**तालिका २.१० राजस्व प्राप्तिको अनुमान तथा सङ्कलनको तुलनात्मक विवरण (रू.लाखमा)**

| कर शीर्षक | आर्थिक वर्ष २०८१/८२ पुस सम्मको सङ्कलन | आर्थिक वर्ष २०८२/८३ पुस सम्मको प्राप्तिको अनुमान | आर्थिक वर्ष २०८२/८३ पुससम्मको सङ्कलन | चालु आर्थिक वर्षको पुस महिनासम्मको प्राप्ति अनुमानको तुलनामा सङ्कलन (%) | गत आर्थिक वर्षको यसै अवधिसम्मको तुलनामा वृद्धिदर (%) |
|---|---|---|---|---|---|
| भन्सार महशुल | १०७३७४१ | १४६८३७९ | ११६०५२५ | ७९.०३ | ८.०८ |
| मूल्य अभिवृद्धि कर | १५४८४८६ | १८६१०४४ | १६७७१२७ | ९०.१२ | ८.३१ |
| अन्तःशुल्क | ८३३८८५ | १०१३५३९ | ९१२७५९ | ९०.०६ | ९.४६ |
| शिक्षा सेवा शुल्क | १८४९७ | २३४७८ | २९१४४ | १२४.१३ | ५७.५६ |
| आयकर | १४१९३८३ | १९४३००८ | १३८१५९४ | ७१.११ | -२.६६ |
| कर राजस्व जम्मा | ४८९३९९२ | ६३०९४५० | ५१६११५० | ८१.८० | ५.४६ |
| अन्य राजस्व (गैरकर)जम्मा | ७०२०८२ | ८०२६२८ | ६१२८४७ | ७६.३६ | -१२.७१ |
| कूल राजस्व | ५५९६०७४ | ७११२०७८ | ५७७३९९८ | ८१.१९ | ३.१८ |
| विविध प्राप्ति | ७७८९९ | ० | ४००७३ | | -४८.५६ |
| जम्मा राजस्व/प्राप्ति | ५६७३९७३ | ७११२०७८ | ५८१४०७२ | ८१.७५ | २.४७ |

*स्रोतः राजस्व व्यवस्थापन सूचना प्रणाली/महालेखा नियन्त्रक कार्यालय/अर्थ मन्त्रालय*

**चित्र नं. २.२ आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको राजस्व सङ्कलनको शीर्षकगत संरचना**




## २.३.४ राजस्व प्राप्तिको अनुमानका तुलनामा राजस्व सङ्कलन न्यून हुनाका प्रमुख कारण

समीक्षा अवधिमा कर राजस्वतर्फ गत वर्षको तुलनामा ५.४६ प्रतिशतले वृद्धि भएको छ भने गैरकर राजस्वतर्फ गत वर्षको सोही अवधिको तुलनामा १२.७१ प्रतिशतले ऋणात्मक रहेको छ। यसरी अपेक्षित रूपमा कर राजस्व सङ्कलन नहुनुका प्रमुख कारणलाई शिर्षकगत रुपमा देहाय बमोजिम उल्लेख गरिएको छ।

**अ. भन्सारतर्फः**

भन्सार विभागबाट सङ्कलन हुने राजस्व आर्थिक वर्ष २०८१/८२ को तुलनामा समीक्षा अवधिमा ८.४८ प्रतिशतले वृद्धि भएको छ। कूल वैदेशिक व्यापार १७.३६ प्रतिशतले र आर्थिक वर्ष २०८१/८२ को तुलनामा समिक्षा अवधिमा प्रमुख १० वस्तुको आयात २७.१० प्रतिशतले वृद्धि भएता तापनि ती वस्तुहरूबाट सङ्कलित राजस्वमा भने ४.७६ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ। जस्तै भटमासको कच्चा तेल, डीएपी मल, चाँदी, सुन, युरिया, मोबाइल टेलिफोन, मोटरसाइकल अन एसेम्बल, डिजेल, कच्चा पाम तेल, अलकत्रा विटुमिनजस्ता प्रमुख १० वस्तुहरूबाट न्यून राजस्व सङ्कलन हुनु; गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा रू.३३ अर्ब ८३ करोड बढी मूल्यको सुन्य भन्सार महसुल दर भएका मालवस्तु पैठारी भएको हुँदा सो सुविधाबाट राजस्व रकम कम प्राप्त भएको छ। आर्थिक ऐन तथा भन्सार महसुल ऐनबाट दिइएको राजस्व छुटको दायरा वर्षेनी बढ्दै गएका कारण राजस्व सङ्कलनमा प्रतिकुल प्रभाव पर्नु; खुला सीमा व्यवस्थापन र आन्तरिक बजार अनुगमन अपेक्षाकृत प्रभावकारी हुन नसक्दा चोरी पैठारी नियन्त्रण प्रभावकारी हुन नसक्नुजस्ता कारणले भन्सारतर्फको राजस्व सङ्कलनमा केही प्रभाव परेको देखिन्छ।

**आ. आन्तरिक राजस्वतर्फः**

राजस्वमा ठूलो योगदान गर्ने क्षेत्र बैङ्क तथा वित्तीय संस्थाहरूको औषत आधार व्याजदर घटेको कारण वित्तीय क्षेत्रबाट प्राप्त हुने व्याजकर तथा आयकरमा नकारात्मक असर पर्नु; घर जग्गा तथा शेयर कारोवारमा पुस महिना सम्म सुधार हुन नसकेको कारण पुँजीगत लाभकरमा नकारात्मक असर पर्नु, उद्योग, व्यापार, तथा लगानी लगायतका आर्थिक कारोबारमा अपेक्षाकृत वृद्धि हुन नसक्नु; भदौ २३ र २४ मा भएको नव युवा आन्दोलनका कारण पर्यटन क्षेत्रको मू.अ.कर को वृद्धिदर ऋणात्मक हुनु; दूर सञ्चार क्षेत्रको भ्वाइस, डाटा र अन्तर्राष्ट्रिय कलबाट

हुने आम्दानी सङ्कुचित हुँदै जाँदा सो क्षेत्रबाट प्राप्त हुने राजस्व कम हुँदै जानु; कार्यालयको कर निर्धारणका विरुद्धमा करदाता सोझै रिटको माध्यमबाट अदालतमा पुनरावेदन जाने प्रवृत्ति बढ्न गई निर्धारित कर रकम समयमा दाखिला हुन नसक्नु; संघ र स्थानीय तहको बिचमा घर बहाल कर लगायत कतिपय कर सङ्कलनको विषयमा नीतिगत स्पष्टता हुन नसक्नु; सरकारी संस्थान तथा पब्लिक लिमिटेड कम्पनीको आम्दानीमा गिरावट आउनु; अवकाश भुक्तानीमा हुने अग्रिम कर कट्टी वापतको राजस्वमा कमी आउनु; बक्यौता तथा बेरूजु फछ्र्यौट र सो असूलउपर गर्ने कार्यले गति लिन नसक्नु जस्ता कारणले समीक्षा अवधिमा अनुमानको तुलनामा आयकरतर्फको सङ्कलन न्यून हुन गएको देखिन्छ।

सरकारको पुँजीगत खर्चमा आशातित सुधार हुन नसकेको तथा निर्माण क्षेत्रको कार्यले गति लिन नसकेको कारण राजस्वमा यस क्षेत्रको योगदानमा सुधार हुन नसक्नु, अर्थतन्त्रमा निर्माण क्षेत्रको योगदान न्यून रहेको कारण सिमेण्ट, डण्डी लगायतका निर्माण सामग्रीहरूको बिक्री कारोबारमा कमि आउनु; अन्तःशुल्कजन्य वस्तुहरूको उत्पादन योगदान कमजोर रहनु; नक्कली बीजकको प्रयोग तथा सीमा क्षेत्रको चोरी पैठारी नियन्त्रण पूर्ण प्रभावकारी हुन नसक्नु जस्ता कारणले समेत मूल्य अभिवृद्धि करतर्फको राजस्व अनुमानको तुलनामा कम सङ्कलन भएको देखिन्छ।

सुर्तिजन्य वस्तुको उत्पादन गर्ने प्रतिष्ठानहरू तथा अन्य औद्योगिक उत्पादनको अन्तःशुल्क योगदानमा अपेक्षित वृद्धि नहुनु; चोरी पैठारी नियन्त्रण प्रभावकारी हुन नसक्नुको कारण अन्तःशुल्कतर्फको सङ्कलन समेत अनुमानका तुलनामा केही न्यून हुन गएको देखिन्छ।

**इ. अन्य राजस्व (गैरकर) तर्फः**

गैरकर राजस्वतर्फ समीक्षा अवधिसम्ममा ६१.२८ अर्ब संकलन भएको छ जुन अनुमानभन्दा १८.९७ अर्बले कम हो भने गत आर्थिक वर्षको यसै अवधिको तुलनामा १२.७१ प्रतिशतले ऋणात्मक हो। समीक्षा अवधिसम्ममा अनुमानभन्दा कम गैरकर राजस्व परिचालन हुनुमा मुख्यतः सेवामूलक निकायबाट प्राप्त हुने सेवा शुल्क/लाभांश रकम प्राप्त हुन नसक्नु; गतवर्ष नेपाल दूरसञ्चार प्राधिकरणमार्फत् रू.१३ अर्ब ९८ करोड प्राप्त भएकोमा यस वर्ष शून्य रहनु; अर्थतन्त्रमा व्याजदर घटेका कारण विभिन्न निकायबाट प्राप्त हुने व्याज रकममा उल्लेख्य कमि देखिनु लगायत छन्।

### २.३.५ राजस्व सङ्कलनको संरचनात्मक अवस्था

समीक्षा अवधिमा भएको राजस्व सङ्कलन संरचनालाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

**अ. कुल राजस्व सङ्कलन संरचनाः**

चालु आर्थिक वर्षको राजस्व प्राप्तिको अनुमानमा कर राजस्वको अंश ८९.५७ प्रतिशत र अन्य राजस्वको अंश १०.४३ प्रतिशत रहने अनुमान गरिएकोमा समीक्षा अवधिसम्ममा सङ्कलित राजस्वमा कर राजस्वको अंश रू.५ खर्ब १६ अर्ब ११ करोड ५० लाख अर्थात् ८८.७७ प्रतिशत, अन्य राजस्व (गैरकर) को अंश रू.६१ अर्ब २८ करोड ४८ लाख अर्थात् १०.५४ प्रतिशत र विविध प्राप्तिको अंश रू.४ अर्ब ७४ लाख अर्थात् ०.६९ प्रतिशत रहेको छ। यसलाई चित्र नं. २.३ मा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**चित्र नं. २.३ आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको राजस्व सङ्कलन संरचना**




**आ. कर राजस्व सङ्कलन संरचनाः**

समीक्षा अवधिसम्ममा संकलन भएको कर राजस्व रकम रू.५ खर्ब १६ अर्ब ११ करोड ५० लाखमध्ये मूल्य अभिवृद्धि करको अंश सबैभन्दा बढी अर्थात् ३२.५० प्रतिशत रहेको छ भने दोस्रो र तेस्रो स्थानमा क्रमशः आयकर २६.७७ प्रतिशत र भन्सार महसुल २२.४९ प्रतिशत रहेको छ। यसैगरी, अन्तःशुल्कको अंश १७.६९ प्रतिशत र शिक्षा सेवा शुल्क र अन्य करको अंश ०.५६ प्रतिशत रहेको छ। यसलाई चित्र नं. २.४ मा प्रस्तुत गरिएको छ।

**चित्र नं. २.४ आर्थिक वर्ष २०८२/८३ को पुस महिनासम्मको कर राजस्व सङ्कलनको संरचना**




**इ. अन्य राजस्व (गैरकर) सङ्कलन संरचनाः**

आ.व. २०८२/८३ पुससम्म अन्य राजस्व (गैरकर) तर्फ ४८ वटा शीर्षकहरूमा कुल रू.५९ अर्ब ४० लाख राजस्व सङ्कलन भएको छ। उक्त सङ्कलनमा रोयल्टी समेत समावेश गर्दा यस आ.व.को पुससम्म जम्मा ६१ अर्ब २८ करोड ४८ लाख गैरकर राजस्व सङ्कलन भएको देखिन्छ। अघिल्लो वर्षको यसै अवधिमा रोयल्टी समेत रू.७० अर्ब २० करोड ८२ लाख गैरकर राजस्व सङ्कलन भएकोमा यस वर्ष १२.७ प्रतिशतले कमी आएको देखिन्छ। खासगरी नेपाल दूरसञ्चार प्राधिकरणमार्फत् प्राप्त हुने रकम घटेकोले समग्र गैरकरमा प्रभाव देखिएको हो। चालु आ.व. को पुससम्मको गैरकर राजस्व सङ्कलनको अवस्था तालिका २.११ र चित्र २.५ मा देहायबमोजिम प्रस्तुत गरिएको छः

**तालिका २.११ आर्थिक वर्ष २०८२/८३ पुससम्मको गैरकर राजस्व सङ्कलनको अवस्था**

(रू.लाखमा)

| शीर्षक | आ.व.२०८१/८२ पुससम्मको असुली | आ.व.२०८२/८३ पुससम्मको असुली | वृद्धिदर |
|---|---|---|---|
| सम्पत्तिबाट प्राप्त आय (रोयल्टीसहित) | ४७७७४७ | ३६१५०२ | -२४.३% |
| वस्तु तथा सेवा विक्रीबाट प्राप्त रकम | १८६९३२ | २०९२९२ | १२.०% |
| दण्ड, जरिवाना र जफत | १४३८१ | १४३७८ | ०.०% |
| विविध राजस्व | २३०२२ | २७६७६ | २०.२% |
| **जम्मा** | ७०२०८२ | ६१२८४८ | -१२.७% |

**चित्र २.५ आर्थिक वर्ष २०८२/८३ पुससम्मको गैरकर राजस्व सङ्कलनको अवस्था**




गैरकरतर्फ यसवर्ष सबैभन्दा धेरै राजस्व सङ्कलन भएका ५ शीर्षकहरू क्रमशः वित्तीय निकायबाट प्राप्त लाभांश रू.२६ अर्ब २६ करोड ४४ लाख, राहदानी शुल्क रू.५ अर्ब १८ करोड ७६ लाख, अन्य प्रशासनिक सेवा शुल्क रू.४ अर्ब ८० करोड ७२ लाख, दूरसञ्चार सेवा शुल्क रू.३ अर्ब ७४ करोड ३२ लाख र अन्य स्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी रू.३ अर्ब २३ करोड १६ लाख रहेका छन्। आ.व. २०८२/८३ को पुससम्म अन्य राजस्व (गैरकर) मध्ये सबैभन्दा बढी राजस्व सङ्कलन भएका शीर्ष १० शीर्षकहरूलाई तालिका २.१२ मा देहायबमोजिम प्रस्तुत गरिएको छ।

### तालिका २.१२ अन्य राजस्व (गैरकर) तर्फ सबैभन्दा बढी राजस्व सङ्कलन शीर्ष १० शीर्षकहरू

(रू.लाखमा)

| क्र.स. | शीर्षक | आर्थिक वर्ष | |
|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ |
| १. | वित्तीय निकायबाट प्राप्त लाभांश | २१७९७४ | २६२६४४ |
| २. | राहदानी शुल्क | ४२७६७ | ५१८७६ |
| ३. | अन्य प्रशासनिक सेवा शुल्क | ५१२५७ | ४८०७२ |
| ४. | दूरसंचार सेवा शुल्क | ३३५०३ | ३७४३२ |
| ५. | अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | ५०४८१ | ३२३१६ |
| ६. | भिसा शुल्क | २२१३९ | २३६८६ |
| ७. | सेवामुलक निकायबाट प्राप्त लाभांश | १६४७९१ | २०००० |
| ८. | प्रदुषण नियन्त्रण शुल्क | १४६६४ | १५६८६ |
| ९. | प्रशासनिक दण्ड,जरिवाना र जफत | ११४५८ | ११९९२ |
| १०. | अन्य राजस्व | ८३५१ | ११७५८ |

### ई. निकायगत सङ्कलन संरचना

निकायगत रूपमा हेर्दा सङ्कलित राजस्वमध्ये आन्तरिक राजस्व विभागतर्फको अंश सबैभन्दा बढी ४७.७१ प्रतिशत, भन्सार विभागतर्फको अंश ४१.०६ प्रतिशत, अन्य राजस्वतर्फको अंश १०.५४ प्रतिशत र विविध प्राप्तिको अंश ०.६९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको यसै अवधिमा आन्तरिक राजस्व विभागतर्फको अंश ४७.४७ प्रतिशत, भन्सार विभागतर्फको अंश ३८.७८ प्रतिशत, अन्य राजस्वतर्फको अंश १२.३७ प्रतिशत र विविध प्राप्तिको अंश १.३७ प्रतिशत रहेको थियो। निकायगत सङ्कलन संरचनालाई तालिका २.१३ र चित्र २.६ मा प्रस्तुत गरिएको छ।

### तालिका २.१३ राजस्व प्राप्तिको अनुमान तथा सङ्कलनको निकायगत तुलनात्मक विवरण (रू.लाखमा)

| निकाय | आर्थिक वर्ष २०८१/८२ पुस सम्मको सङ्कलन | आर्थिक वर्ष २०८२/८३ पुस सम्मको प्राप्तिको अनुमान | आर्थिक वर्ष २०८२/८३ पुससम्मको सङ्कलन | चालु आर्थिक वर्षको पुस महिनासम्मको प्राप्ति अनुमानको तुलनामा सङ्कलन % | गत आर्थिक वर्षको यसै अवधिसम्मको तुलनामा वृद्धिदर |
|---|---|---|---|---|---|
| भन्सार विभाग | २२००३७० | २८६३९०६ | २३८६९७६ | ८३.३५ | ८.४८ |
| आन्तरिक राजस्व विभाग | २६९३६२२ | ३४४५५४३ | २७७४१७४ | ८०.५१ | २.९९ |
| अन्य राजस्व (गैर कर) | ७०२०८२ | ८०२६२८ | ६१२८४८ | ७६.३६ | -१२.७१ |
| विविध प्राप्ति | ७७८९९ | ० | ४००७४ | | -४८.५६ |
| **जम्मा** | **५६७३९७३** | **७११२०७७** | **५८१४०७२** | ८१.७५ | २.४७ |

*स्रोतः राजस्व व्यवस्थापन सूचना प्रणाली/महालेखा नियन्त्रक कार्यालय/अर्थ मन्त्रालय*

**चित्र २.६ आर्थिक वर्ष २०८२/८३ को पुस महिनासम्मको राजस्व सङ्कलनको निकायगत संरचना**




## २.३.६ कर राजस्व सङ्कलनको शीर्षकगत तुलनात्मक विवरण

समीक्षा अवधिमा भएको कर राजस्व सङ्कलनलाई गत आर्थिक वर्षको यसै अवधिको कर राजस्व सङ्कलनसँग तुलना गर्दा गत वर्षको तुलनामा चालु आर्थिक वर्षमा राजस्व सङ्कलनको स्थिति सुधारोन्मुख अर्थात ५.४६ प्रतिशतको वृद्धि देखिएको छ। शीर्षकगत रुपमा कर राजस्व सङ्कलनको स्थितिलाई देहाय अनुसार विश्लेषण गरिएको छ।

**आयकर**

आर्थिक वर्ष २०८२/८३ को समीक्षा अवधिमा आयकरतर्फ रू.१ खर्ब ३८ अर्ब १५ करोड ९४ लाख सङ्कलन भएको छ। यो गत आर्थिक वर्षको यसै अवधिको सङ्कलन रू.१ खर्ब ४१ अर्ब ९३ करोड ८३ लाखको तुलनामा २.६६ प्रतिशतले कमी हो।

आयकर अन्तर्गत संस्थागत आयकरतर्फ रू.६६ अर्ब ७० करोड २१ लाख, व्यक्तिगत आयकरतर्फ रू.४९ अर्ब ४९ करोड ७२ लाख र लगानीको आयकरतर्फ रू.२१ अर्ब ९६ करोड ०१ लाख सङ्कलन भएको छ। गत आर्थिक वर्षको यसै अवधिको सङ्कलनको तुलनामा संस्थागत आयकरतर्फको वृद्धि ९.२० प्रतिशतले रहेको छ भने व्यक्तिगत आयकरतर्फ ७.४३ प्रतिशत र लगानीको आयकरतर्फ १९.८१ प्रतिशतले ऋणात्मक रहेको छ।

संस्थागत आयकरतर्फ सरकारी कम्पनी र पब्लिक लिमिटेड कम्पनीको राजस्व सङ्कलनमा गत आर्थिक वर्षको तुलनामा क्रमशः ३१.०६ र ११.६८ प्रतिशतले वृद्धि भएको छ भने प्राइभेट लिमिटेड कम्पनी र अन्य कम्पनीको आयकर सङ्कलनमा क्रमशः ०.८४ र १६.५७ प्रतिशतले वृद्धि भएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु अवधिमा व्यक्तिगत आयकरतर्फको पारिश्रमिक कर, पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर र आकस्मिक लाभ करमा क्रमशः ९.०६, ५.५९ र ४.४२ प्रतिशतले वृद्धि भएको छ भने एकलौटी व्यवसायमा लाग्ने आयकर र व्यक्तिगत पुँजीगत लाभकरमा भने क्रमशः ९.५१ र २४.४६ प्रतिशतले कमी आएको छ।

यो अवधिमा लगानीतर्फ लाभांशमा लाग्ने कर र लगानीको अन्य आयमा लाग्ने करमा गत वर्षको यसै अवधिको तुलनामा क्रमशः १०.३९ र १३७.४८ प्रतिशतले वृद्धि भएको छ भने सम्पत्ति, बहाल

तथा पट्टा वापतको आयमा लाग्ने कर, ब्याजमा लाग्ने कर तथा पुँजीगत लाभ कर निकायतर्फ भने क्रमशः ७.९४, १६.३८ र ५९.९० प्रतिशतले कमी आएको छ।

आयकर सङ्कलनको विस्तृत विवरण देहाय बमोजिम तालिकाहरूमा प्रस्तुत गरिएको छ।

**तालिका २.१४ आयकर सङ्कलनको क्षेत्रगत विवरण (रू.लाखमा)**

| शीर्षक | २०८१/८२ पुस सम्मको | २०८२/८३ पुस सम्मको | वृद्धिदर (%) |
|---|---|---|---|
| संस्थागत आयकर | ६१०८१३.२३ | ६६७०२१ | ९.२० |
| व्यक्तिगत आयकर | ५३४७०८.०५ | ४९४९७२ | -७.४३ |
| लगानीको आयकर | २७३८६०.२४ | २१९६०१ | -१९.८१ |
| **जम्मा** | **१४१९३८१.५१** | **१३८१५९४** | **-१.९२** |

*स्रोतः RMIS/आन्तरिक राजस्व विभाग*

**तालिका २.१५ संस्थागत आयकर सङ्कलन विवरण (रू.लाखमा)**

| संस्थागत आयकर | २०८१/८२ पुस सम्मको | २०८२/८३ पुस सम्मको | वृद्धिदर (%) |
|---|---|---|---|
| सरकारी कम्पनी | ३५८८६ | ४७०३३ | ३१.०६ |
| पब्लिक लिमिटेड कम्पनी | २६२२९९ | २९२९२५ | ११.६८ |
| प्राइभेट लिमिटेड कम्पनी | २३७०४६ | २३९०३४ | ०.८४ |
| अन्य कम्पनी | ७५२५१ | ८७७२३ | १६.५७ |
| **जम्मा** | **६१०४८१** | **६६६७१६** | ९.२१ |

*स्रोतः RMIS/आन्तरिक राजस्व विभाग*

**तालिका २.१६ व्यक्तिगत आयकर सङ्कलन विवरण (रू.लाखमा)**

| व्यक्तिगत आयकर | २०८१/८२ पुस सम्मको | २०८२/८३ पुस सम्मको | वृद्धि दर |
|---|---|---|---|
| एकलौटी व्यवसाय | १७७१४२.१३ | १६०२९७ | -९.५१ |
| पारिश्रमिक कर | १५६४६३.१४ | १७०६४० | ९.०६ |
| सामाजिक सुरक्षा कर | ३९६९७.६१ | ४१९१८ | ५.५९ |
| पुँजीगत लाभ कर | १६०७२७.३० | १२१४०९ | -२४.४६ |
| आकस्मिक लाभ कर | ६७७.८६ | ७०८ | ४.४२ |
| **जम्मा** | **५३४७०८.०५** | **४९४९७२** | -७.४३ |

*स्रोतः RMIS/आन्तरिक राजस्व विभाग*

**तालिका २.१७ लगानीको आयकर सङ्कलन विवरण** (रू.लाखमा)

| लगानीको आयकर | २०८१/८२ पुस सम्मको | २०८२/८३ पुस सम्मको | वृद्धिदर (%) |
|---|---|---|---|
| सम्पत्ति, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १३१३८ | १२०९५ | -७.९४ |
| ब्याजमा लाग्ने कर | १६१२२५ | १३४८०५ | -१६.३८ |
| पुँजीगत लाभ कर — निकाय | ५२८९९ | २१२०९ | -५९.९० |
| लाभांशमा लाग्ने कर | ३५३९८ | ३९०७८ | १०.३९ |
| लगानीको अन्य आय | ११६७ | २७७० | १३७.४८ |
| अन्य आयमा लाग्ने कर | १००३४ | ९६४४ | -३.८८ |
| **जम्मा** | **२७३८६०** | **२१९६०१** | -१९.८१ |

*स्रोतः RMIS/आन्तरिक राजस्व विभाग*

## मूल्य अभिवृद्धि कर

समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर वापत रू.१ खर्ब ६७ अर्ब ७१ करोड २७ लाख सङ्कलन भएकोमा आन्तरिकतर्फ रू.७० अर्ब ३५ करोड ६० लाख र पैठारीतर्फ ९७ अर्ब ३५ करोड ६८ लाख सङ्कलन भएको छ। गत आर्थिक वर्षको यसै अवधिको तुलनामा उक्त सङ्कलन आन्तरिकतर्फ ८.६६ प्रतिशतले र पैठारीतर्फ ८.०६ प्रतिशतले बढी रहेको छ। यसमध्ये आन्तरिकतर्फ उत्पादनबाट सङ्कलन हुने मूल्य अभिवृद्धि कर २१.४६ प्रतिशत, बेदर्तावालबाट गर्ने सङ्कलनमा १९.४६ प्रतिशत, बाँडफाँट हुने बाहेक अन्य स्रोतबाट प्राप्त मूल्य अभिवृद्धि कर १७.५३ प्रतिशत, सञ्चार सेवा, बीमा, हवाई उडान र अन्य सेवा सङ्कलनमा ५.१८ प्रतिशत, वस्तु विक्री र विवतरणमा ४.०९ प्रतिशत र परामर्श तथा ठेक्काबाट प्राप्त हुने मूल्य अभिवद्धि कर सङ्कलनमा ०.८२ प्रतिशतलले वृद्धि देखिएको छ। पर्यटन सेवाबाट हुने मूल्य अभिवृद्धि कर सङ्कलन भने समीक्षा अवधिमा गत वर्षको यसै अवधिको तुलनामा १३.८० प्रतिशतले घटेको देखिन्छ। मूल्य अभिवृद्धि कर संकलन विवरण तालिका २.१८ र आन्तरिकतर्फको मूल्य अभिवृद्धि कर सङ्कलन विवरण तालिका २.१९ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१८ मूल्य अभिवृद्धि कर सङ्कलन विवरण** (रू.लाखमा)

| कर शीर्षक | २०८१/८२ पुससम्मको संकलन | २०८२/८३ पुससम्मको | गत आ.व.को यसै अवधिसम्मको तुलनामा वृद्धिदर |
|---|---|---|---|
| **मूल्य अभिवृद्धि कर** | **१५४८४८६** | **१६७७१२७** | **८.३१** |
| उत्पादन, विक्री, सेवा | ६४७५११ | ७०३५६० | ८.६६ |
| पैठारी | ९००९७५ | ९७३५६८ | ८.०६ |

*स्रोतः RMIS/ राजस्व व्यवस्थापन महाशाखा*

**तालिका २.१९ आन्तरिकतर्फको मूल्य अभिवृद्धि कर सङ्कलनको शीर्षकगत विवरण (रू.लाखमा)**

| शीर्षक | २०८१/८२ पुससम्मको | २०८२/८३ पुससम्मको | वृद्धिदर |
|---|---|---|---|
| उत्पादन | १७५६७७ | २१३३७८ | २१.४६ |
| वस्तु विक्री र वितरण | १५००८५ | १५६२२२ | ४.०९ |
| परामर्श तथा ठेक्का | ११९४२१ | १२०४०१ | ०.८२ |
| पर्यटन सेवा सङ्कलन | २११६८ | १८२४७ | -१३.८० |
| संचार सेवा, बीमा, हवाई उडान र अन्य सेवा सङ्कलन | १४७७६३ | १५५४१९ | ५.१८ |
| बेदर्तावालबाट गर्ने सङ्कलन | ३३१६८ | ३९६२२ | १९.४६ |
| बाँडफाँट हुने बाहेक अन्य स्रोतबाट प्राप्त मूल्य अभिवृद्धि कर | २३० | २७० | १७.५३ |
| **जम्मा** | **६४७५१२** | **७०३५६०** | ८.६६ |

*स्रोतः RMIS/आन्तरिक राजस्व विभाग*

**अन्तःशुल्क**

समीक्षा अवधिमा आन्तरिक उत्पादनतर्फ रू.६५ अर्ब ९८ करोड ७७ लाख र पैठारीतर्फ रू.२५ अर्ब २८ करोड ८२ लाख गरी अन्तःशुल्कतर्फ कुल रू.९१ अर्ब २७ करोड ६० लाख राजस्व सङ्कलन भएको छ। गत आर्थिक वर्षको यसै अवधिको तुलनामा आन्तरिकतर्फको अन्तःशुल्कमा ८.४९ प्रतिशत र पैठारीतर्फको अन्तःशुल्कमा १२.०७ प्रतिशतले वृद्धि भएको छ। यसबाट गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको समग्र अन्तःशुल्क सङ्कलनमा ९.४६ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा यस्तो अन्तःशुल्क २०.८६ प्रतिशतले वृद्धि भएको थियो। आन्तरिक उत्पादनतर्फको अन्तःशुल्क सङ्कलनलाई शीर्षकगत रुपमा हेर्दा सूर्तिजन्य पदार्थ र मदिरामा नगण्य रुपमा कमि आएको भएपनि वियर र अन्य औद्योगिक उत्पादनमा क्रमशः १८.९० र २१.२८ प्रतिशतको वृद्धि भएको छ। अन्तशुल्क राजस्व संकलनको तुलानत्मक विवरण तालिका २.२० र २.२१ मा प्रस्तुत गरिएको छः

**तालिका २.२० अन्तःशुल्क सङ्कलन विवरण**

| कर शीर्षक | २०८१/८२ पुससम्मको संकलन | २०८२/८३ पुससम्मको | गत आ.व.को यसै अवधिसम्मको तुलनामा वृद्धिदर |
|---|---|---|---|
| अन्तःशुल्क | ८३३८८५ | ९१२७६० | ९.४६ |
| आन्तरिक उत्पादन | ६०८२३१ | ६५९८७७ | ८.४९ |
| पैठारी | २२५६५४ | २५२८८२ | १२.०७ |

*स्रोतः RMIS/राजस्व व्यवस्थापन महाशाखा*

**तालिका २.२१ अन्तःशुल्क (आन्तरिक उत्पादनतर्फ) सङ्कलन विवरण** **(रू.लाखमा)**

| शीर्षक | २०८१/८२ पुससम्मको | २०८२/८३ पुससम्मको | वृद्धिदर (% |
|---|---|---|---|
| सुर्तिजन्य पदार्थ | १३७९२२ | १३७९१५ | -०.००५ |
| मदिरा | १५३६६७ | १५०९४१ | -१.७७ |
| बियर | १७२५९४ | २०५२१३ | १८.९० |
| अन्य औद्योगिक उत्पादन | ११०६८१ | १३४२३५ | २१.२८ |
| स्वास्थ जोखिम कर स्वदेशी उत्पादन | ३२९८७ | ३१५५७ | -४.३४ |
| स्वास्थ्यसेवा कर | ३७९ | १६ | -९५.७६ |
| **जम्मा** | **६०८२३१** | **६५९८७७** | **८.४९** |

*स्रोतः RMIS/आन्तरिक राजस्व विभाग*

**भन्सार महसुल**

समीक्षा अवधिमा भन्सार महसुलतर्फ रू.१ खर्ब १६ अर्ब ५ करोड २६ लाख सङ्कलन भएको छ। यो रकम गत आर्थिक वर्षको यसै अवधिमा सङ्कलित रू.१ खर्ब ७ अर्ब ३७ करोड ४१ लाखको तुलनामा ८.०८ प्रतिशतले बढी रहेको छ। यस अवधिमा भएको पैठारीको भन्सार महसुल लगायतका सबै शुल्क तथा दस्तुरहरूको संकलनमा गत वर्षको यसै अवधिको तुलनामा वृद्धि भएको छ। भन्सारतर्फको शीर्षकगत सङ्कलनलाई तालिका २.२२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२२ भन्सार महसुल सङ्कलन विवरण** **(रू.लाखमा)**

| शीर्षक | २०८१/८२ पुस सम्मको | २०८२/८३ पुस सम्मको | वृद्धि दर |
|---|---|---|---|
| पैठारी | ८५७०६८ | ९२०७०९ | ७.४३ |
| निकासी | ३४०६ | ११०५१ | २२४.४५ |
| पूर्वाधार कर | ९८१७२ | १००३८२ | २.२५ |
| भन्सारको अन्य आय | ३२७८ | ५०२८ | ५३.४० |
| कृषि सुधार शुल्क | ३६८८२ | ४०७१५ | १०.३९ |
| सडक मर्मत तथा सुधार दस्तुर | ४९६७० | ५६१०२ | १२.९५ |
| सडक निर्माण तथा सम्भार दस्तुर | २५२६५ | २६५३९ | ५.०४ |
| **जम्मा** | **१०७३७४१** | **११६०५२६** | **८.०८** |

*स्रोतः राजस्व व्यवस्थापन महाशाखा/भन्सार विभाग*

### २.३.७ अन्य राजस्व

गैरकर राजस्वतर्फ समीक्षा अवधिमा रू.६१ अर्ब २८ करोड ४८ लाख सङ्कलन भएको छ। सार्वजनिक संस्थानहरूबाट प्राप्त हुने सेवा शुल्क, लाभांश र ब्याज रकम कम प्राप्त हुनु लगायतका कारणले गत आर्थिक बर्षको यसै अवधिको तुलनामा चालू आर्थिक वर्षको समिक्षा अवधिमा न्यून संकलन भएको छ। यो सङ्कलन गत आर्थिक वर्षको यसै अवधिको सङ्कलन रू.७० अर्ब २० करोड ८२ लाखको तुलनामा १२.७१ प्रतिशतले न्यून हो।

### २.३.८ करको दायरा विस्तार

आर्थिक वर्ष २०८२/८३ को समीक्षा अवधिमा स्थायी लेखा नम्बर लिने करदाताहरूको संख्यामा पनि वृद्धि भएको छ। २०८२ पुस मसान्तसम्ममा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको संख्या २१ लाख १६ हजार, व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको संख्या ५२ लाख ७ हजार ६ सय १२ र करकट्टी गर्ने निकायको लागि स्थायी लेखा नम्बर लिने करदाताको संख्या ३६ हजार ७ सय ४१ पुगेको छ। यसमध्ये मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूको संख्या ३ लाख ६४ हजार ९ सय ९२ र अन्तःशुल्क ईजाजत-पत्र लिने करदाताको संख्या १ लाख २९ हजार ९ सय ४९ रहेका छन्। करदाता दर्ताको तथ्याङ्कलाई तालिका २.२३ प्रस्तुत गरिएको छ।

**तालिका २.२३ स्थायी लेखा नम्बर लिएका करदाताको संख्यात्मक विवरण**

| दर्ताको प्रकार | आ.व.२०८१/८२ आषाढ मसान्तसम्म | आ.व.२०८२/८३ को श्रावण देखि पुस मसान्त थप | जम्मा करदाता संख्या |
|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | २०६०७५८ | ५५२४२ | २११६००० |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४९०२७२२ | ३०४८९० | ५२०७६१२ |
| करकट्टी गर्ने निकायले लिएको स्था.ले.नं (WPAN) | ३५८७० | ८७१ | ३६७४१ |
| जम्मा स्थायी लेखा नम्बर | ६९९९३५० | ३६१००३ | ७३६०३५३ |
| मूल्य अभिवृद्धि कर (VAT) | ३५१७३५ | १३२५७ | ३६४९९२ |
| अन्तःशुल्क (Excise) | १२४९९७ | ४९५२ | १२९९४९ |

*स्रोतः आन्तरिक राजस्व विभाग*

### २.३.९ कर छुट तथा सहुलियत

#### क. भन्सार महसुलतर्फ

भन्सार महसुल ऐन, २०८१ का विभिन्न अनुसूचीहरूमा छुट सहुलियतसम्बन्धी कानुनी व्यवस्थाहरू रहेका छन्। उल्लिखित कानुनी व्यवस्था बमोजिमको छुट सम्बन्धित व्यक्ति/निकायले कानूनमा तोकिएबमोजिमका शर्त पूरा गरेमा स्वतः प्राप्त गर्न सक्दछन्। यस्तै, आर्थिक ऐनको दफा १८ मा रहेको गैर-नाफामूलक सार्वजनिक तथा सामुदायिक संस्थाहरू, संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका निकाय वा नेपाल सरकारको स्वामित्व भएका सङ्गठित संस्था; वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालन गरिने आयोजनाका लागि वा नेपाल सरकार वा लगानी बोर्डसँग

भएको आयोजना विकास सम्झौता बमोजिम परियोजना विकासका लागि आयोजना वा आयोजनाले नियुक्त गरेका ठेकेदारको नाममा पैठारी हुने मालवस्तुको पैठारीमा उल्लेखित शर्तको अधीनमा रही पैठारीका बखत लाग्ने दस्तुर, शुल्क, महशुल वा करको दर घटाउने, आंशिक वा पूर्ण रूपमा छुट दिनसक्ने कानुनी व्यवस्था बमोजिम विभिन्न छुट सुविधा तथा सहुलियतहरू दिइन्छन्। यस्तै, मूल्य अभिवृद्धि कर ऐन, २०५२; अन्तःशुल्क ऐन, २०५८; भन्सार ऐन, २०८२ जस्ता विशेष ऐनहरूमा भएका प्रावधान बमोजिम पनि केही छुट सुविधा रहेका छन्।

समीक्षा अवधिमा उपर्युक्त कानुनी व्यवस्थाको अधीनमा रही जम्मा रू.४ खर्ब ८ अर्ब ६२ करोड ९६ लाख मूल्यको मालवस्तुको पैठारीमा जम्मा रू.५२ अर्ब ८४ करोड ९६ लाख महशुल छुट प्रदान गरिएको छ। उक्त छुटको विवरण तालिका २.२४ मा विस्तृत उल्लेख गरिएको छ।

**तालिका २.२४ आर्थिक वर्ष २०८२/८३ पुससम्मको भन्सारतर्फको कर छुट तथा सहुलियत विवरण** **(रू.लाखमा)**

| शीर्षक (कानुनी व्यवस्था) | छुटको विवरण | मूल्य | जम्मा छुट महसुल |
|---|---|---|---|
| मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(३) तथा अनुसूची-१ | मूल्य अभिवृद्धि कर छुट हुने वस्तुहरूको पैठारीमा दिइएको छुट | २१६०२२९ | २९७०३३ |
| भन्सार ऐन, २०६४ को दफा ९ | कूटनीतिक सुविधाअन्तर्गत पैठारी भएका मालवस्तुमा दिइएको छुट | ५८७५ | ४८२९ |
| भन्सार ऐन, २०६४ को दफा ९ | महसुल सुविधाअन्तर्गत पैठारी भएका मालवस्तुमा दिइएको छुट | ८०८ | ४२१ |
| आर्थिक ऐन, २०८२ को दफा १८(२) | मुनाफा रहित सार्वजनिक तथा सामुदायिक संस्था, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका निकाय वा नेपाल सरकारको स्वामित्व भएका संगठित संस्थाले पैठारी गरेका मालवस्तुमा दिइएको छुट | ३७५४४ | ९५०५ |
| आर्थिक ऐन, २०८२ को दफा १८(३) | नेपाल सरकार वा लगानी बोर्डसँग भएको आयोजना विकास सम्झौता बमोजिम परियोजना विकासका लागि आयोजना वा आयोजनाले नियुक्त गरेका ठेकेदारको नाममा पैठारी भएका मालवस्तुमा दिइएको छुट | ४९९२६ | १४९७८ |
| भन्सार महसुल ऐन, २०८२ को दफा ११ | साफ्टा सुविधाअन्तर्गत पैठारी भएका मालवस्तुमा दिइएको छुट | ४२४०४४ | २७६९६ |
| भन्सार महसुल ऐन, २०८२ का विभिन्न दफाहरू | विविध छुट सुविधा | १४०७८६९ | १७४०३३ |
| | **जम्मा** | **४०८६२९६** | **५२८४९६** |

*स्रोतः भन्सार विभाग, २०८२*

## ख. आन्तरिक राजस्वतर्फ

आन्तरिक राजस्व विभागतर्फ चालु आर्थिक वर्षको पुस मसान्तसम्म आर्थिक ऐन, २०८२ को व्यवस्था अनुसार ३४७७ करदाताहरूलाई रू.५५ करोड ५७ लाख ६० हजार बराबरको करछुट तथा सहुलियत प्रदान गरिएको छ। उक्त छुटमा मुलतः आर्थिक ऐन, २०८२ को दफा २५ को उपदफा (१) र (२) को कानुनी व्यवस्थाको छुट सहुलियत मुख्य रहेका छन्। विभागबाट आर्थिक ऐनको विभिन्न व्यवस्था बमोजिम दिइएको छुट सुविधाको विस्तृत विवरण तालिका २.२५ मा प्रस्तुत गरिएको छः

**तालिका २.२५ आर्थिक वर्ष २०८२/८३ पुससम्ममा आर्थिक ऐन, २०८२ अनुसारको छुट तथा सहुलियत विवरण (रू.लाखमा)**

| दफा | करदाता संख्या | छुट रकम |
|---|---|---|
| आर्थिक ऐन, २०८२ को दफा २७ को उपदफा (२) | ७ | ४.८ |
| आर्थिक ऐन, २०८२ को दफा २७ को उपदफा (१) | ९ | १६.३ |
| आर्थिक ऐन, २०८२ को दफा २५ को उपदफा (२) | १४९६ | ३६०५.९ |
| आर्थिक ऐन, २०८२ को दफा २४ | १० | ८.० |
| आर्थिक ऐन, २०८२ को दफा २५ को उपदफा (१) | १९५५ | १९२२.५ |
| **कुल जम्मा** | **३४७७** | **५५५७.६०** |

*स्रोतः आन्तरिक राजस्व विभाग*

अर्थ मन्त्रालयबाट आर्थिक ऐन, २०८२ को दफा १८(१) को व्यवस्था बमोजिम छुट दिइएको प्रत्यक्ष कर सम्बन्धी विवरण तालिका २.२६ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२६ आर्थिक वर्ष २०८२/८३ पुससम्ममा आर्थिक ऐन, २०८२ को दफा १८(१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय अनुसार दिइएको प्रत्यक्ष कर छुट तथा सहुलियत विवरण (रू.लाखमा)**

| छुट सम्बन्धी विवरण | छुटको प्रकार | छुट दिइएको रकम | कैफियत |
|---|---|---|---|
| जग्गाधनी पवन कुमार शारदा र मुरारी लाल मुरारकाको संयुक्त नाममा दर्ता कायम रहेको सिराहा जिल्ला लहान नगरपालिका वडा नं.७क स्थित जम्मा १-१५-१० (एक विगाहा पन्ध्र कठ्ठा दश धुर) को जग्गा तथा सोमा बनेको भवन समेतको कायम हुने मूल्य रू.१७,९९,४६,१०८/ निज जग्गाधनी हरूले मधेश प्रदेश सरकारको राम कुमार शारदा उमा प्रसाद मुरारका प्रादेशिक अस्पतालका नाममा हस्तान्तरण गर्दा आयकर ऐन, २०५८ को दफा ९५क. को उपदफा (५) को खण्ड (ख) बमोजिम लाग्ने लाभकर रकम छुट दिइएको। | पुँजीगत लाभ कर | १३४.९५ | प्रस्तुत अस्पतालले चर्चेको जग्गा तथा सोमा बनेको अस्पताल भवन समेत सरकारको नाममा जग्गादाताले हस्तान्तरण गरेका कारण प्रस्तुत छुट दिइएको। |

***स्रोतः अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा***

### २.३.१० राजस्व परिचालनका सन्दर्भमा सम्पादन भएका प्रमुख कार्यहरू

समीक्षा अवधिमा राजस्व प्रशासनसँग सम्बन्धित नीति तथा कार्यक्रम, बजेटमा समावेश भएका कार्यक्रम र आर्थिक ऐनमा भएका व्यवस्थाको कार्यान्वयनका सन्दर्भमा भएका उल्लेखनीय कार्यहरू देहाय बमोजिम रहेका छन्:

- एकीकृत व्यवसायिक पुनरुत्थान योजना कार्यान्वयन (२०८२ भदौ २३ र २४ गतेको आन्दोलनबाट प्रभावित उद्योग, व्यापार, व्यावसायिक प्रतिष्ठान तथा आर्थिक गतिविधिलाई राहत, कर छुट, सहुलियत तथा सुविधाहरू प्रदान गरिएको) ।
- राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) मा अन्तर्राष्ट्रिय भुक्तानी प्रणाली (International Card Network) को अन्तरआबद्धता प्रणाली कार्यान्वयनमा ल्याइएको।
- विभिन्न मन्त्रालयहरूबाट सिफारिस भए बमोजिम गैर कर राजस्व सम्बन्धी व्यवस्था परिमार्जनका लागि सहमति प्रदान गरिएको।
- उच्चस्तरीय केन्द्रीय राजस्व चुहावट समितिको मासिक रुपमा बैठक आयोजना गरी राजस्व चुहावट नियन्त्रणका लागि समन्वयात्मक रुपमा बहुपक्षीय प्रयासहरू गरिएको।
- कर प्रशासनलाई विकेन्द्रिकृत गर्दै करदाता सेवा कार्यालयहरू खारेज गरी स्थानीय तह र कोष तथा लेखा नियन्त्रक कार्यालयहरूबाट सेवा प्रवाह हुने व्यवस्था गरिएको।
- नेपालमा करारोपणका सन्दर्भमा आवश्यक सूचनाहरू अन्य मुलुकसँग माग गर्ने पूर्वादेश प्रदान, कर पारदर्शिता अभिवृद्धि, राजस्व प्रशासनको क्षमता अभिवृद्धि र अवैध वित्तीय प्रवाह (Illicit Financial Flows- IFFs) समेतलाई नियन्त्रण गर्दै दीर्घकालीन रुपमा आर्थिक लाभ तथा मुलुकको प्रतिष्ठा वृद्धि समेतका लागि Organization for Economic Co-operation and Development-OECD अन्तर्गतको Global Forum on Transparency and Exchange of Information for Tax Purposes को सदस्यताका लागि आवेदन प्रक्रिया अगाडि बढाइएको।
- Belt and Road Initiative Tax Administration Cooperation Forum (BRITACOF) सम्मेलन सफलतापूर्वक आयोजना गरिएको।
- दोहोरो करमुक्ति सम्झौताको नमुना विकास गरी कार्यान्वयनमा ल्याइएको।
- आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य र आर्थिक ऐन, २०८२ तथा वार्षिक कार्यक्रममा आधारित कार्यक्रम कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिएको।
- राजस्वसँग सम्बन्धित विषयमा राय परामर्श तथा कर छुट सहुलियत सम्बन्धी कार्य सम्पादन गरिएको।
- राजस्वका दरलाई समय सापेक्ष बनाउन नेपाल सरकारबाट कर तथा भन्सारका दरहरूमा परिमार्जन गर्ने निर्णय भएको।
- विभिन्न ९११ करदाताको पूर्ण कर परीक्षण गरी रू.५अर्ब ६७ करोड थप कर निर्धारण गरिनुका साथै रू.२२ अर्ब ७० करोड Loss Recovery गरिएको।
- रू.४ अर्ब ५१ करोड मू.अ.कर तथा आयकरतर्फको बक्यौता असूली तथा समायोजन गरिएको।

- २५०९ करदाताको ईलेक्ट्रोनिक बिजक जारी गर्ने ब्यबस्था मिलाई २७१ करदाताको केन्द्रिय बिजक अनुगमन प्रणाली (CBMS) मा आबद्ध गरिएको।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र आन्तरिक राजस्व विभाग को ITS System सँग अन्तरआवद्धता गरी Personal PAN Card जारी गर्ने ब्यवस्था गरिएको।
- भन्सार ऐन, २०८२ कार्यान्वयनमा ल्याइएको छ।
- भन्सार महसुल नियमावली, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- भन्सार मूल्याङ्कनलाई कारोवार मूल्यमा आधारित बनाउने रणनीति, २०८१ जारी गरिएको।
- भन्सार इन्टेलिजेन्स युनिट गठन गरिएको र सो युनिटलाई क्रियाशिल बनाई सरकारका सबै निकाय तथा विभिन्न माध्यमबाट प्राप्त राजस्व छलीको सूचनाको विश्लेषण गरी सुधारात्मक उपायहरू तत्काल कार्यान्वयनमा ल्याउने कार्य समेत निरन्तर भइरहेको।
- भन्सार सम्बद्ध सम्पति शुद्धिकरण कसूर सम्बन्धी अनुसन्धान कार्यविधि, २०८२ कार्यान्वयनमा ल्याइएको।
- सबै भन्सार कार्यालयहरूमा आशिकुडा प्रणालीमा Detailed Declaration र Valuation Declaration मा Risk Recommendation देखिने व्यवस्था लागू गरिएको।
- भन्सार विभागको लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी कार्ययोजना (२०८१/८२-२०८५/८६) बमोजिम भन्सार विभागमा सम्पर्क एकाई गठन गरिएको।
- सम्पत्ति शुद्धीकरण कसूर अनुसन्धान कार्यविधि, २०८२ लागूगरिएको।
- अन्तर्राष्ट्रिय व्यापारलाई थप विश्वासिलो, भरपर्दो र सहजीकरणका लागि अबदेखि पूर्ण रूपमा Nepal National Singal Window बाट Online मार्फत उत्पत्तिको प्रमाणपत्र जारी गर्ने व्यवस्था भएको।

### २.३.११ चालु आर्थिक वर्षको बाँकी अवधिमा सम्पादन गर्नु पर्ने प्रमुख कार्यहरू

चालु आर्थिक वर्षको बाँकी अवधिमा सम्पादन गर्नु पर्ने राजस्व प्रशासनसँग सम्बन्धित प्रमुख कार्य देहाय बमोजिम रहेका छन्ः

- चालु आर्थिक वर्षको बाँकी अवधिको लक्ष्य बमोजिम राजस्व परिचालन गर्ने।
- भन्सार नियमावली, २०८२ यथाशीघ्र मन्त्रिपरिषद्द्वारा स्वीकृत गराई लागू गर्ने।
- आगामी आर्थिक बर्षका लागि राजस्व परामर्श समिति गठन गरी सुझाव प्राप्त गर्ने र संकलित सुझावहरू समेतका आधारमा कर कानून संशोधन गर्न प्रस्ताव तयार गर्ने।
- स्वयं कर सहभागितालाई प्रभावकारी बनाई बजार अनुगमन तथा विजकीकरण प्रणालीलाई चुस्त बनाउने।
- अन्तर-निकाय सूचना प्रविधि प्रणालीको अन्तर आबद्धता गरी कर सूचना प्रणालीलाई थप सबल बनाउने।
- विद्युतीय विजकीकरण तथा केन्द्रीय विजक अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाई प्रणालीमा आबद्ध हुनुपर्ने सबै करदातालाई अनिवार्य रुपमा आबद्ध गर्ने।

- राजस्व प्रशासनमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्ने।
- सातौं भन्सार सुधार तथा आधुनिकीरकण योजना तर्जुमा र आन्तरिक राजस्व विभागको तेश्रो रणनीतिक योजना स्वीकृत गरी लागू गर्ने।
- उच्च अंकको बेरुजूलाई प्राथमिकताका साथ फछ्र्यौट तथा सम्परीक्षण गर्ने गराउने।
- विभागहरूबाट प्रशासन गरिने विभिन्न ऐनसँग सम्बन्धित निर्देशिका संशोधन गरी अद्यावधिक गर्ने।
- करका मुद्दाहरूमा सम्मानित सर्वोच्च अदालत तथा न्यायिक निकायहरूबाट भएका फैसलाहरूको संग्रह तयार गरी प्रकाशन गर्ने।
- राजस्व चुहावट नियन्त्रणका लागि अन्तर-निकाय सूचना आदान प्रदान सहितको समन्वय र अनुसन्धानात्मक कार्यलाई प्रभावकारी बनाउने।

### २.३.१२ चालु आर्थिक वर्ष २०८२/८३ को राजस्व सङ्कलनको संशोधित अनुमान

समीक्षा अवधिमा कुल राजस्व प्राप्ति लक्ष्यको ३९.२८ प्रतिशत सङ्कलन भएको छ। वार्षिक अनुमानित राजस्व प्राप्त गर्न आर्थिक वर्षको बाँकी अवधिमा ६० प्रतिशत भन्दा वढी राजस्व सङ्कलन गर्नु पर्ने हुन्छ। व्याजदरमा आएको निरन्तर गिरावट, उद्योग, व्यापार, घरजग्गा कारोवार, शेयर कारोवार लगायत अन्य आर्थिक कारोवारमा देखिएको शिथिलताको कारण समग्र मागमा आएको कमीले पहिलो छ महिनामा भएको राजस्व सङ्कलनको न्यूनतालाई बाँकी अवधिमा पूरा गर्न चुनौतिपूर्ण छ। प्रस्तुत सन्दर्भमा चालु आर्थिक वर्षको बाँकी अवधिको लागि राजस्व प्राप्तिको विविध आधार कारणहरूको विश्लेषणबाट संशोधित अनुमान तयार गरिएको छ।

यस आर्थिक वर्षको लागि निर्धारण गरिएको संशोधित राजस्व प्राप्ति अनुमान तालिका २.२७ मा प्रस्तुत गरिएको छः

**तालिका २.२७ चालु आर्थिक वर्षको राजस्व सङ्कलनको संशोधित अनुमान** (रू.लाखमा)

| कर शीर्षक | राजस्व प्राप्तिको प्रारम्भिक अनुमान | अर्धवार्षिक अवधिको राजस्व सङ्कलन | आगामी ६ महिनाको राजस्व प्राप्तिको अनुमान | राजस्व प्राप्तिको संशोधित अनुमान |
|---|---|---|---|---|
| **भन्सार महशुल** | **३,०५५,७०५** | **१,१६०,५२६** | **१,५१७,८२०** | **२,६७८,३४६** |
| पैठारी | २,४००,७८७ | ९२०,७०९ | १,१८५,५४४ | २,१०६,२५४ |
| निकासी | ६,६३६ | ११,०५१ | ३,६६६ | १४,७१७ |
| पूर्वाधार कर | ३०९,११२ | १००,३८२ | १६३,५९८ | २६३,९८० |
| भन्सारको अन्य आय | १६,३०० | ५,०२८ | ८,४३९ | १३,४६७ |
| कृषि सुधार शुल्क | ९४,५८३ | ४०,७१५ | ४०,९०५ | ८१,६१९ |
| सडक मर्मत तथा सुधार दस्तुर | १६६,२४६ | ५६,१०२ | ८३,३१६ | १३९,४१८ |
| सडक निर्माण तथा सम्भार दस्तुर | ६२,०४१ | २६,५३९ | ३२,३५१ | ५८,८९० |
| **मूल्य अभिबृद्धि कर** | **३,९४५,९५२** | **१,६७७,१२७** | **२,०१३,९०८** | **३,६९१,०३५** |
| उत्पादन, विक्री, सेवा | १,७२७,९८९ | ७०३,५६० | ९२५,३५३ | १,६२८,९१२ |

| | | | | |
|---|---|---|---|---|
| पैठारी | २,२१७,९६३ | ९७३,५६८ | १,०८८,५५५ | २,०६२,१२३ |
| **अन्तःशुल्क** | **२,१३१,५७७** | **९१२,७६०** | **१,०६७,७८८** | **१,९८०,५४८** |
| आन्तरिक उत्पादन | १,५२२,७१२ | ६५९,८७७ | ७७४,९७५ | १,४३४,८५२ |
| पैठारी | ६०८,८६५ | २५२,८८२ | २९२,८१३ | ५४५,६९६ |
| **शिक्षा सेवा शुल्क र अन्य** | **५२,३१३** | **२९,१४४** | **२८,८३५** | **५७,९७९** |
| **आयकर** | **४,०७०,२९२** | **१,३८१,५९४** | **१,८७३,५४७** | **३,२५५,१४१** |
| आयकर | ३,५५४,४८८ | १,२४६,७८९ | १,६४८,११३ | २,८९४,९०२ |
| ब्याज कर | ५१५,८०५ | १३४,८०५ | २२५,४३४ | ३६०,२३९ |
| **कर राजस्व जम्मा** | **१३,२५५,८३९** | **५,१६१,१५१** | **६,५०१,८९७** | **११,६६३,०४८** |
| **अन्य राजस्व (गैरकर) जम्मा** | **१,५४४,१६१** | **६१२,८४८** | **६६४,९४०** | **१,२७७,७८८** |
| **कुल राजस्व** | **१४,८००,०००** | **५,७७३,९९९** | **७,१६६,८३८** | **१२,९४०,८३६** |
| **विविध प्राप्ति** | - | ४०,०७४ | ० | ४०,०७४ |
| **जम्मा राजस्व/प्राप्ति** | **१४,८००,०००** | **५,८१४,०७२** | **७,१६६,८३८** | **१२,९८०,९१०** |

*स्रोतः राजस्व व्यवस्थापन महाशाखा*

## २.३.१३ राजस्व सङ्कलनको संशोधित अनुमानका आधार

समीक्षा अवधिको आर्थिक अवस्था, व्यापार तथा कारोवारको प्रवृत्तिका साथै सो अवधिमा सङ्कलन भएको राजस्व तथा बाँकी अवधिमा हुन सक्ने सुधार समेतलाई मध्यनजर गर्दै देहायका आधारमा राजस्व सङ्कलनको संशोधित अनुमान गरिएको छ।

- आसन्न निर्वाचनलक्षित खर्च र आर्थिक क्रियाकलाप एवम् सोपश्चात् आर्थिक गतिविधिमा सुधार आउने।
- वैदेशिक व्यापारमा आएको सुधार लगायतका कारणले पैठारीबाट लक्ष्य अनुसार राजस्व प्राप्त हुने।
- चालु आर्थिक वर्षको जेठ १५ मा आगामी आ.व.का लागि बजेट प्रस्तुत हुने हुँदा बजेट लक्षित आर्थिक गतिविधिबाट राजस्वमा सकारात्मक प्रभाव पर्ने।
- भन्सार प्रशासनमा लागू गरिएको Online Valuation Database System को सकारात्मक प्रभाव तथा चोरी पैठारी र अन्य राजस्व चुहावट नियन्त्रणका लागि गरिएका समन्वयात्मक प्रयासहरूबाट भन्सार राजस्वमा सकारात्मक प्रभाव पर्ने।
- आर्थिक वर्षको बाँकी अवधिमा सरकारको पुँजीगत खर्च वृद्धि हुँदै जाँदा माग सिर्जना भई उपभोगमा आधारित कर सङ्कलनमा सकारात्मक प्रभाव पर्ने।
- उद्योग, व्यापार र सेवा क्षेत्र क्रमशः सुधार भई आन्तरिक राजस्व सङ्कलनमा सकारात्मक प्रभाव पर्ने।

- आर्थिक वर्षको बाँकी अवधिमा बजार अनुगमन, भन्सार गस्ती, करदाताको कर निर्धारण, नियमित र कानुनी कारवाहीबाट हुने बक्यौता असुली, बेरुजु फछ्र्यौट जस्ता प्रक्रियामा आउने क्रियाशिलताले आन्तरिक राजस्व सङ्कलनमा सकारात्मक प्रभाव पार्ने।
- कर प्रशासनलाई विकेन्द्रिकरण गर्दै करदाता सेवा कार्यालयहरू खारेज गरी स्थानीय तह र कोष तथा लेखा नियन्त्रक कार्यालयहरूबाट सेवा प्रवाह हुने ब्यवस्था गरिएकोले करदाताको सहभागिता अनुपात बढ्ने।
- आन्तरिक राजस्व परिचालन रणनीतिको प्रभावकारी कार्यान्वयनबाट राजस्व परिचालनमा सकारात्मक प्रभाव पर्ने।
- अनुसन्धानत्मक परीक्षण तथा कारबाही, प्रशासकीय पुनरावलोकनमा रहेका निवेदन उपर प्राथमिकताका आधारमा शीघ्र निर्णय, प्रभावकारी लिलामी व्यवस्थापनको नीति अख्तियार गरिएकोले सोको प्रभाव राजस्व परिचालनमा पर्ने।

## २.४ आन्तरिक ऋण

नेपाल सरकारको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक खर्च व्यवस्थापन गर्ने स्रोतहरूमध्ये आन्तरिक ऋण एक प्रमुख स्रोत हो। वार्षिक बजेटमा न्यून पूर्ति गर्नका लागि आन्तरिक ऋण परिचालन गर्ने गरिएको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा खुद रू.३ खर्ब ६२ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य निर्धारण गरिएको छ, जुन कूल बजेटको १८.४३ प्रतिशत हुन आउँछ। बजेटले निर्धारण गरेको लक्ष्यअनुसार आन्तरिक ऋण परिचालन गर्न मध्यमकालीन ऋण रणनीतिका आधारमा अर्थ मन्त्रालयबाट वार्षिक ऋण योजना तथा निष्काशन तालिका स्वीकृत गरी सोही तालिका अनुरूप ऋणपत्र निष्काशन गरिदै आएको छ।

### २.४.१ निष्काशित ऋणपत्रको विवरण

विगत वर्षहरूमा जस्तै यस आर्थिक वर्ष २०८२/८३ मा पनि ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र जस्ता उपकरण प्रयोग गरी आन्तरिक ऋण प्राप्त गरिएको छ। चालु आर्थिक वर्षको समीक्षा अवधिसम्म ट्रेजरी बिल रू.२५ अर्ब, विकास ऋणपत्र मार्फत रू.१ खर्ब ५० अर्ब बराबरको निष्काशन भएको छ। साथै, पाँच वर्षे नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्र क्रमशः रू.२ अर्ब ५० करोड र रू.१६ करोड ६९ लाख बराबरको निष्काशन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रू.१ खर्ब ८१ अर्ब ५ करोड आन्तरिक ऋण परिचालन भएकोमा चालु आर्थिक वर्षमा उक्त रकम १.८७ प्रतिशतले न्यून रहेको छ। वार्षिक ऋण योजना अनुसार समीक्षा अवधिसम्म विकास ऋणपत्रमार्फत प्राप्ति गर्ने ऋण रकम मध्ये रू.२० अर्ब बराबरको रकम भदौ २३ र २४ गते भएको आन्दोलनका कारण निष्काशन प्रक्रिया प्रभावित भई उक्त रकम प्राप्ति हुन नसकेकोले आन्तरिक ऋण परिचालन गत वर्षको तुलनामा न्यून हुन गएको हो। हालसम्मको आन्तरिक ऋण परिचालन वार्षिक लक्ष्यको ४८.८९ प्रतिशत पुगेको छ। विगत पाँच आर्थिक वर्षमा भएको ऋण परिचालनको विवरण तालिका २.२८ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२८ विगत पाँच आर्थिक वर्षको पुस मसान्तसम्म निष्काशित ऋणपत्रको विवरण**

**(रू.लाखमा)**

| क्र.सं. | ऋणपत्र | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|
| १ | ट्रेजरी बिल | ६०००० | १५०००० | १५०००० | ६००००० | २५०००० |
| २ | विकास ऋणपत्र | | १५०००० | ११३३१०० | ११९०००० | १५००००० |
| ३ | नागरिक बचतपत्र | | ० | ० | २०००० | २५००० |
| ४ | वैदेशिक रोजगार बचतपत्र | | ० | ० | ५४२ | १६६९.७ |
| | **जम्मा** | **६००००** | **३०००००** | **१२८३१००** | **१८१०५४२** | **१७७६६६९.७** |

*स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय।*

## २.४.२ सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीको अवस्था

चालु आर्थिक वर्ष २०८२/८३ मा सार्वजनिक ऋणको साँवा तथा ब्याज भुक्तानीका लागि रू.४ खर्ब ११ अर्ब १ करोड बजेट विनियोजन गरिएकोमा समीक्षा अवधी सम्म रू.१ खर्ब ८७ अर्ब १२ करोड भुक्तानी भएको छ। यो वार्षिक बजेट विनियोजनको ४५.५३ प्रतिशत हो। साथै, गत आर्थिक वर्ष २०८१/८२ को अनुमानित कूल गार्हस्थ उत्पादन रू.६१ खर्ब ७ अर्ब २२ करोडको तुलनामा कूल ऋण सेवा खर्च ३.०६ प्रतिशत हुन आउँछ। जसमा आन्तरिक ऋण र बाह्य ऋणको सेवा खर्चको हिस्सा क्रमशः २.५४ र ०.५२ प्रतिशत रहेको छ। विस्तृत विवरण तालिका २.२९ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२९ सार्वजनिक ऋणको साँवा र व्याज भुक्तानीको बजेट र यथार्थ खर्चको विवरण**

**(रू.करोडमा)**

| क्र.सं. | ऋणको विवरण | २०८२/८३ को वार्षिक बजेट | २०८२/८३ को पुष मसान्तम्मको भुक्तानी | बाकी बजेट | खर्च प्रतिशत | कुल गार्हस्थ उत्पादनको आधारमा ऋण सेवा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| **१.** | **आन्तरिक ऋण भुक्तानी** | **३४,३५५.८७** | **१५,५१३.५४** | **१८,८४२.३३** | **४५.१६** | **२.५४** |
| १.१ | साँवा भुक्तानी | २५,०५९.७३ | १२,६७६.०० | १२,३८३.७३ | ५०.५८ | २.०८ |
| १.२ | ब्याज भुक्तानी | ९,२९६.१४ | २,८३७.५४ | ६,४५८.६० | ३०.५२ | ०.४६ |
| **२.** | **वाह्य ऋण भुक्तानी** | **६,७४५.१६** | **३,१९९.१२** | **३,५४६.०४** | **४७.४३** | **०.५२** |
| २.१ | साँवा भुक्तानी | ५,१८८.०० | २,६१३.३९ | २,५७४.६१ | ५०.३७ | ०.४३ |
| २.२ | ब्याज भुक्तानी | १,५५७.१६ | ५८५.७४ | ९७१.४२ | ३७.६२ | ०.१० |
| **३.** | **जम्मा सार्वजनिक ऋण सेवा** | **४१,१०१.०३** | **१८,७१२.६६** | **२२,३८८.३७** | **४५.५३** | **३.०६** |
| ३.१ | जम्मा साँवा खर्च | ३०,२४७.७३ | १५,२८९.३९ | १४,९५८.३४ | ५०.५५ | २.५० |
| ३.२ | जम्मा ब्याज खर्च | १०,८५३.३० | ३,४२३.२८ | ७,४३०.०२ | ३१.५४ | ०.५६ |

यस अवधिमा आन्तरिक ऋणतर्फ साँवा रू.१ खर्ब २६ अर्ब ७६ करोड तथा ब्याज रू.२८ अर्ब ३७ करोड गरी जम्मा रू.१ खर्ब ५५ अर्ब १३ करोड भुक्तानी गरिएको छ। बाह्य ऋणतर्फ साँवा रू.२६ अर्ब १३ करोड र ब्याज रू.५ अर्ब ८५ करोड गरी जम्मा रू.३१ अर्ब ९९ करोड भुक्तानी गरिएको छ। आन्तरिक र बाह्य ऋणको साँवा ब्याज भुक्तानीको विवरण तालिका २.३० मा प्रस्तुत गरिएको छ।

**तालिका २.३० आन्तरिक र बाह्य ऋणको साँवा ब्याज भुक्तानीको मासिक विवरण (रू.करोडमा)**

| क्र.सं. | ऋण सेवा स्थिति | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पुष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | आन्तरिक ऋण भुक्तानी | ३२५८.७० | ३५४४.२६ | २८३८.१९ | ३५२४.५० | ६०२.३५ | १७४५.५४ | १५५१३.५४ |
| १.१ | साँवा भुक्तानी | २७१०.०० | २९३०.०० | २३७५.०० | ३२११.०० | २००.०० | १२५०.०० | १२६७६.०० |
| १.२ | व्याज भुक्तानी | ५४८.७० | ६१४.२६ | ४६३.१९ | ३१३.५० | ४०२.३५ | ४९५.५४ | २८३७.५४ |
| २. | वाह्य ऋण भुक्तानी | ४४४.६९ | ६५५.२६ | ३२१.९० | ५७५.३३ | ९३६.३३ | २६५.६१ | ३१९९.१२ |
| २.१ | साँवा भुक्तानी | ३४५.११ | ५२२.०० | २४२.४८ | ४९९.५६ | ७९५.५८ | २०८.६६ | २६१३.३९ |
| २.२ | व्याज भुक्तानी | ९९.५८ | १३३.२६ | ७९.४३ | ७५.७७ | १४०.७५ | ५६.९५ | ५८५.७४ |
| ३. | सार्वजनिक ऋण भुक्तानी | ३७०३.३९ | ४१९९.५२ | ३१६०.०९ | ४०९९.८३ | १५३८.६८ | २०११.१५ | १८७१२.६६ |
| ३.१ | साँवा भुक्तानी | ३०५५.११ | ३४५२.०० | २६१७.४८ | ३७१०.५६ | ९९५.५८ | १४५८.६६ | १५२८९.३९ |
| ३.२ | व्याज भुक्तानी | ६४८.२८ | ७४७.५२ | ५४२.६२ | ३८९.२७ | ५४३.१० | ५५२.४९ | ३४२३.२८ |
| ३.३ | सार्वजनिक ऋण सेवा भुक्तानीमा साँवा भुक्तानीको हिस्सा | ८२.४९% | ८२.२०% | ८२.८३% | ९०.५१% | ६४.७०% | ७२.५३% | ८१.७१% |
| ३.४ | सार्वजनिक ऋण सेवा भुक्तानीमा व्याज भुक्तानीको हिस्सा | १७.५१% | १७.८०% | १७.१७% | ९.४९% | ३५.३०% | २७.४७% | १८.२९% |

*स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

समीक्षा अवधिमा कूल सार्वजनिक ऋण सेवा भुक्तानी (साँवा तथा ब्याज) रू.१ खर्ब ८७ अर्ब १२ करोड रहेको छ। जसमा साँवा भुक्तानी रू.१ खर्ब ५२ अर्ब ८९ करोड (कूल सार्वजनिक ऋण सेवा भुक्तानी मध्ये ८१.७१%) तथा ब्याज भुक्तानी रू.३४ अर्ब २३ करोड (कूल सार्वजनिक ऋण सेवा भुक्तानी मध्ये १८.२९%) रहेको छ।

### २.४.३ सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति

चालु आर्थिक वर्ष २०८२/८३ मा आन्तरिक तथा बाह्य जम्मा रू.५ खर्ब ९५ अर्ब ६६ करोड सार्वजनिक ऋण परिचालन गरिने गरी वार्षिक लक्ष्य निर्धारण गरिएको छ। समीक्षा अवधि सम्ममा यस्तो ऋण परिचालन रू.२ खर्ब १४ अर्ब ५५ करोड भएको छ; जुन वार्षिक लक्ष्यको ३६.०२ प्रतिशत हो। यस अवधिमा आन्तरिक ऋण र बाह्य ऋण प्राप्तिको प्रगति क्रमशः ४९.०८ प्रतिशत र १५.७९ प्रतिशत रहेको छ। कूल सार्वजनिक ऋण प्राप्तिमध्ये आन्तरिक ऋणको हिस्सा ८२.८१ प्रतिशत तथा बाह्य ऋणको हिस्सा १७.१९ प्रतिशत रहेको छ। विस्तृत विवरण तालिका २.३१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.३१ सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्तिको विवरण (रू.करोडमा)**

| सि.नं. | ऋणको विवरण | २०८२/८३ को वार्षिक लक्ष्य | २०८२/८३ को पुष मसान्त सम्मको प्राप्ति | प्राप्ति गर्न बाँकी | लक्ष्यको आधारमा प्राप्ति प्रतिशत | प्राप्तिमा आतरिक ऋण र बाह्य ऋणको हिस्सा |
|---|---|---|---|---|---|---|
| १. | आन्तरिक ऋण | ३६२००.०० | १७७६६.६९ | १८४३३.३१ | ४९.०८ | ८२.८१ |
| २. | वाह्य ऋण | २३३६६.३१ | ३६८९.२२ | १९६७७.०९ | १५.७९ | १७.१९ |
| जम्मा सार्वजनिक ऋण | | ५९५६६.३१ | २१४५५.९१ | ३८११०.४० | ३६.०२ | १००.०० |

*स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय।*

## २.५ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन

### २.५.१ बजेटमा विकास सहायता परिचालनको लक्ष्य

आर्थिक वर्ष २०८२/८३ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये विकास सहायताबाट रू.२ खर्ब ८७ अर्ब व्यहोरिने अनुमान रहेको छ। सोमध्ये अनुदानबाट रू.५३ अर्ब ४५ करोड (१८.६२ प्रतिशत) र ऋणबाट रू.२ खर्ब ३३ अर्ब ६६ करोड (८१.३८ प्रतिशत) परिचालन गरिने अनुमान छ। विगत पाँच आर्थिक वर्षको बजेटमा विकास सहायता परिचालनबाट व्यहोर्ने स्रोतको विनियोजित अंश क्रमशः घट्दो क्रममा रहेको देखिन्छ। विस्तृत विवरण तालिका २.३२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.३२ विगत पाँच आर्थिक वर्षको बजेटमा विकास सहायता परिचालनको अनुमान (रू.लाखमा)**

| आर्थिक वर्ष | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| वैदेशिक अनुदान | ६३३७०० | ५५४६०० | ४९९४०० | ५२३३०० | ५३४५०० |
| वैदेशिक ऋण | ३०९२९०० | २४२२६०० | २१२७५०० | २१७६७०० | २३३६६०० |
| जम्मा | ३७२६६०० | २९७७२०० | २६२६९०० | २७००००० | २८७११०० |
| कूल बजेट | १६४७५७०० | १७९३८३०० | १७५१३१०० | १८६०३००० | १९६४११०० |
| कूल बजेटमा विकास सहायताको प्रतिशत | २२.६२ | १६.६ | १५.0 | १४.५१ | १४.६२ |

*स्रोतः नेपाल सरकारको वार्षिक बजेट बक्तव्य*

चित्र २.७ : विकास सहायता परिचालन




## २.५.२ विकास सहायता प्रतिवद्धता

समीक्षा अवधिमा रू.६५ अर्ब ३९ करोडको विकास सहायताको प्रतिवद्धता प्राप्त भएको छ। सो मध्ये अनुदान सहायता रू.१९ अर्ब २५ करोड अर्थात् २९.४४ प्रतिशत र सहुलियतपूर्ण ऋण सहायता रू.४६ अर्ब १४ करोड अर्थात् ७०.५६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा रू.२ खर्ब ५ अर्ब ८४ करोडको विकास सहायताको प्रतिवद्धता प्राप्त भएको थियो जसमध्ये अनुदान सहायता रू.५४ अर्ब ७६ करोड अर्थात् २६.६० प्रतिशत र सहुलियतपूर्ण ऋण सहायता रू.१ खर्ब ५१ अर्ब ४० करोड अर्थात् ७३.४० प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षमा विश्व बैंकतर्फ तीनवटा आयोजनाको वार्ता सम्पन्न भईसकेको र एसियाली विकास बैंकतर्फ एउटा आयोजनाको वार्ता हुने क्रममा रहेकोले तेस्रो त्रैमासिक अवधिमा प्रतिवद्धता रकममा उल्लेख्य वृद्धि हुने अवस्था छ। विस्तृत विवरण तालिका २.३३ मा प्रस्तुत गरिएको छ।

**तालिका २.३३ विगत पाँच वर्षको प्रथम अर्धवार्षिक अवधिको विकास सहायता प्रतिवद्धता (रू.लाखमा)**

| आर्थिक वर्ष | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| वैदेशिक अनुदान | ६८५२७ | २३१२१० | २०२७८६ | ५४७६१८ | १९२५३५ |
| वैदेशिक ऋण | १०३९९९८ | ११४०००० | ३९७००० | १५१०८२२ | ४६१४०० |
| **जम्मा** | **११०८५२५** | **१३७१२१०** | **५९९७८६** | **२०५८४४०** | **६५३९३५** |

*स्रोतः अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा*

चित्र २.८ : विकास सहायताको प्रतिवद्धता



### २.५.२.१ विकास सहायता प्रतिवद्धताको क्षेत्रगत विश्लेषण

### २.४.२.१ विकास सहायता प्रतिवद्धताको क्षेत्रगत विश्लेषण

समीक्षा अवधिमा सबैभन्दा बढी प्रतिवद्धता पूर्वाधार क्षेत्रमा २ आयोजनामा रू.३४ अर्ब ३६ करोड (५२.५४ प्रतिशत) प्राप्त भएको छ। त्यसपछि क्रमशः बजेटरी सहायतामा रू.१४ अर्ब ३८ (२१.९९ प्रतिशत), जलवायु वित्तका ५ आयोजनामा ७ अर्ब १९ करोड ३२ लाख (११.०० प्रतिशत), सामाजिक क्षेत्रका ५ आयोजनामा रू.३ अर्ब ६४ करोड १९ लाख (५.५७ प्रतिशत), ऊर्जा क्षेत्रको एउटा आयोजनामा ३ अर्ब ३१ करोड ९० लाख (५.०८ प्रतिशत) रहेको देखिन्छ। साथै आर्थिक र कृषि क्षेत्रका एक एकवटा कार्यक्रममा प्रतिवद्धता प्राप्त भएको छ। प्रतिवद्धताको आयोजनागत र विकास साझेदार अनुसारको विस्तृत विवरण अनुसूची ८ मा समावेश गरिएको छ।

**तालिका २.३४ सहायता परिचालनको क्षेत्रगत विश्लेषण** *(रू.लाखमा)*

| क्र.सं. | क्षेत्र | आयोजना/ कार्यक्रम संख्या | रकम | कूल प्रतिवद्धतामा योगदान (प्रतिशत) |
|---|---|---|---|---|
| १ | आर्थिक क्षेत्र | १ | १४००० | २.१४% |
| २ | ऊर्जा | १ | ३३१९० | ५.०८% |
| ३ | कृषि | १ | १०९९४ | १.६८% |
| ४ | जलवायु वित्त | ५ | ७१९३२ | ११.००% |
| ५ | पूर्वाधार क्षेत्र | २ | ३४३६०० | ५२.५४% |
| ६ | बजेटरी सहायता | १ | १४३८०० | २१.९९% |
| ७ | सामाजिक क्षेत्र | ५ | ३६४१९ | ५.५७% |
| | जम्मा | १६ | ६५३९३५ | १००% |

*स्रोतः अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा*

**चित्र २.९ : प्रतिवद्धतामा क्षेत्रगत योगदान**



### २.५.३ विकास सहायता प्राप्तिको स्थिति

चालु आर्थिक वर्षमा रू.२ खर्ब ८७ अर्ब विकास सहायता परिचालन गर्ने अनुमान गरिएकोमा समीक्षा अवधिसम्म रू.६१ अर्ब ७ करोड अर्थात् अनुमानको २१.२७ प्रतिशत प्राप्त भएको छ। गत आर्थिक वर्षमा विकास सहायता परिचालनको अनुमान रू.२ खर्ब ७० अर्ब रहेकोमा समीक्षा अवधिमा ४९ अर्ब ९ करोड ३५ लाख अर्थात् अनुमानको १८.१८ प्रतिशत प्राप्त भएको थियो। हाल कार्यान्वयनमा रहेका वैदेशिक सहायताबाट सञ्चालित आयोजनाहरूको उपलब्ध स्रोत (Active Portfolio) हेर्दा आयोजना कार्यान्वयन प्रभावकारी हुन सकेमा वैदेशिक सहायता प्राप्तिमा उल्लेख्य बढोत्तरी हुने अवस्था छ। हाल एसियाली विकास बैंकतर्फ अमेरिकी डलर २१८६ मिलियन र विश्व बैंकतर्फ अमेरिकी डलर १६०० मिलियन प्राप्ति हुन बाँकी उपलब्ध स्रोत (Active Portfolio) रहेको छ। विस्तृत विवरण तालिका २.३५ मा प्रस्तुत गरिएको छ।

**तालिका २.३५ समीक्षा अवधिसम्म विकास सहायता प्राप्तिको स्थिति (रू.लाखमा)**

| विवरण | २०८१ पुस मसान्तसम्म | | | २०८२ पुस मसान्तसम्म | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक अनुमान | प्राप्ति | प्रतिशत | वार्षिक अनुमान | प्राप्ति | प्रतिशत |
| अनुदान | ५२३३०० | ७७१९२ | १४.७५ | ५३४५०० | ७१०७० | १३.३ |
| ऋण | २१७६७०० | ४१३७४३ | १९.०१ | २३३६६०० | ५३९६६० | २३.१ |
| **जम्मा** | **२७०००००** | **४९०९३५** | **१८.१८** | **२८७११००** | **६१०७३०** | **२१.२७** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

### २.५.४ विकास सहायताको सोधभर्ना स्थिति

आर्थिक वर्ष २०८२/८३ को शुरूवातमा विकास सहायतातर्फ नेपाल सरकारको स्रोतबाट खर्च भई सोधभर्ना प्राप्त गर्नु पर्ने रकम अनुदानतर्फ रू.२ अर्ब ५१ करोड ५८ लाख र सहुलियतपूर्ण ऋणतर्फ रू.१५ अर्ब ७२ करोड गरी जम्मा रू.१८ अर्ब २४ करोड २८ लाख रहेको थियो। चालु आर्थिक वर्षको पुस मसान्तसम्म रू.१९ अर्ब १५ करोड खर्च भई सोधभर्ना लिन बाँकी भएकोमा रू.२३ अर्ब २२ करोड शोधभर्ना प्राप्त भएको छ। समीक्षा अवधिसम्म सोधभर्ना लिन बाँकी रकम रू.१४ अर्ब १७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा सोधभर्ना लिन बाँकी रू.१३ अर्ब १७ रहेको थियो। विस्तृत विवरण तालिका २.३६ मा प्रस्तुत गरिएको छ।

**तालिका २.३६ सोधभर्नाको स्थिति (पुस मसान्तसम्म) (रू.लाखमा)**

| आर्थिक वर्ष | | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|
| आर्थिक वर्षको शुरुमा सोधभर्ना लिन बाँकी | अनुदान | ६२५११ | २५१५८.१ |
| | ऋण | १४३३०३ | १५७२७० |
| | जम्मा | २०५८१४ | १८२४२८.३ |
| चालु आर्थिक वर्षको पुस सम्म थप भएको सोधभर्ना लिन बाँकी रकम | अनुदान | ३७२६९ | ४१७३५.५ |
| | ऋण | १४४९७२ | १४९८३३.५ |
| | जम्मा | १८२२४१ | १९१५६९ |

| | | | |
|---|---|---|---|
| चालु आर्थिक वर्षको पुस सम्म प्राप्त सोधभर्ना | अनुदान | ५३६२६ | ४३०६३.४ |
| | ऋण | २०३०३६ | १८९२०१.९६ |
| | जम्मा | २५६६६२ | २३२२६५.३६ |
| पुस मसान्त सम्म सोधभर्ना बाँकी | अनुदान | ४६१५४ | २३८३०.२ |
| | ऋण | ८५२३९ | ११७९०१.७ |
| | जम्मा | १३१३९३ | १४१७३१.९ |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

### २.५.५ बजेटरी सहायताको अनुमान

चालु आर्थिक वर्षमा परिचालन हुने बजेटरी सहायताको अनुमान तालिका २.३७ मा प्रस्तुत गरिएको छ।

**तालिका २.३७ बजेटरी सहायता को विवरण** **(रू.लाखमा)**

| सहायता कार्यक्रम | बजेटरी सहायताको अनुमान | | |
|---|---|---|---|
| | दातृ निकाय | अनुमानित रकम | समीक्षा अवधि सम्मको प्रगति |
| Strengthening Public Finance and Devolved Service Delivery-Sub Program 2 | एशियाली विकास बैङ्क | १३५००००० | सम्झौता भइसकेको। |
| SASEC customs and logistic Reform | एशियाली विकास बैङ्क | ५७५०५०० | प्रक्रियामा रहेको। |
| IMF Extended Credit Facility | अन्तर्राष्ट्रिय मुद्रा कोष | ११२००००० | दुई चरणमध्ये पहिलो चरणको रकम प्राप्त भईसकेको र दोस्रो चरण वार्ताको क्रममा रहेको। |
| Reform to Accelerate Investment and Scale Employment in Nepal' Policy-Based Program under the Full Mutual Reliance Framework | विश्व बैङ्क | २०२३१२०० | कार्यक्रम विकासको क्रममा रहेको। |
| China Budget Support | चीन | २७४९८०० | प्रक्रियामा रहेको। |
| **जम्मा** | | **५३४३१५००** | |

*स्रोतः अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा*

### २.५.६ मुख्य उपलब्धिहरू

- विश्व बैङ्क (World Bank) र एसियाली विकास बैङ्क (ADB) लगायत बहुपक्षीय विकास साझेदारहरूको ऋण सहयोगमा सञ्चालन हुने पाइपलाइनमा रहेका आयोजनाहरूमा प्रोजेक्ट रेडिनेस फिल्टरको कार्यान्वयन सुरु भएको। यसबाट आयोजनाहरूमा जग्गा प्राप्ति, ईआईए (EIA) र खरीद योजना (Procurement Plan) लगायत पूर्वतयारी सुनिश्चित गरेपश्चात वित्तीय सम्झौता गर्ने प्रणाली स्थापित भएको।
- दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग (SASEC) अन्तर्गत नेपालको आयोजनामा २०८२ मंसिरमा Knowledge Workshop, Working Group Meeting र Senior Officials Meeting सम्पन्न

भएको र सो बैठकले यातायात, व्यापार सहजीकरण, ऊर्जा, सूचना तथा प्रविधि क्षेत्रमा आगामी वर्षका लागि प्राथमिकता प्राप्त क्षेत्रीय आयोजनाहरूको सूची समेत अनुमोदन गरेको।

- अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को कार्यकारी बोर्डद्वारा नेपालको विस्तारित कर्जा सुविधा (Extended Credit Facility - ECF) अन्तर्गतको छैटौं समीक्षा (Sixth Review) स्वीकृत भएको। नेपालको समष्टिगत आर्थिक स्थायित्व कायम राख्न र संरचनागत सुधारहरूलाई निरन्तरता दिने गरि यो कार्यक्रमको अवधि मे ११, २०२६ सम्म थप भएको।
- सङ्घीयता सुदृढीकरणको सिलसिलामा एशियाली विकास बैङ्क (ADB) सँग सार्वजनिक वित्त व्यवस्थापन प्रणाली सुधार, सेवा प्रवाहको गुणस्तर तथा पहुँच अभिवृद्धि, बजेट कार्यान्वयन क्षमता सुदृढीकरण तथा वित्तीय अनुशासन, पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धनका लागि नीतिमा आधारित ऋण सहयोग लिने गरी वित्तीय सम्झौता सम्पन्न भएको।
- नेपाल-युरोपेली सङ्घ (EU) संयुक्त आयोगको सोह्रौं बैठक ब्रसेल्समा सम्पन्न भएको। सो बैठकले युरोपेली सङ्घ (EU)को २०२५-२०२७ अवधिको बहुवर्षीय सांकेतिक कार्यक्रम (MIP) अन्तर्गत नेपाललाई प्रदान हुने सहयोगका प्राथमिक क्षेत्र, रणनीतिक कार्यदिशा तथा विकास सहकार्यको ढाँचा निर्धारण गरेको।
- नेपाल र भारत सरकारबीच Line of Credit (LOC) समीक्षा बैठक सम्पन्न भएको र सो मार्फत दुई देशबीच ऋण सुविधा (LOC) अन्तर्गत भइरहेको परियोजना प्रगति र वित्तीय उपयोगको समिक्षा गरिएको।
- जलवायु वित्तीय तयारी र परियोजना कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्ने संरचना स्वरुप नेपालले Green Climate Fund (GCF) Country Window Readiness कार्यक्रमअन्तर्गत आफ्नो Country Outcome Log Frame तयार गरी GCF NDA Portal मा औपचारिक रूपमा समावेश गरेको।
- नेपाल—जर्मनी Government-to-Government (G to G) Consultations बैठक सम्पन्न भएको।
- चीन सरकारसंग स्वास्थ्य सेवा, ऊर्जा, क्षमता अभिवृद्धि लगायतका क्षेत्रमा चारवटा द्विपक्षीय सहयोग सम्झौतामा हस्ताक्षर गरी दुई देशबीच विकास सहकार्य र साझेदारी मजबुत बनाइएको।
- वैकल्पिक विकास वित्त कोष स्थापना गरी विकास वित्तका लागि विद्यमान वित्तीय अन्तर परिपूर्ति गर्ने उद्देश्यका साथ वैकल्पिक वित्त सम्बन्धी विधेयक सङ्घीय संसदमा पेश गरिएको।
- जापान सरकारको सहुलियतपूर्ण ऋण सहयोगमा निर्माण हुने कोटेश्वर-जडिबुटी इन्टरसेक्सन आयोजनाको लागि वित्तीय सम्झौता सम्पन्न भएको।
- वैदेशिक लगानी (Foreign Direct Investment) र 'ब्लेन्डेड फाइनान्स' (Blended Finance) लाई समेत एउटै छातामुनि ल्याउन महाशाखा अन्तर्गत छुट्टै 'लगानी समन्वय डेस्क' (Investment Coordination Desk) स्थापना गरी कार्य प्रारम्भ गरिएको। यसबाट सहायता र लगानी बिचको तादात्म्यता कायम गर्ने कार्य सुरु भएको।

### २.५.६ विकास सहायता परिचालनमा देखिएका समस्या र गर्नु पर्ने सुधार

#### २.५.६.१ विकास सहायता परिचालनमा देखिएका समस्या

- वैदेशिक सहायताको वित्तीय सम्झौता भएपश्चात कार्यान्वयनका क्रममा समयमा नै पूर्व तयारी र ठेक्का व्यवस्थापन हुन नसक्दा प्रतिबद्धता रकम हुँदाहुँदै पनि वास्तविक प्राप्ति रकम अपेक्षाकृत कम हुने समस्या कायम नै रहेको।

- वैदेशिक सहायताका आयोजना/कार्यक्रममा अन्तर निकाय समन्वय कमजोर हुने गरेको। आयोजना/कार्यक्रम कार्यान्वयन गर्न गठन हुने उच्चस्तरीय संयन्त्रको बैठकहरू नियमित नहुने र कतिपय कार्यक्रममा बैठकनै नहुने गरेकाले कार्यन्वयनमा देखिएका समस्या लामो समयसम्म बल्झिने समस्या रहेको।
- वैदेशिक सहायताका आयोजनाको खरीद प्रक्रिया गर्दा सार्वजनिक खरीद ऐनको व्यवस्था बमोजिम दातृ पक्षकै खरीद निर्देशिका लागू हुने गरी सम्झौता भएकोमा समेत खरीद सम्बन्धित राष्ट्रिय कानून लागू गर्न खोज्दा दातृ पक्षसंगको समन्वयमा समस्या देखा पर्ने गरेको।
- सङ्घीयताको कार्यान्वयन पछी प्रदेश र स्थानीय तहमा समेत कार्यान्वयन हुने गरी वैदेशिक सहायता सम्झौता हुने गरेकोले ती तहसंग तहगत समन्वय प्रभावकारी नहुँदा कार्यक्रम कार्यान्वयन र प्रतिवेदन प्रणालीमा जटिलता उत्पन्न हुने गरेको।
- आयोजना प्रमुख र कर्मचारीहरूको बारम्बार सरुवा हुँदा आयोजना कार्यान्वयन प्रभावित हुने गरेको। नेतृत्व परिवर्तन हुँदा पछिल्लो नेतृत्वले कार्यान्वयनको अपनत्व नलिने प्रवृति देखिएको।
- बहुपक्षीय विकास साझेदारले खरीद प्रक्रिया/प्रणालीमा र मूल्याङ्कन सूचकहरूमा समय समयमा गर्ने परिवर्तनले गर्दा परिवर्तित प्रणाली कार्यान्वयन गर्न सम्वद्ध निकायको संस्थागत क्षमता कमजोर हुने गरेको।
- वैदेशिक सहायताको वित्तीय लागत बढ्दै गएको र अनुदानको अंश घट्दै गएकोले गुणस्तरीय आयोजना/कार्यक्रम छनौट हुनुपर्ने भएपनि परम्परागत हिसावले नै आयोजना प्रस्ताव हुने गरेको।
- प्रदेश र स्थानीय तहको मागका आधारमा वैदेशिक ऋण सहायता परिचालन गर्दा सम्बद्ध तहले नै ऋणको दायित्व व्यहोर्नुपर्ने नीति तय गरिएपनि सङ्घीय सरकारबाटै व्यहोर्ने गरी आयोजना/कार्यक्रम प्रस्ताव हुने गरेको।
- आयोजना कार्यान्वयनको स्वीकृत कार्यतालिका पालना नहुँदा र निर्णय प्रक्रियामा ढिलासुस्ती हुँदा अधिकांश आयोजनाहरू निर्धारित समयमा सम्पन्न नहुने, लागत बढ्ने (Cost Overrun) र राज्यलाई अतिरिक्त वित्तीय भार थपिने अवस्था विद्यमान रहेको।
- विकास सहायता प्राप्तिको चरणमा विषयगत मन्त्रालयहरूले देखाउने सक्रियता र तदारुकता आयोजना कार्यान्वयन, जनशक्ति व्यवस्थापन र नतिजा प्राप्तिको चरणमा निरन्तरता कायम नहुने चुनौति देखिएको छ।
- बजेटरी सहायता (Budgetary Support) प्राप्त गर्न तोकिएका नीतिगत सुधारका सर्तहरू (Policy Matrix) पूरा गर्ने सन्दर्भमा अर्थ मन्त्रालय र विषयगत मन्त्रालय/निकायबीचको समन्वय गर्ने कार्यमा चुनौति देखिएको।
- जलवायु वित्तका अन्तर्राष्ट्रिय कोषहरू (जस्तैः GCF) मा पहुँच पुऱ्याउन आवश्यक पर्ने गुणस्तरीय आयोजना प्रस्ताव लेखन र सोको परिचालनका लागि सम्बन्धित निकायहरूको प्राविधिक तथा संस्थागत क्षमता विकास हुन नसकेको।
- निजी क्षेत्रका आयोजनामा 'ब्लेन्डेड फाइनान्स' परिचालन गर्ने सन्दर्भमा सरकारले लिने जोखिम, प्रत्याभूति र कानुनी अस्पष्टता विद्यमान रहेको।

- वैदेशिक मुद्राको विनिमय दरमा हुने उतारचढाव र सम्भावित जोखिमको वैज्ञानिक विश्लेषण र पूर्वानुमान गर्ने प्रणाली हालसम्म स्थापना गर्न नसकिएको। विनिमय दरको हिसावले कम जोखिमयुक्त वैदेशिक मुद्रामा वित्तीय सम्झौता गर्ने नीति अवलम्वन गर्न नसकिएको।
- बजारमा हाल औषत व्याजदर न्यून रहेको अवस्थामा सार्वजनिक संस्थान मार्फत सहायक ऋण सम्झौता गरी सहुलियतपूर्ण वैदेशिक ऋण परिचालन गर्ने कार्य चुनौतिपूर्ण देखिएको।
- वैदेशिक सहायतामा सञ्चालित आयोजनामा नेपाल सरकारले अनिवार्य रूपमा बेहोर्नुपर्ने समपूरक कोषको पर्याप्त विनियोजन र समयमै निकासा नहुँदा आयोजनाको भौतिक प्रगति र सोधभर्ना प्रक्रिया अवरुद्ध हुने गरेको।

### २.५.६.२ विकास सहायता परिचालनमा गर्नु पर्ने सुधार

- Project Readiness Filter को कार्यान्वयन शुरु भएकोले सबै वैदेशिक सहायताका आयोजना/कार्यक्रममा यसको प्रभावकारी कार्यान्वयन गरी आयोजना/कार्यक्रम पूर्व तयारीलाई प्रभावकारी बनाउने।
- आयोजना/कार्यक्रम कार्यान्वयनमा अन्तर निकाय/तह समन्वय सुदृढ गर्न Steering Committee बैठकहरू नियमित गर्ने। देखिएका समस्याहरू तत्काल समाधानमा लैजाने।
- विकास साझेदारका खरीद सम्बन्धी निर्देशिकाका सम्बन्धमा आयोजना कार्यालयहरूलाई पर्याप्त तालिम/क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।
- वन क्षेत्रको स्वीकृति, वातावरण कानूनमा देखिएका विभिन्न असंगतिमा सुधार गर्ने। रूख गणना प्रकृयालाई डिजिटाइजेशन गर्ने।
- वैदेशिक सहायताको वित्तीय लागत क्रमशः बढ्दै गएकोले आयोजना/कार्यक्रम छनौट गर्दा वित्तीय र आर्थिक प्रतिफल थप सुनिश्चित हुने गरी सहायता स्वीकार गर्ने।
- प्रदेश र स्थानीय तहको मागको आधारमा वैदेशिक ऋण सम्झौता गर्दा सो तहले नै ऋणको साँवा व्याजको दायित्व व्यहोर्नुपर्ने र Counterpart Funding गर्ने विषयमा दातृ पक्ष र सम्वद्ध तहलाई आयोजना विकासको शुरु देखिनै जानकारी गराउनुपर्ने।
- आयोजना/कार्यक्रमलाई तोकिएको समय र लागतमा सम्पन्न गराउन अनुगमन प्रणालीलाई नतिजामूलक बनाई समय र लागत वृद्धि (Time and Cost Overrun) हुने समस्या अन्त्य गर्न उच्चस्तरीय अनुगमन संयन्त्र परिचालन गर्ने।
- सहायता परिचालनको पारदर्शिताका लागि मन्त्रालयमा रहेको डिजिटल प्लेटफर्म (DFMIS) लाई अन्य सरकारी सूचना प्रणालीसँग अन्तरआबद्धता (Integration and Interoperability) गराई तथ्याङ्कलाई यथार्थपरक र एकीकृत बनाउने।
- बजेटरी सहायता (Budgetary Support) बापत प्राप्त हुने वैदेशिक ऋणलाई उपभोग खर्चमा नभई पुँजी निर्माण र रूपान्तरणकारी पूर्वाधार आयोजनामा आबद्ध गरी परिचालन गर्ने नीतिको प्रभावकारी कार्यान्वयन गर्ने।
- नीतिगत सुधारमा आधारित सहायताका सर्तहरू (Policy Matrix) पूरा गर्न र अन्तर-निकाय समन्वयलाई चुस्त बनाउन उच्चस्तरीय अन्तर-मन्त्रालय समन्वय समिति गठन गरी निरन्तर सहजीकरण गर्ने।

- वैदेशिक मुद्राको विनिमय दरमा हुने उतारचढावबाट आयोजनाको लागतमा पर्ने असर न्यूनीकरण गर्न आयोजना तर्जुमाकै चरणमा वैज्ञानिक विश्लेषण गरी 'हेजिङ' लगायतका जोखिम व्यवस्थापनका उपाय अवलम्बन गर्ने।
- जलवायु वित्त परिचालनलाई व्यवस्थित बनाउन छुट्टै कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने र अन्तर्राष्ट्रिय कोषहरूमा प्रत्यक्ष पहुँच (Direct Access) स्थापना गर्न सम्बन्धित निकायहरूको क्षमता अभिवृद्धि गर्ने।
- अनुदान र सहुलियतपूर्ण ऋणको अंश घट्दै गएको सन्दर्भमा 'ब्लेन्डेड फाइनान्स' (Blended Finance) र हरित बन्ड जस्ता वैकल्पिक विकास वित्तका उपकरणहरूको सम्भाव्यता अध्ययन गरी प्रयोगमा ल्याउने।

## परिच्छेद - तीन
## राष्ट्रिय गौरवका आयोजनाको प्रगति अवस्था

### ३.१ पृष्ठभूमि

नेपाल सरकारले आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक तथा मानव विकासका दृष्टिले रणनीतिक महत्वका आयोजनालाई आर्थिक वर्ष २०६८/६९ देखि राष्ट्रिय गौरवका आयोजनाका रूपमा वर्गीकरण गरी प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ। सडक, ऊर्जा, सिँचाइ, खानेपानी, पर्यटन तथा वन क्षेत्रसँग सम्बन्धित यस्ता आयोजनालाई दीर्घकालीन आर्थिक वृद्धिमा योगदान दिने परियोजनाका रूपमा प्राथमिकता दिनुका साथै तिनको कार्यान्वयन सुनिश्चित गर्न आवश्यक स्रोतसाधनको व्यवस्थापन गरिएको छ। राष्ट्रिय गौरवका आयोजनाहरूको भूमिकालाई राष्ट्रिय सुरक्षाको सुदृढीकरण, सामाजिक तथा साँस्कृतिक एकीकरण, संरचनागत आर्थिक रूपान्तरण, रोजगारी सिर्जना र उद्यमशीलताको प्रवर्द्धनमा सहयोगी हुनेगरी कार्यान्वयन गर्न जोड दिइएको छ।

आर्थिक वर्ष २०६८/६९ को शुरुमा १७ वटा राष्ट्रिय गौरवका आयोजना पहिचान गरिएकोमा नेपाल सरकारले आवश्यकता र औचित्यताको आधारमा क्रमागत तथा नयाँ आयोजनालाई समेत समावेश गरी यस्ता आयोजनाको संख्या विस्तार गरी २७ वटा पुगेकोमा सम्पन्न भइसकेका बाहेक आर्थिक वर्ष २०८२/८३ सम्म आइपुग्दा २३ आयोजना कार्यान्वयनमा रहेका छन्। यस्ता आयोजनाहरूलाई राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रूपमा स्थापित गर्न ऊर्जा, यातायात, हवाई सेवा, रेल, सिँचाइ, खानेपानी र पर्यटन जस्ता रणनीतिक क्षेत्रका परियोजनाहरूलाई उच्च प्राथमिकता प्रदान गरिएको छ।

सरकारद्वारा घोषित राष्ट्रिय गौरवका आयोजनाहरूको सुदृढ कार्यान्वयनका लागि अनुकूल वातावरण तथा सक्षम संस्थागत प्रबन्ध गर्नुका साथै सघन अनुगमन र मूल्याङ्कनमार्फत अपेक्षित नतिजा हासिल गर्ने नीति अवलम्बन गरिएको छ। आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन राष्ट्रिय योजना आयोगमार्फत अनुगमन, समन्वय तथा सहजीकरणको प्रबन्ध गरिएको छ। यस प्रकारका आयोजना तयारी र कार्यान्वयनका क्रममा देखा पर्ने समस्या समाधानका लागि राष्ट्रिय विकास समस्या समाधान समितिको संयोजनमा आवश्यक छलफल तथा निर्णय लिइने व्यवस्था मिलाइएको छ।

राष्ट्रिय गौरवका आयोजना नेपालको विकासका लागि नयाँ आयाम हुन्। यी आयोजनाले देशलाई आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक रूपमा सबल बनाउने लक्ष्य पूरा गर्न भूमिका निर्वाह गर्दछन्। यी आयोजनाले नेपालको प्राकृतिक सम्पदा, साँस्कृतिक धरोहर र मानवीय क्षमतालाई उपयोगमा ल्याई देशलाई आत्मनिर्भर बनाउने दिशामा अग्रसर गराउँछन्। यस्ता आयोजनाको संख्यालाई वाञ्छित सीमाभित्र राखी गुणस्तर अभिवृद्धिमार्फत विकास परिणाम हासिल गर्न सर्वपक्षीय समन्वय र थप क्रियाशीलता अपेक्षित छ।

### ३.२ नीतिगत एवम् कानूनी व्यवस्था

नेपाल सरकारबाट स्वीकृत आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० मा राष्ट्रिय गौरवका आयोजना निर्धारणका लागि देहाय बमोजिमको आधार तोकिएको छ।

राष्ट्रिय गौरवका आयोजनाः मापदण्ड अनुसार नेपाल सरकारले देहायको आधारमा कुनै आयोजनालाई राष्ट्रिय योजना आयोगको सिफारिसमा राष्ट्रिय गौरवका आयोजना घोषणा गर्न सक्ने व्यवस्था रहेको छ। यस मापदण्ड प्रारम्भ हुनु अघि घोषणा भएका राष्ट्रिय गौरवका आयोजनाको पुनरावलोकन राष्ट्रिय

योजना आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने तथा राष्ट्रिय गौरवका आयोजना घोषणा गर्दा राष्ट्रिय गौरवका चालु आयोजनाको सम्पन्न गर्ने समयावधि बढीमा १० वर्षको हुनेछ।

(क) लागत रकम कम्तीमा पचास अर्ब रुपैयाँ भएको,

(ख) विकासको राष्ट्रिय प्राथमिकता र रणनीतिको विषय क्षेत्रभित्र परेको,

(ग) सरकारको दीर्घकालीन सोच तथा लक्ष्य प्राप्तिमा प्रत्यक्ष योगदान पुऱ्याउने,

(घ) आयोजना सञ्चालनबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेखीय योगदान पुऱ्याउने,

(ङ) आर्थिक क्रियाकलापमा वृद्धि, रोजगारी सिर्जना र उद्यमशीलताको प्रवर्द्धनमा उदाहरणीय स्तरको अग्र तथा पृष्ठ सम्बन्ध रहेको,

(च) राष्ट्रिय सुरक्षा वा सामाजिक, साँस्कृतिक एकीकरण वा संरचनात्मक आर्थिक रुपान्तरणका हिसाबले रणनीतिक महत्व राख्ने,

(छ) आम समुदायमा राष्ट्रिय भावना जगाई एकताको सुत्रमा जोड्न योगदान पुऱ्याउने,

(ज) सामाजिक रुपान्तरण तथा मानव विकासमा सकारात्मक प्रभाव पार्ने।

## ३.३ गत आर्थिक वर्षसम्मको प्रगतिको अवस्था

आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय गौरवका आयोजनाहरूको लागि रू.६८ अर्ब ९ करोड ८५ लाख बजेट विनियोजन गरिएकोमा रू.४४ अर्ब २० करोड ६७ लाख खर्च भई वित्तीय प्रगति ६४.९२ प्रतिशत भएको छ।

## ३.४ राष्ट्रिय गौरवका आयोजनाको बजेट र प्रगति समीक्षा

नेपाल सरकारले राष्ट्रिय गौरवका रुपमा अगाडि बढाएका आयोजनामध्ये माथिल्लो तामाकोशी जलविद्युत आयोजना, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल तथा मेलम्ची खानेपानी आयोजनाको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको छ। पश्चिम सेती जलविद्युत आयोजनाको निर्माण मोडालिटि तयार हुने क्रममा रहेको छ। अन्य आयोजना कार्यान्वयनको चरणमा रहेका छन्। २७ वटा राष्ट्रिय गौरवका आयोजनामध्ये चालु आर्थिक वर्षमा २३ वटा आयोजनाका लागि चालुतर्फ रू.३ अर्ब ४५ करोड २० लाख, पुँजीगततर्फ रू.६२ अर्ब ४२ करोड ८ लाख र वित्तीय व्यवस्थातर्फ रू.१ अर्ब २१ करोड ३६ लाख गरी जम्मा रू.६७ अर्ब ८ करोड ६४ लाख विनियोजन गरिएकोमा समीक्षा अवधिमा चालुतर्फ रू.७९ करोड ३४ लाख, पुँजीगततर्फ रू.९ अर्ब ६० करोड ५ लाख गरी जम्मा रू.१० अर्ब ३९ करोड ३९ लाख खर्च भएको छ। जस अनुसार राष्ट्रिय गौरवका आयोजनाको समीक्षा अवधिमा १५.४९ प्रतिशत खर्च भएको छ। सो आयोजनाको आयोजनागत विनियोजन र खर्चको विवरण अनुसूची १२ मा उल्लेख गरिएको छ। राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयनको अवस्था र हालसम्मको प्रगतिको विवरण देहाय अनुसार रहेको छ।

**तालिका ३.१ राष्ट्रिय गौरवका आयोजनाको समिक्षा अवधिसम्मको प्रगति स्थिति** (रू.लाखमा)

| क.सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरू भएको वर्ष | निर्माण सम्पन्न हुने आर्थिक वर्ष | आयोजनाको प्रारम्भिक लागत | आयोजनाको संशोधित लागत | आर्थिक वर्ष २०८१/८२ सम्मको खर्च | आर्थिक वर्ष २०८१/८२ सम्मको भौतिक प्रगति (%) | आर्थिक वर्ष २०८२/८३ को खुद बजेट | चालु आर्थिक वर्षको पुससम्मको खर्च | चालु आर्थिक वर्षको पुससम्मको वित्तीय प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुष्पलाल (मध्य पहाडी) राजमार्ग आयोजना | १ हजार ८ सय ७९ कि.मी. | (पूर्वको पाँचथर जिल्लाको चिवाभन्ज्याङ्गदेखि पश्चिमको बैतडी जिल्लाको झुलाघाटसम्म — २६ जिल्ला) | २०६४/६५ | २०८४/८५ | ३३ अर्ब ३६ करोड | ८४ अर्ब ३३ करोड | ७१ अर्ब १० करोड | ८१.७३% | ४ अर्ब ७ करोड ११ लाख | ८० करोड ५६ लाख | १९.७९% | • १५२९.०६ कि.मि. कालोपत्रे सडक निर्माण सम्पन्न।<br>• ११४ वटा पुल निर्माण सम्पन्न। |
| २ | हुलाकी राजमार्ग | १ हजार ८ सय ५७ कि.मी. | पूर्वमा झापाको भद्रपुरबाट पश्चिममा कञ्चनपुरको दैजीसम्म तराई-मधेशका जिल्ला सदरमुकाम जोड्ने | २०६६/६७ | २०८३/८४ | ४७ अर्ब २४ करोड | १ खर्ब १ अर्ब ६३ करोड | ७१ अर्ब ५५ करोड | ७४.३५% | ३ अर्ब ६६ करोड ४२ लाख | १ अर्ब ३८ करोड ११ लाख | ३७.६९% | • १३८०.७ कि.मि. कालोपत्रे सडक निर्माण सम्पन्न।<br>• १५३ वटा पुल निर्माण। |
| ३.१ | उत्तर दक्षिण लोकमार्ग (कोशी करिडोर) | १ सय ६२ कि.मी. | जोगवानी देखि विराटनगर, इटहरी, धनकुटा, खाँदबारी किमाथांका | २०६५/६६ | २०८५/८६ | ११ अर्ब ९३ करोड | १६ अर्ब २० करोड | ६ अर्ब ६८ करोड | ४५.००% | | | | • १६२ कि.मि. ट्रयाक निर्माण,<br>• १६ कि.मि. कालोपत्रे सडक निर्माण,<br>• १० वटा पुल निर्माण सम्पन्न। |
| ३.२ | नेपाली सेना तर्फः खाँदबारी-किमाथांका (च्याम्ताङ्ग-घोङ्गप्पा खण्ड) सडक | १०.५१ कि.मि. | संखुवासभा /कोशी | २०७७/७८ | २०८२/८३ | ६२ करोड ९० लाख | ६२ करोड ९० लाख | ५५ करोड ९२ लाख | - | ३ अर्ब ७४ करोड ४१ लाख | ९९ करोड ७९ लाख | २६.६५% | • १०.५१ कि.मि. ट्रयाक निर्माण |
| ४.१ | कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना | २९३ कि.मि. | नवलपरासी पूर्वी खण्ड, पाल्पा, गुल्मी, बाग्लुङ्ग, पर्वत र स्याङ्जा जिल्ला | २०६६/६७ | २०८३/८४ | २० अर्ब | २० अर्ब | १४ अर्ब ७ करोड | ७९.८६% | | | | • २९३ कि.मि. ट्रयाक निर्माण,<br>• २३८ कि.मि. कालोपत्रे सडक निर्माण,<br>• ३६ वटा पुल निर्माण |
| ४.२ | कालिगण्डकी कोरिडोर (बेनी जोमसोम कोरला सडक योजना) | २०२ कि.मि. | पर्वत, म्याग्दी र मुस्ताङ्ग जिल्ला | २०७३/७४ | २०८२/८३ | १० अर्ब ५७ करोड | १० अर्ब ५७ करोड | ८ अर्ब २० करोड १५ लाख | ८५.००% | | | | • २०२ कि.मि. ट्रयाक निर्माण,<br>• ८७ कि.मि. ग्राभेल सडक निर्माण, |

| क्र.सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरू भएको वर्ष | निर्माण सम्पन्न हुने आर्थिक वर्ष | आयोजनाको प्रारम्भिक लागत | आयोजनाको संशोधित लागत | आर्थिक वर्ष २०८१/८२ सम्मको खर्च | आर्थिक वर्ष २०८१/८२ सम्मको भौतिक प्रगति (%) | आर्थिक वर्ष २०८२/८३ को खुद बजेट | चालु आर्थिक वर्षको पुससम्मको खर्च | चालु आर्थिक वर्षको पुससम्मको वित्तीय प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | • ८६ कि.मि. कालोपत्रे सडक निर्माण,<br>• १५ वटा पुल निर्माण |
| ५.१ | उत्तर दक्षिण कर्णाली कोरिडोर (कर्णाली कोरिडोर दक्षिण खण्ड - खुलालु सल्लिसल्ला सडक योजना) | १२३ | मुगु, हुम्ला | २०६९/७० (२०८०/८१ मा कार्यालय स्थापना) | २०८४/८५ | १४ अर्ब | १४ अर्ब | ७१ करोड ८२ लाख | ५.१३% | | | | • १२३ कि.मि. ट्र्याक निर्माण,<br>• ३५ कि.मि. ग्राभेल सडक निर्माण |
| ५.२ | उत्तर दक्षिण कर्णाली कोरिडोर (कर्णाली कोरिडोर उत्तर खण्ड, हिल्सा-सिमिकोट सडक योजना) | १४६ | हुम्ला | २०६९/७० | २०८४/८५ | ६ अर्ब ६६ करोड | १५ अर्ब | २ अर्ब ३ करोड ९५ लाख | ३६.००% | | | | • १४५.८ कि.मि. ट्र्याक निर्माण,<br>• ४१.५ कि.मि. ग्राभेल सडक निर्माण,<br>• ३ वटा पुल निर्माण |
| **५.३** | नेपाली सेना तर्फः लालिबगर-दुल्लीकुन्ना खण्ड र घाट पारिचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड | २२.०५ कि.मि. | कालिकोट, बाजुरा, हुम्ला /कर्णाली | २०७८/७९ | २०८२/८३ | १ अर्ब १३ करोड ८२ लाख | १ अर्ब १३ करोड ८२ लाख | ६३ करोड ५१ लाख | **८३.९०%** | | | | • १८.७४ कि.मि. नयाँ ट्र्याक निर्माण, |
| ६ | रेल मेट्रो रेल तथा मनोरेल विकास आयोजना | कुल १००३ कि.मि. मध्ये कार्यान्वयन भइरहेको ७० कि. मि. | मधेश प्रदेश, महेत्तरी, सर्लाही र रौतहट | २०६५/६६ | २०८६/८७ | ७० अर्ब ६२ करोड (बर्दिबास निजगढ खण्ड) | ९ खर्ब ५५ अर्ब (मेची महाकाली रेलमार्ग) | ३२ अर्ब ९५ करोड | ५.००% | २ अर्ब ७२ करोड ४२ लाख | २२ करोड २८ लाख | ८.१८% | • ६८ कि मि रेलवे ट्र्याकवेड<br>• १६ वटा रेलपुलहरू सम्पन्न |
| **७** | काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना | ७०.९७७ कि.मि. | काठमाण्डौ, ललितपुर, मकवानपुर र बारा | २०७३/७४ | २०८३/८४ | २ खर्ब १३ अर्ब ९५ करोड | २ खर्ब ११ अर्ब ९३ करोड | ८० अर्ब ५४ करोड | ४२.१३% | २४ अर्ब ४९ करोड ४९ लाख | २ अर्ब ४२ करोड ९६ लाख | ९.९२% | |
| ८ | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना, सिमरा, बारा | ८ हजार ४५ हेक्टर क्षेत्रफल | निजगढ, बारा | २०७१/७२ | हालसम्म यकिन नभएको। | - | - | - | - | २३ करोड ८० लाख | - | ० | कार्य प्रारम्भ नभएको। |

| क.सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरू भएको वर्ष | निर्माण सम्पन्न हुने आर्थिक वर्ष | आयोजनाको प्रारम्भिक लागत | आयोजनाको संशोधित लागत | आर्थिक वर्ष २०८१/८२ सम्मको खर्च | आर्थिक वर्ष २०८१/८२ सम्मको भौतिक प्रगति (%) | आर्थिक वर्ष २०८२/८३ को खुद बजेट | चालु आर्थिक वर्षको पुससम्मको खर्च | चालु आर्थिक वर्षको पुससम्मको वित्तीय प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | पशुपति क्षेत्र विकास कोष | पाशुपत क्षेत्र/२६४ हेक्टर | काठमाण्डौं/ बागमती | २०७०/७१ | निरन्तर | २ अर्ब ३ करोड (प्रथम चरणको गुरुयोजना) | १८ अर्ब (दोस्रो चरणको गुरुयोजना) | ३ अर्ब ८० करोड | ८२.००% | ७८ करोड ९१ लाख | ११ करोड ६६ लाख | १४.७८% | |
| १० | लुम्बिनि विकास कोष | १ हजार १ सय ५५ विगाहा | नवलपरासी रामग्राम, रूपन्देही र कपिलवस्तु | २०६९/७० | २०८२/८३ | ५ अर्ब ५५ करोड | १३ अर्ब २६ करोड | ८ अर्ब ३१ करोड | ८८.००% | ४९ करोड ९ लाख | २० करोड ९५ लाख | ४२.६८% | |
| ११ | बुढीगण्डकी जलविद्युत आयोजना | १२ सय मे.वा. विद्युत उत्पादन | गोरखा/धादिङ्ग जिल्ला | २०६९/७० | वित्तीय प्रबन्ध सुनिश्चित भए पश्चात १० वर्ष | २ खर्ब ६० अर्ब | ४ खर्ब ६ अर्ब २ करोड | ४२ अर्ब ५७ करोड | १०.००% | ४६ करोड ६३ लाख | - | - | • विस्तृत आयोजना प्रतिवेदन तयार भएको, वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न,<br>• रैकर जग्गाको मुआब्जा र घरगोठ लगायत भौतिक संरचना, फलफुल तथा वोटविरुवाको क्षतिपूर्ति वितरण – करिब ९५% सम्पन्न,<br>कम्पनीको कार्यक्रम तथा वजेट र O&M निर्माण गरी कम्पनीको बोर्ड बैठक वाट स्वीकृत भएको। |
| १२ | पश्चिम सेती जलविद्युत आयोजना | | | | | | | | | | | | लगानी बोर्डमा सिफारिश गरिएको, |
| १३ | बबई सिँचाई आयोजना | ३६ हजार हेक्टर सिँचाई | लुम्बिनी प्रदेश, बर्दिया जिल्ला | २०४५/४६ | २०८५/८६ | १२ अर्ब ६७ करोड | २८ अर्ब ६९ करोड ३१ लाख | १५ अर्ब ७८ करोड | ७८.७४% | १ अर्ब ८२ करोड ८१ लाख | ७५ करोड ८६ लाख | ४१.४९% | • हेडवर्क्स निर्माण कार्य सम्पन्न,<br>• पूर्वी मूलनहर निर्माण कार्य ३४.५ कि.मि. सम्पन्न,<br>• पश्चिम मूलनहर निर्माण कार्य ३१.६ कि.मि. सम्पन्न,<br>• शाखा, उपशाखा तथा प्रशाखा नहर निर्माण ३२१.५ कि.मि. सम्पन्न,<br>• सिंचित क्षेत्र/वाढीबाट क्षतिग्रस्त क्षेत्र तथा संरचना संरक्षण ३०.०४ कि.मि. सम्पन्न, |

| क्र.सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरू भएको वर्ष | निर्माण सम्पन्न हुने आर्थिक वर्ष | आयोजनाको प्रारम्भिक लागत | आयोजनाको संशोधित लागत | आर्थिक वर्ष २०८१/८२ सम्मको खर्च | आर्थिक वर्ष २०८१/८२ सम्मको भौतिक प्रगति (%) | आर्थिक वर्ष २०८२/८३ को खुद बजेट | चालु आर्थिक वर्षको पुससम्मको खर्च | चालु आर्थिक वर्षको पुससम्मको वित्तीय प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | सिंचित क्षेत्र विकास तथा विस्तार २७३३० हेक्टर सम्पन्न। |
| १४ | महाकाली सिँचाई आयोजना | ३३ हजार ५ सय २० हेक्टर सिँचाई | सुदुरपश्चिम प्रदेश, कञ्चनपुर जिल्ला | २०६३/६४ | २०८७/८८ | ११ अर्ब | ३५ अर्ब २ करोड ६४ लाख | ९ अर्ब ५० करोड | २६.६५% | २ अर्ब २ लाख | ३१ करोड ६६ लाख | १५.८३% | • २८.८० कि.मि. मूल नहर निर्माण कार्य सम्पन्न।<br>• १८ कि.मि. शाखा नहर निर्माण कार्य सम्पन्न।<br>८ कि.मि. तटबन्ध निर्माण कार्य सम्पन्न। |
| १५ | सिक्टा सिँचाई आयोजना | ४२ हजार ७ सय ६६ हेक्टर सिँचाई | लुम्बिनी प्रदेश, बाँके जिल्ला | २०६१/६२ | २०८९/९० | १२ अर्ब ८० करोड | ५२ अर्ब ८९ करोड | २२ अर्ब ९१ करोड | ४४.३३% | १ अर्ब ५७ करोड ४७ लाख | ४३ करोड ८३ लाख | २७.८४% | दायाँ तर्फका अन्य शाखा तथा प्रशाखा नहर अन्तर्गत प्रसेनीपुर शाखा, अकलघरवा शाखा, सिधनिया शाखाको निर्माण कार्य करिब ७०% भएको। जग्गा अधिग्रहण कार्य भएको।पूर्वी तर्फ लिफ्ट सिँचाई कार्यको ठेक्का सम्झौता भई निर्माण कार्य ५०% भएको। |
| १६ | रानी जमरा कुलरिया सिँचाई आयोजना | ३८ हजार ३ सय हेक्टर सिँचाई | सुदुरपश्चिम प्रदेश, कैलाली जिल्ला | २०६७/६८ | २०८७/८८ | १२ अर्ब ३७ करोड | २८ अर्ब ७८ करोड २१ लाख | २० अर्ब ५७ करोड | ७४.७६% | २ अर्ब ३९ करोड ३६ लाख | १७ करोड ५२ लाख | ७.३२% | • जल विद्युत उत्पादन ४.७१ MW,<br>फेज-२ अन्तर्गत रानी pilot, जमरा pilot, रानी लट-१, कुलारिया CAD-२ का कार्यहरू |
| १७ | भेरी - बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ५१ हजार हेक्टर, सिँचाई ४६.८ मे.वा.विद्युत उत्पादन | कर्णाली प्रदेश, जिल्ला सुर्खेत, बाँके र बर्दिया | २०६८/६९ | २०८७/८८ | १६ अर्ब ४३ करोड | ३३ अर्ब १९ करोड ६६ लाख | १८ अर्ब १ करोड | ६९.००% | २ अर्ब ६ करोड ५३ लाख | ६८ करोड १३ लाख | ३२.९९% | • सुरुङ्ग निर्माण सम्पन्न,<br>• सिभिल निर्माण कार्य ५६%,<br>हाइड्रोमेकानिकल निर्माण कार्य ५०% र इलेक्ट्रोमेकानिकल निर्माण २कार्य ५५% सम्पन्न। |
| १८ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशीय आयोजना | १ लाख २२ हजार हेक्टर सिँचाई, ३१.२ मे.वा.विद्युत उत्पादन | बागमती प्रदेश, सिन्धुली, रामेछाप जिल्ला | २०७३/७४ | २०८८/८९ | ४६ अर्ब ४३ करोड | ६१ अर्ब ६५ करोड २२ लाख | १६ अर्ब ५५ करोड | ३३.८३% | २ अर्ब ३० करोड ७९ लाख | १७ करोड ४१ लाख | ७.५४% | • सुरुङ्ग निर्माण सम्पन्न,<br>सिभिल निर्माण कार्यको भौतिक प्रगति १०% सम्पन्न। |
| १९ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | चुरे वातावरण संरक्षण क्षत्रः १२.७८% | ३७ जिल्ला/ ७ वटै प्रदेश | २०७१/७२ | २०९३/९४ | २ खर्ब ४९ अर्ब ७० करोड | २ खर्ब ४९ अर्ब ७० करोड | १६ अर्ब ६ करोड ८८ लाख | ६.३९% | १ अर्ब ६९ करोड ३४ लाख | ५ करोड ८५ लाख | ३.४६% | पुँजीगत तर्फका बजेट रोक्का रहेकोले भौतिक |

| क.सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरू भएको वर्ष | निर्माण सम्पन्न हुने आर्थिक वर्ष | आयोजनाको प्रारम्भिक लागत | आयोजनाको संशोधित लागत | आर्थिक वर्ष २०८१/८२ सम्मको खर्च | आर्थिक वर्ष २०८१/८२ सम्मको भौतिक प्रगति (%) | आर्थिक वर्ष २०८२/८३ को खुद बजेट | चालु आर्थिक वर्षको पुससम्मको खर्च | चालु आर्थिक वर्षको पुससम्मको वित्तीय प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | (१८९६३ वर्ग कि.मि.) र<br>राष्ट्रपति चुरे संरक्षण कार्यक्रमः २६.८४% (३९२५२ हेक्टर) (चुरे तराई र मधेश समेत) | | | | | | | | | | | प्रगति अनुमान गर्न नसकिएको। |
| २० | मेलम्ची खानेपानी आयोजना (पहिलो चरण) | काठमाण्डौ उपत्यका १७ करोड लिटर खानेपानी उपलब्ध | काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपालाञ्चोक तथा सिन्धुपाल्चोक | २०५५/५६ | २०८५/८६ | १७ अर्ब ४३ करोड | ३१ अर्ब ३६ करोड | ३० अर्ब ७९ करोड ७३ लाख | ९९.५२% | ७२ करोड ६९ लाख | ९ करोड ११ लाख | १२.५३% | हेडवर्क्स तथा सुरुङ्ग सञ्चालन गरी काठमाडौंमा खानेपानी वितरण गरिएको। |
| २१ | काठमाडौ उपत्यका थोक खानेपानी प्रशारण आयोजना (दोस्रो) | काठमाडौं उपत्यका/ मेलम्ची उपत्यका | काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलान्चोक तथा सिन्धुपलान्चोक | २०७५/०७६ | - | ३४ अर्ब ३४ करोड | ३४ अर्ब ३४ करोड | १ अर्ब ४५ करोड ३७ लाख | १२.८६% | २ अर्ब ४७ करोड ७१ लाख | ६३ लाख | ०.२५% | |
| २२ | मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसिए-नेपाल) - | विद्युत प्रसारण आयोजना (३१५ कि.मी. र ३ वटा सबस्टेशन)र सडक मर्मत आयोजना (७६कि.मी.) | ३ प्रदेश र १० जिल्ला<br>१ प्रदेश र १ जिल्ला | २०७४/७५ (२०१७/१८) | २०८५/८६ (२०२८/२९) | ६३०० अमेरिकी डलर | ७४७० अमेरिकि डलर | ९ अर्ब ८१ करोड ५४ लाख | ११.२७% | ८ अर्ब ४६ करोड ७१ लाख | १ अर्ब ५३ करोड ९ लाख | १८.०८% | • विद्युत प्रशारण लाइनको १९ वटा टावर फाउण्डेसन काम सम्पन्न।<br>• ९ जिल्लामा जग्गा अधिग्रहण गरी मुआब्जा वितरणको काम भइरहेको। |
| २३ | मूलपानी क्रिकेट ऐकेडमी तथा रङ्गशाला | २९४ रोपनी ११ आना २ पैसा | बागमती प्रदेश, काठमाडौं जिल्ला | २०८०/८१ | एकिन नभएको | ७ अर्ब ४९ करोड २४ लाख | ७ अर्ब ४९ करोड २४ लाख | १ करोड ६३ लाख | - | २० करोड | - | - | DPR को संशोधन स्वीकृत भएको। पुरानो DPR वमोजिम ३८ प्रतिशत निर्माण कार्य सम्पन्न भएको। EIA सम्पन्न भएको र राष्ट्रिय योजना बैङ्कमा प्रविष्टि गरिएको। |
| २४ | गिरीजा प्रसाद कोईराला क्रिकेट रंगशाला | १०.३२ हेक्टर | कोशी प्रदेश,मोरङ जिल्ला | २०८०/८१ | २०८५/८६ | ३ अर्ब ६४ करोड ६३ लाख | ३ अर्ब ६४ करोड ६३ लाख | ३६.४८ लाख | - | १६ करोड | - | - | DPR स्वीकृत भएको, EIA सम्पन्न भएको र राष्ट्रिय योजना बैङ्कमा प्रविष्टि गरिएको। |

| क्र.सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरू भएको वर्ष | निर्माण सम्पन्न हुने आर्थिक वर्ष | आयोजनाको प्रारम्भिक लागत | आयोजनाको संशोधित लागत | आर्थिक वर्ष २०८१/८२ सम्मको खर्च | आर्थिक वर्ष २०८१/८२ सम्मको भौतिक प्रगति (%) | आर्थिक वर्ष २०८२/८३ को खुद बजेट | चालु आर्थिक वर्षको पुससम्मको खर्च | चालु आर्थिक वर्षको पुससम्मको वित्तीय प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | ICAO Code 4'D' अन्तर्गत २५०० मिटरको धावनमार्ग सहित अन्तर्राष्ट्रिय विमानस्थल निर्माण | गण्डकी प्रदेश, कास्की जिल्ला | २०७४/७५ | २०७९/८० सम्पन्न | २२ अर्ब | २२ अर्ब | २१ अर्ब ७५ करोड ६५ लाख | ९९.६०% | १ करोड | ०.०० | १००% | निर्माण सम्पन्न |
| २६ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | ICAO Code 4'E' अन्तर्गत ३००० मिटर धावनमार्ग सहित अन्तर्राष्ट्रिय विमानस्थल | लुम्बिनी प्रदेश, रूपन्देही जिल्ला | २०७२/७३ | २०७८/७९ | ६ अर्ब २२ करोड | ६ अर्ब ६३ करोड | ६ अर्ब ८२ करोड | १००% | - | - | १००% | सम्पन्न भएको। |
| २७ | मथिल्लो तामाकोशी जलविधुत आयोजना | ४ सय ५६ मे. बाट जल विधुत उत्पादन | दोलखा जिल्ला | २०६७/६८ | २०७७/७८ | ३५२९०० | सम्पन्न भएको। | सम्पन्न भएको। | | | | | |

*स्रोतः राष्ट्रिय योजना आयोग/विषयगत मन्त्रालय*

प्रस्तुत तालिका ३.१ मा नेपालका २७ वटा राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति स्थितिको विस्तृत समीक्षा गरिएको छ। तालिका अनुसार यातायात क्षेत्रका पुष्पलाल राजमार्ग (८१.७३%) र हुलाकी राजमार्ग (७४.३५%) मा सन्तोषजनक प्रगति देखिएको छ। रणनीतिक महत्वको काठमाडौं-तराई द्रुतमार्गको भौतिक प्रगति ४२.१३% मात्र रहेको छ। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल १००% निर्माण सम्पन्न भइसकेको छ। मेलम्ची खानेपानी आयोजना (पहिलो चरण) ९९.५२% को उच्च प्रगतिमा छ। निजगढ विमानस्थलको भौतिक प्रगति हालसम्म शून्य रहेको देखिन्छ। यस विवरणले धेरै आयोजनाहरूको संशोधित लागत प्रारम्भिक अनुमानभन्दा निकै बढेको देखाउँछ, जसले निर्माणमा ढिलासुस्ती र लागत वृद्धि भएको संकेत गर्दछ।

## ३.२ राष्ट्रिय गौरवका आयोजना व्यवस्थापनमा देखिएका चुनौती/समस्या/समाधान

**चुनौतीहरूः**

१. राष्ट्रिय गौरवका आयोजनाको निर्धारित समय र लागतमा सम्पन्न गरी अपेक्षित नतिजा हासिल गर्नु।

२. आयोजनाको वर्गीकरणमा वस्तुनिष्ठता र सामञ्जस्यता कायम हुने गरी स्पष्ट मार्गदर्शन गर्नु।

३. अन्तर तह र सरोकारवाला निकायको स्वामित्व/अपनत्व प्रत्याभूती सुनिश्चित गर्नु।

४. आयोजनाको कार्यान्वयन दक्षता अभिवृद्धि गर्नु।

५. आयोजना व्यवस्थापनमा आइपर्ने स्थानीय अवरोध, अन्तरनिकाय समन्वय र कार्यान्वयन सहजीकरणलाई प्रभावकारी बनाउनु।

६. कार्यक्षेत्र विस्तार, सीमाङ्कन तथा ढाँचा परिवर्तन गर्नु पर्दा बस्तुनिष्ठ आधारमा मात्र गर्ने पद्धतिको विकास गर्ने।

७. आयोजनाको व्यवस्थापकीय स्वायत्तता र स्वतन्त्र कार्यसम्पादन वातावरण सुनिश्चित गर्नु।

८. आयोजना प्रमुख तथा कर्मचारी व्यावसायिक क्षमताको विकास गर्नु।

९. आयोजनाको उद्देश्यमूलक, नतिजामूलक, प्राविधिक परीक्षण, प्रविधिमैत्री अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु।

**समस्याहरुः**

१. **आयोजनाको पहिचान र छनौटः** आयोजनाहरू निश्चित सिद्धान्त र वैज्ञानिक मापदण्डको आधारमा पहिचान र छनौट नहुनु।

२. **नीतिगत र कानूनी अस्पष्टताः** राष्ट्रिय गौरवका आयोजनाहरू नियमित कानून अन्तर्गत नै सञ्चालन हुँदा कार्य सम्पादन प्रभावकारी नहुनु र जग्गा प्राप्ति एवम् वन क्षेत्र प्रयोगमा नीतिगत अन्योलता रहनु।

३. **पूर्वतयारीको अभावः** विस्तृत आयोजना प्रतिवेदन (DPR), निर्माण मोडालिटी, मुआब्जा र पुनर्वास जस्ता आधारभूत पूर्व तयारीका कार्यहरू पूरा नगरी आयोजना सुरु गर्नु।

४. **कमजोर अध्ययन र विश्लेषणः** आयोजनाको आर्थिक, सामाजिक, प्राविधिक र भौगर्भिक विश्लेषण वैज्ञानिक हुन नसक्दा कार्यान्वयनमा समस्या आउनु।

५. **कार्यक्षेत्र र लागतमा वृद्धिः** आयोजना सुरु भएपछि कार्यक्षेत्र विस्तार वा परिवर्तन हुनु, जसले गर्दा समय र लागत दुवै बढ्न गई आयोजना आर्थिक रूपले बोझिलो बन्नु।

६. **फितलो खरीद व्यवस्थापनः** पूर्वतयारी र स्रोतको सुनिश्चितता नगरी ठेक्का लगाउनाले समग्र ठेक्का व्यवस्थापन प्रणाली कमजोर हुनु।

७. **निर्माण व्यवसायीको लापरवाहीः** न्यून बोलकबोलमा धेरै ठेक्का ओगट्ने तर पूर्ण इमान्दारिता र सक्षमताका साथ कार्यसम्पादन नगर्ने प्रवृत्ति देखिनु।

८. **बजेट विनियोजनमा समस्याः** आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचनाको अनुमानभन्दा न्यून बजेट प्रस्ताव गरिनु।

९. **मुआब्जा सम्बन्धी विवादः** मुआब्जाको माग बजार मूल्यभन्दा अत्यधिक बढी हुँदा विकास निर्माणको लागत उच्च हुनु।

१०. **अन्तर-निकाय समन्वयको कमीः** सडक, खानेपानी, विद्युत जस्ता निकायहरू बीच समन्वय नहुँदा बनाइएका संरचना पटक-पटक भत्काइने र कमजोर हुने स्थिति आउनु।

११. **आयोजना प्रमुखको अस्थिरताः** आयोजना प्रमुखको अवधि नपुगी बारम्बार सरुवा हुनाले आयोजना निर्माण र सञ्चालनमा अनिश्चितता उत्पन्न हुनु।

१२. **गुणस्तरमा कम ध्यानः** वित्तीय र भौतिक प्रगतिलाई मात्र सफलताको आधार मान्ने प्रचलनले गर्दा गुणस्तर र प्राविधिक पक्ष ओझेलमा पर्नु।

१३. **कमजोर अनुगमन र मूल्याङ्कनः** सूचकमा आधारित नतिजामूलक अनुगमन पद्धत्ति र जोखिम विश्लेषण प्रणाली बलियो नहुनु।

१४. **जनशक्ति र सामग्री आपूर्तिः** दक्ष श्रमिक र जनशक्तिको अभाव हुनुका साथै विस्फोटक पदार्थ लगायतका निर्माण सामग्रीको आपूर्तिमा प्रक्रियागत ढिलाइ हुनु।

१५. **स्थानीय अवरोधः** आयोजना प्रभावित बासिन्दाहरूसँग उचित समन्वय नहुँदा आयोजना सञ्चालनमा पटक-पटक अवरोध सिर्जना हुनु।

**समाधानका उपायहरू**

१. **वैज्ञानिक आयोजना छनौटः** आयोजना पहिचान र छनौटका लागि स्पष्ट र वैज्ञानिक मापदण्ड तयार गर्ने र लागत लाभ विश्लेषणका आधारमा उपयुक्त आयोजना मात्र छनौट गर्ने।

२. **छुट्टै कानूनी संरचनाः** राष्ट्रिय गौरवका आयोजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि छुट्टै कानूनी र प्रशासनिक संरचना एवम् **'युटिलिटी कोरिडोर'** सम्बन्धी कानून निर्माण गर्ने।

३. **पूर्वतयारीको सुनिश्चितताः** विस्तृत आयोजना प्रतिवेदन (DPR), जग्गा प्राप्ति, मुआब्जा निर्धारण र साइट क्लियरेन्स जस्ता आधारभूत कार्यहरू पूरा भएपछि मात्र आयोजना प्रारम्भ गर्ने।

४. **नीतिगत स्पष्टताः** जग्गा अधिग्रहण, वन क्षेत्र प्रयोग र पुनर्वास सम्बन्धी नीतिगत अन्योलता हटाउन स्पष्ट कार्यविधि बनाई समन्वय गर्ने।

५. **पर्याप्त बजेट विनियोजनः** मध्यमकालीन खर्च संरचना (MTEF) र बहुवर्षीय स्रोत सुनिश्चितताका आधारमा पर्याप्त बजेटको व्यवस्था गर्ने र यसलाई 'Earmark' गरी सुनिश्चित गर्ने।

६. **मुआब्जा निर्धारणः** जग्गाको मूल्याङ्कनका आधारहरू किटान गरी बजार मूल्यसँग तादम्यता मिल्ने गरी सहज र यथार्थ मूल्यमा मुआब्जा वितरण गर्ने नीतिगत व्यवस्था गर्ने।

७. **खरीद व्यवस्थापनमा सुधारः** पूर्वतयारी र स्रोतको सुनिश्चितता भएपछि मात्र ठेक्का लगाउने र निर्माण व्यवसायीको प्राविधिक प्रस्तावको मूल्याङ्कनलाई प्रभावकारी बनाउने।

८. **ठेक्का सीमा निर्धारणः** एउटै निर्माण व्यवसायीले धेरै ठेक्का ओगट्ने प्रवृत्ति रोक्न कानूनमा नै आयोजना सम्झौता संख्याको अधिकतम सीमा तोक्ने।

९. **दक्ष नेतृत्व र स्थिरताः** ज्ञान र अनुभवका आधारमा आयोजना प्रमुख छनौट गर्ने र कार्यसम्पादन सम्झौताका आधारमा आयोजना अवधिभर निजको पदावधि सुनिश्चित गर्ने।

१०. **एकीकृत समन्वयः** अन्तर-निकाय समन्वयका लागि 'युटिलिटी कोरिडोर' को अवधारणा कार्यान्वयन गर्ने र राष्ट्रिय योजना आयोग मार्फत तहगत समन्वय मिलाउने।

११. **नतिजामूलक अनुगमनः** वैज्ञानिक सूचकहरू विकास गरी आयोजनाको भौतिक प्रगतिका साथै गुणस्तर र प्राविधिक परीक्षणलाई अनुगमनको मुख्य आधार बनाउने।

१२. **अनिवार्य जोखिम व्यवस्थापनः** आयोजना प्रमुख र सम्बन्धित मन्त्रालयले निरन्तर रूपमा आयोजनाको जोखिम पहिचान, विश्लेषण र व्यवस्थापन गर्ने बाध्यकारी व्यवस्था गर्ने।

१३. **स्थानीय सहजीकरणः** आयोजना प्रभावित क्षेत्रमा हुने अवरोध हटाउन सार्वजनिक, निजी र सामुदायिक संस्थाहरू बीच पूर्व-सहमति कायम गरी समन्वय गर्ने।

१४. **निर्माण सामग्री आपूर्तिः** विस्फोटक पदार्थको आपूर्तिमा हुने ढिलाइलाई कूटनीतिक माध्यमबाट हल गर्ने र स्थानीय तहलाई निर्माण सामग्री आपूर्तिमा जिम्मेवार बनाउने।

१५. **जनशक्ति** विकासः आयोजनामा खटिने श्रमिक तथा जनशक्तिलाई तालिम प्रदान गर्ने र श्रम सम्बन्धमा सुधार ल्याउने।

# परिच्छेद - चार

# मन्त्रालयगत उपलब्धी

## ४.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना, कार्यविवरण र दरबन्दी लगायतका विषयमा अध्ययन गरी कार्य प्रकृति र कार्यबोझ अनुसार नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०९/१२ को निर्णयानुसार पुनःसंरचना गरिएको छ। सरकारको समग्र कार्यकारी संयन्त्रलाई प्रभावकारी बनाउँदै विधिको शासन, मानव अधिकार संरक्षण, विकास र सुशासन प्रत्याभूत गराउन यस कार्यालयले समग्रतामा नेतृत्वदायी भूमिका निर्वाह गर्छ।

नेपालको संविधानले प्रत्याभूत गरेको नागरिकको मौलिक हक, पारदर्शी एवम् उत्तरदायी शासन व्यवस्था, शासकीय सुधार तथा विकासको व्यवस्थापनको लागि यस कार्यालयले समन्वय, सहजीकरण, अनुगमनको कार्य यस कार्यालयबाट सम्पादन हुन्छ। राष्ट्रिय गौरवका आयोजनाको कार्यप्रगति तथा अनुगमनको प्रभावकारिता परीक्षण समेत यस कार्यालयका प्राथमिक कार्य हुन।

### (१) चालु आर्थिक वर्षको प्रगति

- सेवा प्रदायकमार्फत सार्वजनिक पूर्वाधारको सञ्चालन, व्यवस्थापन र मर्मत सेवा खरीद गर्ने निर्देशिका, २०८२ स्वीकृत भएको।
- राष्ट्रिय आर्थिक गणना, २०८२ सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२ स्वीकृत भएको।
- राष्ट्रिय सतर्कता केन्द्रबाट सबै सार्वजनिक सेवा प्रवाहको स्थलगत रुपमा ५५५ वटा अनुगमन सूक्ष्म अनुगमन तथा निगरानी गरिएको।
- हेलो सरकारमा समीक्षा अवधिसम्ममा प्राप्त गुनासोको औसत फछ्र्यौट ६५.६७ प्रतिशत र चालु आर्थिक वर्षमा प्राप्त गुनासो मध्ये ४१% फछ्र्यौट भएको।
- पाँचखाल विशेष आर्थिक क्षेत्रलाई निजी क्षेत्रको सहभागितामा विकास तथा सञ्चालन र पाँचखाल विशेष आर्थिक क्षेत्र परियोजनाको अध्ययनका (रू.६.८ अर्ब) लागि MoU सम्पन्न भएको।

### (२) वित्तीय प्रगति स्थिति

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ३८१४० | ५३९० | ४३५३० | ३१२३७ | ४२०१ | ३५४३८ | ८१.९० | ७७.९५ | ८१.४१ |
| २०७९/८० | ३९८९९ | ८७१५ | ४८६१४ | ३४४३० | ४९१४ | ३९३४४ | ८६.२९ | ५६.३८ | ८०.९३ |
| २०८०/८१ | ५०४३७ | ५८९० | ५६३२७ | ३८८८३ | २८८० | ४१७६३ | ७७.०९ | ४८.८९ | ७४.१४ |
| २०८१/८२ | ५०३३४ | ५५८९ | ५५९२३ | ३८५६६ | ३१२२ | ४१६८८ | ७६.६२ | ५५.८६ | ७४.५५ |
| २०८२/८३ अर्धवार्षिक | ५७७२१ | ७२११ | ६४९३२ | १६७५१ | १२७२ | १८०२३ | २९.०२ | १७.६४ | २७.७६ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.२ अर्थ मन्त्रालय

मुलुकको समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकासका लागि वित्तीय तथा मौद्रिक व्यवस्थापनको कार्य यस मन्त्रालयले गर्दछ। सार्वजनिक खर्च व्यवस्थापन, सरकारको आर्थिक प्रशासन, राजस्व संकलन, अन्तर सरकारी वित्त व्यवस्थापन, अन्तर्राष्ट्रिय आर्थिक सम्वन्ध व्यवस्थापन, बैङ्क तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा तथा पुँजी बजार व्यवस्थापन र नियमन तथा सार्वजनिक संस्थानको नीतिगत व्यवस्थापनसँगै नेपाल सरकारको आर्थिक नीति निर्माण एवम् बजेट तर्जुमा समेत अर्थ मन्त्रालयबाट सम्पादन हुँदै आएको छ।

**(१) चालु आर्थिक वर्ष पहिलो ६ महिनाको प्रगतिः**

- उच्चस्तरीय आर्थिक सुधार-सुझाव आयोगको प्रतिवेदनलाई कार्यान्वयन गर्न आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२ कार्यान्वयनमा लगिएको।
- अर्थ मन्त्रालय र अन्तर्गत निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) सम्पन्न गरी ३८ वटा कार्यालय र ३२३ दरबन्दी कटौति गरिएको।
- सरकारी खर्चलाई मितव्ययी बनाउने सम्बन्धी सुधारहरू नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२/०६/०५ मा निर्णय भई कार्यान्वयनमा रहेको।
- पूर्व तयारी नभएका, दोहोरो परेका, साना टुक्रे, न्यून प्राथमिकताका आयोजनाहरू स्थगन गरिएको।
- राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) सँग अन्तर्राष्ट्रिय भुक्तानी प्रणाली (International Card Network) को अन्तरआबद्धता गरिएको।
- भन्सार कार्यालयबाट GATT Valuation प्रणालीको पूर्ण परिपालनाका लागि अनलाइन मूल्यांकन प्रणाली कार्यान्वयनमा ल्याइएको।
- अर्थ मन्त्रालयबाट हुने कार्यसम्पादनलाई सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) मार्फत हुने व्यवस्था गरिएको।
- पुँजी बजारमा रहेका विद्यमान समस्या सामाधान गर्न सुझाव कार्यदलको प्रतिवेदन कार्यान्वयनमा ल्याइएको।
- नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुनर्संरचना सम्बन्धी सुझाव समिति, २०८२ को प्रतिवेदन कार्यान्वयनमा ल्याइएको। ।
- तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७) तथा सार्वजनिक संस्थाको व्यवस्थापन तथा सुशासन नीति, २०८२ कार्यान्वयनमा ल्याइएको।
- आन्दोलनको क्रममा क्षति भएको भौतिक संरचनाको पुनःर्निमाणको, आर्थिक पुनःरुत्थान र राहत लगायतका कार्यका लागि भौतिक पूर्वाधार पुनःर्निमाण कोष स्थापना गरिएको। हालसम्म करिब रू.१४ करोड १० लाख प्राप्त भएको।
- आन्दोलनका मृतकका परिवारलाई आर्थिक सहायता, काजक्रिया, खाना तथा यातायात खर्च बापत मृतकका ५३ परिवारका लागि प्रति परिवार रू.१५ लाखका दरले रू.७ करोड ९५ लाख र आन्दोलनका २४२९ घाइतेहरूलाई प्रति व्यक्ति रू.३५ हजारका दरले रू.८ करोड ५० लाख १५ हजार निकासा गरिएको

- २०८२ माघ ११ मा सम्पन्न राष्ट्रिय सभा निर्वाचनका लागि स्रोत व्यवस्थापन गरिएको। सम्बत् २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगलाई आवश्यक पर्ने रकमको स्रोत सहमति प्रदान गरिएको।
- सार्वजनिक सेवाप्रवाहका लागि पेश हुने कागजातमा आय टिकटको रुपमा हुलाक टिकट टाँस्ने व्यवस्थालाई हटाइएको।
- भारतीय रुपया २००।- तथा ५००।- दरका नोट नेपाली वा भारतीय नागरिकले प्रति व्यक्ति भारतीय रुपया २५,०००।- सम्म भारतबाट नेपालमा भित्र्याउन र नेपालबाट भारतमा लैजान सक्ने गरी मुद्रा निकासी वा पैठारी गर्न प्रतिबन्ध लगाउने सम्बन्धी सूचना परिमार्जन गरिएको।
- सम्वत् २०८२ माघ १ गतेदेखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तोकिएको अवस्थामा बाहेक एकपटकमा पाँचलाख रूपैयाँ वा सोभन्दा बढी मूल्यको कुनै सेवा वा वस्तुको खरीद बिक्री वा अन्य कारोबार गर्दा वित्तीय संस्था वा बैङ्किङ्ग उपकरण मार्फत गर्नु पर्ने गरी सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ग. को उपदफा (१) बमोजिम नगद कारोबारको सीमा निर्धारण गरिएको।
- सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी ग्रे लिष्टबाट बाहिर निस्कन शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ को कार्यान्वयनमा ल्याइएको।
- सन् २०२५ को सार्वभौम क्रेडिट रेटिङ्ग सम्पन्न, असामान्य परिस्थितिमा पनि नेपाल गत वर्षको Score BB- मा रहन सफल भएको।
- वैकल्पिक विकास वित्त परिचालन सम्बन्धी विधेयक राष्ट्रिय सभामा दर्ता भएको।
- वित्तीय क्षेत्र विकास रणनीति (२०८२/८३-२०८६/८७) स्वीकृत भई कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।
- सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति,२०८२ स्वीकृत भएको।
- एकीकृत सामाजिक सुरक्षाको अवधारणालाई थप सुदृढ गर्न आर्थिक वर्ष २०८२/८३ को वजेट वक्तव्य मार्फत सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई स्वास्थ्य वीमामा एकिकृत गरी विमितहरूलाई फरक फरक पोलिसी छनौटको सुविधा उपलव्ध गराउने तथा बीमा सुविधाको दुरुपयोग हुन नदिन दोहोरोपना हटाईने व्यवस्था कार्यान्वन प्रक्रिया अगाडि वढाईएको।
- स्वास्थ्य बिमाको रकम भुक्तानी गर्ने प्रयोजनका लागि चालु आ.व.मा रू.१० अर्ब विनियोजन भएको र थप रू.१ अर्ब निकासा समेत गरिएको।
- सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२ स्वीकृत भएको।
- भौतिक पूर्वाधार पुनः निर्माण समिति (गठन तथा सञ्चालन) आदेश, २०८२ स्वीकृत भएको।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (दोस्रो संशोधन) नियमावली, २०८२ संशोधन (मिति २०८२/०९/०३ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको) गरिएको।
- बहुबर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत भएको।
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (पहिलो संशोधन) नियमावली, २०८२ स्वीकृत भएको।
- आन्दोलनबाट प्रभावित उद्योग, व्यापार, व्यावसायिक प्रतिष्ठान तथा आर्थिक क्रियाकलापलाई वित्तीय, मौद्रिक तथा बीमा सम्बन्धी सहुलियत/छुट (Fiscal, Monetary & Insurance

Stimulus) सम्मिलित एकीकृत व्यवसायिक पुनरुत्थान योजना कार्यान्वयनमा रहेको। (यसबाट कर छुट, सहुलियत, पुनर्कर्जा, ऋणको पुनःतालिकीकरण र बिमा सहजीकरण भएको)

- वर्तमान तथा पूर्व पदाधिकारीलाई प्रचलित कानूनमा उल्लेख भएका र स्वीकृत मापदण्ड बमोजिम वाहेकका सेवा सुविधा फिर्ता गर्न मन्त्रालय/आयोग/सचिवालयलाई पत्राचार गरिएको।(करिब ५०० सुरक्षाकर्मी र केही सवारी साधन फिर्ता भइसकेको र फिर्ता हुने क्रम जारी रहेको।)
- चालु आर्थिक वर्ष २०८२/८३ को अन्तर सरकारी वित्त परिषद्को पहिलो बैठक मिति २०८२/०८/१२ गते अर्थ मन्त्रालयमा सम्पन्न भएको।
- भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५ मा संशोधनको लागि मस्यौदा तयार गरी विधेयक तर्जुमा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।
- सार्वजनिक संस्थानको सम्भावित दायित्व लेखाङ्कन तथा प्रतिवेदन कार्यविधि, २०८२ स्वीकृत भई कार्यान्यनका क्रममा रहेको।

**(२) विगत पाँच वर्षमा भएको वित्तीय प्रगतिः** (रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | २४९६७५ | १०७४४१ | ३५७११६ | १९८८५१४ | १११११९ | २०९६३२ | ७९.५१ | १०.३५ | ५८.७० |
| २०७९/८० | २४५६०५ | १०६२९८ | ३५१९०३ | १०६१६० | १८६३९ | १२४७९९ | ४३.२२ | १७.५३ | ३५.४६ |
| २०८०/८१ | २९९२२२ | ४६८१२ | ३४६०३४ | १००४४५ | २७७३४ | १२८१७९ | ३३.५७ | ५९.२५ | ३७.०४ |
| २०८१/८२ | २३१३१८ | १३६७७८ | ३६८०९७ | १२६१३० | २४४०९ | १५०५३९ | ५४.५३ | १७.८५ | ४०.९० |
| २०८२/८३ (अर्धवार्षिक) | २९५४५६ | ९४५१४ | ३८९९७० | १२४१७२ | १६२३९ | १४०४१० | ४२.०३ | १७.१८ | ३६.०१ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.३ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

मुलुकको उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रलाई सबल र सुदृढ बनाउनका लागि औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्द्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्द्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको विकास, सहज आपूर्ति व्यवस्था तथा उपभोक्ता संरक्षण लगायतका कार्यमा यस मन्त्रालयले कार्य गर्दछ। नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्ने, कार्यक्रमहरूलाई अन्तरसम्बन्धित मन्त्रालय तथा निकाय र निजी क्षेत्र तथा दातृ निकायसँग समन्वय गरी कार्यान्वयन गर्ने, सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने लगायतका कार्यहरू सम्पादन हुने गर्छ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- स्टार्टअप उद्यमीलाई सीप विकास, व्यवसाय विस्तार, बजारीकरण र मूल्य श्रृङ्खलामा आवद्ध गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रम कार्यान्वयन गर्न आवेदन माग गरी मूल्याङ्कनको चरणमा रहेको।
- विदेशी लगानीलाई Automated Route बाट स्वीकृति प्रदान गर्ने र कम्पनी प्रशासन तथा व्यवस्थापन सूचना प्रणाली CAMIS प्रणाली मार्फत online Service प्रदान गरिएको।

- विशेष आर्थिक क्षेत्रको मासिक भाडादर प्रति वर्ग मिटर रू.२० वाट घटाई रू.५ कायम गरिएको।
- प्रदूषण नियन्त्रण र पेट्रोलको आयात न्यूनीकरण गर्न वायोइथानोल मिश्रण गर्ने व्यवस्था गरिएको।
- स्टार्टअप उद्यम कर्जा कार्यविधि, २०८०, उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२, प्रदेशस्तरमा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२, प्रविधि हस्तान्तरण कार्यविधि, पेट्रोल इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने सम्बन्धी आदेश, २०८२ तथा भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ तर्जुमा भई कार्यान्वयनमा ल्याइएको।
- द्विपक्षीय लगानी सम्झौता (BIA) को नमूना ढाँचा स्वीकृत भई कार्यान्वयनमा ल्याइएको।

**(२) वित्तीय प्रगति स्थिति** (रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ६२७४६ | ५२७०९ | ११५४५६ | ४४३०८ | १५९१९ | ६०२२७ | ७०.६१ | ३०.२ | ५२.१६ |
| २०७९/८० | ५१५४६ | ५३४९९ | १०५०४५ | ३३५२२ | १४८२५ | ४८३४७ | ६५.०३ | २७.१९ | ४६.०३ |
| २०८०/८१ | ५५०७४ | ३२६६२ | ८७७३६ | ४१२७८ | ७५७३ | ४८८५१ | ७४.९५ | २३.१९ | ५५.६८ |
| २०८१/८२ | ५९३२९ | २१०८६ | ८०४१६ | ४०३२१ | ५२४७ | ४५५६९ | ६७.९५ | २४.९१ | ५६.६७ |
| २०८२/८३ अर्ध वार्षिक | ४९३५५ | ४००५१ | ८९४०६ | ६१९९ | १३९७ | ७५९६ | १२.५६ | ३.४९ | ८.५० |

*स्रोत: अर्थ मन्त्रालय*

**(३) क्षेत्रगत लक्ष्य अनुसारका परिसुचकको प्रगति अवस्था**

| क्र.सं. | नतिजा सूचक | एकाइ | प्रगतिको अवस्था |
|---|---|---|---|
| १ | ठुला, मझौला, साना, लघु र घरेलु उद्यमी रोजगारी सिर्जना | हजार | ३२.६२ |
| २ | तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानी | मे.ट. | ७१०६.१ |
| ३ | तोकिएको जिल्लामा आयोडिनयुक्त नुन ढुवानी | क्विन्टल | ४८९८७.०४ |
| ४ | राष्ट्रिय खाद्य सुरक्षा भण्डारणमा खाद्यान्न मौज्दात | मे.ट. | २३९५४ |
| ५ | सार्क खाद्य बैङ्कमा खाद्यान्न मौज्दात | मे.ट. | ८००० |

*स्रोत: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय*

## ४.४ कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास सम्बन्धी नीति तर्जुमा एवम् कार्यान्वयन गर्ने मूल उद्देश्य मन्त्रालयको हो। व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवम् दीगो आर्थिक वृद्धि हासिल गर्न सहयोग गर्दै खाद्य सुरक्षा तथा गरीबी निवारणमा योगदान पुऱ्याउन कृषि क्षेत्रको विकास महत्वपूर्ण रहेको छ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- चालु आ.व.मा उखुको न्यूनतम खरीद मुल्य प्रति क्वीन्टल रू.६२० र थप अनुदान रकम प्रति क्वीन्टल रू.७० निर्धारण गरिएको।
- समीक्षा अवधिसम्म ४ लाख ६६ हजार मे. टन रसायनिक मल खरीदका लागि ग्लोबल टेण्डर आव्हान भएको। २ लाख ४३ हजार मे. टन कृषकहरूलाई वितरण भइसकेको,

८३ हजार मे. टन मौज्दात रहेको र १ लाख ३५ हजार मे. टन मार्गस्थ रहेको। थप ६० हजार मे. टन मलखाद व्यवस्थापनका लागि खरीद प्रक्रिया अगाडी बढाईएको।

- दुग्ध उत्पादक कृषकहरूको बाकी बक्यौता रकम समीक्षा अवधिमा रू.८१ करोड भुक्तानी भएको।
- काठमाडौं उपत्यकामा भित्रिने तरकारीको प्रमुख नाकाहरूमा नै विषादी अवशेष विश्लेषण परीक्षण कार्य शुरुवात भएको।
- नेपालबाट निर्यात हुने प्रमुख पशुजन्य पदार्थको अन्तर्राष्ट्रिय बजार विस्तार सुनिश्चित गर्न जोनिङ्ग तथा कम्पार्टमेन्टलाईजेसन कार्यक्रममार्फत खोरेत रोग मुक्त क्षेत्र घोषणा गर्न सङ्घीय सरकार र कोशी प्रदेश सरकारको संयुक्त पहलमा ईलाम जिल्लाका ३ वटा जोनमा कार्य सञ्चालन भइरहेको।
- नेपालगञ्ज स्थित एकिकृत जाँच चौकी (Integrated Check Post - ICP) मा मिथाइल ब्रोमाइड धुमीकरण उपचारको शुरुवात भई करिब ४० मे.टन सल्लाको आख्ला निर्यात भएको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ३४०७६६ | ३६८९४ | ३७७६६० | २८५५०७ | १८४८० | ३०३९८७ | ८३.७८ | ५०.०९ | ८०.४९ |
| २०७९/८० | ५०९५९० | ४०३९८ | ५४९९८७ | ४३२६३४ | १९५८४ | ४५२२१८ | ८४.९० | ४८.४८ | ८२.२२ |
| २०८०/८१ | ४६५२७५ | ३७६३६ | ५०२९१२ | ३६४१८९ | २४१६७ | ३८८३५६ | ७८.२७ | ६४.२१ | ७८.२२ |
| २०८१/८२ | ४५९१२६ | ३७८५४ | ४९६९८१ | ३५४६० | २४७३१ | ४२०१९२ | ८६.१३ | ६५.३३ | ८४.५५ |
| २०८२/८३ अर्धवार्षिक | ४७२९४३ | ३३८६८ | ५०६८११ | २१४८२३ | ३००४ | २१७८२७ | ४५.४२ | ८.८७ | ४२.९८ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.५ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी यस मन्त्रालयले कार्यान्वयन गर्दछ। आधुनिक जग्गा प्रशासनको विकास, भू-सूचना प्रणालीको विकास र उपयोग, सहकारी नियमन र गरिब घर परिवार परिचय पत्र वितरण लगायतका महत्वपूर्ण कार्यक्रम समेत कार्यान्वयन हुँदै आएको छ। सम्पूर्ण मालपोत कार्यालयहरूमा LRIMS प्रणाली तथा ११४ वटा मालपोत कार्यालयहरूमा Public Access Model (PAM) लागू गरिएको, Dual monitor system लगायतको प्रबन्ध गरिएको, ११५ वटा नापी कार्यालयहरूमा Nepal Land Information System (NeLIS) र Merokitta प्रणाली सञ्चालनमा ल्याई सेवा प्रवाह भइरहेको छ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- भूउपयोग (तेस्रो संशोधन) नियमावली, २०८२ कार्यान्वयनमा आएको।
- मालपोत नियमावली, २०३६ (आठौं संशोधन) स्वीकृत भएको।
- सरकारी जग्गा दर्ता, उययोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०८२ (पहिलो संशोधन) स्वीकृत भएको।
- मालपोत तथा नापी कार्यालयहरूबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरिक वडापत्र QR code मार्फत हेर्न/पढ्न सक्ने व्यवस्था मिलाइएको।

- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ को पाँचौ संशोधन कार्यान्वयनमा ल्याइएको।
- सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानून पालनाको जोखिमको आधारमा गरिने स्थलगत निरीक्षण र गैरस्थलगत निरीक्षण सम्बन्धी दिग्दर्शनको पहिलो संसोधन भएको। साथै सहकारी संस्थाका लागि लक्षित वित्तीय प्रतिवन्ध सम्बन्धी निर्देशिका, २०८२ कार्यान्वयनमा ल्याइएको। सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशिका (पहिलो संशोधन) कार्यान्वयन ल्याइएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०८/२२ को निर्णयानुसार थप १० जिल्ला (इलाम, कास्की, चितवन, झापा, तेह्रथुम, नवलपरासी (वर्दघाट सुस्ता पूर्व), नवलपरासी (वर्दघाट सुस्ता पश्चिम), पर्वत, मोरङ र सुनसरी) जिल्लाका ९४,५७२ गरीब घरपरिवारको सूची स्वीकृत भएको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ५६८२९ | १४९२७ | ७१७५६ | ४३३४६ | १२१६१ | ५५५०७ | ७६.२७ | ८१.४७ | ७७.३६ |
| २०७९/८० | ५६७४८ | १४९१० | ७१६५८ | ४८८०९ | ६१७३ | ५४९८१ | ८६.०१ | ४१.४० | ७६.७३ |
| २०८०/८१ | ६०२९२ | ११६३३ | ७१९२५ | ४९४९० | ४७५४ | ५४२४४ | ८२.०८ | ४०.८७ | ७५.४२ |
| २०८१/८२ | ६०१७६ | ७२३४ | ६७४११ | ४९२७४ | ४७५७ | ५४०३१ | ८१.८८ | ६५.७६ | ८०.१५ |
| २०८२/८३ अर्धवार्षिक | ६६५१६ | ६७११ | ७३२२७ | २५२०४ | २१६५ | २७३६९ | ३७.८९ | ३२.२६ | ३७.३८ |

*स्रोतः अर्थ मन्त्रालय*

**(३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था**

| क्र.सं. | नतिजा सूचकहरू | इकाई | लक्ष्य | प्रगति (पुस मसान्तसम्म) |
|---|---|---|---|---|
| १. | सेवाग्राहीले घरबाटै वा नजिकको सेवा केन्द्रबाट जग्गासम्बन्धी कारोवार गर्न सक्ने प्रविधिको विकास | संख्या | १३८ | ११४ |
| २. | नाप नक्सा तथा भूमि व्यवस्थापन तालिम प्राप्त संख्या | जना | १३५०० | १३०८९ |
| ३. | PAM प्रणालीमा स्थानीय तहको पहुँच विस्तार गर्ने | स्थानीय तह | २१० | ६४ |
| ४. | NeLIS प्रणाली मार्फत नापी कार्यालयबाट सेवा प्रवाह | कार्यालय | १३५ | ११५ |
| ५. | गरिब घर परिवार पहिचानका लागि तथ्याङ्क प्रशोधन | जिल्ला | ७७ | ७४ |
| ६. | CORS स्थापन गर्ने | संख्या | ८ | ४ |
| ७. | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरूलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गर्ने | संख्या | ५०००० | ९०१२ |
| ८. | COPOMIS प्रणाली सञ्चालन भएका सहकारी संख्या | संख्या (हजार) | २२.५ | १९.६११ |
| ९. | सहकारी तालिम प्रास जनसंख्या | संख्या (हजार) | ५३.७३७ | ५३.१३७ |

*स्रोतः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय*

## ४.६ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

मुलुकमा मर्यादित श्रम र रोजगार व्यवस्थापन गरी रोजगारी सिर्जना, व्यावसायिक सीपयुक्त श्रमिकको विकास, योगदानमा आधारित सामाजिक सुरक्षा र व्यवसायजन्य सुरक्षाको प्रवर्द्धन, बाल श्रम निवारण, सुरक्षित तथा मर्यादित वैदेशिक रोजगारी प्रवर्द्धन, वैदेशिक रोजगारीबाट आर्जित सीप, प्रविधि, पुँजी र अनुभवको सदुपयोग लगायतका विषयमा नीति, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालाय र अन्तर्गतका निकायहरूको भूमिका रहेको छ। राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम, सुरक्षित आप्रवासन कार्यक्रम, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि पुनःएकीकरण परियोजना, कार्यस्थलमा आधारित सीप विकास तालिम कार्यक्रम लगायतका रणनीतिक कार्यक्रम कार्यान्वयन हुँदै आएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- श्रम र श्रमिकको सम्मान हुने गरी न्यूनतम पारिश्रमिक निर्धारण भई कार्यान्वयन गरिएको।
- वैदेशिक रोजगार ऐन, २०६४ का विषयहरू केही नेपाल ऐन संशोधनमार्फत् संशोधन गरिएको।
- स्वरोजगारी तथा रोजगारी दुबैका माध्यमबाट आन्तरिक रोजगारीको सिर्जना गर्ने प्रयोजनार्थ विभिन्न रोजगारदाताहरूसँग सम्झौता गरिएको।
- व्यावसायिक तथा सीप विकास तालिमको न्यूनतम अवधि ३९० घण्टा र राष्ट्रिय रुपमा स्वीकृत पाठ्यक्रमको आधारमा सञ्चालन गर्ने गरी कानूनी तथा व्यवस्थापकीय प्रबन्ध अगाडी बढाइएको।
- मर्यादित श्रम अभ्यास, असल श्रम सम्बन्ध र उत्पादकत्व अभिवृद्धि गर्दै श्रमिकको हकहितको सुरक्षाका लागि चालु आ.व.को प्रथम अर्धवार्षिक अवधिसम्म प्रतिष्ठानहरूको श्रम निरीक्षण-१२८९, बाल श्रम निरीक्षण-११८९ र श्रम अडिट-१७७८ सम्पन्न गरिएको।
- सामाजिक सुरक्षा कोषमा लाभग्राहीको संख्या विस्तार भई कूल आवद्धता २७,४०,९०५ जना र रोजगारदाता निकाय/प्रतिष्ठान २२ हजार ६ सय ४३ पुगेको।
- वैदेशिक रोजगारी सम्बन्धी गुनासो सुनुवाईका लागि चौबीसै घण्टा हटलाइन सेवा सञ्चालन गरिएको।
- समीक्षा अवधिमा ५ लाख ९० हजार ७ सय १८ जना वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई श्रम स्वीकृति प्रदान गरिएको।

### (२) विगत पाँच वर्षमा भएको वित्तीय प्रगति

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | २३८१३ | १३९८ | २५२११ | १०५१४ | ६९३ | ११२०७ | ४४.१५ | ४९.६० | ४४.४५ |
| २०७९/८० | १८२३७ | १३८९ | १९६२७ | १०५५१ | ६२१ | १११७२ | ५७.८५ | ४४.७२ | ५६.९२ |
| २०८०/८१ | १७८७२ | ८८३ | १८७५६ | १०४४१ | ४५० | १०८९१ | ५८.४२ | ५०.९६ | ५८.०७ |
| २०८१/८२ | १५२८८ | ३३४४ | १८६३२ | ९५६९ | ५४४ | १०११३ | ६२.५९ | १६.२७ | ५४.२८ |
| २०८२/८३ अर्धवार्षिक | १३७८८ | २५२२ | १६३१० | २३७९ | १६९ | २५४८ | १७.२५ | ६.७० | १५.६२ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.७ वन तथा वातावरण मन्त्रालय

नेपालको कुल क्षेत्रफलको करिव ४६.०८% भूभाग वन जङ्गलले ढाकेको छ। कृषि लगायत पर्यटन, वातावरण, जैविक विविधता एवम् भौगोलिक विकास संरचनाको मेरुदण्डको रुपमा रहेको वन क्षेत्रबाटै मुलुकवासीहरूका अधिकांश दैनिक आवश्यकताका काठ, इन्धन - ७० प्रतिशत, पशुआहार - ४० प्रतिशत, जडीबुटी लगायतका काष्ठ एवम् गैरकाष्ठ वन पैदावारको आपूर्ति हुँदै आएको छ। त्यसै गरी वन तथा जलाधार संरक्षणको माध्यमबाट कृषियोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण, जलवायु शुद्धीकरण जस्ता मानव स्वास्थ्य रक्षा एवम् प्रकृति संरक्षण र वातावरणीय स्वच्छता कायम राख्ने कार्यमा ठूलो टेवा पुगेको छ। वन क्षेत्रले गरीव, महिला, दलित र उपेक्षित वर्गलाई समेत समुदायमा आधारित वन व्यवस्थापनका माध्यमले राष्ट्रिय मूल प्रवाहमा समावेशीकरण गर्दै गाउँस्तरसम्म विकेन्द्रीकरण र सुशासनको प्रत्याभूति दिन योगदान गरेको छ। नेपालले जलवायु परिवर्तन सम्बन्धी सन् २०१५ को पेरिस सम्झौता अनुमोदन गरी कार्यान्वयन प्रारम्भ गरेको छ। सो सम्झौता कार्यान्वयनको लागि मन्त्रालयले सामाजिक-आर्थिक विकासमा न्यून कार्वनमुखी एवम् जलवायु समानुकूलित सोचको अवलम्बन, श्रोत व्यवस्थापनमा कुशलता तथा सामाजिक रुपमा समावेशी दृष्टिकोणलाई आत्मसात गर्दै हरित अर्थतन्त्रमुखी रणनीति तर्जुमा गरी क्रमशः लागू गर्ने लक्ष्य लिएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- वन नियमावली, २०७९ मा (तेश्रो संशोधन)२०८२ संशोधन गरी कार्यान्वयनमा ल्याइएको।
- कार्बन व्यापार नियमावली, २०८२ कार्यान्वयनमा ल्याइएको।
- हालसम्म ४८ वटा वातावरणीय प्रदूषण रोकथाम तथा नियन्त्रणका लागि नदीनाला, तालतलैयाको पानी तथा उद्योग कलकारखानाबाट निष्काशित फोहोर पानी लगायतका नमुना संकलन तथा विश्लेषण गर्ने कार्य सम्पन्न भएको।
- २२४ वटा नमुनाहरूको विश्लेषण, प्रमाणिकरण, गुण नियन्त्रण तथा सिफारिस कार्य गरी ट्रेड सपोर्टमा सहयोग गरिएको।
- नेपालका ७५३ पालिकामा रहेका वनका किसिम Major Forest Types at Municipality Level तयार गरी प्रकाशन गरिएको।

### (२) वित्तीय प्रगति स्थिति

(रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | जम्मा |
| २०७८/७९ | ७४१०४ | ४३३७८ | ११७४८२ | ६५१५८ | ३१५१६ | ९६६७४ | ८७.९३ | ७२.६५ | ८२.२९ |
| २०७९/८० | ८२२८६ | ४८६१० | १३०८९६ | ६९५७८ | ३४९८५ | १०४५६३ | ८४.५६ | ७१.९७ | ७९.८८ |
| २०८०/८१ | ८८०१२ | ३३३४१ | १२१३५३ | ७०७६२ | २४२८० | ९५०४२ | ८०.४० | ७२.८२ | ७८.३२ |
| २०८१/८२ | ८६१९९ | ३४३९७ | १२०५९६ | ७१८०० | २५०१४ | ९६८१४ | ८३.३० | ७२.७२ | ८०.२८ |
| २०८२/८३ अर्ध वार्षिक | ८२६९३ | ३७६९५ | १२०३८८ | ३४९९६ | ९९२ | ३५९८८ | ४२.३२ | २.६३ | २९.८९ |

*स्रोत: अर्थ मन्त्रालय*

### (३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था

| क्र.सं. | विवरण | प्रगतिको अवस्था |
|---|---|---|
| १ | बिरूवा उत्पादन, खरीद, वितरण (वार्षिक) | २७२८७ गोटा (हजारमा) |
| २ | वन क्षेत्रबाट अनुमानित राजस्व रकम | १.९१ अर्ब |
| ३ | काठको उत्पादन | १३१.९६ क्यू.फि. |
| ४ | पानी मुहान, पोखरी संरक्षण र सिमसार क्षेत्र व्यवस्थापन | १९ (संख्यामा) |
| ५ | घाँसे मैदान व्यवस्थापन | ४४९.९८ हेक्टर |
| ६ | सहरी हरित उद्यान निर्माण तथा व्यवस्थापन | ४९ (संख्यामा) |
| ७ | गल्छी/खहरे/पहिरो नियन्त्रण तथा रोकथाम | १५८ (संख्यामा) |
| ८ | वन क्षेत्रबाट रोजगारी सिर्जना | ६७२ (कार्यदिन हजारमा) |

*स्रोतः वन तथा वातावरण मन्त्रालय*

## ४.८ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

संस्कृति, पर्यटन तथा नागरिक उडयन सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने यस मन्त्रालयको जिम्मेवारी हो। पर्यटन ऐन, नेपाल नागरिक उड्डन प्राधिकरण ऐन, प्राचीन स्मारक संरक्षण ऐन, पर्यटन नीति, हवाई नीति र राष्ट्रिय संस्कृति नीति लगायतका कानून एवम् नीति रणनीतिको कार्यान्वयन यस मन्त्रालयबाट हुँदै आएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- नेपालगञ्ज विमानस्थलमा सुविधाजनक टर्मिनल निर्माणको कार्य ७०% सम्पन्न भएको।
- विराटनगर विमानस्थलमा सुविधाजनक टर्मिनल निर्माणको कार्य ६०% सम्पन्न भएको।
- Cultural Trail अन्तर्गत उपत्यका वरिपरी, महाभारत लगायत क्षेत्रमा ८.७ कि.मी. पदमार्ग सम्पन्न भएको।
- राम मन्दिर सत्तलहरू संरक्षण कार्यको ८५% काम सम्पन्न भएको।
- चन्दननाथ जुम्ला, पंचकोशी दैलेख, रेसुङ्गा गुल्मीको ठेक्काको पर्यटकीय पूर्वाधार ४०% निर्माण कार्य सम्पन्न भएको।
- लुम्बिनी गुरूयोजनाको पश्चिमी विहार क्षेत्रमा सडक सञ्जाल तथा सम्बन्धित निर्माण ९७.४% कार्य सम्पन्न भएको।

### (२) वित्तीय प्रगति स्थिति (रू.लाखमा)

| आर्थिक वर्ष | विनियोजित बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ३३४०३ | २२४८० | ५५८८४ | ३०३५५ | १४९१५ | ४५२७१ | ९०.८८ | ६६.३५ | ८१.०१ |
| २०७९/८० | ३११५९ | ३८१०९ | ६९२६८ | २९३६० | २०५११ | ४९८७१ | ९४.२३ | ५३.८२ | ७२.०० |
| २०८०/८१ | १९३९२ | ३४११६ | ५३५०८ | १७८५६ | २३७८७ | ४१६४३ | ९२.०८ | ६९.७२ | ७७.८२ |
| २०८१/८२ | २४३४६ | २९१६९ | ५३५१६ | १७८२२ | १६९१२ | ३४७३४ | ७३.२० | ५७.९८ | ६४.९० |
| २०८२/८३ अर्ध वार्षिक | २८०८३ | ४८४६२ | ७६५४५ | ८८६५ | १३२६ | १०१९१ | ३१.५७ | २.७४ | १३.३१ |

*स्रोतः अर्थ मन्त्रालय*

### (३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था

| क्र.सं | विवरण | प्रगतिको अवस्था |
|---|---|---|
| १ | कुल अन्तर्राष्ट्रिय उडान सङ्ख्या | १८.५७४ |
| २ | पर्यटक आगमन | ३४३१७५ |
| ३ | अन्तर्राष्ट्रिय उडान गन्तव्य( शहर) मा विस्तार | २८ |
| ४ | भुकम्पबाट क्षतिग्रस्त पुरातात्विक सम्पदा पुनः निर्माण | ८१५ |
| ५ | ग्रेट हिमालयन ट्रेल निर्माण | ६४९ |
| ६ | पर्यटन क्षेत्रको शैक्षिक/तालिम प्राप्त जनशक्ति | ३.९५८ |
| ७ | पर्यटक स्तरको तारे होटलमा उपलव्ध वेड संख्या | २०.५१९ |
| ८ | कल्चरल ट्रेल | ३४८ |

*स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय*

## ४.९ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सङ्घीयताको व्यवस्थापन गर्ने सन्दर्भमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने, संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्ने केन्द्रीय निकायको भूमिका निर्वाह गर्दछ। सङ्घीयता व्यवस्थापनको सन्दर्भमा यस मन्त्रालयले संघ र स्थानीय तह तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र सम्बन्धका विषयमा एवम् स्थानीय पूर्वाधार निर्माणमा आवश्यक नीति, मापदण्ड, कानून निर्माणमा समन्वयकारी भूमिका निर्वाह गर्दछ। मन्त्रालयले आफ्नो उद्देश्य प्राप्त गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दश वर्षे रणनीतिक योजना (२०७७/७८-२०८७/८८) तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- स्थानीय तहको लागि "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन (नमूना), २०८२" तर्जुमा गरी स्थानीय तहमा पठाइएको।
- चालु आर्थिक वर्षमा थप ४४ स्थानीय तहको लागि मध्यमकालीन खर्च संरचना परीक्षण तथा सहजीकरण कार्यक्रम सम्पन्न भएको।
- सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध विषयगत समितिको चौथो वैठक २०८२ पुस २ गते सम्पन्न भएको।
- विभिन्न ११ वटा सङ्घीय निकायको व्यवस्थापन परीक्षण सम्पन्न गरिएको तथा विभिन्न १५ वटा सङ्घीय कार्यालयमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न भएको।
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को स्वीकृत कार्यविधि बमोजिम अनलाईन प्रणाली विकास गरी परीक्षण कार्य सम्पन्न गरिएको।
- राष्ट्रिय किताबखाना (निजामती) को सेवालाई नागरिक एपमा आवद्ध गरिएको।
- स्थानीय तहको कर्मचारीको अभिलेख राख्ने प्रयोजनका लागि स्थानीय तहको PIS पोर्टल सातै प्रदेशलाई हस्तान्तरण सम्पन्न भएको।
- भारत सरकारको सहयोगमा सञ्चालन हुने High Impact Community Development Projects (HICDPs) सहयोग अन्तर्गत विभिन्न मितिमा विभिन्न स्थानीय तहबाट पेस भएका र भारतीय राजदूतावासबाट स्वीकृत भएका ११ वटा HICDPs आयोजना कार्यान्वयनका

लागि मन्त्रालय, सम्वन्धित स्थानीय तह र काठमाडौंस्थित भारतीय राजदूतावासबीच त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको।

- "नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन निर्देशिका, २०८२" प्रदेशबाट कार्यान्वयनमा ल्याइएको।
- "स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२" कार्यान्वयनमा ल्याइएको।

**(२) वित्तीय प्रगति स्थिति**

| आर्थिक वर्ष | खुद बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ५५३१९ | १२९७२७ | १८५०४६ | ३१५२७ | ६५१८८ | ९६७१५ | ५६.९९ | ५०.२५ | ५२.२७ |
| २०७९/८० | ८४२६८ | ७३३९ | ९१६०७ | २५४४७ | ६९५२ | ३२३९९ | ३०.२० | ९४.७३ | ३५.३७ |
| २०८०/८१ | ५६६२२ | २३४४ | ५८९६६ | २६०१४ | ६५० | २६६६४ | ४५.९४ | २७.७६ | ४५.२२ |
| २०८१/८२ | ५५५४२ | १३१२२ | ६८६६५ | ३१६५७ | ९३१५ | ४०९७२ | ५७.०० | ७०.९९ | ५९.७० |
| २०८२/८३ अर्ध वार्षिक | ६८४५६ | ४२२२ | ७२६७८ | १०९३६ | ८९ | ११०२५ | १५.९८ | २.११ | १५.१७ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.१० भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको स्थापना राष्ट्रिय लोकमार्ग, राष्ट्रिय रेलमार्ग, जलमार्ग लगायत देशका प्रमुख भौतिक पूर्वाधारहरूको विकास गर्ने उद्देश्यले भएको हो। यस मन्त्रालयले राष्ट्रिय यातायात विकास र सडक सुरक्षा सम्बन्धी काम समेत गर्दछ। यस मन्त्रालयले देशका विभिन्न भौगोलिक क्षेत्रहरूलाई राष्ट्रिय यातायात सञ्जालमार्फत जोडेर देशको आर्थिक र सामाजिक विकासलाई अभिवृद्धि गर्ने जिम्मेवारी लिएको छ। राष्ट्रिय यातायात, राष्ट्रिय रेलमार्ग, सहरी मेट्रो, राष्ट्रिय लोकमार्ग, जलमार्ग, फ्लाईओभर जस्ता भौतिक पूर्वाधारहरूको विकाससम्बन्धी योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी यसको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र निरीक्षण जस्ता कार्यहरू गर्नु यस मन्त्रालयको मुख्य भूमिका रहेको छ। यस मन्त्रालयले वातावरण, अपाङ्गता र लैङ्गिकमैत्री तथा विपद् जोखिम संवेदनशील यातायात प्रविधिको प्रवर्द्धन गर्नुका साथै सडक प्रविधिको विकास सम्बन्धी अध्ययन र अनुसन्धान सम्बन्धी कार्य समेत गर्दछ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- ४ लेन वा सोभन्दा बढी लेनका करिब ८ कि.मी. कालोपत्रे सडक निर्माण सम्पन्न भएको।
- हुलाकी राजमार्ग २६.५ कि.मी., पुष्पलाल (मध्य पहाडी) राजमार्ग ११ कि.मी., उत्तर दक्षिण आयोजना अन्तर्गत १० कि.मी., मदन भण्डारी राजमार्ग ६.६ कि.मी., पूर्व-पश्चिम राजमार्ग ५ कि.मी., सडक सुधार आयोजना अन्तर्गत ५ कि.मी.समेत कूल १६० कि.मी. सडक २ लेनमा कालोपत्रे भएको एवम् १० वटा पुल निर्माण सम्पन्न भएको।
- रुग्ण अवस्थाका २३५ वटा ठेक्कामध्ये ३६ वटा ठेक्का तोडिएको।
- नागढुंगा सुरुङ्ग मार्गको सञ्चालनको लागि सेवा खरीद गर्ने प्रक्रियामा रहेको।
- नारायणी नदीमा Signature Bridge निर्माण गर्न Design स्वीकृत भई निर्माण कार्य शुरु भएको।

- ग्राभेल सडक करिब ३५ कि.मी. र नयाँ ट्र्याक ३० कि.मी. साथै आवधिक मर्मततर्फ १५ कि.मी. सडक मर्मत भएको।
- प्रदुषण जाँच तथा न्यूनीकरण सम्बन्धी मेशिन तथा उपकरण खरीद, सवारी चेकजाँच सम्बन्धी पोर्टेवल उपकरणहरू खरीद (Speed Gun, Inspection Camera) खरीद कार्य गरिएको।

**(२) वित्तीय प्रगति स्थिति**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ९८८४३ | १४६८०२२ | १५६६८६५ | ९०२७७ | ८५२४८२ | ९४२७५९ | ९१.३३ | ५८.०७ | ६०.१७ |
| २०७९/८० | ९८५३६ | १५९०२३३ | १६८८७६८ | ९२२१९ | १०३०३४६ | ११२२५६४ | ९३.५९ | ६४.७९ | ६६.४७ |
| २०८०/८१ | ६८४५८ | १२९०७०३ | १३५९१६० | ६०८०६ | ९४५२७० | १००६०७६ | ८८.८२ | ७३.२४ | ७४.०२ |
| २०८१/८२ | ७४९०५ | १४४४१८३ | १५१९०८९ | ६९४४७ | ११०२३३३ | ११७१७८० | ९२.७१ | ७६.३३ | ७७.१४ |
| २०८२/८३ अर्धवार्षिक | ७४६५२ | १४४२८३१ | १५१७४८३ | २२८३९ | २५५८८९ | २७८७२८ | ३०.५९ | १७.७४ | १८.३७ |

*स्रोतः अर्थ मन्त्रालय*

**(३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था**

| क्र.स. | कामको विवरण | इकाइ | बार्षिक लक्ष्य | पुससम्मको प्रगतिको अवस्था |
|---|---|---|---|---|
| १ | कालोपत्रे सडक (दुई लेन) | कि.मी. | ८०० | ३०३.४ |
| २ | कालोपत्रे सडक (चार लेन र चार लेनभन्दा बढी) | कि.मी. | १०८.५ | ४८.३ |
| ३ | पुल निर्माण | वटा | १६२ | ६६ |
| ४ | रेल मार्ग (ट्र्याकवेड निर्माण) | कि.मी. | १.३९ | ०.३ |
| ५ | सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड) वितरण | संख्या (लाखमा) | ६ | ०.१८०६५ |
| ६ | इम्बोस्ड नम्बर प्लेट उत्पादन | संख्या (हजारमा) | २५० | ८७.०१४ |
| ७ | रोजगारी सिर्जना | कार्यदिन (हजारमा) | ३६५० | ६३० |
| ८ | पुँजीगत खर्च | प्रतिशत | १०० | १६.८७ |
| ९ | कुल बेरुजुमा फछ्र्यौटको अनुपात | प्रतिशत | ६० | ० |
| १० | गुनासो फछ्र्यौट | प्रतिशत | १०० | २०.१६ |

*स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय*

## ४.११ सहरी विकास मन्त्रालय

सहरी विकास, बस्ती तथा आवास विकास, राष्ट्रिय भवन संहिता, संयुक्त र बहुतले आवास, राष्ट्रियस्तरको पार्क तथा मनोरञ्जन स्थल जस्ता विषय क्षेत्रका नीति, कानून, मापदण्ड र नियमन सम्बन्धी कार्य गर्ने प्रमुख जिम्मेवारी रहेको यस मन्त्रालयले सहरी विकास, आवास विकास, बस्ती विकास, सहरी एवम् ग्रामीण पूर्वाधार विकास तथा फोहोरमैला व्यवस्थापन लगायतका विषयमा नीति, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्दछ। मन्त्रालयबाट सघन सहरी विकास कार्यक्रम, नयाँ शहर आयोजना, बागमती सुधार आयोजना, स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम लगायतका रणनीतिक कार्यक्रम कार्यान्वयन भइरहेको छ।

(१) **चालु आर्थिक वर्षको प्रगति**

- भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा आगजनीबाट सहरी विकास तथा भवन निर्माण विभागको कार्यक्षेत्रभित्रका १२६ वटा Green Sticker, १०० वटा Yellow Sticker र ४४ वटा Red Sticker सहित २७० क्षति भएका संरचनामध्ये Green Sticker तर्फका ७७ कार्यक्रम प्राप्त भई ४३ सम्पन्न र १९ अन्तिम चरणमा रहेका छन्।
- सेतो मच्छिन्द्रनाथको पूननिर्माण गर्ने कार्य अन्तिम चरणमा रहेको।
- १६ वटा झोलुङ्गे पुल तथा १३ वटा प्रशासकिय भबनको निर्माण कार्य सम्पन्न भएको।

(२) **वित्तीय प्रगति स्थिति** **(रू.लाखमा )**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | १७५७६ | २९०५६९ | ३०८१४४ | १२८७७ | २०३०८९ | २१५९६६ | ७३.२६ | ६९.८९ | ७०.०९ |
| २०७९/८० | ३६५३४ | ५६३२३५ | ५९९७७० | २४१५५ | ३२६०६७ | ३५०२२२ | ६६.१२ | ५७.८९ | ५८.३९ |
| २०८०/८१ | ४६११६ | ४१८५१३ | ४६४६२९ | २५५५६ | २७५४१८ | ३००९७४ | ५५.४२ | ६५.८१ | ६४.७८ |
| २०८१/८२ | ४३०९१ | ६३८३४५ | ६८१४३६ | २०५९६ | ३७४९०७ | ३९५५०४ | ४७.८ | ५८.७३ | ५८.०४ |
| २०८२/८३ अर्धवार्षिक | २८५४४ | ८८४८७३ | ९१३४१७ | ६९४८ | ५०७१९ | ५७६६७ | २४.३४ | ५.७३ | ६.३१ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.१२ ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय

ऊर्जा, सिँचाइ तथा जलउत्पन्न प्रकोपसम्बन्धी एकीकृत कानून तर्जुमा, गुरुयोजना निर्माण, अध्ययन अनुसन्धान र समन्वय गर्ने तथा जलस्रोत तथा ऊर्जाको दिगो व्यवस्थापन, नियमन र पूर्वाधार निर्माण गर्ने लगायतका कार्य रहेका छन्। हाल सम्म विद्युत जडित क्षमता ४ हजार ८६ मेगाबाट भई राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत्मा पहुँच प्राप्त गर्ने जनसङ्ख्या ९७ प्रतिशत रहेको एवम्म् १५ लाख ८७हजार ९१० हेक्टर जमिनमा सिंचाई सुविधा पुगेको अवस्था छ।

(१) **चालु आर्थिक वर्षको प्रगति**

**जलस्रोत तथा सिंचाइतर्फ**

- बबई सिंचाइ आयोजनाः हेडवर्क्स निर्माण कार्य सम्पन्न, पूर्वी मूलनहर निर्माण कार्य ३४.५ कि.मी. सम्पन्न, पश्चिम मूलनहर निर्माण कार्य ३१.६ कि.मी. सम्पन्न, शाखा, उपशाखा तथा प्रशाखा नहर निर्माण ३२१.५ कि.मी. सम्पन्न, सिंचित क्षेत्र/वाढीबाट क्षतिग्रस्त क्षेत्र तथा संरचना संरक्षण ३०.०४ कि.मी. सम्पन्न, सिंचित क्षेत्र विकास तथा विस्तार २७३३० हेक्टर सम्पन्न।
- महाकाली सिंचाइ आयोजनाः २८.८० कि.मी. मूल नहर निर्माण कार्य सम्पन्न। १८ कि.मी. शाखा नहर निर्माण कार्य सम्पन्न। ८ कि.मी. तटबन्ध निर्माण कार्य सम्पन्न।
- भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाः शुरुङ्ग निर्माण सम्पन्न, सिभिल निर्माण कार्य ५६%, हाइड्रोमेकानिकल निर्माण कार्य ५०% र इलेक्ट्रो मेकानिकल निर्माण कार्यको ५५% भौतिक प्रगति भएको
- सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाः शुरुङ्ग निर्माण सम्पन्न, सिभिल निर्माण कार्यको भौतिक प्रगति १०% भएको।

उर्जा तर्फ

- विद्युत प्रसारण तथा वितरणमा खुल्ला पहुँच सम्बन्धी निर्देशिका, २०८२" जारी भएको ।
- अपर अरुण जलविद्युत आयोजनाः Detailed Report को Tender Design Report र Tender Document तयारीको थप ५० प्रतिशत कार्य सम्पन्न भएको|
- बुढीगण्डकी जलविद्युत आयोजनाः विस्तृत आयोजना प्रतिवेदन तयार भएको, वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न, रैकर जग्गाको मुआब्जा र घरगोठ लगायत भौतिक संरचना, फलफुल तथा वोटविरुवाको क्षतिपूर्ति वितरण-करिब ९५% सम्पन्न, कम्पनीको कार्यक्रम तथा वजेट र O&M निर्माण गरी कम्पनीको बोर्ड बैठकबाट स्वीकृत भएको।
- तामाकोशी-काठमाडौ (खिम्ती-बाह्रबिसे-लप्सिफेदी ४०० के.भी. प्रसारण लाइन) २२०/४०० के.भी. प्रसारण लाइन आयोजनाको थप २.९ कि.मी. निर्माण गरी आयोजनाको निर्माण कार्य सम्पन्न गर्ने कार्य अगाडि बढी रहेको।
- चैनपुर सेती जलविद्युत आयोजनाः अडिट टनेल-३ मा करिब २४९ मिटर र अडिट टनेल-६ मा करिब ८८.५ मिटर गरी हालसम्म जम्मा ३०४ मिटर टनेल खन्ने कार्य सम्पन्न भएको।

## (२) वित्तीय प्रगति स्थिति

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ४२१०९ | ३८२३७९ | ४२४४८८ | ३४७९३ | ३०७४८७ | ३४२२८० | ८२.६३ | ८०.४१ | ८०.६३ |
| २०७९/८० | ४५०६१ | ३७४५९५ | ४१९६५६ | ३१९४५ | २९७५५१ | ३२९४९६ | ७०.८९ | ७९.४३ | ७८.५२ |
| २०८०/८१ | ३५५०७ | २८२७८७ | ३१८२९४ | २८२१० | २२६४८१ | २५४६९१ | ७९.४५ | ८०.०९ | ८०.०२ |
| २०८१/८२ | ४३४९३ | ३४१०७२ | ३८४५६५ | २९३५३ | २६६५५७ | २९५९११ | ६७.४९ | ७८.१५ | ७६.९५ |
| २०८२/८३ अर्ध वार्षिक | ४२५३३ | ३८४६०६ | ४२७१३९ | १२६३५ | ५८१९८ | ७०८३२ | २९.७१ | १५.१३ | १६.५८ |

*स्रोतः अर्थ मन्त्रालय*

## (३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था

### ऊर्जा तर्फ

| क्र.सं. | विवरण | इकाइ | हालसम्मको कूल | अर्ध वार्षिक प्रगतिको अवस्था |
|---|---|---|---|---|
| १ | विद्युत जडित क्षमता | मे.वा. | ४०८६ | १२६ |
| २ | ६६ के.भि. भन्दा बढी प्रसारण लाइन निर्माण | सर्किट कि.मी. | ७२४७ | ८६ |
| ३ | ३३ के भि प्रसारण लाईन विस्तार | सर्किट कि.मी. | ८२१९ | १६१ |
| ४ | राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत्मा पहुँच प्राप्त गर्ने जनसङ्ख्या | प्रतिशत | ९७ | वार्षिक समीक्षा हुने |
| ५ | प्रतिव्यक्ति विद्युत् खपत | किलोवाट घण्टा | ४५० | वार्षिक समीक्षा हुने |
| ६ | विद्युत निर्यात | गिगावाट आवर | २७७४.१७ | २७७४.१७ |
| ७ | विद्युत् चुहावट (प्रसारण तथा वितरण) | प्रतिशत | १२.७३ | वार्षिक समीक्षा हुने |
| ८ | सौर्य विद्युत उत्पादन क्षमता | मे.वा. | ६२.७ | ५.८१ |
| ९ | लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन | मे.वा. | ४०.७४१ | ०.०६२ |
| १० | विद्युत आयात | गिगावाट आवर | १२३.८ | १२३.८ |

| | | | | |
|---|---|---|---|---|
| ११ | संस्थागत, सामुदायिक र व्यावसायिक वायोग्याँस प्लान्ट निर्माण | सङ्ख्या | ३८२ | ० |
| १२ | सुधारिएको फलामे चुलो | सङ्ख्या | १७३८१० | ० |
| १३ | विद्युतीय चुलो | सङ्ख्या | १०९९०० | २८१०० |

**जलस्रोत तथा सिंचाइ तर्फ**

| क्र.सं. | विवरण | इकाइ | हालसम्मको कूल | अर्ध वार्षिक प्रगतिको अवस्था |
|---|---|---|---|---|
| १ | सिंचित क्षेत्रफल | हेक्टर | १५८७९१० | १५७० |
| २ | तटबन्ध | कि.मी. | १४९४.७१ | १७.१२ |
| ३ | जग्गा उकास | हेक्टर | १३७२१.८८ | ५० |
| ४ | स्वचालित जलमापन केन्द्र स्थापना र सञ्चालन | वटा | १९० | ० |
| ५ | स्वचालित मौसम केन्द्र स्थापना र सञ्चालन | वटा | ३५० | ० |
| ६ | मौसम राडार स्थापना र सञ्चालन | वटा | ३ | ० |

*स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय*

## ४.१३ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिहरूको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने मन्त्रालयको दीर्घकालीन सोच अन्तर्गत आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, सुरक्षण मुद्रण र चलचित्र जस्ता महत्वपूर्ण क्षेत्रगत सोचमा केन्द्रित रहेर मन्त्रालयले लक्ष्यहरू निर्धारण गरेको छ। सरकारी, निजी तथा सामुदायिक क्षेत्रबाट भएको लगानी र प्रयासबाट सूचना तथा सञ्चारमा जनताको पहुँच बढेको छ। सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग गर्दै मुलुकको सर्वाङ्गीण विकास गर्न सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित सेवाहरू प्रवाह गर्न/गराउन मन्त्रालयको अग्रणी भूमिका रहेको छ। संवैधानिक व्यवस्था, नेपाल सरकारले लिएको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य र क्षेत्रगत सोच र कार्यक्षेत्रलाई हृदयङ्गम गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- सुरक्षण मुद्रण केन्द्र सञ्चालनमा ल्याई सवारी चालक अनुमतिपत्र (स्मार्ट ड्राइभिङ लाइसेन्स) छपाई सुरु गरिएको।
- काभ्रेको बनेपामा अत्याधुनिक सुविधा सम्पन्न स्टुडियो निर्माण सम्पन्न भएको।
- डिजिटल नेपाल आयोजना सञ्चालनमा आएको।
- डाटा केन्द्रको क्षमता विस्तार गरिएको।
- ५० वटा हुलाक कार्यालयहरूलाई चालु आ.व.मा स्मार्ट हुलाकमा रुपान्तरण गर्न पूर्वाधार व्यवस्थापन गर्ने कार्य अगाडि बढाइएको।
- एआई सेन्टर स्थापना गरि सञ्चालनमा आएको।
- नेपाल सरकार मोवाइल एप (नागरिक एप) मा हालसम्म विभिन्न निकायका ६७ वटा सेवा तथा सूचना आवद्ध गरिएको।

(२) **वित्तीय प्रगति स्थिति** (रू.लाखमा)

| आर्थिक वर्ष | विनियोजित बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ५५९७६ | १९६५२ | ७५६२८ | ४७७४२ | १३२१५ | ६०९५७ | ८५.२९ | ६७.२५ | ८०.६० |
| २०७९/८० | ५५६३४ | ३१९६३ | ८७५९७ | ४७६३३ | १८१२८ | ६५७६२ | ८५.६२ | ५६.७२ | ७५.०७ |
| २०८०/८१ | ६५०७९ | २३०२७ | ८८१०६ | ४६३२४ | ४८०० | ५११२४ | ७१.१८ | २०.८४ | ५८.०३ |
| २०८१/८२ | ५७९९४ | १६९९१ | ७४९८६ | ४६१२४ | ४७१३ | ५०८३७ | ७९.५३ | २७.७४ | ६७.८० |
| २०८२/८३ अर्ध बार्षिक | ५७८२२ | १९३१७ | ७७१९९ | २३५१७ | १८८४ | २५४०० | ४०.६३ | ९.७५ | ३२.९० |

*स्रोतः अर्थ मन्त्रालय*

### (३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था

| सूचक | प्रगतिको अवस्था |
|---|---|
| रेडियोको राष्ट्रिय पहुँच (डिजिटल प्लेटफर्म समेत) | ९४ |
| २४ कोर माथिको अप्टिकल फाइवर विस्तार | १८८८२.१४ |
| १२ कोर माथिको अप्टिकल फाइवर विस्तार | ३५०८७.३४ |
| फिक्स ब्रोडव्याण्ड सेवा विस्तार | ५०.९९ |
| टेलिभिजन पहुँच (डिजिटल प्लेटफर्म समेत) | ८२ |
| नागरिक एपमा आबद्ध सरकारी सेवा | ६७ |
| फोर जी/एल.टी.ई. सेवा विस्तार | ९०.३७ |
| Government Integrated Office Management System (GIOMS) लागू भएका सरकारी कार्यालय | २१० |
| एकीकृत वेवसाइट प्रणाली लागू भएका कार्यालय | ५७० |

*स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय*

## ४.१४ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य, जनसंख्या तथा पोषण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालय र मातहतका निकायको भूमिका रहेको छ। नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना, राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति, विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि राष्ट्रिय रणनीति, राष्ट्रिय आँखा स्वास्थ्य रणनीति लगायतका रणनीतिक योजना एवम् एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम, स्वास्थ्य बीमा समेतका सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयन भइरहेको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- देशका विभिन्न आन्दोलन, द्वन्द तथा प्राकृतिक प्रकोपका घाईतेहरूलाई औषधी उपचार गरे वापत अस्पतालहरूलाई शोधभर्ना दिने सम्बन्धी कार्यविधि, २०८२; बालबालिकाका लागि स्वर्णबिन्दु प्रशान कार्यक्रम सञ्चालन निर्देशिका २०८२; राष्ट्रिय खानेपानी गुणस्तर निगरानी निर्देशिका, २०८२; समुदायमा आधारित रोग निगरानी निर्देशिका, २०८२; आन्तरिक व्यवस्थापन कार्यविधि, २०८२ र आधारभूत अस्पताललाई सञ्चालनका लागि अनुदान उपलब्ध गराउने कार्यविधि,२०८२ स्वीकृत भएको।

- हालसम्म ९३ आधारभूत अस्पतालको निर्माण कार्य सम्पन्न भई ६२ वटा सञ्चालनमा आएका।
- eLMIS-PAMS मा माइग्रेट भएको।
- आधारभूत अस्पतालहरूको औजार उपकरण सूची, २०८२ कार्यान्वयनमा ल्याइएको।
- हात्तीपाईले रोगको नियन्त्रणका लागि Mass Drug Administration अभियान सञ्चालन भएको।
- "मनका कुरा गरौं" नारासहित देशव्यापी रुपमा "मानसिक स्वास्थ्य सचेतना अभियान, २०८२" कार्यान्वयनमा ल्याइएको।
- आखाँ अस्पताल (स्वास्थ्य संस्था) सञ्चालन मापदण्ड, २०८२ स्वीकृत गरिएको।
- जेन जी घाईते वर्गीकरण कार्यविधि, २०८२ स्वीकृत गरिएको
- नेपाल हेल्थ फ्याक्टशीट २०२५ प्रकाशन भएको।
- ८ ठाउँमा MWRD (Molecular WHO recommended Rapid Diagnostic Test) स्थापना भएको।
- सिंहदरबार वैद्यखानाबाट १०२ प्रकारका औषधिहरूको उत्पादन शुरु भएको।
- स्वास्थ्य बीमामा आवद्ध जनसंख्या ३४.६८ प्रतिशत पुगेको छ। साथै हालसम्म ३८२ वटा स्थानीय तहमा प्रथम सेवा बिन्दु विस्तार भएको।
- हालसम्म ३७२ वटा स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना भई नागरिक आरोग्य कार्यक्रम मार्फत सेवा प्रवाह भइरहेको।
- पर्सा र बारा जिल्लामा हैजा रोग विरूद्धको प्रतिकार्य खोप अभियान सम्पन्न भएको।
- राष्ट्रिय आयुर्वेद पञ्चकर्म योग सेवा केन्द्र, बुढानीलकण्ठको संक्षिप्त सेवा सञ्चालन भएको।
- आत्महत्या न्यूनीकरण र रोकथामका लागि "सुसाइड रजिष्ट्रि (Suicide Registry)" लाई सुदृढ बनाउँदै राष्ट्रिय हेल्पलाइन ११६६ को माध्यमबाट र विद्यालयस्तरमा जनचेतना कार्यक्रममार्फत मानसिक स्वास्थ्य सूचना प्रवाह गर्ने व्यवस्था मिलाइएको।
- वीर अस्पतालमा अत्याधुनिक आकस्मिक सेवा बिस्तार गरिएको।

### (२) वित्तीय प्रगतिको स्थिति

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ७१२३७५ | २००६३९ | ९१३०१५ | ४८३०६९ | १४०७९३ | ६२३८६२ | ६७.८१ | ७०.१७ | ६८.३३ |
| २०७९/८० | ४४६२३६ | १९८८९१ | ६४५१२७ | २४५२६७ | १५१८८६ | ३९७१५३ | ५४.९६ | ७६.३७ | ६१.५६ |
| २०८०/८१ | ३५०७१२ | १५४२२९ | ५०४९४१ | २६९९१२ | ९८५४७ | ३६८४५९ | ७६.९६ | ६३.९० | ७२.९७ |
| २०८१/८२ | ३७५४६४ | १३७१३८ | ५१२६०३ | ३२९७९९ | ९३०५७ | ४२२८५६ | ८७.८४ | ६७.८६ | ८२.४९ |
| २०८२/८३ अर्धवार्षिक | ३८४०५३ | १६९८६६ | ५५३९१९ | १६०६९० | २५६८५ | १८६३७५ | ४१.८४ | १५.१२ | ३३.६५ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.१५ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

मुलुकको शिक्षा, विज्ञान तथा प्रविधिको विकाससम्वद्ध नीति, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालय र मातहतका निकायको भूमिका रहेको छ। शिक्षा ऐन, २०२८; राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६ लगायतका क्षेत्रगत नीति, कानून, रणनीतिको कार्यान्वयन यस मन्त्रालय अन्तर्गत हुँदै आएको छ। विद्यालय शिक्षा क्षेत्र योजना,

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, विद्यालय दिवा खाजा कार्यक्रम, विद्यालय पुनर्निमार्ण कार्यक्रम लगायतका रणनीतिक कार्यक्रम कार्यान्वयन भएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- विश्वविद्यालय अनुदान आयोगबाट पेश भएको राष्ट्रिय योग्यता परीक्षण कार्यविधि कार्यान्वयनमा ल्याइएको।
- केन्द्रिय कार्यान्वयन इकाइ योजना मार्फत दुई हजारभन्दा बढी विद्यार्थी भएका विद्यालयको भौतिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ४३ वटा विद्यालय निर्माण कार्य शुरू भएको।
- विद्यालय भौतिक सुधार गुरूयोजना स्वीकृत गरी स्थानीय तहमार्फत ५३७ विद्यालय छनोट गरी विद्यालय निर्माण सुरू गरिएको।
- जाजरकोट र बझाङ भूकम्पबाट क्षतिग्रस्त विद्यालयहरूमध्ये ADB, JICA, GPE र नेपाल सरकारको लगानीमा ४३ वटा विद्यालय पुनर्निर्माणको कार्य भई रहेको।
- विज्ञान, प्रविधि तथा नवप्रवर्तनका लागि Open Learning Platform को अवधारणा पत्र तयार।
- रेडियो नेपालबाट २७ श्रव्यपाठ र नेपाल टेलिभिजनबाट ६१ श्रब्यदृष्य पाठ उत्पादन गरी प्रसारण।
- भारतीय अनुदान सहयोगमा ६ जिल्लाका थप विद्यालहरूको पुनर्निर्माण बहुवर्षीय Global Partners in Education Fund बाट पुनर्निर्माण।
- गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न दलित, अल्पसंख्यक, अटिजम लगायतका अपाङ्गता भएका, लोपोन्मुख, पिछडिएको क्षेत्र, आर्थिक रुपले विपन्नको लागि विशेष लक्षित कार्यक्रम सञ्चालन।
- विद्यालय शिक्षामा विपत व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम सञ्चालनमा ल्याइएको।
- कक्षा ६-१२ मा अध्ययनरत दलित लगायतका छात्रछात्राहरूलाइ विपन्न लक्षित छात्रबृत्ति (Pro-Poor Target Scholarship) प्रदान गरिएको।

### (२) वित्तीय प्रगति स्थिति (रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ४८१२३४ | ३९८५ | ४८५२१९ | ४२४५७७ | १५८९ | ४२६१६६ | ८८.२३ | ३९.८७ | ८७.८३ |
| २०७९/८० | ५५५०८५ | ९७२२० | ६५२३०५ | ४७७७०८ | ५०९८७ | ५२८६९५ | ८६.०६ | ५२.४४ | ८१.०५ |
| २०८०/८१ | ५६७६९७ | ५१६२६ | ६१९३२३ | ५०९५३६ | १५७९६ | ५२५३३२ | ८९.७५ | ३०.६० | ८४.८२ |
| २०८१/८२ | ५९९१७१ | ४८६५४ | ६४७८२५ | ५२२०३५ | १२३२० | ५३४३५५ | ८७.१३ | २५.३२ | ८२.४८ |
| २०८२/८३ अर्धवार्षिक | ५५९५१७ | ४६१०० | ६०५६१७ | २७४५७२ | ६४३० | २८१००२ | ४९.०७ | १३.९५ | ४६.४० |

*स्रोतः अर्थ मन्त्रालय*

### (३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था

| क्र.सं. | विवरण | प्रगतिको अवस्था २०८१ | कैफियत |
|---|---|---|---|
| १ | पूर्व प्राथमिक शिक्षामा कूल भर्नादर | १०१ | |
| २ | पूर्व प्राथमिक तहको अनुभवसहित कक्षा १ मा नयाँ भर्ना हुने प्रतिशत | ७६.९ | |
| ३ | कक्षा १ मा खुद प्रवेश दर | ९३.७ | |
| ४ | कक्षा १-५ मा खुद भर्ना दर | ९४.४ | |
| ५ | कक्षा १-८ मा खुद भर्ना दर | ९४.१ | |
| ६ | कक्षा ९-१२ मा खुद भर्ना दर | ५९.६ | |

| | | | |
|---|---|---|---|
| ७ | कक्षा ८ मा टिकाउ दर | ८६.५ | |
| ८ | कक्षा १० सम्मको टिकाउ दर | ६६.९ | |
| ९ | कक्षा १२ सम्मको टिकाउ दर | ३९.३ | |
| १० | कक्षा १-८ को खुद भर्ना दरमा लैङ्गिक समता | ०.९९ | |
| ११ | कक्षा ९-१२ को खुद भर्ना दरमा लैङ्गिक समता | ०.९३ | |
| १२ | १५-२४ उमेर समूहको साक्षरता दर | ९५ | |
| १३ | आधारभूत तहमा महिला शिक्षक प्रतिशत | ५४.१ | |
| १४ | माध्यमिक तहमा महिला शिक्षक प्रतिशत | २०.४ | |

*स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय*

## ४.१६ खानेपानी मन्त्रालय

खानेपानी तथा सरसफाइको क्षेत्रमा सङ्घीय तहको नीति, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालाय र मातहतका निकायहरूको भूमिका रहेको छ। खानेपानी तथा सरसफाइ ऐन, २०७९; खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ र सो अन्तर्गत बनेका नियमावलीहरू, खानेपानी, सरसफाइ तथा स्वच्छता नीति, २०८१ लगायतका क्षेत्रगत कानून, नीति रणनीतिको कार्यान्वयन यस मन्त्रालय अन्तर्गत हुदै आएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- मेलम्ची खानेपानी आयोजनाः हेडवर्क्ससम्मको २.५ कि.मी. बैकल्पिक मार्गको मर्मत तथा सुधार कार्य सम्पन्न भएको, हेडवर्कसको रिबर्मा खोलाको पानीबाट सुरुङ् सञ्चालन गर्न संरचना निर्माण गरिएको, ADS बाट २०८२ साउन १० गतेबाट दैनिक ४-७ करोड लिटर खानेपानी पथान्तरण गरिएको र असोज २६ गते देखि सुरुङ्गबाट मेलम्ची नदीको पानी दैनिक १७ करोड लिटर पथान्तरणको कार्य हुँदै आएको।
- भेरी पम्पिङ्ग खानेपानी आयोजनाको १८ प्रतिशत कार्य सम्पन्न भएको।
- सुन्दरीजल पानी प्रशोधन केन्द्रको सञ्चालन हस्तान्तरण गरिएको।

### (२) वित्तीय प्रगति स्थिति

(रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ९१६६ | २३३१४७ | २४२३१३ | ६५२२ | १३४२४६ | १४०७६८ | ७१.१६ | ५७.५८ | ५८.०९ |
| २०७९/८० | ९४२६ | २१३१०८ | २२२५३३ | ६७३२ | १५८१५६ | १६४८८८ | ७१.४२ | ७४.२१ | ७४.१० |
| २०८०/८१ | १२६३३ | १२१९३१ | १३४५६४ | ६६५६ | ७७८४६ | ८४५०२ | ५२.६९ | ६३.८४ | ६२.८० |
| २०८१/८२ | ९३८८ | १५६५४६ | १६५९३४ | ६८१५ | १२२२७१ | १२९०८६ | ७२.५९ | ७८.११ | ७७.७९ |
| २०८२/८३ अर्धवार्षिक | ९३४९ | १९७८५७ | २०७२०६ | २९९८ | २१७८० | २४७७८ | ३२.०७ | ११.०१ | ११.९६ |

*स्रोतः अर्थ मन्त्रालय*

### (३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था

| क्र.सं. | विवरण | प्रगतिको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | सुरक्षित खानेपानी | २७.८० प्रतिशत | |
| २ | प्रशोधन सहितको ढल व्यवस्थापन | ३.०० प्रतिशत | |

*स्रोतः खानेपानी तथा सरसफाई मन्त्रालय*

## ४.१७ महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

महिलाको सशक्तीकरण, बालअधिकारको संरक्षण ज्येष्ठ नागरिकको सम्मानजनक जीवन सुनिश्चित गर्न लैंगिक तथा यौनिक अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रबर्द्धन गर्ने एक जिम्मेवार निकायका रूपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय रहेको छ।

**(१) मन्त्रालयबाट भए गरेका मुख्य कार्यहरू:**

- बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परियोजना सहजीकरण सम्बन्धी कार्यविधि, २०८२ कार्यान्वयनमा ल्याइएको।
- महिला उद्यमी तथा समुहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ कार्यान्वयनमा ल्याइएको।
- सडक बालबालिका विशेष संरक्षण निर्देशिका, २०८२ कार्यान्वयनमा ल्याइएको।
- लैङ्गिक परीक्षण कार्यविधि, २०८२ कार्यान्वयनमा ल्याइएको।
- स्थानीय तहमा जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ कार्यान्वयनमा ल्याइएको।
- ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०८२ कार्यान्वयनमा ल्याइएको।
- चालु आ.व.२०८२/८३ मा ४६ जना सहित हालसम्म ८९१ जना दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाई उद्धार भएको।
- बाल सुधार गृहहरूः भक्तपुर, मोरङ, कास्की, रुपन्देही, पर्सा, मकवानपुर, डोटी र बाँके, नौबस्ता बाँके नेपाल सरकारद्वारा सञ्चालन गरिएको।
- ८७ जना सडक बालबालिका उद्धार गरी गत वर्ष उद्धार गरिएका र अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका ३३१ जना सहित ४१८ जना सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गरिएको।
- देशभर हराएका ३ हजार ९७१ बालबालिकाको खोजतलास गरी फेला परेका ३ हजार ७६४ जना बालबालिकाको संरक्षण तथा व्यवस्थापन सहित उद्धार, संरक्षण, मनोविमर्श तथा पारिवारिक पुनर्मिलन र पुनःस्थापना गरिएको।
- बालबालिका विरुद्धको हिंसा र जोखिममा परेका ४०७ बालबालिकाको आकस्मिक तथा तत्काल उद्धार गरी संरक्षण, राहत तथा पुनःस्थापना गरिएको।
- माइती नेपालसँगको सहकार्यमा २०८२ पुस ३ र ४ गते कोशी प्रदेश, विराटनगरमा नेपाल र भारतका सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूको सहभागितामा Cross Border Workshop on Strengthening Response to Combat Human Trafficking Stakeholders Consultation आयोजना गरिएको।
- ज्येष्ठ नागरिकका स्वास्थ्य समस्या सुनुवाईका लागि ११११ हटलाइन सेवा शुरुवात गरिएको।

(२) वित्तीय प्रगति स्थिति (रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ५०१८ | १५६२ | ६५८० | ४०४६ | ४६८ | ४५१४ | ८०.६३ | २९.९४ | ६८.५९ |
| २०७९/८० | ९३६६ | ३७२२ | १३०८८ | ४२४४ | ४९८ | ४७४२ | ४५.३२ | १३.३८ | ३६.२४ |
| २०८०/८१ | ११८३८ | ३९२४ | १५७६२ | ६२१८ | ६४७ | ६८६६ | ५२.५३ | १६.५० | ४३.५६ |
| २०८१/८२ | ६९२६ | ६१०६ | १३०३२ | ४३७८ | २१५८ | ६५३६ | ६३.२१ | ३५.३५ | ५०.१६ |
| २०८२/८३ अर्धवार्षिक | ७७९८ | ७४७९ | १५२७७ | १५२० | १६१८ | ३१३९ | १९.५० | २१.६४ | २०.५५ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.१८ युवा तथा खेलकुद मन्त्रालय

युवा, खेलकुद तथा स्काउट सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालय र मातहतका निकायको भूमिका रहेको छ। नवप्रवर्धनात्मक क्षमता भएका युवालाई इन्क्युवेशन तालिम, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना र सहभागिता, उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम र स्वरोजगार कार्यक्रम, राष्ट्रियस्तर र स्थानीयस्तरका खेलकुद प्रशिक्षण तथा विभिन्न खेलकुद पूर्वाधार विकास लगायतका रणनीतिक आयोजना/कार्यक्रमसमेत मन्त्रालयबाट कार्यान्वयन हुँदै आएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- चार वर्षको कार्यक्रम झल्किने गरी युवा चित्र डायरी प्रकाशन गरिएको।
- जेन्जी अगुवा र युवा संघ संस्थाको सहभागितामा असोज ३१ गते युवा सहभागिता सम्वाद कार्यक्रम आयोजना गरिएको।
- युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्ट-अप व्यवसाय प्रदर्शनी (12600 Unmixed Gon 49) प्रदर्शनीका लागि कार्यढाँचा तयार गरी परिषद्‌बाट स्वीकृत गरिएको गण्डकी प्रदेशको पोखरामा प्रदर्शनी आयोजनाको लागि तयारी बैठक सम्पन्न भएको।
- कीर्तिपुर क्रिकेट मैदानमा स्कोरबोर्ड, प्याराफिट तथा फ्लडलाइट जडान कार्य सम्पन्न भएको।
- नारायणी रङ्गशाला, वीरगञ्जको थप स्तरोन्नती र सातदोबाटोमा अवस्थित तेक्वान्दो होस्टल निर्माणको खरीद प्रक्रिया अगाडि बढाइएको।
- विद्यालयमा खेलकुद प्रवर्द्धनका लागि मधेस प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशमा गरी १८६ जना विद्यालयका शिक्षकलाई खेलकुद शिक्षक तालिम प्रदान गरिएको।
- मिसन २०२६ खेलाडी प्रशिक्षण अन्तर्गत कराँते, तेक्वान्दो, पारा तेक्वान्दो, बक्सिङ्ग, जुडो, महिला भलिबल, महिला कवड्डी, कुस्ती, गल्फ, एथलेटिक्स र उसु गरी १० खेल ११ टिमका १२० खेलाडी र २० प्रशिक्षकबाट विशेष प्रशिक्षण सञ्चालन गरिएको।
- राष्ट्रिय एन्टीडोपिङ एजेन्सीको कार्यालय स्थापना गरिएको।
- ककनी अन्तर्राष्ट्रिय स्काउट केन्द्रमा National Youth Meet -2082 सञ्चालन गरी सातै प्रदेशबाट १८ देखि २६ वर्ष उमेर समूहका ३५ जना युवाहरूलाई क्षमता अभिवृद्धि अभिमुखीकरण तालिम प्रदान गरिएको।
- स्वरोजगार सिर्जनाका लागि ३२ वटा सहकारी संस्थाहरूलाई रू.६ करोड ७१ लाख कर्जा लगानीका लागि स्वीकृत गरिएको।

(२) वित्तीय प्रगति स्थिति (रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | १३६७८ | ५३७७ | १९०५५ | १११६२ | २०९८ | १३२६० | ८१.६१ | ३९.०३ | ६९.५९ |
| २०७९/८० | २१७५४ | ८८२८ | ३०५८२ | १६८५१ | २४०२ | १९२५३ | ७७.४६ | २७.२१ | ६२.९६ |
| २०८०/८१ | १५९४७ | ७२८० | २३२२७ | १३७२६ | ३६१४ | १७३३९ | ८६.०७ | ४९.६४ | ७४.६५ |
| २०८१/८२ | १५५०० | ५०८८ | २०५८९ | ११६८३ | ३८५१ | १५५३४ | ७५.३७ | ७५.६९ | ७५.४५ |
| २०८२/८३ अर्धवार्षिक | २१११० | ३६०६४ | ५७१७४ | ४७७० | २८८१ | ७६५१ | २२.५९ | ७.९९ | १३.३८ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.१९ रक्षा मन्त्रालय

नेपालको संविधानमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुने कुरा स्पष्ट उल्लेख गरिएको छ। वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पश्चात् सेनासम्बन्धी कार्य सम्पादनको लागि छुट्टै प्रशासनिक संयन्त्रको आवश्यकता महसुस गरिए अनुसार २००७ साल फागुनमा रक्षा मन्त्रालयको स्थापना भएको हो। यसको स्थापना कालको मुख्य जिम्मेवारीका रूपमा राष्ट्रको सम्प्रभुताको संरक्षण तथा बाह्य हस्तक्षेप र बाह्य हमलाबाट मुलुकलाई प्रतिरक्षा गर्दै देशको सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता र अखण्डता अक्षुण्ण राख्दै सर्वाङ्गीण राष्ट्रिय सुरक्षा कायम गर्नु रहेको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- "बंकरदेखि व्यारेक" कार्यक्रम अन्तर्गत १०० वटा स्वीकृत कार्यक्रमको खरीद प्रक्रिया पूरा भई निर्माण कार्य भइरहेको।
- राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको बहुवर्षीय ठेक्का सहमति अनुसारका भौतिक पूर्वाधार तथा अन्य निर्माणहरूको खरीद प्रकृया पुरा भइ निर्माण कार्य भइरहेको।
- राष्ट्रिय सेवा दल (NCC) अन्तर्गत ७ हजार ७ सय १० जना NCC क्याडेटहरूलाई NCC क्याडेट तालिम तथा Youth Exchange Program सञ्चालन भइरहेको।
- नेपालको एकीकरणसँग सम्बद्ध ऐतिहासिक गढी किल्ला संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन अन्तर्गत डडेलधुरा स्थित ऐतिहासिक अमरगढी किल्ला स्तरोन्नति कार्य भइरहेको।
- द्रुतमार्गको ६.५ कि.मी. देखि ७०.९८ कि.मी. सम्मका १२ वटा निर्माण प्याकेजहरू कार्यान्वयनमा रहेको।
- खाँदवारी-किमाथांका, वेनीघाट-आरुघाट-लार्केभन्ज्याङ्ग, कर्णाली करिडोर र दार्चुला टिंकर सडक आयोजनाको ट्र्याक निर्माण तथा स्तरोन्नति कार्य एवम् क्याम्प निर्माण कार्य भइरहेको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ४८६१०३ | ८१६८१ | ५६७७८४ | ४८२५२६ | ४९२९९ | ५३१८२५ | ९९.२६ | ६०.३६ | ९३.६७ |
| २०७९/८० | ५३६१८० | ८२१५८ | ६१८३३८ | ५३१६७२ | ७८५९२ | ६१०२६४ | ९९.१६ | ९५.६६ | ९८.६९ |
| २०८०/८१ | ५३७९८४ | ५६७१२ | ६०९२८३ | ५३७०९५ | ५५२५३ | ५९२३४७ | ९९.८३ | ९७.४३ | ९९.६१ |
| २०८१/८२ | ५४९८४८ | ५९४३५ | ६०९२८३ | ५४९०४१ | ३५४८६ | ५८४५२७ | ९९.८५ | ५९.७१ | ९५.९४ |
| २०८२/८३ अर्धवार्षिक | ५५७९२२ | ६२१९९ | ६२०१२१ | २८५१४१ | ५३१५ | २९०४५५ | ५१.११ | ८.५४ | ४६.८४ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.२० गृह मन्त्रालय

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य जिम्मेवारी हो। यस मन्त्रालयबाट नेपाल नागरिकता ऐन, २०६३; राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६; जग्गा प्राप्ति ऐन, २०३४; प्रहरी ऐन, २०१२; बिष्फोटक पदार्थ ऐन, २०१८ लगायतका नीति, कानून, रणनीति र कार्यनीति कार्यान्वयन हुँदै आएको छ। मन्त्रालय अन्तर्गत आन्तरिक सुरक्षा एवम् शान्ति सुव्यवस्था, अन्तर्राष्ट्रिय शान्ति स्थापनामा सहयोग, अध्यागमन सेवा, राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता, विपद् व्यवस्थापन एवम् राहत तथा पुनर्स्थापना, लागू औषध नियन्त्रण र अपराध नियन्त्रण तथा अनुसन्धान लगायतका क्षेत्रमा कार्यसम्पादन हुँदै आएको छ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- विपदजन्य क्षतिको (Loss and Damage Initial Report) क्षेत्रगत प्रारम्भिक विवरण तयार भएको।
- ९८१ वटा सीमा स्तम्भहरूको मर्मत सम्भार, रङ्गरोगन, पुनः निर्माण गरिएको।
- गत वर्ष डोटी र जाजरकोट केन्द्रबिन्दु बनाई गएको भूकम्पबाट क्षति पुगेका ४३,४३७ घरधुरीको विस्तृत क्षति आंकलन (DDA) सम्पन्न भई Reconstruction MIS System मा प्रविष्टि भएको।
- वि.सं. २०८२ मंसिर १ बाट राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) र आन्तरिक राजस्व विभाग (PAN सेवा) सँग अन्तरआवद्धता कायम गरिएको।
- विभाग र राष्ट्रिय किताबखाना (निजामती) बीच राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) को तथ्यांक प्रयोग गर्ने गरी अन्तरआवद्धता कायम गरिएको।
- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग १२ वटा सार्वजनिक सेवा प्रदायकको प्रणालीलाई आवद्धता गरिएको।
- सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको ७७ जिल्लामा बायोमेट्रिक भेरिफिकेसन प्रणाली लागू गरिएको।
- वि.सं. २०८२ पुस २३ देखि कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको बेभसाइडमा रोक्का, नियन्त्रण र जफतको विवरण अद्यावधिक गरी सार्वजनिक गरिएको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | १७७५३४३ | ११५८४० | १८९११८३ | १७३५५९५ | ८९२५० | १८२४८४५ | ९७.७६ | ७७.०५ | ९६.४९ |
| २०७९/८० | २०००२४५ | ११४२२० | २११४४६४ | १९६६०८३ | ८१६९४ | २०४७७७७ | ९८.२९ | ७१.५२ | ९६.८५ |
| २०८०/८१ | १९७५०१९ | ९३२०२ | २०६८२२१ | १९२५११३ | ८१२२० | २००६३३३ | ९७.४७ | ८७.१४ | ९७.०१ |
| २०८१/८२ | २०४१३९० | १०८०६७ | २१४९४५७ | २००३६३८ | ८६१७० | २०८९८०९ | १०६.४५ | ८०.६७ | ९७.२२ |
| २०८२/८३ अर्धवार्षिक | १९२९१८१ | १५३२९८ | २०८२४७९ | ८६२०९५ | २९७०५ | ८९१७९९ | ४४.६९ | १९.३८ | ४२.८२ |

*स्रोतः अर्थ मन्त्रालय*

## (३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था

| क्र.सं. | क्षेत्रगत कार्यक्रम | उपक्षेत्रगत कार्यक्रम | इकाई | आर्थिक वर्ष २०८१/८२ असार मसान्त सम्मको | आर्थिक वर्ष २०८२/८३ को अन्त्यमा हुने | प्रगतिको अवस्था (पुस मसान्त सम्म) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०१ | सामाजिक सुरक्षा | अन्य जेष्ठ नागरिक (७० वर्ष भन्दा माथि) | जना | १७१९८०० | १६२९४३८ | १६२९४३८ | |
| | | जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष माथि) | जना | १६९५० | १८१९८ | १७८४२ | |
| | | जेष्ठ नागरिक-दलित (६० वर्ष माथि) | जना | १५७८८७ | १६८७९३ | १६५४८४ | |
| | | जेष्ठ नागरिक-एकल महिला (६० वर्ष माथि) | जना | १५९३१० | २३१८८० | २२७३३४ | |
| | | विधवा | जना | ४१६६८७ | ३६२४८५ | ३५५३७८ | |
| | | पूर्ण अपाङ्गता जुनसुकै उमेरको | जना | ६९९५२ | ७०९२५ | ६९५३५ | |
| | | अति अशक्त अपाङ्गता जुनसुकै उमेरको | जना | १५०८८३ | १५४१८१ | १५११५८ | |
| | | दलित बालबालिका | जना | ३३६७०६ | २९८९६७ | २९३१०५ | |
| | | बालबालिका (क्षेत्र तोकिएको) | जना | ७५६४०९ | ६७८८८१ | ६६५५७० | |
| | | लोपोन्मुख जनजाति जुनसुकै उमेरको | जना | २२०५० | २२१४२ | २१७०८ | |
| | राष्ट्रिय परिचयपत्र | राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन | जना (लाख) | १८१.१३ | २०० | १९६.३० | |
| | सीमा सुरक्षा | बि.ओ.पि. | संख्या | २६० | २६८ | | |
| | | बि.ओ.पि. भवन निर्माण | संख्या | १५१ | १६३ | १३ BOP हरूको भवन निर्माणको लागि सम्झौता भएको। | |

*स्रोतः गृह मन्त्रालय*

## ४.२१ कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

कानूनको तर्जुमा, मौजुदा कानूनमा समसामयिक संशोधन लगायत न्याय प्रशासनसँग सम्बन्धित कार्यहरू सम्पादन गर्ने नेपाल सरकारको केन्द्रीय निकायको रुपमा यस मन्त्रालयको भूमिका रहेको छ। कानून कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि, न्याय प्रशासनको सुदृढीकरण र आधुनिकीकरणका लागि आवश्यक नीति, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा मन्त्रालय र मातहतका निकायहरूको क्रियाशीलता रहँदै आएको छ। कानून तर्जुमा, सङ्घीय विधेयक, अध्यादेश, नियम, आदेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा तथा सहमति, सङ्घीय संसदमा विधेयक प्रस्तुत, फिर्ता, पारित विधेयकको प्रमाणीकरण, कानूनी राय तथा परामर्श, नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन, सङ्घीय कानूनको प्रकाशन तथा वितरण लगायतका कार्य सम्पादन मन्त्रालयबाट भइरहेको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- समीक्षा अवधिमा १ वटा नयाँ विधेयक, २ वटा संशोधन विधेयक, ३ वटा नयाँ नियमावली तथा १६ वटा नियमावलीको संशोधनको मस्यौदा तर्जुमा गरिएको। त्यसैगरी १० वटा अध्यादेश र २ वटा गठन आदेश जारी गरिएको।
- संक्रमणकालीन न्यायलाई तार्किक निश्कर्षमा पुऱ्याउन बेपत्ता पारिएको व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप कोष सञ्चालन नियमावली, २०८२ नेपाल सरकारबाट जारी भएको।
- निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यक्रम ३ जिल्लामा सम्पन्न गरिएको।
- गण्डकी प्रदेश तथा कास्की जिल्ला स्थित स्थानीय तहमा कार्यरत कर्मचारीहरूसँग प्रदेश तथा स्थानीय तहमा कानून निर्माण सम्बन्धी अनुभव, सीप आदान प्रदान कार्यक्रम सम्पन्न भएको।

### (२) वित्तीय प्रगति स्थिति

(रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ४७८७ | १६६ | ४९५३ | ३२०२ | १०३ | ३३०५ | ६६.८९ | ६२.२० | ६६.७३ |
| २०७९/८० | ५३८१ | २२६ | ५६०७ | २८४० | १५७ | २९९६ | ५२.७७ | ६९.२९ | ५३.४४ |
| २०८०/८१ | ७७८८ | ८० | ७८६८ | ३१२३ | ६० | ३१८३ | ४०.१० | ७४.५४ | ४०.४५ |
| २०८१/८२ | ५३९३ | ९९ | ५४९३ | ३५२८ | ८२ | ३६१० | ६५.४२ | ८२.६९ | ६५.७३ |
| २०८२/८३ अर्धवार्षिक | ५२७३ | ८३ | ५३५६ | १६६६ | १९ | १६८४ | ३१.५९ | २२.५९ | ३१.४५ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.२२ परराष्ट्र मन्त्रालय

नेपालको परराष्ट्र मामिला सञ्चालन तथा परराष्ट्र नीतिको कार्यान्वयनमा यस मन्त्रालयको भूमिका रहेको छ। राष्ट्रिय हितको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण, अधिकतम सद्भाव र सहयोग अभिवृद्धि एवम् अन्तर्राष्ट्रिय समुदायमा मुलुकको छवि, प्रतिष्ठा र भूमिकालाई प्रभावकारी बनाउने परराष्ट्र नीति अनुरूपका क्रियाकलाप यस मन्त्रालय अन्तर्गत सञ्चालन हुँदै आएको छ। छिमेकी तथा अन्य मित्रराष्ट्रहरूसँग कूटनीतिक सम्बन्ध कायम गर्ने, सार्वजनिक कूटनीति, आर्थिक

कूटनीति लगायत विदेशमा नेपाल सम्बन्धी प्रचार प्रसार गर्ने, राहदानी र कन्सुलर सेवा प्रदान गर्ने लगायतका कार्यसमेत हुँदै आएको छ। हालसम्म १८३ मुलुकहरूसँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको छ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- सम्माननीय उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादवको निमन्त्रणामा नेपाल भ्रमणमा आउनु भएका भियतनामका उपराष्ट्रपति महामहिम Ms. Vo Thi Anh Xuan को भ्रमण व्यवस्थापन, समन्वय लगायतका कार्यहरू सम्पन्न भएको।
- सम्माननीय प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्री सुशिला कार्कीले नेपालस्थित विदेशी राजदूत/नियोग प्रमुखहरू एवम् विकास साझेदार संस्थाका प्रमुखहरूसँग बैठक गरी निर्वाचन लगायत वर्तमान सरकारका प्राथमिकता बारे ब्रिफिङ गर्नु भएको।
- तत्कालीन प्रधानमन्त्री सम्माननीय श्री के.पी. शर्मा ओलीको नेतृत्वमा जनवादी गणतन्त्र चीनको Tianjin मा आयोजना भएको Shanghai Cooperation Organization (SCO) Summit 2025 मा सहभागी भएको।
- तत्कालीन प्रधानमन्त्री सम्माननीय श्री के.पी. शर्मा ओलीको नेतृत्वमा तुर्कमेनिस्तानको आवजा सहरमा आयोजित भूपरिवेष्टित विकासोन्मुख राष्ट्रहरूको तेस्रो संयुक्त राष्ट्र सङ्घीय सम्मेलन (LLDC3) मा सहभागी भएको।
- माननीय परराष्ट्र मन्त्री श्री बालानन्द शर्माले बंगलादेशको भ्रमण गर्नुभई बंगलादेशकी पूर्वप्रधानमन्त्री तथा बंगलादेश नेशनालिस्ट पार्टीकी अध्यक्ष बेगम खालिदा जियाको राजकीय अन्त्येष्टिमा नेपाल सरकारको तर्फबाट सहभागी हुनु भएको।
- जनवादी गणतन्त्र चीनको China International Development Cooperation Agency का अध्यक्षको नेपाल भ्रमणका क्रममा देहायका Letter of Exchange, MoU तथा Minutes मा हस्ताक्षर भएको।

a. Bone Marrow Transplantation Medical Center Project
b. Feasibility Study for the Expansion of Civil Service Hospital of Nepal
c. Memorandum of Understanding on Human Resource Development
d. Minutes Signing Regarding Kerung Rasuwagadi 220 KV Transmission line

- IUCN World Conservation Congress 2025 मा IUCN Regional Council for South and East Asia पदमा नेपालका उम्मेदवार निर्वाचित गर्न मन्त्रालयको तर्फबाट सहयोग तथा समन्वय गरिएको।
- २०८२ भदौ २३ र २४ को आन्दोलन पश्चात नेपाल भ्रमण सम्बन्धमा विभिन्न मुलुकहरूले जारी गरेका प्रतिवन्धात्मक Travel Advisory हटाउन विदेशस्थित नियोगहरूमार्फत समन्वय गरिएको।
- नेपालद्वारा मोन्ट्रियल प्रोटोकलको किगाली संशोधन अनुमोदन गरिएको।
- नेपाली नागरिकलाई भरपर्दो राहदानी सेवा उपलब्ध गराउन नयाँ ठेक्का प्रक्रिया सम्पन्न गरिनुका अतिरिक्त सङ्क्रमण अवधिका लागि थप राहदानी पुस्तिका खरीद गरिएको।

(२) वित्तीय प्रगति स्थिति (रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८/७९ | ५३८६४ | १४७३७ | ६८६०१ | ४७२४४ | २९६९ | ५०२१४ | ८७.७१ | २०.१५ | ७३.२० |
| २०७९/८० | ६१२०८ | ५९०० | ६७१०८ | ५५९४१ | १०९२ | ५७०३३ | ९१.४० | १८.५० | ८४.९९ |
| २०८०/८१ | ६७००८ | ४२४४ | ७१२५२ | ६३८५८ | १९७७ | ६५८३५ | ९५.३० | ४६.५८ | ९२.४० |
| २०८१/८२ | ७२४०६ | ८३७८ | ८०७८४ | ६९००७ | ४९३० | ७३९३७ | ९५.३० | ५८.८४ | ९१.५२ |
| २०८२/८३ अर्धवार्षिक | ६४२०६ | १४२७५ | ७८४८१ | ४६३९७ | ३९१९ | ५०३१७ | ७२.२६ | २७.४६ | ६४.११ |

*स्रोतः अर्थ मन्त्रालय*

## परिच्छेद - पाँच
## सार्वजनिक खर्च व्यवस्थापनमा भएका सुधारका प्रयास

### ५.१ पृष्ठभूमि

सार्वजनिक खर्चमा विनियोजन कुशलता र कार्यान्वयन दक्षता अभिवृद्धि गरी वित्तीय सुशासन प्रत्याभूत गर्न आवश्यक छ। समग्र आर्थिक क्रियाकलापमा पारदर्शिता, जवाफदेहिता एवम् बैद्यता सुनिश्चित गर्न सार्वजनिक खर्च व्यवस्थापन प्रणालीमा निरन्तर सुधार हुँदै आएको छ। यस क्षेत्रमा भएका नीतिगत, कानुनी, संरचनागत र प्रणालीगत सुधारका साथै अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप लेखाङ्कन तथा प्रतिवेदन प्रणालीको अबलम्बन गरी सार्वजनिक खर्च प्रणालीलाई थप सबल, सुदृढ र जवाफदेही बनाएको छ। विगत बर्षहरूमा अलग-अलग खातामार्फत खर्च गर्न इकाईलाई चौमासिक निकासा उपलब्ध गराउने व्यवस्थामा सुधार गरी शून्य मौज्दातको कोष खाताबाट कारोबार सञ्चालन एवम् दैनिक रूपमा हिसाब मिलान गर्न सकिने गरी अनलाइन सूचना प्रविधिमा आधारित एकल खाता कोष प्रणाली (TSA) कार्यान्वयनमा ल्याइएको छ। योजना, बजेट कार्यान्वयन, लेखा, अनुगमन तथा प्रतिवेदनका सबै चरणहरूलाई सबल, पारदर्शी र जवाफदेही बनाउन सूचना प्रविधिमा आधारित प्रणालीहरूको विकास, विस्तार र सुधार गर्दै प्रणालीबीचको अन्तर आबद्धता कायम गरिएको छ। यसबाट वास्तविक समय (Real Time) मा प्रतिवेदन प्राप्त गर्न सकिने अवस्था सिर्जना भएको छ। हाल सञ्चालनमा रहेका बजेट व्यवस्थापन सूचना प्रणाली (BMIS), मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), एकल खाता कोष प्रणाली (TSA), विद्युतीय सरकारी लेखा प्रणाली (CGAS), एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सेवा (IPFMS), सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2), राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS), प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS), स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) लगायतका सूचना प्रविधि प्रणालीहरूको कार्यान्वयनबाट सार्वजनिक खर्च व्यवस्थापनलाई एकीकृत गर्न तथा वित्तीय सङ्घीयता कार्यान्वयन गर्न सहयोग पुगेको छ।

सार्वजनिक खर्च व्यवस्थापन प्रणालीमा समीक्षा अवधिमा गरिएका नीतिगत, कानूनी, प्रणालीगत र पद्धतिगत सुधारका प्रयासहरू देहाय अनुसार रहेका छन्।

### ५.२ नीतिगत एवम् कानूनी सुधार

- सार्वजनिक स्रोत विनियोजनमा प्रभावकारिता अभिवृद्धि गर्ने, आर्थिक अनुशासन कायम राख्ने र सार्वजनिक सेवा प्रवर्द्धन गर्ने लक्ष्यका साथ "तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७)" कार्यान्वयनमा ल्याइएको।
- सबल, सुदृढ, समावेशी र उत्थानशील वित्तीय क्षेत्र विकासको लागि "वित्तीय क्षेत्र विकास रणनीति (२०८२/८३-२०८६/८७)" कार्यान्वयनमा ल्याइएको।
- आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ मा संशोधन गरी बजेट तर्जुमा सम्बन्धी समय सीमा, वित्तीय हस्तान्तरण, कोष व्यवस्थापन, एक्स्ट्रा बजेटरी निकायको लेखाप्रणाली, सङ्घीय संचित कोषमा फिर्ता गर्नु पर्ने वित्तीय हस्तान्तरणको रकम विद्युतीय प्रणालीमार्फत फिर्ता गर्ने लगायतका विषयलाई व्यवस्थित गरिएको।
- बहुवर्षीय ठेक्काको स्रोत सहमति प्रदान गर्ने कार्यलाई व्यवस्थित गरी स्रोत सहमति उपलब्ध गराउन "बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२" कार्यान्वयनमा ल्याइएको।

- भदौ २३ र २४ गते भएको आन्दोलनबाट क्षति भएका सार्वजनिक तथा सरकारी भौतिक संरचनाको पुनर्निमाणको लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था गरी पुनर्निमाण तथा मर्मत, आर्थिक पुनरुत्थान र पुनर्स्थापना सम्बन्धी कार्यलाई तत्काल व्यवस्थित र प्रभावकारी बनाउनका लागि भौतिक पूर्वाधार पुनर्निमाण समिति (गठन) आदेश, २०८२" कार्यान्वयनमा ल्याइएको।
- राज्यकोषबाट लगानी भएका नियामक निकाय, प्रतिष्ठान बोर्ड, समिति तथा सार्वजनिक संस्थान लगायतका निकायमा पदाधिकारी र कर्मचारीको पारिश्रमिक तथा सेवा सुविधामा एकरुपता कायम गर्ने कार्यदलको प्रतिवेदन कार्ययोजनासहित कार्यान्वयनमा ल्याइएको।
- सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति,२०८२ कार्यान्वयनमा ल्याइएको।

## ५.३ प्रणालीगत सुधार

- अर्थ मन्त्रालयबाट गरिने कार्यसम्पादनका सबै प्रक्रिया सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) बाट गरी प्रविधिमैत्री र कागजरहित बनाउँदै लगिएको।
- सरकारी कोषबाट हुने सबै प्रकारका भुक्तानीलाई विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत गर्ने गरी नगदरहित बनाउँदै लगिएको।
- विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) संघ र प्रदेश अन्तर्गतका सबै सरकारी कार्यालयमा लागू गरिएको।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) लाई समयानुकूल परिमार्जन गरी पूर्ण रूपमा वेवमा आधारित बनाइएको। उक्त प्रणालीमा बजेट रोक्का/फुकुवा, बजेट समर्पण लगायतका कार्य गर्दा एकल खाता कोष प्रणाली (TSA) मा सोझै प्रतिविम्बित हुने प्रणालीको विकास गरिएको।
- रकमान्तर, स्रोतान्तर, अख्तियारी, वित्तीय हस्तान्तरण, कार्यक्रम संशोधन, रोक्का, फुकुवासम्बन्धी जानकारी प्राप्त हुने गरी मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा विभिन्न प्रतिवेदनहरूको ढाँचा तय गरिएको।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), एकल खाता कोष प्रणाली (TSA), विद्युतीय सरकारी लेखा प्रणाली (CGAS), प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS), प्रदेश एकल खाता कोष प्रणाली (PTSA) र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) बीचमा अन्तर आबद्धताको काम भइरहेको।
- ठेक्का सम्झौताको सम्पूर्ण विवरण हेर्न मिल्ने र सरकारको नगद प्रवाह व्यवस्थापनलाई सहयोग हुने गरी विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) मा प्रतिवद्धता भुक्तानी मोड्युलको शुरुवात गरिएको।
- चालु आर्थिक वर्षमा दायित्व सिर्जना भएका तर भुक्तानी हुन नसकेका खर्चको विवरण कार्यालयले विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) मा लेखाङ्कन गरी कोष तथा लेखा नियन्त्रक कार्यालयले एकल खाता कोष प्रणाली (TSA) बाट प्रमाणित गर्ने व्यवस्था गरिएको। यसबाट भुक्तानी दिन बाँकी रकमको वास्तविक तथ्याङ्क प्राप्त हुने अवस्था रहेको।
- विभिन्न कार्यालयहरूको नाममा खोलिएका क २.७, क २.८, क २.९, क २.१० समूहका खाताहरूको विवरण प्राप्त गरी उक्त खाताहरूको आम्दानी र खर्चको लेखाङ्कनको शुरुवात विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) बाट गर्न थालिएको। यसले विभिन्न खाताहरूमा रहेको नगद मौज्दातको यथार्थ अवस्थाको चित्रण गरेको छ।

- Project Account Module र Treasury Management System विकास गरी एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सेवा (IPFMS) प्रणाली प्रयोगमा ल्याइएको।
- अन्य कोष खाताहरूको लेखापालन तथा प्रतिवेदन समेत विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) बाट गर्न थालिएको।
- वित्तीय व्यवस्थापन सूचना प्रणालीमा मन्त्रालयगत वित्तीय सूचना प्रणालीको प्लेटफर्म थप गरी सुधार गरिएको।
- संघ, प्रदेश र स्थानीय तहको Nepal Public Sector Accounting Standards (NPSAS) मा आधारित एकीकृत वित्तीय प्रतिवेदन तयार गरिएको।

### ५.४ कार्य प्रक्रिया सुधार

- बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन "आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन" जारी गरिएको।
- भदौ २३ र २४ गते भएको आन्दोलन पश्चात नेपाल सरकार मन्त्रिपरिषद्बाट सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनःप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा निर्णय भई सबै मन्त्रालय/प्रदेश/स्थानीय तहमा पत्राचार गरिएको।
- चालु आर्थिक वर्षको स्थगनमा रहेको बजेट खरीद सम्झौता भई दायित्व सिर्जना भइसकेका वा खरीद प्रक्रिया अन्तिम चरणमा पुगेका, बहुवर्षीय खरीदसमेत भएका एवम् क्रमागत रुपमा सञ्चालन भइरहेका र दायित्व सिर्जना भइसकेका आयोजनाको हकमा सम्बन्धित मन्त्रालयबाट औचित्य पुष्ट्याईसहित लेखि आएको आधारमा अर्थ मन्त्रालयबाट फुकुवा गरिएको।
- चालु खर्चमा मितव्यिता कायम गर्न नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराइने, विद्यमान जनशक्तिबाट सम्पादन हुने कामका लागि बाह्य परामर्श सेवा नलिने तथा पानी, बिजुली, सञ्चार महशुलमा मितव्ययी ढंगले खर्च गर्ने व्यवस्था मिलाइएको।
- संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूमा सवारी साधन, मोबाइल फोन, फर्निचर, ल्यापटप, डेक्सटप, कम्प्युटर, मोटरसाइकल जस्ता सामान उपयोगमा पुराना सामान नै उपयोग गर्ने नीति लिइएको र थप बजेट निकासामा कडाई गरिएको।
- नेपाल सरकार स्रोतबाट अत्यावश्यक बाहेकका तालिम गोष्ठी तथा सेमिनार सञ्चालन नगर्ने निर्णय गरिएको, गर्नै पर्ने भएमा सरकारी हलहरू तथा अनलाइनबाटै सम्पन्न गर्ने गरिएको।
- सरकारी भौतिक संरचनाको क्षति कम गर्न बीमा गर्ने कार्य शुरुवात गरिएको। सरकारी सवारी साधनको पूर्ण (कम्प्रिहेन्सिभ) निर्जीवन बीमा गर्ने गरिएको।
- समग्र कोषको अवस्था र चाप समेतलाई मध्यनजर गरी सरकारी संरचनामा सुधार गर्न प्राविधिक जनशक्ति बाहेक थप दरबन्दी सिर्जना नगर्ने र दोहोरो परेका संरचनालाई खारेज गर्ने गरी व्यवस्था मिलाइएको।
- सार्वजनिक प्रतिष्ठानबाट आर्थिक वर्ष २०८२/८३ देखि नियुक्त हुने कर्मचारीहरूलाई पेन्सन तथा उपदानको सट्टा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली अनिवार्य रुपमा लागू गर्ने व्यवस्था गरिएको।

- निवृत्तीभरण भुक्तानी व्यवस्थालाई सरल, सहज एवम् पारदर्शी बनाउन निवृत्तभरण भुक्तानी व्यवस्थापन कार्यविधि, २०८२ कार्यान्वयनमा ल्याइएको।
- परम्परागत सीप र पेशाको आधुनिकीकरण एवम् प्रवर्द्धन गर्न "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८२" कार्यान्वयनमा ल्याइएको।
- संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक तहको सार्वजनिक वित्तीय व्यवस्थापनमा पारदर्शिता, उत्तरदायित्व, नविनतम् अभ्यासको अनुसरण एवम् दिगो प्रणालीगत सुधार गर्न "सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्य सञ्चालन निर्देशिका, २०८२" कार्यान्वयनमा ल्याइएको।
- पर्याप्त पूर्व तयारी भएका आयोजनाका लागि वैदेशिक सहायता परिचालन गरी कार्यान्वयनमा लैजान र तोकिएको समय र लागतमा आयोजना सम्पन्न गर्दै वैदेशिक सहायताको दक्षता अभिवृद्धि गर्न "वैदेशिक सहायता परिचालन तत्परता मूल्याङ्कन चेकलिष्ट (रेडिनेस फिल्टर), २०८२" कार्यान्वयनमा ल्याइएको।
- विस्तृत सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति लगायतका प्रक्रिया सम्पन्न भई आयोजना बैङ्कमा प्रविष्टी भएका कार्यक्रमलाई प्राथमिकीकरण गरी बजेटमा समावेश गर्न प्राथमिकता दिइएको।

### ५.५ अन्तरसरकारी वित्त हस्तान्तरणमा गरिएको सुधार

- विनियोजन ऐन,२०८२ र चालु बर्षको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमार्फत अन्तरसरकारी वित्त हस्तान्तरणलाई थप स्पष्ट गरिएको।
- आर्थिक बर्ष २०८२/८३ देखि २०८६/८७ सम्मको लागि प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँटको विस्तृत ढाँचा आधार र हिस्सा एवम् वित्तीय समानीकरण अनुदान वितरणको सीमा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।
- समपुरक र विशेष अनुदानलाई व्यवस्थित गर्न विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र समपुरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ कार्यान्वयनमा ल्याइएको।
- वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश र स्थानीय तहको सञ्चित कोषमा २०८२ भदौ २ गते, २०८२ कात्तिक २ गते, २०८२ माघ २ गते र २०८३ वैशाख २ गते गरी चार किस्तामा हस्तान्तरण हुने व्यवस्था गरिएको।
- वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण, वार्षिक आर्थिक विवरण एवम् नेपाल सरकारबाट हस्तान्तरण भएको रकमको खर्च विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरिएको।
- प्रदेश र स्थानीय तहले सशर्त अनुदानवापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको कार्यक्रम वा आयोजनाको लागि प्राप्त भएको हो सोही कार्यक्रम वा आयोजनाको लागि मात्र खर्च गर्ने व्यवस्था गरिएको।
- सशर्त अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भएको रकमको स्थानीय र प्रदेश तहले भौतिक प्रगति र खर्च भएको रकमको विवरणसहित वार्षिक आर्थिक विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउने व्यवस्था गरिएको।

- सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्ने व्यवस्था गरिएको।

## ५.६ प्रणालीको विकास र अन्तरआवद्धता

- International Card बाट RMIS र अध्यागमन विभागको Nepali Port बीच अन्तरआबद्धता गरी राजस्व बुझाउन सकिने व्यवस्था गरिएको।
- Revenue Management Information System (RMIS) र गृह मन्त्रालय अन्तर्गतको Non-Profit Organizational Public Portal (NPO) बीच अन्तरआबद्धता गर्ने गरी समझदारी पत्र (MOU) जारी भई प्रक्रिया अगाडि बढाइएको।
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लाई विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) सँग आवद्ध गरिएको।
- वैदेशिक सहायताबाट सञ्चालन हुने आयोजना /कार्यक्रमको लेखाङ्कन, प्रतिवेदन र सबै त्रैमासिक अवधिको स्रोत फुकुवाको लागि Project Accounting Module कार्यान्वयनमा ल्याइएको र स्रोत फुकुवालाई CGAS/TSA सँग आबद्ध गरिएको।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि हुने बजेट तथा कार्यक्रमको विवरण स्वतः एकल खाता कोष प्रणाली (TSA), प्रदेश एकल खाता कोष प्रणाली (PTSA) र विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) मा आउने गरी प्रणालीको विकास गरिएको।
- एकल खाता कोष प्रणाली (TSA), विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) लगायतका प्रणालीलाई एकीकृत गर्दै एउटै Platform एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सेवा (IPFMS) अन्तर्गत राखिएको।
- विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) सँग आन्तरिक राजस्व विभागको Integrated Tax System (ITS) बीच अन्तरआवद्धता गरी स्वचालित रुपमा e-TDS हुने व्यवस्था गरिएको।

## ५.७ अन्य सुधार

- सरकारी आम्दानी र खर्चको संकेत तथा वर्गीकरणलाई अन्तर्राष्ट्रिय मुद्रा कोषको Government Finance Statistics Manual, 2014 अनुकूल हुने गरी परिमार्जन गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको बनाइएको।
- आन्तरिक लेखापरीक्षण एकीकृत प्रतिवेदनलाई एकल खाता कोष प्रणाली (TSA) मा आबद्ध गर्न प्रणालीको स्तरोन्नति गरी लेखापरीक्षण प्रतिवेदनलाई आवद्ध गरिएको।
- साविकमा प्रदेशतर्फको स्रोत र विकास साझेदारको प्राथमिक स्रोतमा मात्र लेखाङ्कन हुने गरिएकोमा प्रणालीमा सुधार गरेर प्राथमिक र द्वितीय स्रोत छुट्टिने गरी लेखाङ्कन र प्रतिवेदन हुने गरी प्रणाली विकास गरिएको।

# परिच्छेद - छ

# खर्चको संशोधित अनुमान र पुनः प्राथमिकीकरण

## ६.१ समष्टिगत खर्च एवम् स्रोतको संशोधित अनुमान

### ६.१.१ खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्षको बजेट कार्यान्वयनबाट आर्थिक दक्षता वृद्धि, सामाजिक न्याय, गुणस्तरीय सार्वजनिक सेवा र सुशासनको प्रवर्द्धन गर्दै रोजगारी सिर्जना एवम् गरिवी निवारण गर्ने उद्देश्य रहेको छ। मुद्रास्फीतिको दरलाई ५.५ प्रतिशतमा सीमित गरी ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य निर्धारण गरिएको छ। भदौ २३ र २४ गतेको आन्दोलन पश्चात राजनीतिक क्षेत्रमा देखिएको अन्यौलताले आर्थिक क्षेत्र र अर्थतन्त्रमा समेत संशयको अवस्था देखिएको थियो। तर वर्तमान सरकारको व्यवस्थापन कुशलताले समाजमा रहेको मनोबैज्ञानिक असहजताको स्थितिमा क्रमशः सुधार हुदै गएकोले अर्थतन्त्रले लय समात्न सफल भएको छ।

चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न अर्थ मन्त्रालयलबाट आर्थिक वर्षको शुरूमा ९५ बुँदे बजेट कार्यान्वयन मार्गदर्शन जारी गरिएको थियो। उक्त मार्गदर्शनमा समग्र वित्तीय अनुशासन कायम गर्न बजेट निकासा, खर्च र नियन्त्रणका पक्षमा वित्तीय उत्तरदायित्व कायम गर्दै बजेटले लिएका उद्देश्य प्राप्तिको लागि उपलब्ध हुने स्रोतको अधिकतम उपयोग गर्न खर्चमा मितव्ययिता, दक्षता र प्रभावकारिता कायम गर्ने विषय समेटिएका छन्।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले नीतिगत, कार्यात्मक र संस्थागत उत्तरदायित्व किटान गरी पारदर्शी, जवाफदेही र वित्तीय अनुशासनयुक्त बजेट प्रणाली अवलम्वन गरेको छ। समग्र बजेट प्रणालीलाई नतिजा र प्रभावसँग आवद्ध गर्दै नियमित वित्तीय प्रतिवेदन, आन्तरिक र बाह्य लेखापरीक्षण, तीन तहको सरकारबीच समन्वय र सहकार्य, नियमित अनुगमन र मूल्याङ्कन साथै संसदीय निगरानीलाई व्यवस्थित गरी वित्तीय जवाफदेहिता सुनिश्चित गर्दै सीमित स्रोतको उच्चतम सदुपयोग गर्नु पर्ने प्रबन्ध गरेको देखिन्छ। नेपाल सरकारको मिति २०८२/६/५ को निर्णयबाट आयोजनाको पुनःप्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापन, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गरी समग्र सार्वजनिक खर्चको प्रभावकारिता बढाउने उपायहरू अवलम्वन गरिएको छ।

तीन तहका सरकारबीच आयोजना र कार्यक्रमको क्षेत्राधिकारमा अस्पष्टता एवम् दोहोरोपना हुनु, संविधान र कार्यविस्तृतीकरण प्रतिवेदन अनुरूप कार्य विभाजन र बजेट बाँडफाँट हुन नसक्नु, निकायगत र तहगत समुचित समन्वयको कमीले स्रोतको नतिजामुखी प्रयोगमा कमजोरीहरू रहनु जस्ता कारणहरूबाट सार्वजनिक स्रोतको सामञ्जस्यपूर्ण प्रयोग गर्दै पुँजीगत खर्चको गुणस्तर वृद्धि गर्न आवश्यक छ। चालु खर्चमा भने निरन्तर बढोत्तरी भइरहेको छ। आयोजना पूर्व तयारीको गुणस्तरमा सुधार, वन क्षेत्रको प्रयोग, जग्गा प्राप्ति, अन्तरनिकाय समन्वय, ठेक्का व्यवस्थापन, जनशक्ति व्यवस्थापन, समयमा निर्माण व्यवसायीको विल भुक्तानी, आर्थिक र वित्तीय अनुशासनको पालना, अनुगमन र मूल्याङ्कनलाई अनुभवजन्य सिकाई र सुधारको माध्यमको रूपमा संस्थागत गर्नु पर्दछ। क्रमागत आयोजनालाई सम्पन्न गर्नेमा भन्दा नयाँ आयोजनामा बजेट प्रस्ताव गर्ने प्रवृतिमा सुधार गर्नु, यथार्थ लाभ-लागत विश्लेक्षण गरी बजेट विनियोजन गर्नु र सार्वजनिक खरीद कानूनको पालना गरी तोकिएको समय र लागतमा आयोजना सम्पन्न गर्न सबै निकाय सक्रिय हुन आवश्यक छ।

पूर्व तयारी बिनाका आयोजनामा वैदेशिक सहायता स्वीकार गर्नु, वैदेशिक सहायताका आयोजनामा सम्झौता अनुसार नेपाल सरकारतर्फको स्रोत विनियोजन प्रस्ताव नगर्नु, वैदेशिक शोधभर्नाको रकम समयमा प्राप्त गर्न तदारूकता नदेखाउनु, दातृ निकायको खरीद विधिमा आयोजना व्यवस्थापन अभ्यस्त नहुँदा वैदेशिक सहायताको उपयोग क्षमता न्यून भएकोले सुधारका प्रयास र प्रयत्नका वावजुद अपेक्षित नतिजा प्राप्त गर्न नसकिएको सिकाइबाट आगामी दिनमा यसमा सुधार गर्नु पर्दछ।

समीक्षा अवधिमा बजेट कार्यान्वयनमा परम्परागत समस्या र चुनौति देखिए तापनि वित्तीय अनुशासनको पालना, स्रोतको उच्चतम प्रयोग, संगठनात्मक गतिशीलता, सार्वजनिक वित्तको कुशल परिचालन, विकास साझेदारसँगको सहकार्य, तीन तहका सरकार बीचको उपयुक्त समन्वय र सहकार्यका माध्यमबाट सकारात्मक प्रभाव परेको देखिन्छ। भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट प्रभावित उद्योग, व्यापारिक तथा व्यावसायिक प्रतिष्ठान एवम् आर्थिक गतिविधिलाई तत्काल सुचारु गर्न एकीकृत व्यावसायिक पुनरुत्थान योजना कार्यान्वयनमा ल्याई राहत, कर छुट, सहुलियत तथा सुविधा प्रदान गरिएकोले व्यावसायिक गतिविधि पुनःसञ्चालनको वातावरणमा सुधार भएको छ। सरकारले देखाएको विवेकशील क्रियाशीलताले निजी क्षेत्रको मनोबल वृद्धि हुँदै गएकोले आर्थिक वर्षको बाँकी अवधिमा समग्र मागमा वृद्धि भई सार्वजनिक वित्त व्यवस्थापनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

नेपाल सरकारको क्रियाशिलताबाट अर्थतन्त्रको सवलीकरण र सुदृढीकरणमा सुधारका संकेत देखिन शुरू भएका छन्। अर्थतन्त्रका बाह्य सूचकहरू उत्साहजनक रहेको तथा समष्टिगत सूचकहरू समेत सकारात्मक दिशातर्फ उन्मुख रहेकाले विद्यमान परिस्थितिमा सुधार आउने अपेक्षा गरिएको छ। अर्थतन्त्रका परिसूचकमा देखिएको सुधारको संकेतले आर्थिक वर्षको बाँकी अवधिमा सकरात्मक नतिजा हासिल हुने वातावरणको सिर्जना हुदै गएको छ।

अर्थ मन्त्रालय र अन्तर्गत निकायहरूको संगठनात्मक पुनर्संरचना गरी छरितो बनाइएको छ। राजस्व चुहावट नियन्त्रण प्रभावकारी बनाउन र सम्पत्ति शुद्धीकरण निवारणमा अन्तर्राष्ट्रिय मान्यता बमोजिम वित्तीय सुशासन र पारदर्शीता कायम गर्न एवम् मुलुकलाई सम्पत्ति शुद्धीकरणको Increased Monitoring List बाट बाहिर निकाल्न राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अर्थ मन्त्रालय मातहत ल्याई जोखिममा आधारित अनुसन्धान र अभियोजनमा सेन्टर अफ एक्सीलेन्सीको रूपमा कार्य गर्न सक्षम निकायको रूपमा स्थापित गर्ने गरी दुवै विभागको पुनर्संरचना गरिएको छ। उच्चस्तरीय केन्द्रीय राजस्व चुहावट समितिको मासिक रुपमा बैठक आयोजना गरी राजस्व चुहावट नियन्त्रणका लागि समन्वयात्मक रुपमा बहुपक्षीय प्रयास गरिएको छ। गैरकर राजस्वका दरहरूमा परिमार्जन गर्नुका साथै नयाँ प्रस्तावित दरका सम्बन्धमा विभिन्न निकायलाई सहमति प्रदान गरिएको छ। सबै भन्सार कार्यालयहरूमा वास्तविक कारोवार मूल्यमा आधारित रहेको GATT Valuation प्रणालीको पूर्ण परिपालनाका लागि अनलाइन डाटावेश मूल्याङ्कन प्रणाली लागू गरिएको छ। यो प्रणालीले आन्तरिक राजस्व संकलनका क्षेत्रमा समेत वास्तविक कारोवारका आधारमा बिल बीजक जारी गर्ने परिपाटीको विकास भई दीर्घकालीन रूपमा करको आधार विस्तार हुने अवस्थाको सिर्जना गरेको छ। राजस्व प्रशासनको संगठनात्मक पुनर्संरचना, कार्यपद्धति, कार्यप्रक्रिया एवम् कार्यव्यवहारमा भएका सुधार, राजस्व चुहावट नियन्त्रणमा बहु निकायगत समन्वय र सहकार्य, स्थायी लेखा नम्वर लिने करदाताको संख्यामा भएको वृद्धि, बेरूजु फछ्यौंट र बक्यौता असुलीमा दिइएको प्राथमिकताले राजस्व परिचालनमा सुधार आउने अनुमान गरिएको छ।

वित्तीय अनुशासन कायम गर्दै खर्चको गुणस्तरमा जोड दिने, आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने, आयोजनाको पुनःप्राथमिकीकरण गर्ने, अन्तर तह समन्वय गर्ने, अनुत्पादक खर्च कटौती र चालु खर्चमा मितव्ययिताका उपायद्वारा सार्वजनिक खर्च प्रणालीमा सुधार गर्दै सन्तुलित सरकारी कोष कायम गर्नु आवश्यक छ। माथि विवेचित तथ्य र पृष्ठभूमिका आधारमा आर्थिक बर्षको बाँकी ६ महिनाको अवधिमा देहाय बमोजिम खर्च हुने संशोधित अनुमान गरिएको छ।

**तालिका ६.१ खर्चको संशोधित अनुमान** **(रू.लाखमा)**

| शीर्षक | आर्थिक वर्ष २०८१/८२ | | | आर्थिक वर्ष २०८२/८३ | | | |
|---|---|---|---|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | खर्च प्रतिशत | बजेट अनुमान | पुससम्मको यथार्थ खर्च | संशोधित अनुमानित खर्च | संशोधित अनुमानित खर्च प्रतिशत |
| चालु खर्च | ११४०६६४५ | ९५६५८८५ | ८३.८६ | ११८०९८०० | ४८७१४३८ | ११२५९७९४ | ९५.३४ |
| पुँजीगत खर्च | ३५२३५४० | २२३९७८५ | ६३.५७ | ४०७८८८० | ४९४२७१ | २४३३०३४ | ५९.६५ |
| वित्तीय व्यवस्था | ३६७२८४५ | ३३२६७८९ | ९०.५८ | ३७५२४२० | १५३६४६९ | ३१९०४३९ | ८५.०२ |
| **जम्मा** | **१८६०३०३०** | **१५१३२४५९** | **८१.३४** | **१९६४११००** | **६९०२१७८** | **१६८८३२६७** | **८५.९६** |

*स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (५) बमोजिम यो समीक्षा प्रतिवेदन प्रकाशित गरिएको छ। प्रस्तुत समीक्षाले चालु आर्थिक वर्षको प्रथम छ महिनाको समग्र बजेट कार्यान्वयनको आन्तरिक मूल्याङ्कन गरी देखिएका कमी कमजोरीमा सुधार गरी बाँकी अवधिमा घोषित कार्यक्रम र बजेटको यथार्थपरक कार्यान्वयन गर्ने अठोट गरेको छ। सार्वभौम संसदले स्वीकृत गरेको बजेटमा गरिएको संशोधित अनुमान अर्थशास्त्रीय दृष्टिकोणले गरिएको स्वःमूल्याङ्कन हो। शुरू अनुमानको तुलनामा संशोधित अनुमानमा धेरै फरक परेमा त्यसले बजेटको विश्वसनीयता कमजोर रहेको संकेत गर्दछ। संशोधित अनुमानको कारणले स्वीकृत बजेट कार्यान्वयनका लागि रकम कमी हुन दिइने छैन।

### ६.१.२ खर्चको संशोधित अनुमानका आधार

सार्वजनिक खर्चमा चालु प्रकृतिका खर्चको हिस्सा बढ्दै गएको तर उत्पादनमूलक क्षेत्रमा र वास्तविक पुँजी निर्माण गर्ने पुँजीगत खर्चको हिस्सा अपेक्षित रूपमा बढ्न सकेको छैन। एकातर्फ पर्याप्त पुँजीगत खर्चका लागि स्रोत जुटाउन कठिनाई रहेको अवस्था छ भने अर्कोतर्फ विनियोजित पुँजीगत बजेट खर्च नहुने अवस्था कायमै छ। सामाजिक सुरक्षा खर्च, सार्वजनिक ऋणको साँवा र व्याज भुक्तानी एवम् अनिवार्य दायित्व भुक्तानीमा निरन्तरको वृद्धिले सार्वजनिक खर्च व्यवस्थापनमा दवाव परेको छ। राजस्व संकलन लक्ष्य अनुरूप हुन नसक्नु, वैदेशिक सहायतातर्फ अनुदानको आकार क्रमशः घट्दै जानु र ऋणको उत्पादनशील प्रयोग सन्तोषजनक हुन सकिरहेको देखिदैन। तसर्थ उपर्युक्त अवस्थामा सुधार गरी पुँजीगत खर्चमा गुणस्तरीय वृद्धि, चालु खर्चमा मितव्ययिता, राजस्व संकलनमा बढोत्तरी र वैदेशिक सहायता प्राप्तिमा सुधार गरी बजेटलाई बाञ्छित सीमामा ल्याउन आवश्यक छ। आर्थिक वर्षको अन्त्यसम्म हुने संशोधित खर्च अनुमानका आधार देहाय बमोजिम रहेका छन्।

**चालु खर्चतर्फ**

- भदौ २३ र २४ गतेको आन्दोलनका घाइतेको उपचार, राहत, क्षतिपूर्ति र सुविधा, शहिद परिवारलाई आर्थिक सहायता, काजकिरिया, यातायात र भैपरी खर्चको लागि स्रोत व्यवस्थापन गर्नु पर्ने,
- आसन्न प्रतिनिधि सभा निर्वाचनका लागि बजेट व्यवस्थापन गर्नु पर्ने,
- सामाजिक सुरक्षामा न्यून बजेट विनियोजन भएकोले थप बजेट निकासा दिनु पर्ने,
- राष्ट्रसेवकको वृद्धि भएको महंगी भत्ताका लागि थप रकम व्यवस्थापन गर्नु पर्ने,
- शिक्षकको निवृत्तभरण भुक्तानीका लागि न्यून बजेट विनियोजन भएकोले थप स्रोत व्यवस्थापन गर्नु पर्ने,
- सुरक्षा निकायहरूलाई अपुग पारिश्रमिक, राशन लगायतका अत्यावश्यक दायित्वका लागि बजेट व्यवस्था गर्नु पर्ने,
- स्वास्थ्य बीमा लगायतका अनिवार्य दायित्वका शीर्षकमा थप स्रोत व्यवस्थापन गर्नु पर्ने,
- प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकहरूको लागि राहत, पुनर्वास तथा पुनर्निमाण लगायतका कार्यक्रमका लागि स्रोत व्यवस्थापन गर्नु पर्ने,
- अर्थ मन्त्रालयको सहमति र नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय अनुसार सिर्जना हुने दायित्व भुक्तानी गर्नु पर्ने,
- कानूनले निर्धारण गरेको सुविधा तोकिए बमोजिमका अधिकारीलाई उपलव्ध गराउन थप बजेट निकासा गर्नु पर्ने,
- अदालतहरूको फैसला बमोजिम राजस्व फिर्ता लगायतका थप आर्थिक दायित्व वहन गर्नु पर्ने।

**पुँजीगत खर्चतर्फ**

- भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएका भौतिक क्षतिको पुनर्निर्माणमा स्रोत व्यवस्थापन गर्नु पर्ने,
- प्रतिनिधि सभा निर्वाचनका लागि सुरक्षा निकायसमेतका लागि सवारी साधन, मेशिनरी लगायतमा बजेट विनियोजन नभएकोले स्रोत व्यवस्थापन गर्नु पर्ने,
- निर्माणाधीन आयोजनामा न्यून बजेट विनियोजन भएकोमा कार्यसम्पन्नताको आधारमा थप बजेट निकासा दिनु पर्ने,
- चालु आर्थिक वर्षमा सम्पन्न गर्ने गरी सहमति दिइएका आयोजनाहरूको भुक्तानी दिनु पर्ने,
- विगत वर्षहरूमा सिर्जना भएको दायित्व भुक्तानी गर्नु पर्ने,
- विपद्बाट क्षतिग्रस्त आयोजना/पूर्वाधारको पुनर्निर्माण तथा पुनःस्थापनाका लागि थप बजेट उपलब्ध गराउनु पर्ने।

**वित्तीय व्यवस्थातर्फ**

- सार्वजनिक ऋणको साँवा तथा ब्याज भुक्तानीका लागि स्रोतको व्यवस्थापन गर्नु पर्ने,
- सार्वजनिक संस्थानमा शेयर तथा ऋण लगानी गर्नु गर्ने।

### ६.१.३ चालु खर्च अनुमान

चालु आर्थिक वर्षका लागि चालु खर्चतर्फ रू.११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएको छ। आर्थिक वर्षको पहिलो ६ महिनामा रू.४ खर्ब ८७ अर्ब १४ करोड ३८ लाख खर्च भएको छ। चालु खर्चको संशोधित अनुमानका आधार र विभिन्न मन्त्रालय/निकायको थप मागको सम्बोधन गर्न आर्थिक वर्षको बाँकी अवधिमा रू.६ खर्ब ३८ अर्ब ८३ करोड ५६ लाख खर्च हुने अनुमान छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भएको खर्च र बाँकी अवधिमा हुने खर्चको अनुमान समेतका आधारमा चालु खर्चतर्फ विनियोजित रकमको ९५.३४ प्रतिशत अर्थात रू.११ खर्ब २५ अर्ब ९७ करोड ९४ लाख खर्च हुने संशोधित अनुमान छ।

### ६.१.४ पुँजीगत खर्च अनुमान

चालु आर्थिक वर्षका लागि पुँजीगत खर्चतर्फ रू.४ खर्ब ७ अर्ब ८८ करोड ८० लाख विनियोजन भएको छ। पुँजीगत खर्चतर्फ चालु आर्थिक वर्षको प्रथम ६ महिनामा रू.४९ अर्ब ४२ करोड ७१ लाख खर्च भएको र बाँकी अवधिमा हुने पुँजीगत खर्चको अनुमान समेतका आधारमा बाँकी अवधिमा थप रू.१ खर्ब ९३ अर्ब ८७ करोड ६३ लाख पुँजीगत खर्च हुने अनुमान छ। हालसम्म भएको खर्च र बाँकी अवधिमा हुने खर्चसमेत गरी पुँजीगततर्फ विनियोजनको ५९.६५ प्रतिशत अर्थात रू.२ खर्ब ४३ अर्ब ३० करोड ३४ लाख खर्च हुने संशोधित अनुमान छ।

### ६.१.५ वित्तीय व्यवस्थातर्फको अनुमान

चालु आर्थिक वर्षका लागि वित्तीय व्यवस्थातर्फ रू.३ खर्ब ७५ अर्ब २४ करोड २० लाख विनियोजन भएको छ। वित्तीय व्यवस्थातर्फ चालु आर्थिक वर्षको पहिलो ६ महिनामा रू.१ खर्ब ५३ अर्ब ६४ करोड ६९ लाख खर्च भएको छ। बाँकी अवधिमा हुने साँवा र ब्याज भुक्तानी, अन्य खर्चसमेतको आधारमा रू.१ खर्ब ६५ अर्ब ३९ करोड ७० लाख थप खर्च हुने अनुमान छ। हालसम्म भएको खर्च र बाँकी अवधिमा खर्च हुने अनुमानको आधारमा चालु आर्थिक वर्षमा वित्तीय व्यवस्थातर्फ विनियोजनको ८५.०२ प्रतिशत अर्थात रू.३ खर्ब १९ अर्ब ४ करोड ३९ लाख खर्च हुने संशोधित अनुमान छ।

**चालु आर्थिक वर्ष २०८२/८३ को खर्चको संशोधित अनुमान**

चालु आर्थिक वर्षमा चालु खर्च रू.११ खर्ब २५ अर्ब ९७ करोड ९४ लाख, पुँजीगत खर्च रू.२ खर्ब ४३ अर्ब ३० करोड ३४ लाख र वित्तीय व्यवस्था रू.३ खर्ब १९ अर्ब ४ करोड ३९ लाख समेत जम्मा रू.१६ खर्ब ८८ अर्ब ३२ करोड ६७ लाख खर्च हुने संशोधित अनुमान छ। यो रकम शुरू विनियोजनको ८५.९६ प्रतिशत हो।

### ६.२ स्रोतगत खर्च अनुमान

चालु आर्थिक वर्षको बजेटमा प्रस्ताव गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकार (राजस्व र आन्तरिक ऋण) बाट रू.१६ खर्ब ७७ अर्ब, वैदेशिक अनुदानबाट रू.५३ अर्ब ४४ करोड ६९ लाख र वैदेशिक ऋणबाट रू.२ खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख रहने अनुमान गरिएको थियो।

समीक्षा अवधिसम्म नेपाल सरकारको स्रोतबाट रू.६ खर्ब ५९ अर्ब २५ करोड ५९ लाख, वैदेशिक अनुदानबाट रू.७ अर्ब २२ करोड ७५ लाख र वैदेशिक ऋणबाट रू.२३ अर्ब ७३ करोड ४४ लाख खर्च भएको छ। चालु वर्षको अन्त्यसम्ममा नेपाल सरकार स्रोततर्फबाट रू.१५ खर्ब १५ अर्ब

३७ करोड १४ लाख, वैदेशिक अनुदानबाट रू.३० अर्ब ९९ करोड ९८ लाख र वैदेशिक ऋणबाट रू.१ खर्ब ४१ अर्ब ९५ करोड ५५ लाख खर्च हुने संशोधित अनुमान छ।

विकास निर्माण कार्यले गति लिई पुँजीगत खर्चमा वृद्धि हुने, निर्वाचनका कारण समग्र मागमा वृद्धि हुने, निर्वाचनबाट स्थायी सरकार गठन पश्चात निजी क्षेत्रको मनोवलमा बढोत्तरी भई आर्थिक क्रियाकलापमा सुधार आउने र समग्र सुधारको प्रयासबाट राजस्व संकलनमा समेत सकारात्मक प्रभाव पर्ने लगायतका कारणबाट लक्षित राजस्व सङ्कलन हुने अनुमान रहेको छ।

**तालिका ६.२ स्रोतगत खर्चको परिचालनको संशोधित अनुमान** **(रू.लाखमा)**

| शीर्षक | आर्थिक वर्ष २०८१/८२ | | | २०८२/८३ | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | खर्च प्रतिशत | आर्थिक वर्ष २०८२/८३ को बजेट | पुससम्मको यथार्थ खर्च | संशोधित अनुमानित खर्च | संशोधित अनुमानित खर्च प्रतिशत |
| नेपाल सरकार (राजस्व र आन्तरिक ऋण) | १५९०३०३० | १३५८८६९१ | ८५.४५ | १६७७०००० | ६५९२५५९ | १५१५३७१४ | ९०.३६ |
| वैदेशिक अनुदान | ५२३२६५ | २७१७७४ | ५१.९४ | ५३४४६९ | ७२२७५ | ३०९९९८ | ५८.०० |
| वैदेशिक ऋण | २१७६७३५ | १२७१९९४ | ५८.४४ | २३३६६३१ | २३७३४४ | १४१९५५५ | ६०.७५ |
| **जम्मा** | **१८६०३०३०** | **१५१३२४५९** | **८१.३४** | **१९६४११००** | **६९०२१७८** | **१६८८३२६७** | **८५.९६** |

*स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

## ६.३ खर्चको प्राथमिकीकरण

समीक्षा अवधिमा पुँजीगत खर्च लक्ष्य अनुसार हुन सकेको छैन भने बाँकी अवधिमा माथि विवेचित आधारमा चालु, पुँजीगत र वित्तीय व्यवस्था खर्चमा वृद्धि हुने अनुमान गरिएको छ। भदौ २३ र २४ गतेको आन्दोलनबाट सरकारी पूर्वाधारमा भएको क्षतिको पुनर्निर्माण, निर्माणाधीन आयोजनाको भुक्तानी एवम् सिर्जित दायित्वको भुक्तानी गर्नु पर्ने अवस्था छ। यसै गरी चालु खर्चलाई बाञ्छित सीमामा राख्नु पर्ने हुन्छ। खर्च हुन नसक्ने वा बचत हुने र न्यून प्रतिफल दिने कार्यक्रम तथा आयोजनाको बजेट अत्यावश्यक र पुँजी निर्माण हुने क्षेत्रतर्फ व्यवस्थापन गरी नतिजा केन्द्रीत हुनु पर्नेछ। अतः खर्चको आवश्यकता र स्रोतको उपलब्धताबीच तादात्म्यता कायम गर्न खर्चको पुनःप्राथमिकीकरण गर्नु पर्ने भएको छ। खर्च पुनःप्राथमिकीकरणको मूल आधार नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/६/५ को निर्णय र विवेकशील सार्वजनिक वित्त प्रणालीको अवलम्वन हुनेछन्।

### ६.३.१ चालु खर्च

आर्थिक वर्षको बाँकी ६ महिनामा चालु खर्चमा निम्नानुसार प्राथमिकीकरण गरिनेछः

- भदौ २३ र २४ गतेको आन्दोलनका घाइतेको उपचार, राहत, क्षतिपूर्ति र सुविधा, शहिद परिवारलाई आर्थिक सहायता, काजकिरिया, यातायात र भइपरी खर्चको लागि स्रोत व्यवस्थापन गर्ने,
- प्रतिनिधि सभा निर्वाचनका लागि स्रोत व्यवस्थापन गर्ने,

- स्वास्थ्य बीमा, सामाजिक सुरक्षा, निवृत्तभरणलगायतका अनिवार्य दायित्वमा न्यून बजेट विनियोजन भएकोले थप बजेट व्यवस्थापन गर्ने,
- विपद् प्रभावित नागरिकहरूको उद्धार राहत, उपचार तथा पुनर्निमाण लगायतका कार्यक्रमका लागि स्रोत व्यवस्थापन गर्ने,
- अनिवार्य दायित्व बाहेकका चालु खर्चमा मितव्ययिता कायम गर्ने, नियन्त्रण गर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ बमोजिम बजेट रोक्का राखी अनिवार्य दायित्व भुक्तानीका लागि रकमान्तर गर्ने,
- चालु आर्थिक वर्षको अनिवार्य दायित्व भुक्तानीलाई आगामी आर्थिक वर्षमा जिम्मेवारी सार्न नपर्ने गरी व्यवस्थापन गर्ने,
- अदालतको आदेश वा फैसलाबमोजिम सिर्जना हुने थप आर्थिक दायित्व र नेपाल सरकार, मन्त्रिपरिषद्बाट विगतमा भएका निर्णयको कारण सिर्जना भएको दायित्वको भुक्तानी गर्ने।

### ६.३.२ पुँजीगत खर्च

आर्थिक वर्षको बाँकी ६ महिनामा पुँजीगत खर्चमा निम्नानुसार प्राथमिकीकरण गरिनेछः

- भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएका भौतिक क्षतिको पुनर्निर्माणमा स्रोत व्यवस्थापन गर्ने,
- सरकारी संरचनाको पुनर्निर्माणको लागि खर्च व्यवस्थापन गर्ने,
- प्रतिनिधि सभा निर्वाचनका लागि सुरक्षा निकाय समेतका लागि बजेट विनियोजन नभएकोले स्रोत व्यवस्थापन गर्ने,
- विगतमा स्रोत सहमति दिई निर्माणाधीन आयोजनालाई बजेट कमी हुन नदिई कार्यान्वयनमा निरन्तरता दिने,
- सञ्चालन मोडालिटी स्पष्ट नभएका, कार्यक्रमको प्रतिफल सुनिश्चित नभएका वा अनुत्पादक कार्यक्रम /क्रियाकलापमा विनियोजित रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ बमोजिम रोक्का राख्ने,
- नयाँ कार्यक्रमको रूपमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा नयाँ प्रविष्टि भएका स-साना आयोजना, पुर्व तयारी नभएका, हालसम्म कार्यान्वयन प्रक्रियामा नगएका लगायत कम महत्वका कार्यक्रम/आयोजनामा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ बमोजिम रोक्का राख्ने,
- प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने प्रकृतिका स-साना खुद्रे वा टुक्रे आयोजनामा भएको विनियोजनलाई रोक्का राख्ने,
- रोक्का राखिएको र माथि उल्लेखित रोक्का राखिने बजेटलाई स्पष्ट नतिजा र उचित प्रतिफल दिने आयोजना र सिर्जित दायित्वको प्राथमिकीकरण गरी रकमान्तर गर्ने,
- समस्या समाधानमुखी एकीकृत अनुगमन र मूल्याङ्कनमा जोड दिई आयोजनाहरूको कार्यान्वयनमा सहजीकरण गर्ने।

### ६.३.३ अन्य

- मन्त्रालयगत बजेट सूचना प्रणालीमा हरेक वर्ष क्रियाकलाप थप गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न एकीकृत खर्च संकेत तथा वर्गीकरण र व्याख्याको आधारमा क्रियाकलाप सिर्जनाको स्तरीकरण (Standardized) गर्ने,
- बजेट निर्माण तथा कार्यान्वयनसँग सम्बन्धित सूचना प्रविधिसम्बन्धी प्रणालीमा रहेका तथ्याङ्कको सफाई (Data Cleansing) गर्ने,
- आयोजनाको संख्या घटाई आवश्यकता अनुसार आयोजनाको छनौट/प्राथमिकीकरण गर्ने,
- अनावश्यक बजेट उपशीर्षक घटाई उपयुक्त आकारमा ल्याउने, साना तथा कम लागत भएका र एउटै प्रकृतिका आयोजना/कार्यक्रमलाई एउटै बजेट उपशीर्षकभित्र समायोजन गर्ने,
- खरीद कानूनमा पुनरावलोकन गरी खरीद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र विकासमैत्री बनाइने,
- आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचना (MTEF) लाई मन्त्रालयगत बजेट सूचना प्रणालीसँग अन्तरआवद्धता कायम गर्ने।

### ६.३.४ वित्तीय हस्तान्तरण

- तीन तहको समन्वय, सहकार्य र अन्तर-तह सम्बन्धलाई संविधानको मर्म अनुरूप बनाउन स्थापित संरचनालाई पूर्ण कार्यन्वयनमा ल्याउनु पर्ने,
- तीनै तहमा एकै प्रकृतिका सङ्गठन संरचनाहरू रहँदा कार्यमा दोहोरोपना र अनावश्यक वित्तीय भार थपिने हुँदा कार्य जिम्मेवारी अनुसार मात्र संगठन संरचना कायम गर्नु पर्ने,
- आयोजना वर्गीकरण र आयोजना बैङ्कको प्रावधान पूर्ण कार्यान्वयन गर्नु पर्ने,
- सशर्त, समपुरक र विशेष अनुदानवापत प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भई खर्च नभएको रकम चालु आर्थिक वर्षभित्र नै सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्ने प्रावधानको पूर्ण पालना गर्नु पर्ने,
- सिर्जित दायित्वको भुक्तानी भएपश्चात मात्र नयाँ कार्यक्रम वा आयोजनाको कार्यान्वयन गर्नु पर्ने।

# परिच्छेद - सात

# प्रदेश तथा स्थानीय तहमा वित्त हस्तान्तरण तथा खर्चको स्थिति

## ७.१ प्रदेश तथा स्थानीय तहमा भएको वित्त हस्तान्तरण

नेपालको संविधानमा व्यवस्था भए अनुसार संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी निर्धारण, वित्तीय स्रोतको परिचालन, न्यायोचित बाँडफाँट र खर्च गर्ने अधिकार लगायत वित्तीय सङ्घीयतासँग सम्बद्ध विषयहरूलाई नीतिगत, कानुनी र संरचनागत रूपमा व्यवस्थित गरिएको छ। संविधान र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधान बमोजिम सन्तुलित विकास र प्रभावकारी सेवा प्रवाहका लागि उपलब्ध स्रोतको न्यायोचित वितरण गर्न प्रदेश र स्थानीय तहमा विभिन्न अनुदानहरू हस्तान्तरण तथा राजस्व एवम् रोयल्टी बाँडफाँट हुँदै आएको छ। यसरी हस्तान्तरण हुने रकम प्रदेश र स्थानीय तहको बजेटको मुख्य स्रोतको रूपमा उपयोग हुने गरेको छ।

**विनियोजन र हस्तान्तरणको प्रवृत्तिः**

- **कूल विनियोजनः** चालु आर्थिक वर्षमा प्रदेश र स्थानीय तहका लागि समानीकरण, विशेष, समपूरक र सशर्त अनुदान गरी कुल रू.४ खर्ब १७ अर्ब ८२ करोड ५० लाख विनियोजन भएको छ।
- **वृद्धिदरः** यो विनियोजन गत आर्थिक वर्षको तुलनामा २.१९ प्रतिशतले बढी हो।
- **बजेटमा हिस्साः** यो विनियोजन चालु आर्थिक वर्षको सङ्घीय बजेटको २१.२७ प्रतिशत र राजस्व बाँडफाँटको रकम समेत समावेश गर्दा २९.३७ प्रतिशत हुन आउँछ।
- **प्रकृतिगत हस्तान्तरणः** कूल विनियोजन मध्ये चालु खर्चतर्फ रू.३ खर्ब ५१ अर्ब ९४ करोड ७९ लाख र पुँजीगततर्फ रू.६५ अर्ब ८७ करोड ७१ लाख हस्तान्तरण हुने अनुमान छ।
- **समीक्षा अवधिको प्रगतिः** प्रदेशमा रू.३८ अर्ब १८ करोड ७२ लाख (३९.१४%) र स्थानीय तहमा रू.१ खर्ब ५२ अर्ब ४६ करोड ०४ लाख (४७.६०%) वित्तीय हस्तान्तरण भएको छ।
- वित्त हस्तान्तरणको हिस्सा हरेक वर्ष बढ्दो क्रममा रहेको छ जसले सङ्घीयता कार्यान्वयनमा आवश्यक पर्ने स्रोत व्यवस्थापनका लागि सहज बन्दै गएको छ।
- प्रदेश तथा स्थानीय तहमा विनियोजन र समीक्षा अवधिसम्म हस्तान्तरण भएको अनुदान रकम देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ७.१ प्रदेश तथा स्थानीय तहमा वित्त हस्तान्तरण** **(रू.लाखमा)**

| आर्थिक वर्ष | निकाय | विनियोजन | | | पुस महिनासम्म भएको वित्त हस्तान्तरण | | |
|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०८१/८२ | प्रदेश | ७४९८८० | २१४६३० | ९६४५१० | ३०१६९८ | ४७२२४ | ३४८९२२ |
| | स्थानीय तह | २६६६०७८ | ४५८१२२ | ३१२४२०० | १३४३५३९ | १५८५८० | १५०२११९ |
| **जम्मा रकम** | | **३४१५९५८** | **६७२७५२** | **४०८८७१०** | **१६४५२३८** | **२०५८०३** | **१८५१०४१** |
| २०८२/८३ | प्रदेश | ७८११३३ | १९४४७१ | ९७५६०४ | ३३२०३१ | ४९८४१ | ३८१८७२ |
| | स्थानीय तह | २७३८३४६ | ४६४३०० | ३२०२६४६ | १३९५८३० | १२८७७५ | १५२४६०४ |
| **जम्मा रकम** | | **३५१९४७९** | **६५८७७१** | **४१७८२५०** | **१७२७८६१** | **१७८६१६** | **१९०६४७६** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

**अनुदानको हिस्सा र वर्गीकरणः** चालु आर्थिक वर्षको कुल अनुदानमा विभिन्न अनुदानहरूको हिस्सा देहाय बमोजिम रहेको छः

- **स्थानीय तहः** सशर्त अनुदानको हिस्सा ६६.०३ प्रतिशत र वित्तीय समानीकरण अनुदानको हिस्सा २७.७८ प्रतिशत रहेको छ।
- **प्रदेशः** सशर्त अनुदानको हिस्सा ३१.११ प्रतिशत र वित्तीय समानीकरण अनुदानको हिस्सा ६२.१८ प्रतिशत रहेको छ।
- **समीक्षा अवधिमा हस्तान्तरण दरः** सशर्त चालु अनुदानतर्फ विनियोजनको ५१.३३ प्रतिशत र सशर्त पुँजीगत अनुदानतर्फ ३४.७४ प्रतिशत हस्तान्तरण भएको छ।

**तालिका ७.२ प्रदेश तथा स्थानीय तहमा विनियोजित र हस्तान्तरण भएको अनुदान रकम (रू.लाखमा)**

| क्र.सं. | अनुदान | विनियोजन | | | पुस महिनासम्म भएको वित्त हस्तान्तरण | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | स्थानीय तह | जम्मा | प्रदेश | स्थानीय तह | जम्मा |
| १ | समानीकरण अनुदान | ६०६६०० | ८८९६८० | १४९६२८० | २८३९९५ | ४२७५८९ | ७११५८४ |
| २ | सशर्त (चालु) | १५४७५८ | १८०७८८२ | १९६२६४० | ४२४८० | ९६५०१७ | १००७४९७ |
| ३ | सशर्त (पुँजीगत) | १४८७८१ | ३०६६७८ | ४५५४५९ | ४००९९ | ११८११७ | १५८२१६ |
| ४ | विशेष (चालु) | १९७७५ | ४०७८४ | ६०५५९ | ५५५६ | ३२२४ | ८७८० |
| ५ | विशेष (पुँजीगत) | १२८८४ | ५६९७६ | ६९८६० | ३३५२ | ४४०२ | ७७५४ |
| ६ | समपूरक अनुदान | ३२८०६ | १००६४६ | १३३४५२ | ६३९० | ६२५६ | १२६४६ |
| | **जम्मा** | **९७५६०४** | **३२०२६४६** | **४१७८२५०** | **३८१८७२** | **१५२४६०५** | **१९०६४७७** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

## ७.२ प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँट

मूल्य अभिवृद्धि कर र अन्तःशुल्क (आन्तरिक उत्पादन) बाट सङ्कलित राजस्वलाई १५/१५ प्रतिशतका दरले बाँडफाँट गर्ने कानुनी व्यवस्था छ।

- **राजस्व बाँडफाँटः** चालु आर्थिक वर्षमा कुल रू.१ खर्ब ४३ अर्ब राजस्व बाँडफाँट हुने अनुमान छ।
- **अर्धवार्षिक बाँडफाँटः** पुस मसान्तसम्म प्रदेश र स्थानीय तहलाई रू.३४ अर्ब ५७ करोड ७५ लाखका दरले कुल **रू.६९ अर्ब १५ करोड ५० लाख** उपलब्ध गराइएको छ।
- **स्रोतगत विवरणः** बाँडफाँट गरिएको रकम मध्ये रू.५० अर्ब ३० करोड ५८ लाख मूल्य अभिवृद्धि करबाट र रू.१८ अर्ब ८४ करोड ९२ लाख अन्तःशुल्कबाट सङ्कलन भएको हो।

**तालिका ७.३ प्रदेश र स्थानीय तहमा गएको राजस्व बाँडफाँटको विवरण (रू.लाखमा)**

| निकाय | राजस्व बाँडफाँटको विवरण | | |
|---|---|---|---|
| | मू.अ.कर | अन्तःशुल्क | जम्मा |
| प्रदेश | २५१५२९ | ९४२४६ | ३४५७७५ |
| स्थानीय | २५१५२९ | ९४२४६ | ३४५७७५ |
| **जम्मा** | **५०३०५८** | **१८८४९२** | **६९१५५०** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

## ७.३ प्रदेशगत वित्त हस्तान्तरण र खर्चको स्थिति

प्रदेशतर्फ चालु र पुँजीगत खर्चका लागि विनियोजित कुल रू.९७ अर्ब ५६ करोड ४ लाखमध्ये पुससम्म ३८.८९ प्रतिशत हस्तान्तरण भइसकेको छ। समीक्षा अवधिमा प्रदेशतर्फको वित्त हस्तान्तरण सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ७.३ प्रदेशगत वित्त हस्तान्तरणको स्थिति (रू.लाखमा)**

| प्रदेश | विनियोजित अनुदान | वित्त हस्तान्तरण | | | जम्मा खर्च |
|---|---|---|---|---|---|
| | | पुस महिनासम्म | चालुतर्फ | पुँजीगततर्फ | |
| कोशी | १४५०३३ | ६१५२७ | ५३१०४ | ८४२३ | ६१५२७ |
| मधेस | १२७३६४ | २८९२१ | २३९०० | ५०२२ | २८९२२ |
| बागमती | १३८१९३ | ५७४७५ | ४९८४५ | ७६३० | ५७४७५ |
| गण्डकी | १२२३३६ | ४९१६२ | ४३८०३ | ५३५९ | ४९१६२ |
| लुम्बिनी | १४०१९९ | ५६६२० | ४८७७५ | ७८४६ | ५६६२० |
| कर्णाली | १६०४०७ | ६४५११ | ५७२२९ | ७२८२ | ६४५११ |
| सुदूरपश्चिम | १४२०७२ | ६३६५६ | ५५३७६ | ८२७९ | ६३६५६ |
| **जम्मा** | **९७५६०४** | **३८१८७२** | **३३२०३१** | **४९८४१** | **३८१८७२** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

## ७.४ प्रदेशको बजेट र खर्चको स्थिति

आर्थिक वर्ष २०८२/८३ को पुससम्ममा सातै प्रदेशको कूल बजेट रू.२ खर्ब ८७ अर्ब ७० करोड ३३ लाख रहेकोमा समीक्षा अवधिमा **१४.१६ प्रतिशत** मात्र खर्च भएको छ।

- **क्षेत्रगत खर्चः** चालु खर्चतर्फ २१.४३ प्रतिशत र पुँजीगत खर्चतर्फ **९.३३ प्रतिशत** खर्च भएको छ।
- **वित्तीय व्यवस्थाः** प्रदेशमा वित्तीय व्यवस्थातर्फ विनियोजन भएको कूल रू.९७ करोड ५० लाखमध्ये पुससम्म खर्च हुन सकेको छैन।
- **न्यूनतम पुँजीगत खर्चः** मधेस प्रदेशमा पुँजीगत खर्च सबैभन्दा न्यून (३.३६ प्रतिशत) देखिएको छ भने लुम्बिनी प्रदेशमा सबैभन्दा बढी (१८.०४ प्रतिशत) पुँजीगत खर्च भएको छ।
- व्यय अनुमान अनुसारको बजेट र खर्चसम्बन्धी विस्तृत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ७.५ प्रदेशगत खर्चको अवस्था

*(रू.लाखमा)*

| प्रदेश | जम्मा | | | चालु | | | पुँजीगत | | | वित्तीय व्यवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कूल बजेट अनुमान | जम्मा खर्च | जम्मा खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| कोशी | ३५८७९९ | ६०४२४ | १६.८४ | १८६७३३ | ४३३८७ | २३.२३ | १७१०६६ | १७०३७ | ९.९६ | १००० | ० | ० |
| मधेस | ४६९८३४ | ३६२३६ | ७.७१ | १६७२०५ | २६०५५ | १५.५८ | ३०२६२८ | १०१८१ | ३.३६ | ० | ० | ० |
| बागमती | ६७४७७३ | ९५८०५ | १४.२० | २६०४४७ | ५८५३८ | २२.४८ | ४१४३२६ | ३७२६७ | ८.९९ | ० | ० | ० |
| गण्डकी | ३१९८०० | ५३३५५ | १६.६८ | १२६३६७ | २६३७० | २०.८७ | १९०९३३ | २६९८५ | १४.१३ | २५०० | ० | ० |
| लुम्बिनी | ३८९१०० | ७९५५५ | २०.४५ | १५४३८५ | ३७२१४ | २४.१० | २३४७१५ | ४२३४१ | १८.०४ | ० | ० | ० |
| कर्णाली | ३२९९६७ | ४५३३४ | १३.७४ | १२३९८९ | २९५४४ | २३.८३ | १९९८२७ | १५७९० | ७.९० | ६१५० | ० | ० |
| सुदूरपश्चिम | ३३४७६० | ३६६२१ | १०.९४ | १३६३५८ | २६५४५ | १९.४७ | १९८३०२ | १००७६ | ५.०८ | १०० | ० | ० |
| **जम्मा** | **२८७७०३३** | **४०७३३०** | **१४.१६** | **११५५४८५** | **२४७६५४** | **२१.४३** | **१७११७९८** | **१५९६७६** | **९.३३** | **९७५०** | **०** | **०** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

## ७.५ स्थानीय तहमा वित्त हस्तान्तरण र खर्चको अवस्था

स्थानीय तहका लागि विनियोजित रू.३ खर्ब २० अर्ब २६ करोड ४६ लाख मध्ये अर्धवार्षिक अवधिमा रू.१ खर्ब ५२ अर्ब ४६ करोड ०४ लाख हस्तान्तरण भएको छ। उक्त रकम जम्मा विनियोजनको ४७.६० प्रतिशत हो।

- खर्चको विश्लेषणः **हस्तान्तरण भएको रकममध्ये ५६.८२ प्रतिशत खर्च भएको छ।**
- बजेट प्रविष्टिः **स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा कुल ५ खर्ब ८७ अर्ब ५३ करोड ९५ लाख** बजेट प्रविष्ट भएकोमा समीक्षा अवधिमा कुल बजेटको २३.९ प्रतिशत खर्च भएको छ।

**तालिका नं ७.६ स्थानीय तहमा भएको हस्तान्तरण** **(रू.लाखमा)**

| आर्थिक वर्ष | विनियोजन | हस्तान्तरण | हस्तान्तरण प्रतिशत | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| २०८२/८३ | ३२०२६४६ | १५२४६०४ | ४७.६० | ८६६२०६ | ५६.८२ |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

## ७.६ नेपालमा वित्तीय सङ्घीयताको सन्दर्भमा भएका उपलब्धिहरू

- **कानुनी आधारः** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को कार्यान्वयनबाट सङ्घीयताले ठोस आकार ग्रहण गरेको छ।
- **योजनाबद्ध विकासः** सोह्रौं पञ्चवर्षीय योजनाले वित्तीय सङ्घीयतालाई सङ्घीयता सम्बर्द्धनको औजारको रूपमा अङ्गीकार गरेको छ।
- **प्रणालीगत आधुनिकीकरणः** सूत्र (SuTRA) मा राजस्व मोड्युल कार्यान्वयन र LMBIS, TSA, CGAS सँगको अन्तर-आबद्धताले लेखाङ्कन र प्रतिवेदन प्रणालीमा सुधार ल्याएको छ।
- **राजस्व मापदण्डः** आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि राजस्व बाँडफाँटको नयाँ ढाँचा र हिस्सा स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- **सुधार रणनीतिः** तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२/८३-२०८६/८७) तर्जुमा गरी कार्यान्वयनको व्यवस्था मिलाइएको छ।

## ७.७ वित्तीय सङ्घीयता कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतिः

**संरचनागत र कानुनी समस्याः**

- कानुनी रिक्तताः विनियोजन र कार्यान्वयनमा जबाफदेहिता सुनिश्चित गर्न बजेट अनुशासन सम्बन्धी कानून हालसम्म तर्जुमा हुन सकेको छैन।
- दोहोरोपनाः तीनै तहमा एकै प्रकृतिका काम गर्ने सङ्गठन संरचनाहरू रहँदा कार्यमा दोहोरोपना र अनावश्यक वित्तीय भार थपिएको छ।
- आयोजना वर्गीकरणः थ्रेसहोल्ड सहितको आयोजना वर्गीकरण र आयोजना बैङ्कको अवधारणा पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन।

**वित्तीय र व्यवस्थापकीय समस्याः**

- पुँजीगत खर्चः चालु खर्चको अंश बढ्दै जाने र पुँजीगत खर्च न्यून हुने संरचनागत समस्या कायमै छ।

- नगद व्यवस्थापनको समस्याः हस्तान्तरण गरिएको रकम प्रदेश र स्थानीय तहमा खर्च नभई निष्क्रिय रहने तर सङ्घीय सरकारले नगद अभावका कारण सार्वजनिक ऋण लिनुपर्ने विरोधाभासपूर्ण स्थिति छ।
- दीर्घकालीन दायित्वः प्रदेश र स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरूको अवकाशपछिको दायित्व भुक्तानीका लागि स्रोत सुनिश्चित नहुँदा भविष्यमा ठुलो वित्तीय भार पर्ने जोखिम छ।
- बेरुजुः आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुँदा बेरुजुको आकार बढ्दै गएको छ।

## ७.८ सुधारका क्षेत्र

- कार्य विस्तृतीकरण (Unbundling): तीन तहको कार्यक्षेत्र थप स्पष्ट पारी सङ्गठन संरचना र दरबन्दीलाई पुनर्संरचना (Rightsizing) गर्ने।
- एकीकृत कानूनः प्राकृतिक स्रोतको परिचालन, रोयल्टी सङ्कलन र बाँडफाँटलाई व्यवस्थित गर्न एकीकृत रोयल्टी व्यवस्थापन सम्बन्धी कानून निर्माण गर्ने।
- बजेट अनुशासनः सार्वजनिक खर्च प्रणालीलाई थप जवाफदेही बनाउन बजेट अनुशासन सम्बन्धी कानून तर्जुमा गर्ने।
- स्वचालित प्रणालीः वित्तीय हस्तान्तरणलाई वैज्ञानिक र पूर्वानुमानयोग्य बनाउन स्वचालित प्रणाली कार्यान्वयन गर्ने।
- ऋण र अनुदान व्यवस्थापनः सिर्जित दायित्व भुक्तानीका बखत स्वतः हस्तान्तरण हुने प्रणाली विकास गरी सङ्घीय सञ्चित कोषको नगद व्यवस्थापन सुधार गर्ने।
- अवकाश कोषः कर्मचारीको दीर्घकालीन दायित्वका लागि योगदानमा आधारित अवकाश कोषसम्बन्धी व्यवस्था अनिवार्य कार्यान्वयन गर्ने।
- अन्तर-तह समन्वय र विवाद न्यूनीकरणः अन्तर-सरकारी वित्त परिषद्, अन्तर तह समन्वय ऐन बमोजिमको विषयगत समिति र राष्ट्रिय समन्वय परिषद्का बैठकहरूलाई नियमित र नतिजा उन्मुख बनाई तीन तहबीचको असमझदारी न्यूनीकरण गर्ने।

## परिच्छेद - आठ

## बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नु पर्ने कार्य

आर्थिक क्रियाकलाप विस्तार र अर्थतन्त्रमा विविधीकरण ल्याई रोजगारीको अवसर सिर्जना गर्ने, निजी लगानी अभिवृद्धि गर्ने उद्यमशीलताको विकास गर्ने गरी कार्यान्वयन गरिएको चालु आर्थिक वर्ष २०८२/८३ को बजेटको पहिलो ६ महिनाको प्रगतिको अवस्था मिश्रित रहेको छ। यस अवधिमा आर्थिक तथा सामाजिक क्षेत्रमा सुधारका संकेत देखिएका छन्। अर्थतन्त्रका सूचकाङ्क सकारात्मक हुँदै गएका छन्। समीक्षा अवधिमा बजेट कार्यान्वयनको क्रममा अनुभूत गरिएका संरचनागत, प्रणालीगत एवम् प्रक्रियागत समस्याहरूलाई आर्थिक वर्षको बाँकी अवधिमा समाधान गरी बजेट कार्यान्वयनको प्रगतिमा सुधार ल्याउन थप मेहनत गर्नु पर्ने देखिएको छ। हालसम्मको कार्य प्रगतिको आधारमा हासिल भएका असल नतिजालाई कायम राख्दै राजस्व परिचालन सुदृढ गर्न, बजेट अनुशासन कायम गर्न र सरकारको लगानी प्रतिफलयुक्त क्षेत्रमा केन्द्रीत गर्न थप प्रयास गरी बाँकी अवधिमा बजेट कार्यान्वयन नतिजामा थप सुधार ल्याउने लक्ष्यका साथ बजेट कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गरी अधिकतम नतिजा प्राप्त गर्न देहाय बमोजिम थप सुधारका कार्य गर्नु पर्ने देखिएको छ।

### ८.१ चालु आर्थिक वर्षको बाँकी अवधिमा गर्नु पर्ने कार्यहरू

#### ८.१.१ बजेट कार्यान्वयनतर्फः

**चालु खर्च घटाउनेः**

- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ लाई परिमार्जित गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने।
- संघ, प्रदेश र स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षणको राष्ट्रिय मापदण्ड निर्माण गर्ने।
- सबै सरकारी कार्यालय, नियामक निकाय, सार्वजनिक संस्थान र संगठित संस्थामा नयाँ संगठन संरचना र दरबन्दी सिर्जना नगर्ने।
- विनियोजित रकमको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु पर्ने।
- उच्चस्तरीय कूटनीतिक भ्रमण तथा नेपाल सदस्य रहेको अन्तर्राष्ट्रिय संस्थामा अनिवार्य प्रतिनिधित्व गर्नु पर्ने अवस्थामा बाहेक नेपाल सरकारको स्रोतमा वैदेशिक भ्रमण नगर्ने।
- विनियोजनका बखत अनुमान गर्न नसकिएका अत्यावश्यक र अनिवार्य दायित्व बाहेक चालु खर्चको लागि थप निकासा नगर्ने।
- ठूला र जटिल प्रकृतिका आयोजनामा बाहेक सुपरिवेक्षण परामर्शदाताको सेवा नलिने तथा नीति, ऐन, नियम, कार्यविधि, मापदण्डलगायतका दस्तावेजहरूको मस्यौदा तयार गर्न परामर्श सेवा नलिने।

**पुँजीगत खर्चमा वृद्धि तथा आयोजनाको प्रभावकारी कार्यान्वयनः**

- राष्ट्रिय गौरवका आयोजना र राष्ट्रिय महत्त्वका आयोजना कार्यान्वयनमा स्रोतको अभाव हुन नदिने।
- बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२ बमोजिम मध्यमकालीन खर्च संरचनाका आधारमा स्रोत सहमति प्रदान गर्ने।

- राष्ट्रिय गौरवको आयोजना र बहुवर्षीय खरीदका लागि स्रोत व्यवस्थापन गरिएका आयोजनाको लागि विनियोजन भएको रकमबाट विशेष अवस्थामा बाहेक अन्यत्र रकमान्तर प्रस्ताव नगर्ने।
- स्रोत सहमति प्राप्त भएका आयोजना/कार्यक्रम बाहेकमा रकमान्तर नगर्ने तथा थप बजेट उपलब्ध नगराउने।
- मन्त्रालयगत बजेट सूचना प्रणालीको त्रि–वर्षीय प्रक्षेपण र MTEF बीच आवद्धता कायम गर्ने।
- वैदेशिक स्रोत तर्फको बजेट रकम निकासा गर्नु पूर्व उक्त स्रोतबाट रकम प्राप्त हुने सुनिश्चित गरेर मात्र निकासा गर्ने।
- विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजना कार्यान्वयन नगर्ने।
- सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्ने।
- सञ्चालन मोडालिटी तयार नभएका, दिगोपना सुनिश्चित नभएका र समय सीमाभित्र कार्यविधि, मापदण्ड स्वीकृत नभएका कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन स्थगित गर्ने।
- बजेट कार्यान्वयनको मार्गदर्शन समेत दृष्टिगत गरी सबै निकायहरूले खरीद गुरुयोजना तथा कार्यक्रम कार्ययोजना बिच तादाम्यता कायम गरी खरीद प्रक्रिया पूरा गर्ने र तोकिएको समयमा कार्य सम्पन्न गर्ने।

**सिर्जित दायित्व व्यवस्थापन**

- अर्थ मन्त्रालयको पूर्व सहमति बिना कुनै पनि निकायले थप आर्थिक दायित्व सिर्जना नगर्ने।
- बहुबर्षीय स्वीकृति प्राप्त आयोजना र म.ले.प.फाराम नं.२२१ प्रमाणित भएका बाहेकको दायित्व आगामी आर्थिक वर्षमा नसार्ने।
- बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड भित्र परेका आयोजना/कार्यक्रम बाहेकका आयोजना तथा कार्यक्रमलाई स्रोत सहमति प्रदान नगर्ने।
- पारिश्रमिक, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घर भाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु पर्ने।
- थप आर्थिक दायित्व वा दीर्घकालीन प्रकृतिको दायित्व सिर्जना हुने कार्यविधि बनाउँदा मात्र नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व सहमति लिनु पर्ने।
- डिजाइन र स्पेशिफिकेशन तयार गर्ने व्यक्तिलाई जवाफदेही बनाउनु पर्ने।
- तोकिएको परिमाण, लागत, गुणस्तर र समयसीमा भित्र निर्माण कार्य सम्पन्न गर्नु पर्ने।
- अर्थ मन्त्रालयबाट स्रोत सहमति प्राप्त भएका आयोजना/कार्यक्रम बाहेकमा रकमान्तर तथा थप बजेट उपलब्ध नगराउने।

### ८.१.२ अन्तर्राष्ट्रिय सहायतातर्फ

- वैदेशिक सहायतामा समावेश भएका सशर्त अनुदानका कार्यक्रमको हकमा वित्तीय सम्झौता तथा कार्यान्वयन निर्देशिका बमोजिम सोधभर्ना लिनु पर्ने।

- वैदेशिक सहायताको आयोजनाको हकमा सहायता सम्झौतामा भएको रकमको सीमाभित्र खरीद प्रक्रिया अघि बढाउनु पर्ने।
- वैदेशिक सहायता नीति, २०८२ अनुरुप राष्ट्रिय आवश्यकता, प्राथमिकता र प्रणालीगत आवद्धताका उच्च प्रतिफलयुक्त आयोजनामा सहायता परिचालन गर्नु पर्ने।
- वैदेशिक सहायताको उपयोग क्षमता बढाई आयोजनाको छनौट र कार्यान्वयनमा अपनत्व स्थापित गर्नु पर्ने।
- प्रोजेक्ट रेडिनेस फिल्टर अनुरुप तयारी पूरा भएका आयोजना तथा कार्यक्रममा सहायता प्राप्त गर्नु पर्ने।
- वैदेशिक सहायतामा सञ्चालित आयोजनाको कार्यसम्पादनमा सुधार ल्याउन सम्झौताको परिपालना तथा अन्तरनिकाय समन्वय कायम गर्ने र प्रभावकारी अनुगमनमा जोड दिने।

### ८.१.३ राजस्व व्यवस्थापनतर्फ

#### (१) कर राजस्व

- राजस्व सङ्कलनको लक्ष्य हासिल गर्न कार्ययोजना तयार गरी सो बमोजिम कार्य गर्ने।
- राजस्व प्रणालीलाई थप प्रविधिमैत्री, स्वचालित, पारदर्शी र करदातामैत्री बनाई स्वेच्छिक कर सहभागिता एवम् कर परिपालना अभिवृद्धि गर्ने। राजस्व प्रशासनलाई विकेन्द्रीत गर्दै स्थानीय तहबाट नै सेवा प्रवाह हुने।
- आन्तरिक राजस्व परिचालन रणनीति कार्यान्वयन गरी कर प्रणालीलाई समय सापेक्ष बनाउने, मुलुकको विकास आवश्यकता पूरा गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।
- खुला सीमाको कारण हुन सक्ने राजस्व चुहावट नियन्त्रण गर्न भन्सार प्रशासन, सुरक्षा संयन्त्र लगायत सीमा नाकामा अवस्थित सबै निकायका बीचमा सूचना आदान प्रदान हुने गरी समन्वय कायम गर्ने।
- राजस्व चुहावटका क्षेत्रहरू पहिचान गरी कार्य योजनाका आधारमा जोखिम विश्लेषण गरी निकायगत जिम्मेवारी किटान गरी समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने।
- क्षेत्रगत राजस्व असुलीको तथ्याङ्क विश्लेषण गरी तुलनात्मक रुपमा राजस्व परिचालन कमजोर भएका क्षेत्रको पहिचान गरी प्रभावकारी परिचालन गर्न कार्ययोजना तयार गर्ने।
- तोकिएको समयमा कर विवरण दाखिला नगर्ने (ननफाइलर) करदाताको संख्या तथा विवरण अनुपात वाञ्छित सीमाभित्र ल्याउने।
- कर परीक्षण तथा अनुसन्धानको कार्यलाई नियमित र गुणस्तरीय बनाई समयमै राजस्व प्राप्त गर्ने व्यवस्था मिलाउने।
- आय विवरणको द्रुत परीक्षणलाई गुणस्तरीय बनाउँदै सुक्ष्म विश्लेषण सहित करदाताको स्वयंकर निर्धारणको गुणस्तरलाई समयमै एकिन गर्ने।
- श्रोतमा अग्रिम करकट्टी नियमित रुपमा भए नभएको निगरानी गरी आवश्यकता अनुसार परीक्षण गर्ने।

- बिद्युतीय कारोवार तथा अन्तर्राष्ट्रिय रुपमा हुने भुक्तानी कारोवारलाई करको दायरामा ल्याउन प्राविधिक क्षमता विकास गर्ने।
- स्थायी संस्थापन, विदेशी नागरिक तथा संयुक्त उपक्रमहरूको कर परिपालना स्तर दुरुस्त कायम गर्न नियमित रुपमा अनुगमन तथा निगरानी गर्ने।
- पुनरावेदन तहबाट निर्णय/फैसला भई आएका करदाताको पुन: कर निर्धारण तत्काल सम्पन्न गरी फरफारक गर्ने। पुनरावलोकनका निवेदन फछ्र्यौटका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।
- न्यायिक वा अर्ध न्यायिक निकायबाट फैसला/निर्णय भई प्राप्त फाइलहरूको पुनः कर निर्धारण लगायतका कारबाही गरी तीन महिनाभित्र फरफारक गर्ने।
- बेरुजूको वर्गीकरण गरी बेरुजू फछ्र्यौट कार्यलाई तीव्रता दिने र सो क्रममा असुल उपर हुने र कर निर्धारण हुने बेरुजूलाई प्राथमिकतामा राख्ने।
- आन्तरिक कारोवारमा हुन सक्ने राजस्व चुहावट नियन्त्रण गर्न नियमित बजार अनुगमन गर्ने तथा निजी क्षेत्र समेतको सहकार्यमा चुहावट नियन्त्रण गर्न नागरिकको भुमिका वृद्धि गर्न करदाता शिक्षा सञ्चालन गर्ने।
- अन्त:शुल्कजन्य पदार्थको उत्पादक प्रतिष्ठान तथा पैठारीकर्तालगायत नक्कली स्टिकर, अबैध मदिरा वा सूर्तिजन्य पदार्थको कारोबार, कानुनी व्यवस्थाको परिपालना लगायतका परिसूचकहरूमा आवश्यकता अनुसार संयुक्त बजार अनुगमन गर्ने।
- लामो अवधिसम्म निरन्तर क्रेडिट अवस्थामा रहेका, ठूला क्रेडिट भएका करदाताहरूको लगत तयार गरी भौतिक सम्पुष्टि समेत गरी यथार्थ क्रेडिट कायम गर्ने रणनीति अपनाउने।
- केन्द्रीय विजक अनुगमन प्रणाली (CBMS) मा अनिवार्य रुपमा आबद्ध हुनुपर्ने करदातालाई तत्काल अनिवार्य रुपमा दायरामा ल्याउने।
- भन्सार, आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागका सूचना प्रणाली बीच अन्तर आबद्धता कायम गरी Real-time Data Exchange गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाउने।
- सूचना प्रविधिको नियमित रूपमा कार्यात्मक र प्रणालीगत परीक्षण (Functional & System audit) गरी प्रणाली सुरक्षा सुनिश्चित गर्ने।
- चालु बक्यौतालाई तत्काल असुल उपर गर्ने गरी कार्य गर्ने। पुराना बक्यौता रकम असुल उपर गर्न बक्यौताको रकम र अवधि समेतलाई विश्लेषण गरी अन्तिम तहको कानुनी कारबाही गरी असुल उपरका प्रक्रियाहरू व्यापक बनाउने।
- भन्सार विभाग र मातहतका कार्यालयहरूले लिलाम व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने।
- गत आर्थिक वर्षमा भन्दा पैठारी न्यून भएका मालवस्तुहरूको विश्लेषण गरी चोरी पैठारीको सम्भावनाको समेत अध्ययन गरी अन्तरनिकाय समन्वयमा नियन्त्रणका रणनीति तयार गरी कार्यान्वयन गर्ने।
- करयोग्य अनौपचारिक आर्थिक क्रियाकलापलाई औपचारिक प्रणालीमा आवद्ध गर्न थप क्रियाशीलता ल्याई कराधार विस्तार गर्ने।

- सबै भन्सार कार्यालयहरूमा Online Database Valuation System लागू गरिएकोले सोको प्रभावकारीताको लागि भन्सार जाँचपास परीक्षण कार्यालयलाई थप सुदृढ गर्ने।

**(२) गैरकर राजस्वतर्फ**

- सम्बन्धित निकायहरूसँगको समन्वयमा गैरकर राजस्वको दायरा विस्तार र विद्यमान दर समयसापेक्ष बनाउने।
- गत आर्थिक वर्षमा प्राप्त भएका तर यस आर्थिक वर्ष प्राप्त नभएका वा कम प्राप्त भएका गैरकर राजस्वका शीर्षक तथा निकायको विवरण तयार गरी सोको आधार कारण सहित विश्लेषण गर्ने।
- गैर बजेटरी रुपमा कोषमा रकम राख्ने सरकारी वा अर्ध सरकारी निकायको कोषहरूमा रहेको रकम सञ्चित कोषमा ल्याउने।
- सरकारले लगानी गरेका निकायबाट प्राप्त हुनुपर्ने साँवा, ब्याज र लाभांश लगायतका रकम निर्धारित समय भित्रै प्राप्त गर्ने व्यवस्था मिलाउने।
- सरकारी लगानी व्यवस्थापन गरी लगानीको उच्च प्रतिफल प्राप्त गर्ने गरी आवश्यक प्रक्रिया अवलम्वन गर्ने।
- सम्बन्धित मन्त्रालयवाट गैरकर राजस्व सङ्कलनको मासिक लक्ष्य तोकी नियमित अनुगमन गर्ने।
- नेपाल सरकारलाई सरकारी बाँकी सरह तिर्न बुझाउन बाँकी रकमको लगत अद्यावधिक गरी असूल उपर गर्न विद्यमान संरचनालाई क्रियाशील बनाउने।
- आन्तरिक आम्दानी तर्फको सरकारी रकम विभिन्न कोषहरूमा मौज्दात रहेको अवस्थामा सो रकम सञ्चित कोषमा दाखिला गराउने व्यवस्था गर्ने।

## ८.२ आगामी आर्थिक वर्षमा गर्नु पर्ने कार्यहरू

### ८.२.१ बजेट तर्जुमा

बजेट तर्जुमा प्रणालीलाई प्रभावकारी, उत्तरदायी र विकासमुखी बनाई दीर्घकालीन आर्थिक रूपान्तरणको औजारको रुपमा विकास गर्न निम्न सुधारहरू आवश्यक देखिन्छः

१. योजना र बजेटबीच समन्वय

- आवधिक योजना, मध्यमकालीन खर्च संरचना (MTEF) र वार्षिक बजेटबीच तादात्म्यता कायम गर्ने।
- योजना भन्दा बाहिरका, सञ्चालन मोडालिटी स्पष्ट नभएका र लोकप्रियतामुखी कार्यक्रम घटाउने।

२. परिणाममुखी (Result-Based) बजेट प्रणाली अवलम्बन

- खर्चभन्दा बढी नतिजा र प्रभावमा जोड दिने।
- प्रत्येक कार्यक्रमको स्पष्ट लक्ष्य, सूचक र समयसीमा तोक्ने।
- बजेट कार्यान्वयनपछि अनिवार्य रुपमा सोको नतिजा मूल्याङ्कन गर्ने।

३. राजस्व पूर्वानुमान र वित्तीय अनुशासन

- तथ्यमा आधारित रही यथार्थपरक राजस्व अनुमान गर्ने। ।
- चालु खर्चलाई वान्छित सीमामा राख्ने।
- सार्वजनिक ऋणको उत्पादनशील उपयोग र दिगोपना सुनिश्चित गर्ने।

४. सङ्घीय प्रणालीको अवधारणा अनुसार बजेट सुधार

- संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार अनुरुप बजेट विनियोजन गर्ने।
- दोहोरो कार्यक्रम हटाउने।

५. सार्वजनिक सहभागिता र पारदर्शिता

- बजेट तर्जुमामा निजी क्षेत्र, विज्ञ समूह र नागरिक समाजको सहभागिता अभिवृद्धि गर्ने।
- पूर्व बजेट छलफललाई संस्थागत बनाउने।
- रचनात्मक पृष्ठपोषण प्राप्ति तथा अपनत्व अभिवृद्धि गर्ने।
- बजेट सम्बन्धी तथ्याङ्क खुला र पहुँचयोग्य बनाउने।

६. खर्चको गुणस्तर सुधार

- पुँजीगत खर्चको कार्यान्वयन क्षमता बढाउने।
- आयोजना छनोटमा लागत लाभ विश्लेषण अनिवार्य गर्ने।
- साना, छरिएका र दोहोरिएका आयोजनाहरू घटाउने।

७. संस्थागत क्षमता र मानव संसाधन

- अर्थ मन्त्रालय र विषयगत मन्त्रालयमा नीति विश्लेषण क्षमता विकास गर्ने।
- बजेट तर्जुमा तथा कार्यान्वयनमा संलग्न अधिकारीहरूको निरन्तर तालिम र विकासमा जोड दिने।
- तथ्याङ्कमा आधारित निर्णय (Evidence-based budgeting) को अभ्यास गर्ने।

८. डिजिटल र प्रविधिमैत्री बजेट प्रणाली

- राष्ट्रिय सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीति कार्यान्वयन गर्ने।
- Artificial Intelligence र Data Analysis को प्रयोग विस्तार गर्ने।

९. अनुगमन, मूल्याङ्कन र उत्तरदायित्व

- बजेट कार्यान्वयन र अनुगमन रियल टाइममा गर्ने।
- महालेखा परीक्षकको प्रतिवेदनबाट प्राप्त सुझाव कार्यान्वयन गर्ने।

## ८.२.२ कार्यान्वयनयोग्य बजेट तर्जुमा

दीर्घकालमा बजेट कार्यान्वयन सुधारका लागि कानून, संस्था, प्रविधि, जनशक्ति र राजनीतिक व्यवहार सबै तहमा एकैसाथ सुधार गरी प्रभावकारी, परिणाममुखी र उत्तरदायी बजेट प्रणालीको विकास गर्न निम्न सुधारहरू आवश्यक देखिन्छः

१. बजेट कार्यान्वयन

- तयारी नपुगेका र मोडालिटी स्पष्ट नभएका आयोजनामा बजेट विनियोजन नगर्ने।
- कार्यान्वयन क्षमताअनुसार मात्रै आयोजना तथा कार्यक्रम समावेश गर्ने।
- राष्ट्रिय गौरव र बहुवर्षीय आयोजनामा बजेट सुनिश्चित गर्ने।

२. संस्थागत क्षमता र जनशक्ति सुधार

- आयोजना कार्यान्वयन तथा व्यवस्थापनमा दक्ष जनशक्ति छनौट गर्ने।
- आयोजनामा कार्यरत प्राविधिक कर्मचारीको स्थायित्व सुनिश्चित गर्ने।

३. पुँजीगत खर्चको संरचनात्मक सुधार

- वर्षको अन्त्यमा विकास खर्च गर्ने प्रवृत्तिको अन्त्य गर्ने।
- बजेट प्रणालीलाई पूर्वानुमानयोग्य बनाउने।

४. सार्वजनिक खरीद प्रणालीमा सुधार

- सार्वजनिक खरीद ऐन र नियमावलीलाई सरल र व्यवहारिक बनाउने।
- विद्युतीय खरीद प्रक्रियालाई पूर्ण र प्रभावकारी रूपमा लागू गर्ने।
- ठेक्का प्रक्रियामा ढिलासुस्ती र विवाद न्यूनीकरण गर्ने।

५. अन्तर सरकारी समन्वय

- संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार अनुरुप बजेट खर्च गर्ने।
- दोहोरो परेका आयोजना र कार्यक्रम कार्यान्वयन नगर्ने।
- सशर्त अनुदानलाई प्रभावकारी र व्यवहारिक बनाउने।

६. परिणाममुखी अनुगमन र मूल्याङ्कन

- खर्च बमोजिमको नतिजा र प्रभावमा आधारित अनुगमनमा जोड दिने।
- प्रमुख कार्य सम्पादन परिसूचकहरू (Key Performance Indicators) अनिवार्य गर्ने।
- कमजोर प्रगति भएका आयोजना समयमै सुधार वा खारेज गर्ने।

७. वित्तीय अनुशासन र जवाफदेहिता

- बजेट दुरुपयोग र अनियमिततामा शून्य सहनशीलता लागू गर्ने।
- आन्तरिक लेखा परीक्षण तथा नियन्त्रण प्रणाली सुदृढ गर्ने।
- महालेखा परीक्षकका प्रतिवेदनले बजेट कार्यान्वयन सम्बन्धमा सुझाएका सुझावको कार्यान्वयनमा जोड दिने।

८. प्रविधिको प्रयोग

- Integrated Financial Management Information System लाई आयोजना व्यवस्थापन र भुक्तानी प्रणालीसँग जोड्ने।
- रियल टाइम बजेट ट्र्याकिङ ड्यासबोर्ड तयार गर्ने।

- अनलाइन भुक्तानीको पूर्ण प्रयोग गर्ने।

९. बाह्य हस्तक्षेप नियन्त्रण

- आयोजना स्थानान्तरण, बजेट रकमान्तरमा राजनीतिक दवाव घटाउने।
- प्राविधिक र आर्थिक मूल्याङ्कनमा आधारित भई निर्णय गर्ने संस्कृतिको विकास गर्ने।

# परिच्छेद - नौ
# विविध

## ९.१ भदौ २३ र २४ को आन्दोलन तथा प्रदर्शनबाट आर्थिक क्षेत्रमा परेको प्रभाव

भदौ २३ र २४ गते युवापुस्ताको अगुवाईमा प्रदर्शन एवम् आन्दोलन भयो। उक्त प्रदर्शन एवम् आन्दोलनमा मुलुकमा अपुरणीय मानवीय, भौतिक र अभिलेखको क्षति भएको छ। जुन आकस्मिकता र सघनताका साथ आन्दोलन भयो त्यसले व्यवसायिक मनोविज्ञानमा ठूलो घात पुगेको छ। यसबाट सिर्जित परिणामहरूले समग्र शासन व्यवस्था, आर्थिक अवस्था एवम् सामाजिक प्रणालीहरूमा दीर्घकालीन प्रभावहरू स्थापित भएका छन्।

उक्त प्रदर्शनका क्रममा ७३ पुरुष र ४ महिला सहित जम्मा ७७ जनाको मृत्यु भएको थियो। मृत्यु भएका ब्यक्तिहरूमध्ये १३-२८ वर्ष उमेर समूहका युवाको संख्या ३९ रहेको थियो। प्रदर्शनका क्रममा २४२९ घाइते भएको आधिकारिक अभिलेख रहेको र उक्त घाइतेहरूमध्ये युवापुस्ताको संख्या १४३३ रहेको छ।

आन्दोलन तथा प्रदर्शनबाट सार्वजनिक र निजी क्षेत्रको गरी कुल रू.८४ अर्ब ४५ करोड ७७ लाख बरावरको सम्पत्ति क्षति भएको मूल्याङ्कन गरिएको छ। उक्त क्षति नेपालको कुल गार्हस्थ्य उत्पादनको १.३८ प्रतिशत र चालु आर्थिक वर्षको बजेटको करिव ४.३० प्रतिशत हुन आउँछ। कुल क्षति रकम मध्ये सार्वजनिक क्षेत्रको ५३ प्रतिशत, निजी क्षेत्रको ४० प्रतिशत र सामुदायिक एवम् अन्य क्षेत्रको ७ प्रतिशत अंश रहेको छ। क्षति भएको सम्पत्तिको प्रकृतिका आधारमा सार्वजनिक भवनमा आगजनी एवम् तोडफोड, सवारी साधनमा आगजनी एवम् तोडफोड, बहुमूल्य तथा नगद बस्तुहरूमा क्षति र अन्य भौतिक सम्पत्ति, निजी भवन र सवारी साधनमा क्षति भएको देखिन्छ। प्रदेशगत रुपमा सबैभन्दा बढी क्षति बागमती प्रदेशमा भएको छ।

कुल क्षतिमध्ये सार्वजनिक क्षेत्रमा रू.४४ अर्ब ९३ करोड ७३ लाख बराबरको क्षति भएको छ। यसमा सङ्घीय निकायको ६६ प्रतिशत, प्रदेश सरकारको १० प्रतिशत, स्थानीय सरकारको २१.८ प्रतिशत र सार्वजनिक संस्थानको २.२ प्रतिशत क्षति रहेको छ।

निजी क्षेत्रमा करिव रू.३३ अर्ब ५४ करोड ८७ लाख बराबरको क्षति भएको छ। यो क्षति निजी प्रतिष्ठान र घर परिवारमा भएको क्षतिको मूल्याङ्कनबाट प्राप्त भएको हो। यसमध्ये निजी प्रतिष्ठानले २७ अर्ब ४९ करोड ३ लाख र घरपरिवारले रू.६ अर्ब ५ करोड ८४ लाख क्षति ब्यहोरेका छन्।

सामुदायिक तथा अन्य क्षेत्रमा ५ अर्ब ९७ करोड १७ लाख बराबरको क्षति भएको छ। यसमा राजनीतिक दलका कार्यालय, सामुदायिक संघ-संस्थाका संरचना तथा सम्पत्तिको क्षतिको मूल्याङ्कन समावेश गरिएको छ।

आन्दोलनको क्रममा उत्पन्न परिस्थितिका कारण वस्तु तथा सेवा उत्पादनमा रू.१३ अर्ब ८७ करोड ५६ लाखको नोक्सानी पुऱ्याएको पूर्वानुमान रहेको छ। रोजगारीतर्फ २,९९९ व्यक्तिको रोजगारीमा प्रत्यक्ष प्रभाव परेको र त्यसमध्ये २,३५३ जनाले पूर्ण रूपमा रोजगारी गुमाएका छन्।

राष्ट्रिय योजना आयोगबाट तयार भएको पुनर्निर्माण कार्ययोजना अनुसार सार्वजनिक क्षेत्रमा क्षति भएका भवनको पुनर्निर्माण एवम् मर्मत र सवारी साधन तथा अन्य भौतिक वस्तुहरूको खरीद र मर्मतकालागि कुल रू.३६ अर्ब ३० करोड २१ लाख लाग्ने अनुमान गरिएको छ। भवनको पुनर्निर्माणतर्फ रू.१९ अर्ब ९८ करोड ९८ लाख, सवारी साधनको खरीद/मर्मततर्फ रू.६ अर्ब १६ करोड ८० लाख र अन्य भौतिक वस्तुका खरीद तथा मर्मतका लागि रू.१० अर्ब १४ करोड ४२ लाख अनुमान गरिएको छ।

## ९.२ आन्दोलन तथा प्रदर्शनबाट सार्वजनिक वित्त व्यवस्थापनमा परेको प्रभाव विश्लेषण

यस आन्दोलन एवम् प्रदर्शनबाट देशका सबै क्षेत्रमा प्रभाव पारेको छ। यसबाट मानवीय क्षति प्रभावित ब्यक्ति तथा परिवारलाई राहत एवम् पुनर्स्थापना, घाइतेको उपचार, सार्वजनिक एवम् सामुदायिक पूर्वाधार र सवारी साधनको पुनर्निमाण, खरीद एवम् मर्मत, निजी क्षेत्रमा भएको क्षतिको राहत एवम् पुनर्स्थापना, निजी क्षेत्रको मनोवल अभिवृद्धि, रोजगारीमा परेको प्रभाव न्यूनीकरण समेतका कार्यका लागि थप स्रोत साधनको व्यवस्थापन गर्नु परेको छ भने क्षतिबाट प्रभावित निजी तथा सार्वजनिक संस्थानको गतिविधिमा शिथिलता आई राजस्व परिचालनमा समेत असर परेको छ। उपरोक्त कार्यका लागि चालु आर्थिक वर्षको बजेटमा स्रोत विनियोजन नभएकाले कार्यान्वयनमा चुनौति समेत सिर्जना भएकाले उपलब्ध स्रोत साधनको बुद्धिमतापूर्ण तवरले पुनःप्राथमिकीकरण गर्नु पर्ने अवस्था सिर्जना भएको छ।

**राजस्व परिचालनमा परेको प्रभावः**

- क्षति भएका प्रतिष्ठानहरूले क्षति भएको रकम खर्चकट्टी पाउने व्यवस्थाले आयकर परिचालनमा संकुचन आउन सक्ने।
- रोजगारी गुमाएका जनशक्तिहरूले तिर्दै आएको पारिश्रमिकमा आधारित आयकर दाखिला नहुने।
- आन्दोलन पश्चात आयात प्रभावित भएको। उपभोग्य वस्तुहरूको मागमा आएको कमी तथा औद्योगिक कच्चा पदार्थ एवम् परियोजनाहरूको मेशिन औजार आयातमा कमी आएको देखिन्छ।
- व्यावसायिक निकायको पुनर्निमार्णमा लाग्ने पुँजीगत सामग्रीको आयातमा लाग्ने ५० प्रतिशत भन्सार महशुल र अन्तःशुल्क छुट दिईएकाले आयातबाट प्राप्त राजस्वमा समेत केही कमी आएको छ।

**खर्च व्यवस्थापनमा परेको प्रभाव**

- क्षतिग्रस्त पूर्वाधारहरूको पुनर्निमाण, मर्मत र खरीदका लागि करिव रू.३७ अर्बको दायित्व सिर्जना भएकाले सोको व्यवस्थापन गर्नु पर्ने।
- नेपाल सरकारले स्थापना गरेको पूर्वाधार पुनर्निमाण कोषमा अपेक्षाकृत रकम जम्मा हुन नसकेकाले स्रोत प्राप्तिका वैकल्पिक उपायहरूको खोजी गर्ने कार्य चुनौतिपूर्ण रहेको।
- जेनजी शहिद परिवार एवम् घाइतेहरूको भरणपोषण एवम् जिविकोपार्जनका लागि दिगो सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनका लागि थप स्रोतको पहिचान गर्नु पर्ने अवस्था रहेको।
- उपलब्ध स्रोत साधन भवन पुनर्निर्माण एवम् सवारी साधन खरीदमा प्रयोग हुने भएकाले उत्पादनशील लगानीका क्षेत्रमा स्रोत विनियोजन न्यून हुने अवस्था रहेको।

**बाह्य क्षेत्रमा परेको प्रभाव**

- आन्दोलन एवम् प्रदर्शन पछि वैदेशिक रोजगारीको मागमा संकुचन आएकाले दीर्घकालमा विप्रेषण आप्रवाहमा न्यूनता आउने देखिन्छ।
- आन्तरिक तथा बैदेशिक लगानीको वातावरण र निजीक्षेत्रको लगानी मनोवलमा नकारात्मक असर परेको छ।

## ९.३ प्रदर्शन तथा आन्दोलन पश्चात चालु आर्थिक वर्षमा अर्थ मन्त्रालयबाट भएका कार्यहरू

- आन्दोलनमा मृत्यु भएका व्यक्तिहरू मध्ये ५३ जना मृतकलाई प्रतिमृतक रू.१५ लाखका दरले हुने जम्मा रकम रू.७ करोड ९५ लाख आर्थिक सहायता उपलब्ध गराइएको।
- घाइतेहरूका लागि तत्कालको राहत स्वरुप २४२९ जनालाई रू.३ करोड ६४ लाख ३५ हजार उपलब्ध गराईएको।
- घाइतेहरूमध्ये बर्गीकरण भएका जम्मा घाइतेमध्ये नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत कार्यविधि बमोजिम आर्थिक सहायता पाउने गरी किटान भई आएका घाइतेलाई असार मसान्तसम्मका लागि रू.७१ लाख १४ हजार आर्थिक सहायता उपलब्ध गराइएको।
- आन्दोलनबाट प्रभावित उद्योग, व्यापारिक तथा व्यावसायिक प्रतिष्ठान तथा आर्थिक गतिविधिलाई तत्काल सुचारु गर्न "एकिकृत व्यावसायिक पुनरुत्थान योजना, २०८२" कार्यान्वयनमा ल्याइएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम गठित जाँचबुझ समितिका लागि रू.४९ लाख ४५ हजार स्रोत व्यवस्थापन गरिएको।
- आन्दोलनबाट क्षति भएका कारागारहरूको मर्मत तथा अन्य अत्यावश्यकीय साधनहरूको व्यवस्थापनका लागि रू.१२ करोड ९० लाख ७२ हजार उपलब्ध गराइएको।
- अर्थ मन्त्रालयमातहतका निकायहरूका लागि आन्दोलनबाट क्षति भएका संरचनाहरूको पुनर्निमाण एवम् सेवा सुचारुका लागि रू.५ करोड ८४ लाख थप स्रोत उपलब्ध गराइएको।
- आन्दोलनबाट सुरक्षा निकायका सवारी साधनहरूमा भएको क्षतिका कारणले सवारी खरीदका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका लागि जम्मा रू.७८ करोड १० लाख थप स्रोत सहमति उपलब्ध गराईएको।
- आन्दोलनका क्रममा क्षति एवम् प्रयोग भई न्यून भएका नेपाल प्रहरीका भिड नियन्त्रण एवम् असवाव सामग्रीहरूको खरीदका लागि नेपाल प्रहरीका लागि रू.१ अर्ब ५० करोड स्रोत सहमति प्रदान गरिएको।
- आगामी फागुन २१ गते घोषणा भएको प्रतिनिधि सभाको निर्वाचनका लागि निर्वाचन आयोगलाई रू.६ अर्ब ७३ करोड स्रोत सहमति दिईएकोमा हालसम्म रू.६ अर्ब ४१ करोड बजेट निकासा भइसकेको, गृह मन्त्रालय वा मातहतका निकायका लागि रू.१० अर्ब ३९ करोड र रक्षा मन्त्रालयका लागि रू.१ अर्ब ९९ करोड १० लाखको स्रोत सहमति प्रदान गरिएको।

- सर्वोच्च अदालतमा भएको क्षतिको पुनर्निमाण, सवारी साधन मर्मत तथा खरीद एवम् सेवा प्रवाह सुचारु गर्ने रू.२९ करोड १५ लाखको स्रोत सहमति प्रदान गरिएको।

## ९.४ २०८२ भदौ २३ र २४ गतेको आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण र भौतिक सम्पत्तिको पुनर्व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्य योजना

२०८२ भदौ २३ र २४ गतेको आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण र भौतिक सम्पत्तिको पुनर्व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्य योजना मिति २०८२/१०/२६ मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ। सो कार्य योजनामा उल्लेख गरिएका विषयबस्तुहरूलाई संक्षेपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

- **क्षतिको विवरण र लागत अनुमानः** उक्त आन्दोलनका क्रममा सरकारी, सार्वजनिक र निजी क्षेत्र गरी कुल रू.८४ अर्ब ४५ करोड ७७ लाख बराबरको भौतिक सम्पत्ति क्षति भएको छ। यसमध्ये सरकारी/सार्वजनिक क्षेत्रमा रू.४४ अर्ब ९३ करोड ७३ लाख र निजी क्षेत्रमा रू.३३ अर्ब ५४ करोड ८७ लाख क्षति पुगेको छ। सरकारी क्षेत्रतर्फ तीनै तहको संरचना पुनर्निर्माण गर्न रू.३६ अर्ब ३० करोड २१ लाख लाग्ने अनुमान गरिएको छ, जसमा भवन पुनर्निर्माणमा मात्र रू.१९ अर्ब ९८ करोड ९८ लाख खर्च हुने देखिएको छ।
- **पुनर्निर्माणका सिद्धान्त र रणनीतिहरूः** सरकारले पुनर्निर्माणका लागि आन्तरिक स्रोतको परिचालन, तीनै तहका सरकारबीच समन्वय र विपद् प्रतिरोधी उत्थानशील पूर्वाधार निर्माण गर्ने सिद्धान्त लिएको छ। तत्कालिन रणनीतिका रूपमा सामान्य क्षति भएका संरचनाको मर्मत चालु आर्थिक वर्षकै बजेटबाट गर्ने र दीर्घकालीन रूपमा आंशिक वा पूर्ण क्षति भएका संरचनालाई तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।
- **बजेट व्यवस्थापन र कार्ययोजनाः**
  - **सङ्घीय सरकारः** चालु आ.व.का लागि रू.४ अर्ब ३४ करोड र आगामी दुई वर्ष वार्षिक रू.१० अर्ब १८ करोड बजेट आवश्यक पर्ने देखिन्छ।
  - **प्रदेश सरकारः** चालु आवका लागि रू.८१ करोड २५ लाख र आगामी दुई आर्थिक वर्ष वार्षिक रू.१ अर्ब ४६ करोड ५२ लाख विनियोजन प्रस्ताव गरिएको छ।
  - **स्थानीय तहः** चालु आवमा रू.१ अर्ब ४२ करोड ४७ लाख र आगामी दुई आर्थिक वर्षमा वार्षिक रू.३ अर्ब २१ करोड ९२ लाख बजेट आवश्यक छ।
- **स्रोत व्यवस्थापन र मितव्ययिताः** स्रोत जुटाउनका लागि साना र टुक्रे आयोजनाहरू कटौती गर्ने, सङ्घीय सरकारले रू.३ करोड भन्दा साना आयोजना नगर्ने र सवारी साधन खरीदमा कडाइ गर्ने नीति लिइएको छ। साथै, विकास साझेदार र गैर-आवासीय नेपालीहरूबाट योगदान जुटाउन कूटनीतिक पहल गरिनेछ।
- **निजी क्षेत्रलाई राहत र पुनरुत्थानः** निजी क्षेत्रका रू.३३ अर्ब ५४ करोड बराबरको क्षतिलाई सम्बोधन गर्न सरकारले नक्सा पास दस्तुरमा छुट, तीन वर्षसम्म सम्पत्ति कर मिनाहा र बीमा रकमको शीघ्र भुक्तानी जस्ता कार्यक्रम ल्याएको छ। व्यावसायिक ऋणको पुनर्तालिकीकरण

२०८३ असार मसान्तसम्म गर्न सकिने र पुनःनिर्माणका लागि स्थिर ब्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने व्यवस्था समेत गरिएको छ।

अन्त्यमा, यो प्रतिवेदनले क्षतिग्रस्त भौतिक संरचनाहरूको वैज्ञानिक पुनःनिर्माणमार्फत सार्वजनिक सेवा र आर्थिक क्रियाकलापलाई पुनः सुचारु गर्ने स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ।

# अनुसूचीहरू

अनुसूची १

## संशोधित आय व्ययको अनुमान

(रू.लाखमा)

| | २०८२/८३ को बजेट | २०८२ पुससम्मको यथार्थ | २०८२/८३ को संशोधित अनुमान | संशोधित अनुमान प्रतिशत |
|---|---|---|---|---|
| **१ राजस्व (२+३+४)** | **१४,८००,०००** | **५,८१४,०७२** | **१२,९८०,९१०** | **८७.७१** |
| २ कर | १३,२५५,८३९ | ५,१६१,१५१ | ११,६६३,०४८ | ८७.९८ |
| ३ अन्य राजस्व | १,५४४,१६१ | ६१२,८४७ | १,२७७,७८८ | ८२.७५ |
| ४ विविध प्राप्ति | | ४०,०७४ | ४०,०७४ | - |
| **५ राजस्व बाँडफाँटमार्फत** | **१,६५०,०००** | **६९१,५५०** | **१,४४७,१९६** | **८७.७१** |
| **६ संघीय सञ्चित कोषमा दाखिला हुने (१-५)** | **१३,१५०,०००** | **५,१२२,५२२** | **११,५३३,७१४** | **८७.७१** |
| **७ अनुदान** | **५३४,४६९** | **७२,२७५** | **३०९,९९८** | **५८.००** |
| **८ संघीय सरकारको राजस्व र अनुदान (६+७)** | **१३,६८४,४६९** | **५,१९४,७९७** | **११,८४३,७१२** | **८६.५५** |
| **९ खर्च (१०+११+१२)** | **१५,८८८,६८०** | **५,३६५,७०९** | **१३,६९२,८२८** | **८६.१८** |
| १० चालु | ७,६३१,५५० | २,९६४,९६२ | ७,०८१,५४४ | ९२.७९ |
| ११ पुँजीगत | ४,०७८,८८० | ४९४,२७१ | २,४३३,०३४ | ५९.६५ |
| १२ वित्तीय हस्तान्तरण | ४,१७८,२५० | १,९०६,४७६ | ४,१७८,२५० | १००.०० |
| **१३ बजेट बचत(-) न्यून (+) (९-८)** | **२,२०४,२११** | **१७०,९१२** | **१,८४९,११६** | **८३.८९** |
| **१४ वित्तीय व्यवस्था** | **(२,२०४,२११)** | **(४७९,५६१)** | **(१,८४९,११६)** | **८३.८९** |
| **१५ आन्तरिक वित्तीय सम्पत्ति (१६+१७)** | **६८७,६४६** | **०** | **१२५,६६५** | **१८.२७** |
| १६ सार्वजनिक संस्थानमा ऋण लगानी | ६२१,००२ | ० | ११६,३९४ | १८.७४ |
| १७ संस्थानमा शेयर लगानी | ६६,६४४ | ० | ९,२७१ | १३.९१ |
| **१८ बाह्य वित्तीय सम्पत्ति ( १९ )** | **४०,००१** | **३,९६९** | **४०,००१** | **१००.००** |
| १९ वैदेशिक शेयर लगानी | ४०,००१ | ३,९६९ | ४०,००१ | १००.०० |
| **२० आन्तरिक दायित्व ( २१ + २२ )** | **(१,११४,०२७)** | **(५११,०८६)** | **(१,११४,०२७)** | **१००.००** |
| २१ अन्य संस्थाहरूबाट ऋण प्राप्ति ** | (३,६२०,०००) | (१,७७८,६८६) | (३,६२०,०००) | १००.०० |
| २२ ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी | २,५०५,९७३ | १,२६७,६०० | २,५०५,९७३ | १००.०० |
| **२३ बाह्य वित्तीय दायित्व ( २४ + २५ )** | **(१,८१७,८३१)** | **२७,५५६** | **(९००,७५५)** | **४९.५५** |
| २४ वैदेशिक ऋणको प्राप्ति | (२,३३६,६३१) | (२३७,३४४) | (१,४१९,५५५) | ६०.७५ |
| २५ वैदेशिक ऋण सांवा भुक्तानी | ५१८,८०० | २६४,९०० | ५१८,८०० | १००.०० |
| **२६ बजेट बचत(-) न्यून (+) (१३+१४)** | **०** | **(३०८,६४९)** | **०** | **-** |
| **२७ कुल आम्दानी (८+२१+२४)** | **१९,६४१,१००** | **७,२१०,८२७** | **१६,८८३,२६७** | **८५.९६** |
| **२८ कूल खर्च (९+१५+१८+२२+२५)** | **१९,६४१,१००** | **६,९०२,१७८** | **१६,८८३,२६७** | **८५.९६** |

**खर्च रकमको चेक बैंकमा नसाटिएको अवस्था हुन सक्ने भएकोले बचत रकम नेपाल राष्ट्र बैंकको मौज्दात रकमसँग फरक देखिन सक्दछ।*

*** रोल ओभर नाफा/नोक्सानको कारण रकम सञ्चित कोषमा थपिएकोले निष्काशित ऋणपत्रको विवरणको रकमसँग फरक देखिन सक्दछ।*

### समष्टिगत स्थिति

| शीर्षक | २०८२/८३ को बजेट | २०८२ पुससम्मको यथार्थ | २०८२/८३ को संशोधित अनुमान | संशोधित अनुमानित खर्च प्रतिशत |
|---|---|---|---|---|
| चालु खर्च | ११,८०९,८०० | ४,८७१,४३८ | ११,२५९,७९४ | ९५.३४ |
| पुँजीगत | ४,०७८,८८० | ४९४,२७१ | २,४३३,०३४ | ५९.६५ |
| वित्तीय व्यवस्था | ३,७५२,४२० | १,५३६,४६९ | ३,१९०,४३९ | ८५.०२ |
| **जम्मा** | **१९,६४१,१००** | **६,९०२,१७८** | **१६,८८३,२६७** | **८५.९६** |

| शीर्षक | २०८२/८३ को बजेट | २०८२ पुससम्मको यथार्थ | २०८२/८३ को संशोधित अनुमान | संशोधित अनुमानित खर्च प्रतिशत |
|---|---|---|---|---|
| नेपाल सरकार | १६,७७०,००० | ६,५९२,५५९ | १५,१५३,७१४ | ९०.३६ |
| अनुदान | ५३४,४६९ | ७२,२७५ | ३०९,९९८ | ५८.०० |
| ऋण | २,३३६,६३१ | २३७,३४४ | १,४१९,५५५ | ६०.७५ |
| **जम्मा** | **१९,६४१,१००** | **६,९०२,१७८** | **१६,८८३,२६७** | **८५.९६** |

अनुसूची २

## आर्थिक वर्ष २०८२/८३ पुस महिनासम्मको कार्यगत खर्च विवरण

(रू.लाखमा)

| शीर्षक नं. | कार्यगत शीर्षक | आ.ब.२०८२/८३ को बजेट | | | | २०८२ पुष महिनासम्मको खर्च | | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा | |
| **१** | **सामान्य सार्वजनिक सेवा** | **६३०४६३०** | **२३३८९१** | **३१४७९४४** | **९६८६४६५** | **२४८६४७८** | **१४०५१** | **१५३६४६९** | **४०३६९९८** | **४१.६८** |
| १.१ | कार्यकारी र विधायिकाको निकाय,आर्थिक तथा वित्तिय र वैदेशिक मामिला | २६७३३२ | १८२५७ | ६००४७१ | ८८६०६० | ११२९६८ | ४३२० | २६८८६९ | ३८६१५७ | ४३.५८ |
